# शिक्षक निर्देशिका सामाजिक अध्ययन र जनसंख्या शिक्षा

## कक्षा ८

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

नेपाल

# सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा

## शिक्षक निर्देशिका

कक्षा ८

DRAFT

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

**विषय सूची**

एकाइ १ हामी र हाम्रो समाज

एकाइ २ हाम्रो सामाजिक मूल्य र मान्यता

एकाइ ३ सामाजिक समस्या र समाधान

एकाइ ४ नागरिक चेतना

एकाइ ५ हाम्रो पृथ्वी

एकाइ ६ हाम्रो विगत

एकाइ ७ हाम्रो आर्थिक क्रियाकलाप

एकाइ ८ हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

एकाइ ९ जनसङ्ख्या शिक्षाको परिचय र जनसाङ्ख्यिक अवस्था

एकाइ १० जनसङ्ख्या वृद्धि र व्यवस्थापन

DRAFT

## एकाइ १ हामी र हाम्रो समाज

### पाठ १ विकास

*अनुमानित घन्टी : २*

**१. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| विकासको अवधारणा बताउन | • विकासको परिभाषा दिन,<br>• आफ्नो विगत र वर्तमान बिचको तुलना गरी वर्तमानमा भएका सकारात्मक परिवर्तनहरू पहिचान गर्न । |

**२. पाठ परिचय**

मानिसको जीवनमा प्रत्यक्ष रूपमा देखिने वा अनुभव गरिने सबै प्रकारका सकारात्मक परिवर्तनहरूलाई विकास भनिन्छ । विकास निरन्तर चलिरहने प्रक्रिया हो । यो एक अन्त्यहीन यात्रा हो । विकासका लागि स्रोत र साधनहरूको आवश्यकता पर्छ । मुख्यतया प्राकृतिक साधन र मानव संसाधन यसका आधारभूत तत्त्वहरू हुन् । यिनीहरूकै आधारमा विकासको गति निर्भर गर्छ । विकास छिटो हुँदा मानव जीवन सहज हुन्छ । विकास नहुँदा गरिबी बढ्छ र जनताका दैनिक आवश्यकता परिपूर्ति गर्न कठिन हुन्छ ।

**३. शैक्षिक सामग्री**

दैनिक रूपमा पठन पाठनमा प्रयोग हुने मार्कर, डस्टर आदि, विकासको परिभाषा लेखिएको मेटाकार्ड, सकारात्मक परिवर्तन झल्कने सामग्री, जस्तै : कुनै गाउँमा खरको छाना र माटो प्रयोग भएका घरहरू तथा सरसफाइ नभएको खुला रूपमा दिसा पिसाब गरिरहेको अवस्थाको चित्र, सोही गाउँमा हाल पक्की घरहरू, शौचालयसहित खुला दिसामुक्त अवस्था झल्काउने चित्रपत्तीहरू ।

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने, एकआपसमा आआफ्नो विगतको जीवनस्तर बताउन लगाई छलफल गर्न लगाउनुहोस् । हालको जीवनस्तरसँग तुलना गर्न लगाउनुहोस् । के के सकारात्मक सुधारहरू भए टिपोट गर्न लगाउनुहोस् । एकआपसका टिपोटहरू आदानप्रदान गराउनुहोस् ।

(ख) मानव जीवनमा हुने सकारात्मक परिवर्तनहरूलाई एउटै शब्दमा के भन्न सकिन्छ भन्ने प्रश्न सोधी समूहमा छलफल गराउनुहोस् । समूहबाट प्राप्त जवाफलाई बोर्डमा टिपोट गर्दै जानुहोस् । विकास भन्ने शब्दलाई गोलो घेरा लगाई यससँग सम्बन्धित शब्दहरू पनि सही हुन् भनी बताइदिनुहोस् ।

DRAFT

(ग) कुनै गाउँमा खरको छाना र माटो प्रयोग भएका घरहरू तथा सरसफाइ नभएको खुला रूपमा दिसा पिसाब गरिरहेको अवस्थाको चित्र, सोही गाउँमा हाल पक्की घरहरू, शौचालयसहित खुला दिसामुक्त अवस्था झल्काउने चित्र देखाउनुहोस् र सकारात्मक परिवर्तनहरू भन्न लगाउनुहोस् । विकासका बारेमा अतिरिक्त पृष्ठपोषण प्रदान गर्नुहोस्, जस्तै : मानिस, परिवार, समुदाय वा देशको समग्र पक्षमा हुने सकारात्मक परिवर्तनलाई विकास भनिन्छ ।

(घ) विद्यार्थीहरूलाई तलको जस्तै तालिका भर्न लगाउनुहोस् । आफ्नो समुदायको अहिलेको अवस्था बुँदागत रूपमा टिप्न लगाउनुहोस् । अर्को कोठामा भविष्यमा आफूले हेर्न चाहेको अवस्थाको कल्पना गरी बुँदागत रूपमा लेख्न लगाउनुहोस् । सबैको तालिका कक्षामा प्रस्तुत गर्दै कक्षामा छलफल गर्न लगाउनुहोस् ।

| **आफ्नो समुदायको अहिलेको अवस्था** | **भविष्यमा आफूले हेर्न चाहेको अवस्था** |
| --- | --- |
| | |
| | |
| | |

## ५. मूल्याङ्कन विधि

**(क) तलका जस्तै छोटा प्रश्न सोध्नुहोस् :**

- विकास भन्नाले के बुझिन्छ ?
- तिम्रो समुदायमा पहिले र अहिले के केमा फरकहरू आएका छन् ?
- तिम्रो समुदायलाई विकास गर्न कसले के गर्नुपर्ला ?
- विकासमा के के कुराले बाधा उत्पन्न गर्न सक्छन् ?

(ख) विद्यार्थीहरूको क्रियाकलापहरूमा सहभागिता, सक्रियता, जान्ने र सिक्ने उत्सुकता आदिको अवलोकन गर्नुहोस् र त्यसको आधारमा अंक प्रदान गरी मूल्याङ्कन गर्नुहोस् ।

## ६. थप सुझाव

आफ्नो परिवार वा समुदायमा भएका भौतिक, सामाजिक तथा आर्थिक पक्षमा आएका परिवर्तन, सुधार र प्रगति के के वा कस्ता कस्ता छन्, टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ २ विकास क्षेत्र

## पाठ ३ विकास क्षेत्रको महत्त्व र सङ्घीय राज्य

*अनुमानित घन्टी : ५*

### १. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य

| पाठ्क्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विकास क्षेत्र र सङ्घीय राज्यको अवधारणा व्यक्त गर्न | ● विकास क्षेत्रको परिभाषा भन्न,<br>● नेपाललाई विकास क्षेत्रमा विभाजन गर्नुको आवश्यकता र महत्त्व बताउन,<br>● सङ्घीय राज्यको अवधारणाबारे प्रस्ट हुन,<br>● विकास क्षेत्र र सङ्घीय राज्य प्रणालीका प्रमुख भिन्नता पत्ता लगाउन,<br>● नेपालमा सङ्घीयताको महत्त्व दर्साउन । |

### २. पाठ परिचय

विकास शब्दको अर्थसँग सम्बन्ध राख्ने विकास क्षेत्रको अवधारणा विकसित भएको हो अर्थात् विकासलाई समानुपातिक, सन्तुलित बनाउने, स्रोत र साधनको न्यायोचित वितरण एवम् प्रयोग गर्ने उद्देश्यका साथ विभाजन गरिएको भौगोलिक क्षेत्रलाई विकास क्षेत्र भनिन्छ ।

सिङ्गो एक राष्ट्रलाई विभिन्न प्रान्त वा राज्यमा विभाजन गरी आफ्नो राज्य सञ्चालनमा सरकार निर्माण गर्नेदेखि अन्य विविध अधिकारहरू प्रत्यायोजन गरी सञ्चालन गरिने विकेन्द्रित शासन प्रणालीलाई सङ्घीयता भनिन्छ ।

नेपालमा सर्वप्रथम वि.सं. २०२९ सालमा ४ विकास क्षेत्र र वि.सं. २०३७ सालमा मध्य पश्चिमाञ्चल विकास क्षेत्र थपी ५ विकास क्षेत्रमा विभाजन गरिएको थियो । यो पद्धति वि.सं. २०७२ सम्म कायम रह्यो । वि.सं. २०७२ मा नेपालको नयाँ संविधान जारी भएपछि यस व्यवस्थाबाट देश सङ्घीय व्यवस्थामा रूपान्तरण भएको छ । सङ्घीय प्रणालीले पूर्णता नपाएसम्म विकास क्षेत्रहरू नै क्रियाशील रहन्छन् । देशको समानुपातिक तथा सन्तुलित विकास एवम् स्रोत र साधनको समुचित प्रयोग एवम् वितरणका लागि यसरी देशलाई विभिन्न विकास क्षेत्र वा प्रदेशमा विभाजन गरिएको हुन्छ ।

### ३. शैक्षिक सामग्री

विकास क्षेत्र देखिने र सङ्घीय प्रदेशहरू देखिने नेपालको नक्सा, एटलसहरू, विकास क्षेत्रको आवश्यकता तथा महत्त्व र सङ्घीयता एवम् यसको महत्त्व झल्कने चार्टहरू, नेपालको संविधानको पुस्तक र अन्य दैनिक प्रयोग हुने शैक्षिक सामग्रीहरू ।

DRAFT

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सम्पूर्ण विद्यार्थीहरूलाई कक्षाबाहिर निकाली एकै ठाउँमा अव्यवस्थित भेला पार्नुहोस् र केही चकलेटहरू आकाशतिर फ्याँकी समात्न लगाउनुहोस् । यस अवस्थामा स्वाभाविक रूपमा कसैले धेरै समाउन सक्छन् । कसैले एउटा पनि समात्न सक्दैनन् भने कसैले थोरै समाउँछन् । चकलेटहरू पुनः तपाईंले लिनुहोस् । विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् । विभाजित विद्यार्थीहरूलाई समूहगत अलग अलग बस्न लगाउनुहोस् । अब चक्लेट देखिने गरी गन्नुहोस् र पाँच ओटा समूहलाई कति कति ओटा चक्लेट पुग्छ भन्न लगाई वितरण पनि गर्नुहोस् । अब पहिले र अहिलेको अवस्था तुलना गर्न लगाउनुहोस् । समूहबाट आएका विचारहरू बोर्डमा लेख्दै जानुहोस् । अब विकास क्षेत्र वा प्रदेशको आवश्यकता किन परेको रहेछ भनी छलफल गराउनुहोस् । विद्यार्थीबाट आएको विचार बोर्डमा लेख्दै जानुहोस् । अन्त्यमा तपाईंले लेखेको चार्ट पेपर प्रदर्शन गर्दै देशलाई विकास क्षेत्र वा प्रदेशहरूमा विभाजन गर्नुपर्नाका कारण र त्यसको फाइदाका बारेमा छलफल गर्नुहोस् ।

(ख) अब पाँच विकास क्षेत्र र प्रदेशहरू प्रस्ट देखिने नेपालको राजनीतिक नक्सा भित्तामा टाँस्नुहोस् । अनि प्रश्न सोध्नुहोस्, नेपाललाई किन पाँच विकास क्षेत्रमा विभाजन गरिएको होला ? अहिले किन प्रदेशहरूमा विभाजन गरिएको होला ? विद्यार्थीबाट आएको जवाफ पनि समेटेर देशमा विकास क्षेत्रको आवश्यकता र महत्त्व लेखिएको चार्ट प्रदर्शन गर्दै प्रस्ट पारिदिनुहोस्, जस्तै :

**विकास क्षेत्र वा प्रदेशको आवश्यकता र महत्त्व**

✓ देशको समानुपातिक विकास गर्न,

✓ क्षेत्रीय सन्तुलन कायम गर्न,

✓ स्रोत र साधनको समुचित प्रयोग र न्यायोचित वितरण गर्न,

✓ तीव्र रूपमा हहुने बसाइँ सराइ दरलाई नियन्त्रण गर्न र जनसङ्ख्या वितरण व्यवस्थित गर्न,

✓ जनतालाई छिटो, छरितो र प्रभावकारी प्रशासनिक सेवा प्रदान गर्न,

✓ विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमा लागु गर्न,

✓ समावेशीको सिद्धान्तअनुरूप पछि परेका, पछि पारिएका क्षेत्र, लिङ्ग र समुदायलाई विकासको मूलधारमा समाहित गर्न,

✓ जनसहभागितामा वृद्धि गर्न र उनीहरूमा राज्यको अपनत्व विस्तार गर्न ।

(ग) एटलस वा कक्षामा टाँगिएको नेपालको नक्सा हेरी नेपालको स्वतन्त्र रूपमा नक्सा (Freehand Map) कोर्न लगाउनुहोस् । त्यसलाई पाँच विकास क्षेत्र वा प्रदेशहरूमा वर्गीकरण गर्न लगाउनुहोस् । क्षेत्रीय सदरमुकाम वा प्रादेशिक सदरमुकाम भर्न



DRAFT

लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण गर्नुहोस् । सबैको नक्सा कक्षामा प्रदर्शन गर्दै कक्षामा छलफल गर्नुहोस् ।

(घ) कक्षाकोठालाई सिङ्गो राष्ट्र मान्नुहोस् । कक्षानेता (Monitor) छान्नुहोस् । त्यसपछि विद्यार्थीलाई विभिन्न ६ ओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहबाट समूह नेता निर्वाचित गर्न लगाउनुहोस् । बाहिर जाँदा कक्षानेतालाई सोधेर मात्र जना पाइने निमय बनाउनुहोस् । सबै समूहले आफूहरू बिचमा अनुशासित हुन र अन्य समूहसँग प्रतिस्पर्धा गर्न आवश्यक नियम बनाउन लगाउनुहोस् । कक्षा भरी सबैले पालना गर्नुपर्ने नियम पनि बनाउनुहोस् । अन्य समूहबिच सरसफाइमा स्वस्थ प्रतिस्प्रर्धा गर्न लगाउनुहोस् ।

**त्यसपछि सम्पूर्ण गतिविधिलाई सङ्घीयतासँग तुलना गराउनुहोस्, जस्तै :**

- ✓ कक्षाकोठा – देश
- ✓ कक्षानेता – केन्द्रीय सरकार
- ✓ विभिन्न समूहहरू – प्रदेशहरू
- ✓ समूह नेता – प्रान्त/राज्यको मुख्यमन्त्री
- ✓ कक्षानेतालाई सोधेर बाहिर जान पाइने – विदेश मामिला अधिकार केन्द्र सरकार मातहत रहने
- ✓ आफ्नो समूहमा बनाउने नियम – राज्य सञ्चालनका आफ्ना ऐन नियमहरू
- ✓ समूहमा सरसफाइ प्रतिस्प्रर्धा – प्रदेशहरू बिचको विकासमा स्वस्थ प्रतिस्पर्धा आदि ।

(ङ) विद्यार्थीहरूलाई पुनः समूह विभाजन गर्नुहोस् । दायाँतिरका विद्यार्थीहरूलाई सङ्घीय संरचना र बायाँतिर विद्यार्थीलाई विकास क्षेत्रअनुरूप वर्गीकरण गर्नुहोस् । विद्यार्थीलाई केन्द्रीकृत वा विकास क्षेत्रअनुरूपको शासन प्रणाली र सङ्घीय शासन प्रणाली बिचका भिन्नताबारे समूह छलफल गर्न लगाउनुहोस् र तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीबाट प्राप्त उत्तरमा थपघट गरी निष्कर्ष निकाल्नुहोस्, जस्तै :

| विकास क्षेत्र | सङ्घीयता |
|---|---|
| ● एकात्मक शासन प्रणालीमा आधिरित एवम् एउटा मात्र सरकार हुने प्रणाली | ● प्रान्तीय सरकार र केन्द्रीय सरकार गठन भई सञ्चालन हुने शासन प्रणाली |
| ● विकासको उद्देश्यले मात्र निर्माण गरिएको एक भौगोलिक एकाइ | ● समावेशी, स्वायत्तता जस्ता महत्त्वपूर्ण अधिकार प्रदान गरी छुट्टाइएको भौगोलिक एकाइ |

DRAFT

५. **मूल्याङ्कन विधि**

(क) **तलका जस्तै प्रश्नहरू सोध्नुहोस् र नजानेको खण्डमा आवश्यक पृष्ठपोषण दिई पुनः भन्न वा लेख्न लगाउनुहोस् :**

- विकास क्षेत्रको परिचय देऊ ।
- देशलाई किन विभिन्न सङ्घीय प्रदेशहरूमा विभाजन गरिएको होला ?
- विकास क्षेत्र वा प्रदेशहरूको महत्त्व लेख ।

(ख) **विद्यार्थीहरूलाई निम्नानुसारले उल्लिखित गतिविधिको मूल्याङ्कन गर्नुहोस् :**

| क्र.स. | विद्यार्थीको नाम | सक्रियता | सहभागिता | अभिव्यक्ति/मौलिकता |
|---|---|---|---|---|
| १ | | √√√ | √ | √√ |
| २ | | | | |
| .. | | | | |

धेरै राम्रो : ३, राम्रो : २ र सुधार गर्नुपर्ने भए १ रेजा दिनुहोस् ।

(ग) प्रयोगात्मक सिप सम्बन्धी प्रश्नहरू विभिन्न तथ्याङ्कहरू दिएर स्तम्भचित्र तथा वृत्तचित्र बनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(घ) नेपालको नक्सा खिच्न लगाई विभिन्न जिल्ला, व्यापारिक केन्द्रहरू, धार्मिक स्थलहरू भर्न लगाउनुहोस् र नजानेका स्थानहरू एटलसका माध्यमबाट सहयोग लिन लगाउनुहोस् ।

६. **थप सुझाव**

सिकाइ सहजीकरण क्रियाकलापहरू सिकारुको जिज्ञासा र आकाङ्क्षालाई पनि ध्यान दिई सञ्चालन गर्नुहोस् ।

DRAFT

**पाठ ४ खानेपानी**

**पाठ ५ ऊर्जा**

*अनुमानित घन्टी : ४*

## १. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्दिष्ट गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विकासको पूर्वाधारका रूपमा खानेपानी र ऊर्जाको महत्त्व र वर्तमान अवस्था वर्णन गर्न | • विकासका पूर्वाधारका रूपमा खानेपानीको महत्त्व र नेपालमा यसको वर्तमान अवस्थाबारे बताउन,<br>• विकासको पूर्वाधारका रूपमा ऊर्जाको महत्त्व र यसको वर्तमान अवस्थाबारे वर्णन गर्न । |

## २. पाठ परिचय

खानेपानी र ऊर्जा विकासका महत्त्वपूर्ण पूर्वाधारहरू हुन् । जनताका जीवनस्तर र समग्र राष्ट्रको आर्थिक स्थितिलाई ऊर्जा र खानेपानीले पनि प्रतिबिम्बित गर्छन् । खानेपानीले मानव शरिरको दुईतिहाइ भाग ओगट्ने भएकाले सबै जनताले सहज ढङ्गबाट स्वच्छ र सुरक्षित पानी प्राप्त गर्न पाउनुपर्छ । यसका लागि सरकारले खानेपानी वितरण प्रणालीको विकास गर्नुपर्छ । त्यसैले खानेपानी वितरण प्रणाली एक महत्त्वपूर्ण पूर्वाधार हो तथापि नेपालमा खानेपानीका सुविधा जनसङ्ख्याको बढी चाप भएको सहरी इलाका र ग्रामीण बस्तीमा पर्याप्त मात्रामा पुगेको देखिँदैन । राष्ट्रिय जल योजना सन् २००५ अनुसार सन् २०१७ सम्ममा नेपालको शत प्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानीको सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ ।

ऊर्जा अर्थात् विद्युत्ले हाम्रो जीवनलाई सरल र व्यवस्थित बनाउने कार्य गरेको छ । यसले दैनिक जीवनमा उपयोग गरिने विद्युतीय उपकरणहरू सञ्चालन गरेर सुविधा उपयोग गर्न सहज बनाएको छ । ऊर्जाले आर्थिक यसले कलकारखाना चलाउन, कृषि व्यवसयलाई वृद्धि गर्न तथा पर्यटन व्यवसाय सञ्चालन गर्न पनि सहयोग गर्छ । हाम्रो जस्ता जलस्रोतको धनी राष्ट्रमा जल विद्युत्को उपयोग गरी आर्थिक समृद्धिमा विकास गर्न सकिने अपेक्षा गरिएको छ ।

## ३. शैक्षिक सामग्रीहरू

खानेपानीको मुहानबाट बस्तीसम्म खानेपानी वितरण गरिएको प्रणालीको चित्र, वायुशक्तिबाट ऊर्जा उत्पन्न गरिरहेको चित्र, जलविद्युत् गृहको चित्र ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई नजिकको खानेपानीको स्रोत, जस्तै : धारा, इनार, कुवा, मुहान आदिमध्ये कुनै एकको भ्रमण गराउनुहोस् । उनीहरूलाई खानेपानी कसरी वितरण

DRAFT

भएको छ, स्वच्छताको स्थिति आदिबारे टिपोट गर्न लगाउनुहोस् । भ्रमणबाट प्राप्त भएको कुराहरूमा छलफल गर्न लगाउनुहोस् । अब शिक्षकले प्रश्न सोध्नुहोस्, जस्तै : स्वच्छ खानेपानी मानव शरीरलाई किन आवश्यक छ ? खानेपानी किन विकासको पूर्वाधार हो ? आदि । आएको उत्तरलाई बोर्डमा टिप्दै जानुहोस् ।


(ख) खानेपानीको चित्र प्रदर्शन गर्नुहोस् र मुहानबाट घरटोलसम्म कसरी स्वच्छ रूपमा खानेपानी वितरण गर्न सकिन्छ ? वर्णन गर्नुहोस् ।

**(ग) खानेपानीको महत्त्व झल्कने चार्ट प्रदर्शन गर्नुहोस् र छलफल गर्नुहोस् :**

- *खानेपानीले मानव शरीरको दुईतिहाइ भाग ओगट्छ र शरीरलाई चाहिने आवश्यक लवण तथा अक्सिजनको मात्रा प्रदान गर्छ ।*
- *स्वच्छ खानेपानीले देश विकासका लागि स्वस्थ्य जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउँछ ।*
- *स्वच्छ खानेपानीको व्यवस्थाले रोगव्याधी लाग्दैन र राष्ट्रको धनराशीको बचत हुन्छ ।*

(घ) आफ्नो टोलमा खानेपानीको वर्तमान अवस्था र सुधारका उपायबारे छलफल गर्नुहोस् ।

(ङ) तल दिइएजस्तै ऊर्जाका स्रोतहरू भएको चार्ट प्रस्तुत गर्नुहोस् :




<u>**ऊर्जाका स्रोतहरू**</u>

विद्यार्थीलाई उनीहरूको दैनिक जीवनमा कुन कुन स्रोतबाट ऊर्जाको प्रयोग गरेका छन् ? कुन कुन कार्यमा विद्युत्को प्रयोग भएको छ ? उत्तरहरू बोर्डमा टिप्दै जानुहोस् र व्यावहारिक रूपमा थप प्रस्ट पार्दै पनि जानुहोस् ।

(च) विद्यार्थीहरूलाई ऊर्जाको महत्त्व भन्न लगाउनुहोस् र उत्तर टिप्दै जानुहोस् । ऊर्जाको महत्त्वलाई यसरी प्रस्तुत गर्नुहोस् :

- o घरायसी काममा उपयोग गर्न,
- o कार्यालय सञ्चालनमा सहयोग गर्न,
- o अस्पतालमा विभिन्न उपचारका औजारहरू चलाउन,
- o उद्योग सञ्चालन गरी राष्ट्रको आर्थिक स्तर वृद्धि गर्न,

DRAFT

- o विभिन्न सञ्चारका साधनहरू प्रसारण एवम् प्रकाशन गरी सूचनाको हक प्रदान गर्न,
- o व्यक्तिगत जीवनलाई सरल, सहज र सुखी बनाउन ।

(छ) पानीको स्रोतबाट विद्युत् उत्पादन गरिरहेको विद्युत् गृहको चित्र प्रदर्शन गर्नुहोस् । नेपालमा विद्युत्बाट ऊर्जा उत्पादनको सम्भावनाबारे समूहगत छलफल गराउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**तलका जस्तै प्रश्नहरू सोधी मौखिक वा लिखित जवाफ प्राप्त गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् :**

१. अवलोकन तथा छलफलमा अस्पष्ट भएका ठाउँमा विद्यार्थीहरूलाई आवश्यक सल्लाह दिँदै सकारात्मक उत्प्रेरणा प्रदान गर्नुहोस् ।

२. तिम्रो घर/टोलमा खानेपानीको स्रोत के हो ? खानेपानीको वितरण कसरी भएको छ ? सचित्र वर्णन गर ।

३. राष्ट्रिय जल योजनाले लिएको लक्ष्यअनुरूप सन् २०१७ सम्म नेपालको शत प्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउन के के थप रणनीति अवलम्बन गर्नुपर्ला ?

४. **तलको तालिका पूरा गर्नुहोस् :**

| **परम्परागत ऊर्जाका स्रोतहरू** | **आधुनिक ऊर्जाका स्रोतहरू** |
|---|---|
| पेट्रोलियम पदार्थ | जल, सूर्य |
| ........................ | ................ |
| .................. | .................. |
| .......... | .............. |

५. **तलको तालिका अध्ययन गरेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

| **नदी प्रणाली** | **विद्युत् उत्पादन क्षमता (मेगावाटमा)** |
|---|---|
| सप्तकोसी बेसिन | २२३५० |
| सप्त गण्डकी बेसिन | २०६५० |
| कर्णाली महाकाली बेसिन | ३६१८० |

| | |
|---|---|
| दक्षिणी भेगका साना नदीहरू | ४११० |
| जम्मा | ८३२९० |
| आर्थिक र प्राविधिक रूपमा निकाल्न सकिने ४२००० मेगावाट | |

(क) दिइएको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाउनुहोस् ।

(ख) नेपालमा पर्याप्त विद्युत् उत्पादन गर्न सके के कस्ता फाइदाहरू हुन्छन् ? लेख ।

६. **थप सुझाव**

विद्यार्थीहरूलाई खोज भ्रमण र प्रश्नोत्तर विधिबाट सम्बन्धित विषयमा थप जानकारी गराउन पहल गर्नुहोस् ।

DRAFT

**पाठ ६ जनशक्ति**

**पाठ ७ नेपालमा विकास आयोजना**

*अनुमानित घन्टी : ४*

## १. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य

| **पाठ्यक्रमले निर्दिष्ट गरेको कक्षागत सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| • जनशक्तिको परिचय र महत्त्व बताउन,<br>• हाम्रो देशमा भएका प्रमुख विकास कार्य खोजी गरी विकासको वर्तमान अवस्था पत्ता लगाउन । | • जनशक्तिको परिचय दिन,<br>• राष्ट्र विकासमा जनशक्तिको महत्त्व बताउन,<br>• नेपालमा चालु केही महत्त्वपूर्ण विकास कार्यहरूको सङ्क्षिप्त विवरण तयार पार्न,<br>• विकास कार्यहरूको प्रगतिको वर्तमान अवस्था पत्ता लगाउन,<br>• आयोजनाहरूको समाप्तिपश्चात् सामाजिक रूपमा पार्ने सकारात्मक प्रभाव बताउन । |

## २. पाठ परिचय

जनशक्ति वा मानव संसाधन विकासको एक महत्त्वपूर्ण पूर्वाधार हो । देशमा विकासको परिकल्पना गर्ने, योजना निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गरि देखिने तथा प्रत्यक्ष प्रगतिको अनुभव गराउने एकमात्र शक्ति जनशक्ति हो । जनशक्ति दक्षताको आधारमा अदक्ष, अर्ध दक्ष र दक्ष गरी तिन किसिमबाट वर्गीकृत गरिएको छ ।

यी तिनै प्रकारका जनशक्ति राष्ट्र विकासका मेरुदण्ड हुन् किनकि यो शक्तिको परिचालनले उपलब्ध साधन र स्रोतको समुचित सदुपयोग हुन जान्छ । आवधिक रूपमा निश्चित लक्ष्य लिएर सञ्चालित विकास कार्यहरू विकास आयोजना हुन् । विकास कार्य आफैँमा योजना बद्ध रूपमा सञ्चालन गरिएको हुनाले आयोजनाको नामले पनि चिनिन्छन् । नेपालमा राष्ट्रिय गौरवका २१ ओटा विकास आयोजनहरू सञ्चालित छन् जसको कार्य सम्पन्नताले राष्ट्रमा हरेक पक्षबाट लाभ पुऱ्याई विपन्नताबाट समुन्नतितर्फ फड्को मार्न सकिन्छ ।

## ३. शैक्षिक सामग्रीहरू

मल्टिमिडिया प्रोजेक्टर, ल्यापटप, दृश्य सामग्र, चित्रपत्ती तथा विकास आयोजनाका नाम र विवरणका चार्ट पेपरहरू, मेटाकार्ड आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

DRAFT

(क) शिक्षक, कृषक, नर्स, ड्राइभर जस्ता पेसा झल्कने चित्रपत्ती वा पोस्टर वा स्लाइड प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई ती पेसाका निम्ति कस्तो जनशक्ति आवश्यक होला भन्ने छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीको समुदायमा भएका विविध प्रकृतिका जनशक्तिहरूको नाम भन्न लगाउनुहोस् ।

(ग) प्रत्येक विद्यार्थीलाई जनशक्तिको परिभाषा लेख्न लगाउनुहोस् र एक एक गरी प्रस्तुत गर्न लगाउनुहोस् । उत्कृष्टलाई बोर्डमा लेख्नुहोस् र सबै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी जनशक्तिलाई क्षमताका आधारमा कति भागमा विभाजन गर्न सकिन्छ भनी छलफलमा सामेल गराउनुहोस् र निष्कर्ष भन्न लगाउनुहोस् ।

सम्भावित निष्कर्ष : दक्ष अर्ध दक्ष र अदक्ष जनशक्तिको उदाहरणसहित भन्ने वा भन्न लगाउनुहोस् ।

(ङ) समूहगत रूपमा डाक्टर, शिक्षक, कृषक, जुत्ता सिलाउने व्यक्ति, कपाल काट्ने हजाम आदिले कसरी समाज र राष्ट्रलाई सेवा पुर्‍याएका छन्, छलफल गराउनुहोस् र जनशक्तिको महत्त्वपूर्ण निचोड निकाल्नुहोस् ।

**विकासमा जनशक्तिको महत्त्व**

- स्रोत र साधनको समुचित प्रयोग गर्न,
- योजना निर्माण र कार्यान्वयन गर्न,
- कार्य दिगो र छिटो बनाउन,
- समस्या समाधान गर्न ।

**(च) तल दिइएको सूचना अध्ययन गर्न लगाउनुहोस् :**

*राष्ट्रिय गौरवको एक आयोजना – मध्यपहाडी लोकमार्ग*

मध्यपहाडी लोकमार्ग पहाडी भेगको विकासमा तीव्रता प्रदान गर्ने उद्देश्यले आ.व. २०६४।०६५ देखि सरकारको आफ्नै स्रोतबाट थालिएको हो । कुल १७७६ कि.मि. लम्बाइ भएको यो मार्ग पाँचथरको चियोभञ्ज्याङबाट सुरु भई बैतडीको झुलाघाटमा टुङ्गिन्छ । यसमा ट्र्याक खोल्नुपर्दा ३८ ओटा पुल बनाउनुपर्ने हुन्छ । यस मार्ग कालोपत्रे गर्न करिब ३८ अर्ब खर्च हुने देखिन्छ । यस मार्गले मध्यपहाडी प्रदेशका २३ ओटा जिल्ला, २१५ बस्ती र झन्डै ७० लाख जनतालाई सडक सञ्जालमा जोड्छ ।

**विद्यार्थीलाई निम्न लिखित प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :**

- विकास आयोजना भनेको के हो ?



DRAFT

*(राष्ट्र विकासका निमित्त निश्चित उद्देश्य लिई निश्चित समय अवधिमा सम्पन्न गर्ने गरी सञ्चालन गरिएका योजनाबद्ध विकासका कार्यहरूलाई विकास आयोजना भनिन्छ ।)*

- उल्लिखित मध्यपहाडी लोकमार्गले राष्ट्रको विकासमा के टेवा दिन सक्छ, छलफलबाट निष्कर्ष निकाल ।
- राष्ट्र विकासमा विकास आयोजनाहरूको महत्त्व लेख ।

सम्भावित जवाफ

- ➢ जनताले दैनिक जीवनका आवश्यकताहरू परिपूर्ति गर्न सक्ने,
- ➢ राष्ट्र विकास द्रूत रूपमा हुने,
- ➢ रोजगारीका अवसर सिर्जना हुने आदि ।

## ५. मूल्याङ्कन विधि

(क) क्रियाकलापमा देखिएका समस्याहरूमा विद्यार्थीलाई उत्तर लेख्न सहजीकरणको भूमिका निभाउनुहोस् ।

(ख) विद्यार्थीलाई कुनै एक जनशक्तिको कल्पना गर्न लगाउनुहोस् र उसले समाज एवम् राष्ट्रलाई कसरी सेवा पुऱ्याउँछ, भूमिका अभिनयबाट प्रस्ट पार्न लगाउनुहोस् ।

**(ग) अभिभावकको मदतबाट तलको तालिका पूरा गरी देखाउन गृहकार्य दिनुहोस् :**

| आगामी पारिवारिक योजना | | | | | |
|---|---|---|---|---|---|
| **विषय** | **उद्देश्य** | **अनुमानित बजेट** | **बजेटको स्रोत** | **अवधि समाप्ति अनुमानित मिति** | **समाप्ति पछिका सकारात्मक प्रभाव** |
| घर निर्माण/ मर्मत सम्भार | | | | | |
| कृषि | | | | | |
| स्वास्थ्य | | | | | |
| खना | | | | | |
| लुगा कपडा | | | | | |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| इातायात | | | | | |
| घरायसी सामान खरिद | | | | | |
| अन्य | | | | | |

**६. थप सुझाव**

विद्यार्थीलाई स्थानीय परिवेशमा आधारित रही सिकाइ सहजीकरण क्रियाकलाप गराउनुहोस् ।

DRAFT

| एकाइ २ | हाम्रा सामाजिक मूल्य र मान्यता |
|---|---|

**पाठ १ नेपालको सामाजिक परम्परा र प्रचलन**

**पाठ २ नेपालमा प्रचलित धर्महरू**

*अनुमानित घन्टी : ४*

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन | • विविध भाषा समुदाय र संस्कृतिको आदानप्रदान गर्न,<br>• समुदायमा रहेका चाडपर्वहरूमा सहभागी हुन,<br>• समुदायको आर्थिक, सामाजिक एवम् सांस्कृतिक उत्थानमा सहयोग पुऱ्याउन,<br>• सामाजिक परम्पराहरूको खोज गरी संरक्षणका उपायहरूको पहिचान गर्दै संरक्षण गर्न । |

## २. पाठ परिचय

समाजमा चलिआएका रीतिरिवाज, परम्परा एवम् संस्कृतिहरू नै सामाजिक मूल्य र मान्यता हुन् । नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ विभिन्न रीतिरिवाजहरू मान्ने गरिन्छ, जस्तै : चाडपर्व, मेलापर्व, जात्रा, गुठी, रोदी आदि । मानिसले जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारहरू आदरपूर्वक सम्पन्न गर्छ । समाजमा हुने यस्ता समााजिक क्रियाकलापहरूले मानिसहरूबिच आपसी मित्रता, सहयोग तथा सदाचार बढ्दै जान्छ ।

प्राचीनकालदेखि नै नेपाल धार्मिक सहिष्णुता भएको मुलुक मानिन्छ किनकि यहाँ विविध भाषा, धर्म तथा संस्कृति मान्ने मानिसहरू एक आपसमा मिलेर सद्भाव, सदाचार, सहयोग एवम् सहिष्णुता देखाएका कयौँ उदाहरणहरू छन् । वि.सं. २०६३ जेठ ४ को संविधानले नेपाललाई धर्म निरपेक्ष राज्यका रूपमा धोषणा भएबाट सबै धर्ममा समानता, सम्मान र मैत्री भाव व्यक्त गर्दै एकअर्काको संस्कृति, चाडपर्व, जात्रा आदिमा सहभागी भई विविधतामा एकताको उदाहरण प्रस्तुत गरेको छ ।

## ३. शैक्षिक सामग्री

DRAFT

चार्ट पेपर, मेटाकार्ड, कैँची, स्केल, विभिन्न पत्रिकामा छापिएका लेखहरू, डस्टर, मार्कर, चक, सन्दर्भ सामग्री, पोस्टर, सामाजिक सद्भाव झल्कने चित्र, वेषभूषाको चित्र आदि झल्कने विभिन्न प्रकारका श्रव्यदृश्य सामग्रीहरू ।

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) प्रत्येक विद्यार्थीहरूलाई मेटाकार्ड दिई आआफ्ना समुदायको चाडपर्व, जात्रा तथा मेलापर्वबारे सूची निर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) विभिन्न समुदायका चार्डपर्व, धर्म संस्कृति तथा वेषभूषाबारे नमुना रूपमा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्नुहोस् र कक्षामा यसको महत्त्वबारे छलफल गराउनुहोस् ।

(ग) कक्षाकोठाका प्रत्येक विद्यार्थीहरूलाई आआफ्ना महत्त्वपूर्ण चाडपर्वको एउटा एउटा चित्र बनाउन लगाई प्रर्दशन तथा त्यसका बारेमा छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई आफू रहेको समुदायका चाडपर्व, संस्कृति तथा रीतिरिवाजबारे प्रतिवेदन लेख्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूको समूह निर्माण गरी आफ्ना समुदायका प्रचलित जात्रा एवम् चाडपर्वलाई नाटक, गीत, कविता तथा नाचका माध्यमबाट साहित्यिक तथा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन विधि**

**विद्यार्थीहरूको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| क्र.स. | निर्देशन बुझेको | कार्य सम्पादन | सहकार्य | विद्यार्थी सहभागिता | सक्रियता |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

- विद्यार्थी सहभागिता
- गृहकार्य, कक्षाकार्य
- प्रतिवेदन लेखन
- सिकाइ सक्रियता
- प्रश्नोत्तर

६. **थप सुझाव**

विद्यार्थीलाई स्थानीय संस्कृतिको खोजी गर्न लगाउने परियोजना कार्यमा सहभागी गराउन सकिन्छ ।

DRAFT

| पाठ ३ | सामाजिक सद्भाव |
|---|---|
| **पाठ ४** | **सुन्दर फूलबारी नेपाल** |

*अनुमानित घन्टी : ४*

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| विविधतामा एकताका रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न | • धार्मिक, भाषिक, सांस्कृतिक, जातीय, वर्गीय, क्षेत्रीय, सांस्कृतिक, भौगोलिक, पहिरन, वर्ण जस्ता विविधताको सम्मान गर्न,<br>• सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न । |

## २. पाठ परिचय

नेपाल एक विविधताले भरिएको मुलुक हो । यसको पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्म बसोबास गर्ने सम्पूर्ण धर्म, लिङ्ग, वर्ग, भाषा तथा जातजातिबिच एकता, सद्भाव, सदाचार एवम् सहिष्णुता कायम गर्दै सुन्दर शान्त नेपालका रूपमा परिचित छ ।

हरेक जातजातिले लगाउने पहिरनको आआफ्नै विशेषता हुन्छ । महत्त्वपूर्ण चाडपर्वहरूमा भेला भई नाचगान गर्दै रमाइलो गर्दै बिताउने गर्छन् । एउटै समुदायमा बसोबास गर्ने व्यक्तिहरू मिलेर सहकार्य गर्ने भावनाको विकास गर्नु नै सामाजिक सद्भाव कायम गर्नु हो ।

## ३. शैक्षिक सामग्री

चार्ट पेपर, मेटाकार्ड, कैँची, स्केल, विभिन्न पत्रिकामा छापिएका लेखहरू, डस्टर, मार्कर, चक, सन्दर्भ सामग्री, पोस्टर, सामाजिक सद्भाव झल्कने चित्र, वेषभूषाको चित्र आदि झल्कने विभिन्न प्रकारका श्रव्यदृश्य सामग्रीहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) कक्षाकोठामा विभिन्न संस्कृति झल्किने श्रव्यदृश्य सामग्री प्रदर्शन गरी यसको महत्त्वबारे बुदाँगत टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सामाजिक सद्भाव र यसको भूमिका शीर्षकमा वक्तृत्वकला गर्न लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) विद्यार्थीहरूको समूह निर्माण गरी आफ्ना समुदायका प्रचलित जात्रा तथा चाडपर्वको नाटक, गीत तथा कविता लेख्न लगाउनुहोस् र साहित्यिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरी भूमिका अभिनय गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**विद्यार्थीहरूको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

DRAFT

| क्र.स. | निर्देशन बुझेको | कार्य सम्पादन | सहकार्य | विद्यार्थी सहभागिता | सक्रियता |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३ | | | | | |
| ४. | | | | | |
| ५ | | | | | |

६. **थप सुझाव**

विद्यार्थीलाई स्थानीय स्तरमा सद्भाव कायम गर्न के के गर्नुपर्ला भन्ने विषयमा परियोजना कार्य गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ ५ राष्ट्रिय सम्पदा

*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको राष्ट्रिय सम्पदाहरूको पहिचान गरी संरक्षण कार्यमा सहयोग गर्न | ● राष्ट्रिय सम्पदाको पहिचान गर्न,<br>● राष्ट्रिय सम्पदाहरूको संरक्षणका उपायहरू खोजी गर्न,<br>● स्थानीय सम्पदाको संरक्षण कार्यमा सहभागी हुन । |

### २. पाठ परिचय

देशका सबै नागरिकहरूको साझा सम्पत्तिका रूपमा रहेका थुप्रै स्थान, देवालय, हिमाल, जङ्गल, नदी, पहाड, कला, संस्कृति, रीतिरिवाज, चाडपर्व, जात्रा, ऐतिहासिक तथा पूरातात्त्विक स्थलहरू छन्, जुन नेपाललाई विश्वमा चिनाउने पक्षहरू पनि हो । हाम्रा यस्ता महत्त्वपूर्ण सम्पदाहरू जोगाएर राख्नुपर्छ । यसका लागि युनेस्को नामक संस्थाले धेरै सहयोग गरेको छ । नेपालमा पनि १० ओटा स्थानहरू विश्व सम्पदा सूचीमा सूचीकृत गरिएका छन् । यस्ता अन्य सम्पदाहरूको खोजी गरी संरक्षण गर्न सबैले पहल गर्नुपर्छ ।

### ३. शैक्षिक सामग्री

चार्ट पेपर, मेटाकार्ड, कैँची, स्केल, विभिन्न पत्रिकामा छापिएका लेखहरू, डस्टर, मार्कर, चक, सन्दर्भ सामग्री, पोस्टर, सामाजिक सद्भाव झल्कने चित्र, वेषभूषाको चित्र आदि झल्कने विभिन्न प्रकारका श्रव्यदृश्य सामग्रीहरू ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यालयको चउरमा कक्षा ८ का विद्यार्थीहरू गोलबद्ध भएर बस्ने र राष्ट्रिय सम्पदा तथा यसको संरक्षण विषयमा छलफल गराई बुँदा टिपोट गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई समूहमा निर्माण गरी नेपालको विश्व सम्पदासूचीमा सूचीकृत गरिएका स्थानहरूको चित्र प्रदर्शन गराई यसको महत्त्वबारे छलफल गराउनुहोस् ।

(ग) आआफ्ना समुदायमा रहेका महत्त्वपूर्ण सम्पदाहरूको सूची निर्माण गर्न लगाई छलफल गराउनुहोस् ।

**(घ) नेपालको राष्ट्रिय सम्पदा रहेको स्थानको भ्रमण गर्न लगाई निम्न लिखित बुँदाका आधारमा प्रतिवेदन लेख्न लगाउनुहोस् :**

(अ) भ्रमण स्थान (आ) उद्देश्य

(इ) पत्ता लगाएका कुराहरू (ई) निष्कर्ष (ए) सुझाव

DRAFT

## ५. मूल्याङ्कन विधि

**विद्यार्थीहरूलाई निम्न लिखित आधारमा मूल्याड्कन गर्नुहोस् :**

| **क्र.स.** | **निर्देशन बुझेको** | **कार्य सम्पादन** | **सहकार्य** | **विद्यार्थी सहभागिता** | **सक्रियता** |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३ | | | | | |
| ४. | | | | | |
| ५ | | | | | |

## ६. थप सुझाव

पुराना पत्रपत्रिकाबाट विभिन्न सम्पदासँग सम्बन्धित चित्र, फोटो, समाचार, विज्ञापन आदि सङ्कलन गरेर कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

DRAFT

*अनुमानित घन्टी : ४*

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| विभिन्न अन्तर्राष्टिय व्यक्तित्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्त्विहरूको खोजी गर्न,<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानसँग परिचित भई उक्त कार्यबाट प्रेरणा प्राप्त गर्न,<br>• स्थानीयस्तरमा योगदान दिएका व्यक्तिको खोजी गर्न । |

## २. पाठ परिचय

राष्ट्रका गहनाका रूपमा विभिन्न व्यक्तिहरूले महत्त्वपूर्ण योगदान गरेका हुन्छन् । राष्ट्र उत्थानमा लागि पर्ने निःस्वार्थ भावनाले कार्य गर्ने व्यक्तिहरू आदरणीय हुन्छन् । उनीहरूले विश्वलाई नै आफ्नो घर ठानेर मानव हितअनुकूल कार्य गरेकाले नै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त गरेका हुन् । कुनै पनि देश शान्त र समुन्नत भएमात्र त्यहाँका मानिस सुखी, खुसी तथा परिश्रमी बन्छन् भन्ने सन्देश महात्मा गान्धी, गौतम बुद्ध, हेलेन केलर, झमककुमारी, फ्लोरेन्स नाटिङ्गेल जस्ता व्यक्तित्वहरूबाट प्राप्त भएको छ । जुन कुरा हामीले पनि सिकेर समाजलाई परिवर्तन गर्न सक्षम हुन्छौं ।

## ३. शैक्षिक सामग्री

चार्ट पेपर, मेटाकार्ड, कैँची, स्केल, विभिन्न पत्रिकामा छापिएका लेखहरू, डस्टर, मार्कर, चक, सन्दर्भ सामग्री, पोस्टर, सामाजिक सद्भाव झल्कने चित्र, वेषभूषाको चित्र आदि झल्कने विभिन्न प्रकारका श्रव्यदृश्य सामग्रीहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरूको पोस्टर वा चित्र खोजी गर्न लगाई उनीहरूले गरेका योगदानमा छलफल गराउनुहोस् ।

(ख) तपाईंको समुदायमा रहेका कुनै समाजसेवी व्यक्ति हुनुहुन्छ भन्ने उहाँलाई राष्ट्रसेवक, सम्मान सेवा, मानवहित, नागरिक समाज र शान्ति विषयमा प्रश्नावली तयार पारी अन्तर्वार्ता लिई त्यसका आधारमा टिपोट तयार गर्न लगाउनुहोस् ।

(ग) नेपाल शान्त र समुन्नत बनाउन विद्‌यार्थीको भूमिका विषयमा प्रवचन तयार गरी कार्यक्रम सञ्चालन गर्न लगाउनुहोस् ।

DRAFT

**५. मूल्याङ्कन विधि**

**विद्यार्थीहरूको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस्**

| **क्र.स.** | **निर्देशन बुझेको** | **कार्य सम्पादन** | **सहकार्य** | **विद्यार्थी सहभागिता** | **सक्रियता** |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३ | | | | | |
| ४. | | | | | |
| ५ | | | | | |

**६. थप सुझाव**

स्थानीय स्तरमा योगदान दिएका व्यक्तिको खोजी गर्ने परियोजना कार्य दिनुहोस् ।

DRAFT

## एकाइ ३ : सामाजिक समस्या र समाधान

### पाठ १ सामाजिक समस्याहरू

*अनुमानित घन्टी : ३*

१. **सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | कक्षागत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपाली समाजमा रहेका विभिन्न सामाजिक समस्याहरूको पहिचान गर्न | - सामाजिक समस्या र समाधान विषयमा प्रवचन/वक्तृत्व तयार पार्न,<br>- दाइजो प्रथाले समाजमा पुऱ्याएको नकारात्मक असर उल्लेख गर्न,<br>- युवाहरू विदेश पलायन हुँदा समाजमा भएको असरहरूबारे जानकारी दिन,<br>- सामाजिक समस्या विरुद्धमा जनचेतना जगाउने नाराहरू तयार गर्न । |

२. **पाठ परिचय**

**सामाजिक समस्या र समाधान भन्ने विषयमा भएको प्रवचन**

दाइजो प्रथा विरुद्ध अभियानका संयोजक श्री मीना पासवानले आफ्ना विचारहरू यसरी व्यक्त गर्नुभयो :

"आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरू, दाइजो प्रथा हाम्रो समाजमा एउटा ठुलो समस्याका रूपमा खडा भएको छ । विवाहमा केटी पक्षलाई केटा पक्षको मागबमोजिम सम्पत्ति दिन बाध्य पार्ने कुचलन नै दाइजो प्रथा हो । मागबमोजिमको नगद वा सम्पत्ति नपाउँदा केटा पक्षले दुलहीलाई मानसिक दबाब, शारीरिक यातना र मनोवैज्ञानिक असर दिएका समाचारहरू पत्रपत्रिकामा आइरहन्छन् । कतिपय महिलाहरू दाइजो लिएर आउन नसकेकै कारण घरेलु हिंसाको सिकार हुनुपरेको छ । तराई र सहरी क्षेत्रमा यो समस्या विकराल बन्दै छ । सम्पत्ति र दाइजोका लागि नभई सुखी र खुसी जीवनका लागि विवाह हुनुपर्छ । यति भन्दै म मेरो भनाइहरू यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद !"

अर्का वक्ता रसिला चौधरीले बौद्धिक पलायन सम्बन्धमा आफ्ना विचारहरू यसरी व्यक्त गर्नुभयो :

"उपस्थित महिला तथा सज्जनवृन्द ! तीक्ष्ण बुद्धि र प्राविधिक सिप भएका व्यक्तिहरू देश छाडेर अन्य देशमा बाहिरिने प्रक्रिया नै बौद्धिक पलायन हो । बौद्धिक पलायनलाई मानवपुँजी पलायन पनि भनिन्छ । हाम्रो देशबाट कामको खोजीमा हजारौँ युवाहरू विदेसिएका छन् ।

DRAFT

अवसर सिर्जना गर्न सक्ने क्षमतावान् नागरिक नै विदेश पलायन भएपछि यहाँको विकास गर्ने कसले ? देश हाँक्न सक्ने युवाहरू विदेशी दासता स्विकार्दै पलायन भएपछि राजनीतिक स्थिरता ल्याउने कसले ? देशमा उद्योगधन्दा खोल्न सक्ने श्रम, पुँजी, सिप र उद्यमशीलता भएका युवाहरू विदेसिएपछि उद्योग खोलिदिने कसले ? यी प्रश्नहरूको उत्तर खोज्न हामीले विकसित देशहरको इतिहास पढ्नुपर्छ । उनीहरूले पनि लामो सङ्घर्ष र मिहिनेत गरेर मात्र देशको उन्नति गरेका हुन् । त्यसैले युवाशक्तिको विदेश पलायन रोक्न राज्यले पनि देशमै गुणस्तरीय शिक्षा प्राप्तिको अवसर प्रदान गरिदिनुपर्छ । देशमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । देश निर्माणको कर्तव्य भुल्नु हुन्न भन्दै मेरो विचारहरू यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद !"

## ३. शैक्षिक सामग्री

विभिन्न सामाजिक समस्यासँग सम्बन्धित चित्रहरू, कथा, कविता र नाराहरूको नमुना

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) प्रत्येक विद्यार्थीलाई कुनै कविताबाट पढाइप्रति ध्यान आकृष्ट गर्दै पाठको सुरुआत गर्नुहोस् । आफ्नो समुदायमा भएका कुनै घटनाहरू सम्झन लगाउनुहोस् र टिप्न लगाउनुहोस् । विद्यार्थीहरूलाई समूह विभाजन गरी कक्षाकोठामा टाँसिएको निम्न लिखित प्रश्न तालिकाअनुरूप पालैपालो प्रश्न गर्न लगाउनुहोस् :

(अ) तिमीलाई समाजमा कसैले दाइजोको कुरा गरेको सम्झना छ ?

(आ) उसले के भनेर वा गरेर दाइजो नल्याएको भनी महिलामाथि भेदभाव गरेको थियो ?

(इ) उसले यस्तो कार्य गर्दा तिमीलाई कस्तो लाग्यो ?

(ई) तिमी अरूलाई दाइजोको विषयमा के सल्लाह दिन्छौ ?

(ख) 'दाइजो प्रथा महिला हिंसाको प्रमुख कारण हो' भन्ने विषयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरी शिक्षकले कक्षामा सहजीकरण गर्नुहोस् ।

- दाइजो प्रथाले समाजको विकास हुन सक्दैन,
- यसले पारिवारिक द्वन्द्वको सिर्जना गर्छ,
- यसले महिलामाथि यातना वा हिंसा बढाउँछ,
- यसले वैमनस्यता र पारिवारिक बेमेल गराउँछ,
- परिवारमा सदैव झगडा उत्पन्न गराउँछ ।

यो क्रियाकलाप गराइसकेपछि उत्कृष्ट समूहलाई पुरस्कृत पनि गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई ५ समूहमा विभाजन गरी प्रत्येक समूहलाई निम्न लिखित जिम्मेवारी दिनुहोस् :

DRAFT

समूह नं. १. आफ्नो समाजमा भएका विभिन्न सामाजिक विकृतिसँग सम्बन्धित नारा लेख्न लगाउनुहोस्, जस्तै : दाइजो प्रथा, छुवाछुत, घरेलु हिंसा, बालश्रम शोषण, लागुपदार्थ दुर्व्यसन ।

समूह नं. २. 'दाइजो प्रथाको अन्त्य गरौँ' भन्ने सन्देश दिने आकर्षक नारा तयार गर्न लगाउनुहोस् ।

समूह नं. ३. 'मानव बेचबिखन नगरौँ' भन्ने सन्देश दिने आकर्षक गीत तयार गर्न लगाउनुहोस् ।

समूह नं. ४. विभिन्न पत्रिकाको सहायताले सामाजिक समस्यासँग सम्बन्धित चित्र, तस्बिर, कार्टुन र समाचारको कटिङहरू सङ्कलन गर्न लगाउनुहोस् ।

समूह नं. ५. सामाजिक समस्याको असरबाट बच्न अपनाइने उपायहरूको बुँदा तयार गर्न लगाउनुहोस् ।

सबै समूहबाट तयार भइसकेपछि पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले युवा विदेश पलायनको सम्बन्धमा थप कुराहरू प्रस्ट्याइदिनुहोस् ।

(घ) युवाहरू विदेश पलायन हुँदा नेपाली समाजमा पुग्ने असरहरू शीर्षकमा विद्यार्थीहरूबिच वक्तृत्वकला सञ्चालन गरी उत्कृष्ट समूहलाई पुरस्कृत गर्नुहोस् ।

(ङ) विभिन्न सामाजिक समस्याहरू हाम्रो समाजमा देखिने कारणहरूलाई विद्यार्थी समूहबिच छलफल गराई प्राप्त निष्कर्षलाई बोर्डमा टिप्दै जानुहोस् र शिक्षकले थप प्रस्ट्याइदिनुहोस् ।

(च) विद्यार्थी समूहहरूलाई दाइजो प्रथाको विरुद्ध र युवा विदेश पलायनको असरबारे चेतना फैलाउने आकर्षक नाराहरू तयार गर्न लगाई शिक्षकले थप पृष्ठपोषण दिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) तलका जस्तै प्रश्न सोधेर मूल्याङ्कन गर्नुहोस् :**

- दाइजो प्रथाले समाजमा के कस्तो समस्या ल्याउँछ ?
- युवाहरू विदेश पलायन हुँदा समाजमा के कस्ता समस्या उत्पन्न हुन्छन् ?

(ख) विद्यार्थी समूहले तयार पारेका नाराहरूमध्ये उत्कृष्ट र आकर्षक नाराको मूल्याङ्कन गरी पुरस्कृत गर्नुहोस् । विद्यार्थीहरू मध्येबाटै मूल्याङ्कन समितिसमेत गठन गर्न सकिन्छ ।

DRAFT

**मूल्याङ्कनका आधारहरू**

| क्र.सं. | नाराको नाम | राम्रो सन्देश दिएको | राम्रो सन्देश नभएको | उपयुक्त शब्द चयन भएको | एपयुक्त शब्द चयन नभएको |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**६. थप सुझाव**

सामाजिक समस्या र त्यसका समाधानका उपाय सम्बन्धमा जन चेतना जगाउने पोस्टर, प्लेकार्ड, पर्चा तयार पार्न लगाई सार्वजनिक स्थलमा प्रदर्शन गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ २ : भ्रष्टाचार


*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| भ्रष्टाचारको प्रवृत्ति, कारण र निवारणका उपायहरूको पहिचान गर्न | - भ्रष्टाचारको विभिन्न रूपहरू बताउन,<br>- भ्रष्टाचारको कारणहरू पहिचान गरी भ्रष्टाचार निवारणका उपायहरू बताउन,<br>- भ्रष्टाचार विरुद्ध नारा तथा पोस्टरहरू तयार गर्न । |

### २. पाठ परिचय

भ्रष्ट र आचार मिलेर बनेको भ्रष्टाचारको अर्थ खराब आचरण हुन्छ । निजी वा व्यक्तिगत फाइदाका लागि सार्वजनिक पदको हैसियतले कानुन विपरीत आचरण गर्ने वा सरकारी सम्पत्तिको हिनामिना वा घुसखोरी गर्ने कार्यलाई भ्रष्टाचार भनिन्छ । भ्रष्टाचारको प्रवृत्तिलाई चार ओटा रूपमा हेर्न सकिन्छ ।




**भ्रष्टाचारका कारणहरू**

- मानिसमा धनप्रति मोह र तडकभडक बढ्दै जानु,
- थारै समयमा धनी बन्ने प्रवृत्ति बढ्नु,
- सरकारी निगरानी कमजोर रहनु,
- समाजले सम्पत्तिको स्रोतलाई भन्दा स्वरूपलाई महत्त्व दिनु,
- पारदर्शिताको कमी हुनु,

DRAFT

- जनचेतनाको अभाव हुनु,
- नागरिक समाजको सक्रियता नहुनु ।

**भ्रष्टाचारको निवारणका उपायहरू**

(क) भ्रष्टाचार विरुद्धमा चेतना फैलाउने,

(ख) नैतिक शिक्षा र सदाचार शिक्षाको व्यावहारिक पक्षमा जोड दिने,

(ग) भ्रष्टाचारी व्यक्तिको नामावली सार्वजनिक गर्ने,

(घ) भ्रष्टलाई सामाजिक बहिष्कार गर्ने,

(ङ) सरकारी काम कारबाही र विकास निर्माणका कामलाई पारदर्शी बनाउने,

(च) अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रलाई सक्रिय एवम् साधन स्रोत सम्पन्न बनाउने,

(छ) फजुल खर्च गर्ने बानीमा सुधार गरी सामाजिक सदाचारलाई महत्त्व दिने,

(ज) आर्थिक पारदर्शिता नदेखाउने राजनीतिक दललाई चुनावमा भाग लिन नपाउने कानुनी व्यवस्था गर्ने,

(झ) भ्रष्टाचार विरुद्ध उजुर गर्ने बानीको विकास गर्ने ।

३. **शैक्षिक सामग्री**

भ्रष्टाचारको प्रवृत्ति झल्किने कार्टुन चित्र, चार्ट र विभिन्न पत्रपत्रिकाहरू आदि ।

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) शिक्षकले भ्रष्टाचार विरुद्ध चेतनामूलक कविता वा गीत प्रस्तुत गरी कक्षालाई सिकाइप्रति आकृष्ट गराउनुहोस् । भ्रष्टाचारसँग सम्बन्धित विभिन्न कार्टुन चित्र वा समाचारका कटिङहरू प्रदर्शन गर्दै विद्यार्थीहरूलाई प्रश्नोत्तर एवम् छलफलको माध्यमबाट विषयवस्तु, सन्दर्भ, घटना, परिणाम र असर सम्बन्धमा बुँदा भन्न लगाउनुहोस् र शिक्षकले पाटीमा टिप्दै जाने साथै थप कुराहरूको व्याख्या गरिदिनुहोस् ।

**(ख) विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई निम्न लिखित कार्य गर्न लगाउनुहोस् :**

| **समूह १** | **समूह २** | **समूह ३** | **समूह ४** |
|---|---|---|---|
| भ्रष्टाचारका विभिन्न चार रूपहरूको चार्ट तयार गर्न | भ्रष्टाचारका कारणहरूको बुदाँहरू तयार गर्न | भ्रष्टाचार निवारणका उपायहरूको बुदाँहरू तयार गर्न | भ्रष्टाचारले समाजमा पुऱ्याएको असरको क्षेत्रहरूको बुदाँहरू तयार गर्न |

DRAFT

| | | | |
|---|---|---|---|
| लगाउनुहोस् । | लगाउनुहोस् । | लगाउनुहोस् । | लगाउनुहोस् । |

यसरी तयार भएको कार्यलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाई शिक्षकले थप पृष्ठपोषण दिनुहोस् ।

(ग) भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने चित्र, कथा, कविता वा लेख र समाचार सङ्कलन गरी पालैपालो कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्दै जानुहोस् ।

(घ) विद्यार्थी समूहहरूलाई समाजमा भ्रष्टाचार बढ्नुका कारणहरू तथा भ्रष्टाचार निवारणका उपायहरूबारे प्रश्नहरू सोध्नुहोस् र सम्भावित उत्तरहरू टिप्दै छलफल गर्ने साथै शिक्षकले तयार पारेको भ्रष्टाचारको प्रवृत्ति झल्किने चार्ट प्रदर्शन गरी प्रस्ट्याइदिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

विभिन्न क्रियाकलापका क्रममा विद्यार्थीहरूको कार्य तत्परता, सक्रिय सहभागिता र सकारात्मक व्यवहार परिवर्तनको अवलोकन गर्दा सिकाइ उपलब्धिको जाँच गरी मूल्याङ्कन गर्नुहोस् । आवश्यक भए शिक्षकले थप पृष्ठपोषण दिनुहोस् ।

## ६. थप सुझाव

विद्यार्थीहरूलाई पूराना पत्रपत्रिका उपलब्ध गराएर भ्रष्टाचार सम्बन्धी समाचार, सम्पादकीय, कार्टुन चित्र र तस्बिरको कटिङ निकाली भित्तेपत्रिका तयार गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

DRAFT

## पाठ ३ : लागुपदार्थ दुर्व्यसन

*अनुमानित घन्टी : ४*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| लागुपदार्थ दुर्व्यसनका कारण र परिणामहरूको पहिचान गर्न | - लागुपदार्थ सेवनका कारण र असरहरूबारे बताउन,<br>- विद्यार्थीहरूले लागुपदार्थ दुर्व्यसनबाट बच्ने उपायहरू अवलम्बन गर्न,<br>- दुर्व्यसनबाट बच्न परिवार, समुदाय विद्यार्थी र विद्यालयको भूमिका उल्लेख गर्न,<br>- लागुपदार्थको दुर्व्यसन झल्किने पोस्टरको नमुना तयार पार्न । |

### २. पाठ परिचय

एउटा लागुपदार्थ दुर्व्यसनीको दिमागमा विगतका घटनाहरू स्मरण भइरहेका छन् । हिजो साथीले भनेका कुरामा नाइँ भन्न सकेको भए खाज यसरी पछुताउनु पर्दैनथ्यो । खराब साथीहरूको सङ्गतले लहलहैमा लागेर चुरोट खान सिकियो । अनि बिस्तारै गाँजाको अम्मली बनेको विगतको तितो यथार्थ आँखा अगाडि ऐना बनेर प्रस्तुत भएको छ । फेरि किन पूराना यादहरू कोट्टिन्छन् ? (ऊ विगतका कुरा बिर्सन खोज्छ ।) आज म जे छु ठिक छु । समयमै काकाले थाहा पाउनुभयो र राम्रो भयो । हुन त म पनि कस्तो ? परिवारका सदस्यले थाहा नपाउने भनेर ढाँटी र लुकी लागुपदार्थ प्रयोग गर्दै हिँडियो । पछि त नराम्रो दुर्व्यसनी पो बन्न पुगेछु । काकाले पुनर्स्थापना केन्द्रमा उपचार नगराउनु भएको भए म सायद मृत्युको मुखमा पुगिसकेको हुन्थेँ होला । लखन जस्तै पैसाको अभावमा चोरी र लुटपाटमा लागेर जेल फन्दातिर पो हुन्थे कि ? उचित पारिवारिक परामर्श र जीवनोपयोगी सिपको अभाव भएर म फसेँ । कापी, कलम र शैक्षिक सामग्रीमा खर्च गर्नुपर्ने पैसा लागु औषध जस्तो विष किनेर खान खर्च गरेँ । त्यसो नगरेको भए मैले पनि राम्रो काम पाउँथे होला । देशको सेवा गर्ने सच्चा राष्ट्र सेवक बन्थेँ होला । म र मेरा ती दिनलाई धिक्कार छ । गाँजा र लागुपदार्थको सर्को तथा इन्जेक्सनको नसामा महत्वपूर्ण समय नट गरेँ । त्यो मेरो भ्रम पो रहेछ । त्यो त जिन्दगीबाट कहिल्यै नउत्रने दल दल पो रहेछ ।

### ३. शैक्षिक सामग्री

पोस्टर, चित्र, तालिका, कार्ड पेपर, साइनपेन आदि ।

DRAFT

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई आफूले थाहा पाएको लागुपदार्थ दुर्व्यसनका कारणहरू के के हुन् भनी सोध्नुहोस् र सम्भावित बुँदालाई बोर्डमा टिप्दै जानुहोस् । शिक्षकले लागुपदार्थ दुर्व्यसनका कारण र असरहरू लेखिएको चार्ट प्रदर्शन गर्दै व्याख्या गरिदिनुहोस् ।

(ख) लागुपदार्थको सेवनमा युवा पुस्ताहरू फस्दा हाम्रो समाजमा के कस्ता असरहरू देखापरेका छन् भनी विद्यार्थी समूहबिच छलफल गराउनुहोस् र शिक्षकले प्राप्त प्रतिक्रियालाई आवश्यक पृष्ठपोषण दिनुहोस् । लागुपदार्थको सेवनमा नफस्न हामिले चेतनाको विकास गर्ने, दुर्व्यसनीको सङ्गतमा नलाग्ने, सधैँ सिर्जनात्मक र रचनात्मक कार्य गर्न अभिप्रेरित हुने, उचित सल्लाह र परामर्श लिने, कानुनको पालना गर्ने र सकारात्मक सोचको विकास गर्ने गर्नुपर्छ भनी थप व्याख्या गरिदिनुहोस् ।

(ग) लागुपदार्थ दुर्व्यसनको समस्या समाधानमा परिवार, विद्यार्थी, समुदाय र विद्यालयको भूमिका के के हुन सक्छ भनी Graffiti विधिको प्रयोग गरी विद्यार्थीहरूलाई आफ्नो विचार अभिव्यक्त गर्ने मौका प्रदान गर्नुहोस् । यसमा निम्नानुसारको प्रक्रिया पूरा गरी यो विधि प्रयोग गर्नुपर्छ :

- कक्षालाई ३ समूहमा विभाजन गर्नुहोस् ।
- **सुरुमा एउटा समूहलाई एउटा प्रश्न गर्ने गरी निम्नानुसार प्रश्नसहित प्रत्येकलाई त्यसको उत्तर लेख्न लगाउनुहोस् :**

  पहिलो समूह : लागुपदार्थ दुर्व्यसनको समस्या समाधानमा परिवारको भूमिका के के हुन्छन् ?

  दोस्रो समूह : लागुपदार्थ दुर्व्यसनको समस्या समाधानमा समुदायको भूमिका के के हुन्छन् ?

  तेस्रो समूह : लागुपदार्थ दुर्व्यसनको समस्या समाधानमा विद्यार्थी र विद्यालयको भूमिका के के हुन्छन् ?

- अब पहिलो समूहले लेखेको कागजलाई दोस्रो समूह र दोस्रो समूहको तेस्रो समूहका सबैले अनि तेस्रो समूहको पहिलो समूहका सबैले पालैपालो लेख्न भन्नुहोस् र समूहका सबैले लेखिसकेपछि फेरि नलेखेको समूहलाई लेख्न लगाउनुहोस् । जब लेखेको कागज आफ्नै समूहमा आइपुग्छ तब सो कागजमा लेखिएका कुराहरू पालैपालो पढ्न लगाउनुहोस् र थप कुरा केही भए शिक्षकले स्पष्ट पारिदिनुहोस् ।
- समूहगत रूपमा लागुपदार्थ सेवनका असरहरू झल्किने आकर्षक पोस्टर बनाई प्रस्तुत गर्न लगाउनुहोस् र उत्कृष्टलाई पुरस्कृत गर्नुहोस् ।

DRAFT

**५. मूल्याङ्कन विधि**

**(क) निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :**

- लागुपदार्थ दुर्व्यसनको समस्या समाधानमा विद्यालयको के कस्तो भूमिका रहन्छ ?
- लागुपदार्थ दुर्व्यसनबाट हुने असरहरू के के हुन् ?

(ख) Graffiti विधिबाट क्रियाकलाप गराउँदा विद्यार्थीले देखाएको तत्परता र सक्रियता अनि उनीहरूले क्रियाकलाप मन पराए नपराएको अवलोकन गरी सिकाइ उपलब्धि मूल्याङ्कन गर्नुहोस् ।

**६. थप सुझाव**

लागुपदार्थ दुर्व्यसन सम्बन्धी सत्य घटनामा आधारित कथा (घटना अध्ययन) बनाउनुहोस् । उक्त घटना अध्ययनको समूहगत रूपमा अध्ययन र छलफल गराई लागुपदार्थ दुर्व्यसनका कारण, परिणाम, सुधारका उपाय तथा लागुपदार्थबाट टाढा रहने उपाय सम्बन्धमा छलफल गराउनुहोस् ।

DRAFT

## पाठ ४ द्वन्द्व र त्यसको व्यवस्थापन

*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| द्वन्द्व उत्पन्न हुने कारण र द्वन्द्व व्यवस्थापनको उपायहरूको पहिचान गर्न | - कक्षाकोठा तथा समुदायमा द्वन्द्व सिर्जना हुने कारणहरू बताउन,<br>- द्वन्द्वका सकारात्मक र नकारात्मक पक्षहरूबारे बुझी व्यवहारमा लागु गर्न,<br>- द्वन्द्व व्यवस्थापनका विभिन्न चरणहरू उल्लेख गर्न,<br>- द्वन्द्व र यसको व्यवस्थापन सम्बन्धी शीर्षकमा संवाद तयार पार्न । |

### २. पाठ परिचय

**द्वन्द्व व्यवस्थापनका सम्बन्धमा द्वन्द्व विश्लेषक मित्रलालसँग लिइएको अन्तर्वार्ताको अंश**

पत्रकार : द्वन्द्वलाई यहाँले कसरी बुझ्नुभएको छ ?

मित्रलाल : व्यक्ति वा समूहबिचको मतभेद द्वन्द्व हो । फरक सोचाइ र असहमतिले द्वन्द्व निम्त्याउँछ । सकारात्मक र नकारात्मक दुवै हुन्छ । हामीले धेरैजसो समय साथी, परिवार र विद्यालयमा बिताउँछौँ । कतिपय अवस्थामा साथी र परिवारका सदस्यसँग विचार मिल्दैन । आफूले भनेका कुरामा उनीहरू समर्थन गर्दैनन् । उनीहरूले भनेका कुरा मन पर्दैन । विचार नमिलेपछि रिस उठ्छ अनि झगडा हुन्छ ।

पत्रकार : द्वन्द्व व्यवस्थापनमा समाजको कस्तो भूमिका हुन्छ नि ?

मित्रलाल : द्वन्द्व व्यवस्थापनमा समाजले हजारौँ विवादहरू र असहमतिहरू टुङ्गो लगाएका उदाहरणहरू छन् । समाजले यसको कारण पहिचान गर्ने, मध्यस्थता गर्ने, दुवैको कुरा सुन्ने र सहमतिको विन्दु खोजी वार्ता वा सम्झौता गराई द्वन्द्व व्यवस्थापनमा आफ्नो भूमिका निभाएको हुन्छ ।

पत्रकार : द्वन्द्व व्यवस्थापनमा दोहोरो सञ्चारको के भूमिका रहन्छ ?

मित्रलाल : गलत सञ्चार वा कम बुझाइ वा गलत बुझाइले द्वन्द्व सिर्जना गर्ने हुनाले दुवै पक्षबिच दोहोरो सञ्चार वा संवाद गर्नुपर्छ । यसले दुवैको सोचाइ र बुझाइलाई स्पष्ट पार्दछ ।

### ३. शैक्षिक सामग्री

पोस्टर, चित्र, तालिका, कार्ड पेपर, साइनपेन, डबलइन्ट्री डायरीको नमुना आदि ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

DRAFT

(क) एकआपसमा र व्यक्तिको आफ्नै मनभित्र किन द्वन्द्व सिर्जना हुन्छ भनी विद्यार्थीहरूलाई प्रश्न गरेर उनीहरूको विचार बुझ्ने र प्राप्त प्रतिक्रियालाई बोर्डमा टिपेर निम्नानुसारको तालिकामा भर्न लगाउनुहोस् :

| **विचार नमिलेको कारण** | **आफूले सोचेअनुसार नभएको कारण** | **अन्याय/विभेदको कारण** | **अन्य कारण** |
|---|---|---|---|
| | | | |

शिक्षकले तयार पारेको द्वन्द्व उत्पन्न हुने कारणहरू लेखिएको चार्ट प्रदर्शन गरी थप कुराहरू प्रस्ट्याइदिनुहोस् । नेपालमा माओवादी सशस्त्र द्वन्द्वको प्रसङ्ग पनि यसमा छोटकरीमा बताइदिनुहोस् ।

(ख) द्वन्द्वबाट उत्पन्न हुने नकारात्मक परिणाम मात्र नभई सकारात्मक पनि हुन्छ भन्ने विषयमा संवाद तयार पार्न लगाई छलफल गराउनुहोस् ।

(ग) कक्षामा हुने द्वन्द्व र झगडासँग सम्बन्धित चित्र, पोस्टर र कार्टुन सङ्कलन गरी कक्षामा प्रस्तुत गर्ने गरी लघु परियोजना कार्य गर्न लगाउनुहोस् र शिक्षकले यस कार्यको जाँच गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई डबलइन्ट्री डायरीको नमुना तयार गर्न लगाई त्यसलाई भर्न लगाउनुहोस् ।

**द्वन्द्व हटाई शान्ति स्थापना गर्दा निम्नानुसारका पक्षमा ध्यान दिनुहोस् :**

| **आफूलाई मनपर्ने वा नपर्ने कुरा** | **आफ्नो विचार** |
|---|---|
| • अरूको भावनालाई कदर गर्नुपर्छ,<br>• मनमुटावले तनाव र झगडा उत्पन्न गर्छ,<br>• अन्यायमा परेकालाई न्याय दिनुपर्छ,<br>• प्रभावकारी सञ्चारले शान्ति स्थापना गर्छ,<br>• कक्षामा कुनै पनि होच्याउने वा दुर्व्यवहार गर्ने क्रियाकलाप कसैले पनि गर्नु हुँदैन । | • कति असल विचार, सबैमा यस्तो भए कति राम्रो हुन्थ्यो होला !<br>• यो कुरा सबैले समयमै बुझ्नुपर्छ,<br>• यस्तो भावना भएमा न्यायपूर्ण समाज सिर्जना हुन्छ,<br>• सबैमा राम्रो सञ्चार सिप हुनुपर्छ,<br>• द्वन्द्व समाधानमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । |

DRAFT

### ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीले डायरीमा विवरण भरेको आधारमा मूल्याङ्कन गरी पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

(ख) संवाद तयार गर्दा भाषा, शैली र प्रसङ्ग मिले नमिलेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

(ग) विद्यार्थीले सङ्कलन गरेका द्वन्द्वसँग सम्बन्धित चित्र वा पोस्टर विषयसँग मिल्दा छन् कि छैनन्, मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ६. थप सुझाव

द्वन्द्व व्यवस्थापनका चरणहरू झल्कने भूमिका अभिनय गराउन सकिन्छ ।

DRAFT

## पाठ ५ दिगो विकास

*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| दिगो विकासको अवधारणा, उद्देश्य र अवलम्बन गरिने उपायहरूको पहिचान गर्न | - दिगो विकासको अवधारणा र उद्देश्यहरू बताउन,<br>- दिगो विकास गर्दा अपनाइने विभिन्न उपायहरू अवलम्बन गर्न,<br>- दिगो विकासको महत्त्व बुझ्न । |

### २. पाठ परिचय

विकासका लाभ र गतिलाई वर्तमानका अतिरिक्त भविष्यसम्म सुनिश्चितता दिने अवधारणा दिगो विकास हो । दिगो विकासलाई धान्न सक्ने वा टिकाउ विकास पनि भनिन्छ । वातावरण मैत्री र भावी पुस्ताको आवश्यकता पूरा गर्ने उद्देश्यले यस अवधारणको विकास भएको हो ।

**दिगो विकासका उद्देश्यहरू**

(क) जनसहभागितामा वृद्धि गर्नु,

(ख) वातावरणको संरक्षण गर्नु,

(ग) आर्थिक वृद्धि र सामाजिक उन्नति गर्नु,

(घ) प्राकृतिक स्रोत र साधनको सावधानी एवम् सचेततापूर्ण उपयोग गर्नु ।

**दिगो विकास गर्न के गर्नुपर्छ ?**

(क) वृक्षरोपण, वन जङ्गलको संरक्षण र वातावरण संरक्षण गर्नुपर्छ,

(ख) वैकल्पिक र नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्छ,

(ग) भौतिक विकास र स्रोतहरूको सापेक्षित संरक्षणमा जोड दिनुपर्छ,

(घ) फोहारमैला व्यवस्थापन, साना र स्थानीय प्रविधिको प्रयोग, जैविक विविधताको संरक्षणमा जोड दिनुपर्छ ।

### ३. शैक्षिक सामग्री

चार्ट, पोस्टर, चित्र, तालिका, कार्ड पेपर, साइनपेन, डबलइन्ट्री डायरीको नमुना आदि ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

DRAFT

(क) शिक्षकले वातावरणीय पक्षलाई झल्किने कुनै गीत प्रस्तुत गरी कक्षा सुरु गर्नुहोस् र विद्यार्थीलाई पाठप्रति उत्प्रेरणा जगाई आफूले तयार पारेको दिगो विकासको अवधारणा सम्बन्धी चार्ट प्रदर्शन गर्दै थप व्याख्या गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई छुट्टाछुट्टै कार्य गर्न लगाउनुहोस् ।

समूह क - विद्यालयको बगैँचाको स्याहार र गोडमेल गर्न लगाउनुहोस् ।

समूह ख - विद्यालयको प्राङ्गणमा छरिएका फोहोरमैलालाई सङ्कलन गरी व्यवस्थित गर्न लगाउनुहोस् ।

समूह ग - एक जना समूह नेताको निर्देशनमा अन्य सहभागीहरूलाई विद्यालयको धारा र अन्य कुराहरूको सरसफाइ र सामग्री संरक्षण गर्ने कार्य लगाउनुहोस् ।

समूह घ - दिगो विकासअन्तर्गत भए गरेका कार्यहरू झल्किने चित्र, कार्टुन, समाचार सङ्कलन गरी भित्तेपत्रिकाको नमुना तयार पार्न लगाउनुहोस् ।

यो कार्यमा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् र उनीहरूको कामलाई प्रेरणा प्रदान गर्नुहोस् ।

(ग) ४ ओटै समूहलाई फुलबारी व्यवस्थापन, वृक्षरोपण, सरसफाइ र विद्यालयको फोहोर व्यवस्थापन शीर्षकमा छुट्टाछुट्टै लघु परियोजना कार्य गर्न लगाई उनीहरूको कार्यको अवलोकन गर्दै जानुहोस् र आवश्यक भए सहयोग तथा निर्देशन दिँदै जानुहोस् ।

(घ) दिगो विकासको महत्त्व शीर्षकमा विद्यार्थीहरूबिच निबन्ध प्रतियोगिता सञ्चालन गरी उत्कृष्टलाई पुरस्कृत गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

सबै समूहहरूले गरेका कार्यहरूको जाँच तथा अवलोकन गरी उनीहरूको सक्रिय सहभागिता, लगनशीलता र कार्य तत्परतालाई ध्यान दिई सिकाइ उपलब्धि मूल्याङ्कन गर्नुपर्छ ।

## ६. थप सुझाव

दिगो विकास सम्बन्धी घटना अध्ययनमाथि छलफल गराएर धारणा स्पष्ट गराउन सकिन्छ ।

DRAFT

## पाठ ६ : सुशासन

*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सुशासनको अवधारणा, प्रक्रिया र आवश्यक तत्त्वको पहिचान गर्न | - सुशासनको अवधारणा र महत्त्व बताउन,<br>- सुशासन कायम गर्न अपनाइने प्रक्रियाहरूबारे जानकारी लिन,<br>- सुशासनको आवश्यक तत्त्वहरू बताउन । |

### २. पाठ परिचय

राम्रो शासन वा असल शासनलाई सुशासन भनिन्छ । जनताप्रति उत्तरदायी सरकार, पारदर्शी निर्णय प्रक्रिया, भ्रष्टाचारमुक्त समाज सुशासनका आधारभूत तत्त्वहरू हुन् ।

**सुशासन कसरी कायम गर्ने ?**

(क) कानुनको सबैले पालना गरेर,

(ख) जनतालाई असल शासनको प्रत्याभूति गराएर,

(ग) हरेक काममा पारदर्शीता कायम गरेर,

(घ) जनतालाई निष्पक्ष, छिटो र छरितो सेवा प्रदान गरेर ।

**सुशासनले के हुन्छ ?**

(क) भ्रष्टाचारमा कमी हुन्छ,

(ख) देशमा शान्ति अमन चयन कायम हुन्छ,

(ग) सामाजिक न्याय प्राप्त हुन्छ,

(घ) जनताले पाउने सेवा सुविधा सहज रूपमा प्राप्त हुन्छ,

(ङ) साधन र स्रोतको न्यायोचित वितरण हुन्छ ।

### ३. शैक्षिक सामग्री

चार्ट, पोस्टर, चित्र, तालिका, कार्ड पेपर, साइनपेन, कविता तथा नाराहरूको नमुना ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई सुशासन झल्किने कविताको छोटो अंश भनेर पाठप्रति आकर्षित गर्नुहोस् । त्यसपछि सुशासन भनेको के हो भनी विद्यार्थीहरूलाई सोधी प्रतिक्रिया लिनुहोस् । उनीहरूबाट प्राप्त प्रतिक्रियालाई बोर्डमा टिप्दै जानुहोस् र छलफल गराउनुहोस् । शिक्षकले पनि यसमा थप व्याख्या गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई ४ समूह बनाएर निम्न लिखित कार्य गर्न लगाउनुहोस् :

समूह न. १. लाई देशमा सुशासन कायम गर्न अपनाइने प्रक्रियाका बुँदाहरू टिप्न लगाउनुहोस् ।

समूह न. २. लाई सुशासनको आवश्यक तत्त्वहरूका बारेमा बुँदा टिप्न लगाउनुहोस् ।

समूह न. ३. लाई सुशासनको महत्त्वका बारेमा बुँदा टिप्न लगाउनुहोस् ।

समूह न. ४. लाई नेपालमा सुशासन कायम गर्न नसकिएको सम्भावित कारणहरू बारेमा बुँदा टिप्न लगाउनुहोस् ।

यसरी सबै समूहबाट बुँदाहरू तयार भइसकेपछि पालैपालो भन्न लगाउनुहोस् र आवश्यक छलफल गराउनुहोस् । यसमा शिक्षकले पनि थप कुराहरू प्रस्ट्याइदिनुहोस् ।

(ग) शिक्षकले भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने चित्र, कार्टुन, समाचारको नमुना वा नाराहरू विभिन्न पत्रिकाहरूबाट कटिङ गरी विद्यार्थीहरूलाई भित्तेपत्रिका तयार गर्न लगाउनुहोस् । यसमा शिक्षकले सहजीकरण गरी उनीहरूलाई पृष्ठपोषण पनि दिँदै जानुहोस् र मूल्याङ्कन पनि गर्दै जानुहोस् ।

(घ) शिक्षकले सुशासन सम्बन्धी तयार पारेको चार्ट प्रदर्शन गरी थप व्याख्या गरिदिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**निम्न लिखित प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :**

(क) सुशासन भनेको के हो ?

(ख) सुशासनको आवश्यक तत्त्वहरू के के हुन् ?

## ६. थप सुझाव

विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा सुशासन कायम भएको छ कि छैन भनी खोजमूलक कार्य गर्न लगाई एक प्रतिवेदन लेख्न लगाउने जिम्मेवारी दिन सकिन्छ ।

DRAFT

## पाठ ७: अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू

*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका पहिचान गर्न | - ट्रान्सपरेन्सी इन्टरनेसनलको उद्देश्य र कार्यहरू बताउन,<br>- युनिसेफले गर्ने मुख्य कार्यहरू बताउन,<br>- सेभ द चिल्ड्रेनको कार्यहरू बताउन । |

### २. पाठ परिचय

नेपालको आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्दै आएका केही अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरू क्रियाशील छन् । तीमध्ये ट्रान्सपरेन्सी इन्टरनेसनल, युनिसेफ, सेभ द चिल्ड्रेन जस्ता मुख्य संस्थाहरू नेपालको सामाजिक विकासमा कार्य गर्दै आएका छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलको स्थापना सन् १९९३ मा भएको हो र यसको मुख्य उद्देश्य राजनीतिक भ्रष्टाचारको अनुगमन र प्रचार प्रसार गर्नु हो । यसले नेपाल च्याप्टरका रूपमा आफ्नो शाखा स्थापना गरी नेपालमा गतिविधि सञ्चालन गरिरहेको छ ।

युनिसेफ सन् १९४६ मा स्थापना भई बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको गैर सरकारी संस्था हो । यसले जोखिममा रहेका बालबालिकाको शिक्षा, स्वस्थ्य, पोषण र सुरक्षित मातृत्वको क्षेत्रमा काम गर्दै आएको छ ।

**यसका मुख्य कार्यहरू**

(क) गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरू,

(ख) आमाबाट सर्ने एच्आइभी एड्स सङ्क्रमणको रोकथाम र परामर्श,

(ग) लैङ्गिक विभेद उन्मूलन सम्बन्धी कार्यहरू,

(घ) बाल अधिकारको नीति तर्जुमा, परामर्श र सहकार्य,

(ङ) हिंसा, शोषण र दुर्व्यसनमा परेका महिला तथा बालबालिकाको सुरक्षा ।

सन् १९१९ मा स्थापना भई बालबालिकाको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका रूपमा सेभ द चिल्ड्रेन रहेको छ । यसले बाल संरक्षण, एच्आइभी एड्स सङ्क्रमित तथा भोक र गरिबीबाट प्रभावित बालबालिकालाई सहयोग गर्छ । नेपालमा पनि यस संस्थाले बालबालिकाको हितमा कार्य गर्दै आएको छ ।

DRAFT

## ३. शैक्षिक सामग्री

चार्ट, पोस्टर, चित्र, तालिका, कार्ड पेपर, साइनपेन ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू भन्नाले के बुझिन्छ भन्न प्रश्न सोधी प्रतिक्रिया लिनुहोस् । उनीहरूबाट प्राप्त प्रतिक्रियालाई बोर्डमा टिप्दै जाने र छलफल गराउनुहोस् । शिक्षकले पनि यसमा थप कुरा प्रस्ट्याइदिनुहोस् ।

**(ख) विद्यार्थीहरूलाई ४ समूह बनाएर निम्न लिखित कार्य गर्न लगाउनुहोस् :**

समूह नं. १. लाई नेपालमा ट्रान्सपरेन्सी इन्टरनेसनल स्थापनाको उद्देश्य के के हुन् भनी बुँदा टिप्न लगाउनुहोस् ।

समूह नं. २. लाई नेपालमा ट्रान्सपरेन्सी इन्टरनेसनलले गर्ने कार्यहरूको बुँदा टिप्न लगाउनुहोस् ।

समूह नं. ३. लाई नेपालमा युनिसेफले गर्ने मुख्य कार्यहरूको बुँदा टिप्न लगाउनुहोस् ।

समूह नं. ४. लाई नेपालमा सेभ द चिल्ड्रेनले गर्ने मुख्य कार्यहरूका बारेमा बुँदा टिप्न लगाउनुहोस् ।

यसरी सबै समूहबाट बुँदाहरू तयार भइसकेपछि पालैपालो भन्न लगाउनुहोस् र आवश्यक छलफल गराउनुहोस् । यसमा शिक्षकले पनि थप कुराहरू प्रस्ट्याइदिनुहोस् ।

(ग) शिक्षकले भ्रष्टाचार विरुद्ध आवाज उठाइरहेको ट्रान्सपरेन्सी इन्टरनेसनलको लोगो चित्र, भ्रष्टाचारको कुनै समाचारको नमुना वा भ्रष्टाचार विरोधी नाराहरू विभिन्न पत्रिकाहरूबाट कटिङ गरी विद्यार्थीहरूलाई भित्तेपत्रिका तयार गर्न लगाउनुहोस् । यसमा शिक्षकले सहजीकरण गरी उनीहरूलाई पृष्ठपोषण पनि दिँदै जानुहोस् र मूल्याङ्कन पनि गर्दै जानुहोस् । साथै युनिसेफ र सेभ द चिल्ड्रेनको लोगो चित्र पनि तयार गर्न लगाउनुहोस् ।

(घ) शिक्षकले यी तिन ओटै संस्थाहरूको उद्देश्य र नेपालमा यिनीहरूले गरेको कार्यहरू सम्बन्धी तयार पारेको चार्ट प्रदर्शन गरी थप व्याख्या गरिदिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**निम्न लिखित प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :**

- सामाजिक समस्या समाधानमा ट्रान्सपरेन्सी इन्टरनेसनलको कस्तो भूमिका रहेको छ ?
- सेभ द चिल्ड्रेनले कस्ता कस्ता बालबालिकालाई सहयोग गर्छ ?
- युनिसेफले नेपालमा के के काम गर्दै आएको छ ?

## ६. थप सुझाव

DRAFT

विद्यार्थीहरूलाई भ्रष्टाचार विरोधी चेतनामूलक सन्देश दिने आकर्षक नारासहितको प्ले कार्डको नमुना तयार गर्न लगाउन सकिन्छ ।

DRAFT

## एकाइ ४ नागरिक चेतना

*अनुमानित घन्टी : २*

## पाठ १ सामाजिक नियम

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| सामाजिक नियमहरूको पालना गरी मानव अधिकारको उपयोग र संरक्षण गर्न | • सामाजिक नियमको परिभाषा उल्लेख गर्न,<br>• सामाजिक नियमको पालना गर्दा हुने फाइदाहरू र नगर्दा हुने बेफाइदाहरू प्रस्तुत गर्न,<br>• समाजमा प्रचलित सामाजिक नियमहरूको सूची बनाउन,<br>• समाजमा सुधार गर्नुपर्ने सामाजिक नियमहरू र तिनको सुधार गर्नुपर्नाका कारणहरू बताउन,<br>• समाज रहेका कुनै एक गतिविधिसँग जोडिएका सामाजिक नियमहरू प्रस्तुत गर्न । |

**२. पाठ परिचय**

समाजका सदस्यहरूको सहमतिमा समाजलाई सुसंस्कृत र व्यवस्थित राख्न प्रयोग भएका नियमहरू नै सामाजिक नियम हुन् । सामाजिक नियम समाजमा सद्भाव, सहयोग र भाइचारा कायम राख्न सहयोग गर्छ । कतिपय सामाजिक नियमहरू कानुनी मान्यता पाएका र नपाएका पनि हुन सक्छन् तर पनि समाजलाई व्यवस्थित र मर्यादित बनाउन यिनीहरू कामयाबी हुन्छन् ।

**३. शैक्षिक सामग्री :** चार्ट, तालिका, चित्र, पोस्टर, पत्रपत्रिका ।

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) सामाजिक नियम केलाई भनिन्छ भनी विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा सोच्न लगाई कापीमा टिप्न लगाउनुहोस् र जोडीमा छलफल गर्न लगाई दुवैका विचारलाई समेटी साझा विचार बनाउन लगाउनुहोस् । हरेक जोडीका विचारलाई पालैपालो भन्न लगाई शिक्षकले कालोपाटीमा टिप्दै जानुहोस् र सङ्कलित विचारमा शिक्षकले थप स्पष्ट पार्दै सामाजिक नियमको परिभाषा प्रस्तुत गर्नुहोस् ।

(ख) कक्षालाई चार समूहमा विभाजन गरी सामाजिक नियमको पालना गर्दा हुने फाइदाहरू र पालना नगर्दा हुने बेफाइदाहरूको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र समूहबाट आएका विचारहरूमा शिक्षकले थप स्पष्ट पारिदिनुहोस् ।

DRAFT

(ग) तिम्रो समाजमा के कस्ता सामाजिक नियमहरू छन्, अभिभावकलाई सोधी नियमहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(घ) समाजमा रहेका कतिपय सामाजिक नियमहरूहरूमा सुधार गर्नुपर्ने हुन्छ । हरेक विद्यार्थीलाई आआफ्ना समाजमा के कस्ता सामाजिक नियमहरूमा सुधार गर्न आवश्यक छ भन्न प्रश्नका आधारमा सुधार गर्न आवश्यक नियमहरूको सूची बनाई सुधार गर्नुपर्नाका कारणहरू उल्लेख गर्न लगाउनुहोस् र त्यसमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ङ) बुइपा गाउँमा जस्तै तिम्रो गाउँमा सामाजिक नियमको पालना सम्बन्धी कुनै एक गतिविधि उल्लेख गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

उदाहरण

रुख काट्ने व्यक्तिलाई प्रतिरुख रु. ५०० जरिवाना गर्ने ।

रसुवा लहरेपौवा,

उर्लेनी वन उपभोक्ता समितिका उपभोक्ताहरूको भेलाले गाउँमा वन जङ्गल संरक्षण कार्यलाई अझ प्रभावकारी बनाउने खालका गतिविधिहरू सञ्चालन गर्ने निर्णय गरेको छ । वन जङ्गल संरक्षणमा सबै उपभोक्ताको समान भूमिका रहनुपर्ने, आफ्नो वा छोराछोरीको जन्म दिन पारेर रुख रोक्ने घरमुलीलाई प्रतिरुख रु. ५० ले पुरस्कृत गर्ने, बिनाअनुमति रुख कटानी गर्नेलाई प्रतिव्यक्ति रु. ५०० जरिवाना गर्ने, डढेलो लगाउने व्यक्ति वा समूहलाई क्षति हेरी क्षतिअनुसारको क्षतिपूर्ति भराउने र जङ्गली घाँस दाउरा एवम् काठहरू छिमेकी गाउँबाट चोरी गरिएको भन्ने सुन्न आएकाले सोको नियन्त्रण गर्न त्रिशूली नदीको पुलमा एक जना टहलुवा रहने गरी लौरी पालोको व्यवस्था गर्ने निर्णय गरियो ।

## ५. मूल्याङ्कन विधि

**तलका प्रश्नहरूको उत्तर तयार गर्न लगाई मूल्याङ्कन गर्नुहोस् :**

(क) सामाजिक नियम भनेको के हो ?

(ख) सामाजिक नियमको पालना गर्दा हुने फाइदाहरू के के हुन् ?

(ग) 'सामाजिक नियमहरूमा समय सान्दर्भिक सुधार हुन आवश्यक छ ।' यस भनाइमा तपाईं सहमत वा असहमत के हुनुहुन्छ ? बुँदागत प्रस्तुत गर्नुहोस् ।

## ६. थप सुझाव

**विद्यार्थीको व्यावहारिक परिवर्तनका पक्षहरूलाई निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :**

| **क्रियाकलाप** | **उत्तम** | **मध्यम** | **निम्न** |
|---|---|---|---|
| विद्यार्थी सहभागिता | | | |

DRAFT

| | | | |
|---|---|---|---|
| सक्रियता | | | |
| नेतृत्व सिप | | | |
| सञ्चार सिप | | | |

DRAFT

**पाठ २ मानव अधिकार**

**पाठ ३ महिला अधिकार**

*अनुमानित घन्टी : ४*

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| सामाजिक नियमको पालना गरी मानव अधिकारको उपयोग र संरक्षण गर्न | • मानव अधिकारको परिचय प्रस्तुत गर्न,<br>• मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा भएका मानव अधिकारको सूची तयार गर्न,<br>• मानव अधिकारसँग सम्बन्धित चित्र, चार्ट र पोस्टर तयार गर्न,<br>• मानव अधिकारमा संलग्न स्थानीय निकायहरूको भूमिका खोजी गर्न,<br>• मानव अधिकार आयोगलगायत मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको भूमिका उल्लेख गर्न,<br>• महिला अधिकारको परिचय प्रस्तुत गर्न र महिला अधिकारभित्र पर्ने कुराहरू बताउन,<br>• महिला सशक्तीकरणका लागि स्थानीय स्तरमा भएका गतिविधिहरूको खोजी गर्न,<br>• समालोचनात्मक चिन्तन सिपको विकास गर्न । |

## २. पाठ परिचय

मानिसले मानव भएका कारणले उपयोग गर्न पाउने अधिकार नै मानव अधिकार हो । मानव अधिकार मानिसको सार्वभौम अधिकार हो । मानव अधिकारअन्तर्गत मानिसका विभिन्न नागरिक, राजनितिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका अधिकारहरू पर्छन् । मानव अधिकारको अवधारणा एल्गोर रुजवेल्टले सर्वप्रथम अन्तर्राष्ट्रिय रूपमा चर्चामा ल्याइन् । उनको विशेष पहलमा संयुक्त राष्ट्र सङ्घले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गऱ्यो । यसले विश्वव्यापी रूपमा मानव अधिकारलाई सुनिश्चित गर्न र यसको संवर्धन गर्न मदत गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा ३० धाराहरू छन् ।

DRAFT

मानव अधिकार र नागरिक अधिकारका बिचमा भिन्नता पाइन्छ । मानव अधिकार एक व्यापक अभिव्यक्ति हो भने नागरिक अधिकार अपेक्षाकृत त्योभन्दा सूक्ष्म अभिव्यक्ति हो र यसमा सीमित अधिकार हुन्छन् । यी दुई अधिकार बिचको भिन्नतालाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

| **मानव अधिकार** | **नागरिक अधिकार** |
|---|---|
| व्यापक अधिकार | सूक्ष्म अधिकार |
| अन्तराष्ट्रिय कानुनअन्तर्गत पर्छ । | राष्ट्रिय कानुनद्वारा व्यवस्थित गरिएको हुन्छ । |

मानव अधिकारकै एउटा पाटो महिला अधिकार हो । महिलाले महिला भएकै कारणबाट उपभोग गर्न पाउनुपर्ने अधिकार महिला अधिकार हो । महिला अधिकारमा निम्न लिखित अधिकारहरू पर्छन् :

- लैङ्गिक विभेदको अन्त्य,
- लैङ्गि तथा प्रजनन अधिकार,
- पैतृक सम्पत्तिमाथि समान अधिकार,
- शिक्षा पाउने अधिकार,
- बाल विवाह तथा सामाजिक कुरीतिको अन्त्य,
- समान कामका लागि समान ज्यादा पाउने अधिकार ।

## ३. शैक्षिक सामग्री

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लिखित मानव अधिकारका बुँदाहरू, चार्ट, चित्र आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) मानव अधिकार भनेको के हो भनी विद्यार्थीहरूमा उत्प्रेरणात्मक क्रियाकलापमार्फत उनीहरूका विचारहरू सङ्कलन गर्नुहोस् । विद्यार्थीहरूका विचारहरूमा निम्नानुसारका मानव अधिकारका परिभाषाहरू प्रस्तुत गर्नुहोस् :

**मस्तिष्क मन्थन (Brain Storming) गराउँदा निम्न लिखित कार्य गराउनुहोस् :**

चरणहरू

- पहिलो चरण : मस्तिष्क मन्थनका बारेमा सम्पूर्ण कक्षालाई बताउने,
- दोस्रो चरण : प्रश्न वा समस्या बुझिने गरी बताउने,
- तेस्रो चरण : विद्यार्थीहरूलाई निश्चित समय तोकी सो समयभित्र समस्या समाधान गरिसक्न भन्ने,

- चौथो चरण : समयस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने र विचारमा थप कुरा राख्न लगाउने,
- पाँचौँ चरण : उनीहरूले भनेका कुरा टिप्ने,
- छैठौँ चरण : विद्यार्थीलाई एक्लाएक्लै वा जोडीमा विचार मन्थन गर्न लगाउने ।

(ख) कक्षालाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मानव अधिकारका सूची प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) मानव अधिकारसँग सम्बन्धित विभिन्न चित्र वा पोस्टर तयार गर्न लगाउनुहोस् र राम्रो चित्र वा पोस्टर तयार गर्ने विद्यार्थीलाई अझ राम्रो गर्न प्रोत्साहन गर्नुहोस् र सबैभन्दा राम्रो चित्र वा पोस्टरलाई विद्यालयको सूचना पाटी वा बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।




उदाहरण : मानव अधिकारअन्तर्गतको बालअधिकार हननसँग सम्बन्धित चित्र

(घ) कक्षालाई विभिन्न समूहमा विभाजन गरी स्थानीय स्तरमा मानव अधिकारको संरक्षण र संवर्धनमा संलग्न विभिन्न निकायहरूको गतिविधि समेटिएको परियोजना कार्य गर्न लगाउनुहोस् । परियोजना कार्यपछि निम्नानुसारको प्रतिवेदन ढाँचामा प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् :

- संस्थाको नाम :
- संस्थाको उद्देश्य :
- मानव अधिकारसँग सम्बन्धित रही सो संस्थाले गरेको कार्य :
- संस्थाको लोगो :
- आफूलाई लागेका कुरा :
- सुझाव र निष्कर्ष :

(ङ) मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको भूमिकालाई तलको तालिकामा भर्न लगाउनुहोस् । यसका लागि ती संस्थाहरूको website search गर्ने, पत्रपत्रिकामा प्रकाशित समाचारहरूको आधार लिन सकिने र आवश्यकताअनुसार शिक्षकबाट पनि सहयोग प्रदान गरिनुपर्ने हुन्छ ।

| राष्ट्रिय मानव अधिकार आयोग | एम्नेस्टी इन्टरनेसनल | अनौपचारिक क्षेत्र सेवा केन्द्र | सिवीन नेपाल | इन्हुरेड |
| --- | --- | --- | --- | --- |
| •<br>•<br>• | •<br>•<br>• | •<br>• | •<br>•<br>• | •<br>•<br>• |

(च) महिला अधिकार के हो ? र महिला अधिकारमा के के कुरा पर्छन् भनी विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् । सही अनुमान लगाउने विद्यार्थीलाई प्रोत्साहित गर्न साथीहरूलाई ताली बजाउन लगाउनुहोस् । त्यसपछि शिक्षकले निम्नानुसारको चार्ट प्रस्तुत गरी महिला अधिकार र यसमा पर्ने कुराहरू छलफल गर्दै प्रस्ट पारिदिनुहोस् ।




DRAFT

(छ) Mix freeze pair विधिबाट विद्यार्थीहरूलाई जोडीमा विभाजन गरी महिला अधिकार सम्बन्धी पाठमा रहेका शैलजा र आमाको पात्रको भूमिका निर्वाह गरी हाउभाउसहितको संवाद प्रस्तुत गर्न लगाउनुहोस् ।

**Mix freeze pair विधिका चरणहरू**

पहिलो चरण : क्रियाकलाप सुरु हुनु अगावै प्रश्नका बारेमा विचार गर्न निर्देशन दिनुहोस् ।

दोस्रो चरण : क्रियाकलाप सुरु हुनुअगावै स्पष्ट निर्देशन दिनुहोस् । विद्यार्थीहरूलाई इसारा गर्ने बित्तिकै उनीहरूले उठेर कोठामा घुम्नुपर्छ । रोकिनुभन्दा रोकिनुपर्छ र सबैभन्दा नजिक उभिएको साथीसँग जोडी बाँधिनुपर्छ भनी बताइदिनुहोस् ।

तेस्रो चरण : हिँड्न इसारा गर । उनीहरूलाई एक मिनेट जति हिँड्न लगाउनुहोस् । त्यसपछि 'रोक' भन्नुहोस् । उनीहरूले के काम गर्नुपर्ने हो सो बताइदिनुहोस् ।

चौथो चरण : उक्त काम यति समयभित्रमा सक्नुपर्छ भनी बताइदिनुपर्छ । त्यसपछि उनीहरूलाई आआफ्नो सिटमा गएर बस्न भन्नुपर्छ ।

(ज) विद्यार्थीलाई तिम्रो समाजमा महिलामाथि के कस्ता हिंसा हुन्छन् र ती हिंसाका कारणहरू के थिए भनी प्रश्न गर्नुहोस् । साथै त्यस्ता हिंसा रोक्न विद्यार्थीको के भूमिका रहन्छ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीहरूमा छलफल गराई निष्कर्षमा पुग्नुहोस् ।

(झ) महिला सशक्तीकरणका लागि हालसम्म स्थानीय समुदायमा भएका गतिधिहरूको सूची तयार गर्न लगाउनुहोस् । महिला सशक्तीकरणमा के के कुराले बाधा पुऱ्याउँछ भनी बाधा पुऱ्याउने तत्त्वहरूको खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ञ) महिला हिंसा सम्बन्धी समसामयिक घटनाहरू सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र महिला हिंसा रोक्न परिवार र समाजले के भूमिका खेल्न सक्छ भनी विद्यार्थीहरूलाई समालोचनात्मक सोचाइ प्रस्तुत गर्न लगाउनुहोस् ।

(ट) महिला हिंसा रोक्नका लागि पुरुष बढी जिम्मेवार हुनपर्छ भन्ने विचारमा सहमति र असहमति जनाउन लगाई सहमति वा असहमतिका कारणहरू मान्यता क्रियाकलापमार्फत गर्न लगाउनुहोस्, जस्तै :

**मान्यता** (value line)

यो एउटा सहयोगात्मक सिकाइ क्रियाकलाप हो । यो क्रियाकलाप फरक फरक जवाफ आउन सक्ने विषयमा विद्यार्थीहरूको विचार प्रकट गर्न लगाउन उपयोग गरिन्छ । यसमा कुनै भनाइमा सहमति वा विमति मात्र रहन्छ । विचारमा रहन सक्ने विभेद पहिचान गर्न सक्नु तथा विभेदको सम्मान गर्न सक्नु राम्रो गुण हो । अरू साथीहरूको असहमति भए पनि आफ्नो मान्यतामा अडिग हुनु विद्यार्थीका लागि राम्रो कुरा हो । यस अभ्यासले विद्यार्थीलाई कुनै विषयमा ध्यान दिन र त्यस विषयमा आफ्नो धारणा बनाउन, त्यस विषयमा अरूका विचार भिन्न हुन सक्छन् भन्ने कुरा स्वीकार गर्न, आफ्नो विचारको पक्षमा उभिन र आफूले त्यसो गर्नुका कारण प्रस्तुत गर्न मदत गर्छ । ६ देखि ६० जनासम्म विद्यार्थी माझ यो क्रियाकलाप १५ मिनेटमा गरिसकिन्छ ।

**चरणहरू**

पहिलो चरण : शिक्षकले पुरै कक्षालाई प्रश्न गर्छन् । प्रश्न त्यस्तो विषयमा सोध्नुपर्छ जसका बारेमा कसैले त्यसको पक्षमा कडा समर्थन र कसैले कडा विरोध गर्न सक्छन् । यस क्रियाकलापका लागि गरिने प्रश्न यस्तो हुन सक्छ । सांस्कृतिक सम्पदा संरक्षणमा सरकार वा जनता कस्तो भूमिका महत्त्वपूर्ण हुन्छ ?

दोस्रो चरण : हरेक विद्यार्थीले यो प्रश्नको जवाफ एक्लाएक्लै सोच्ने छन् र आफ्नो जवाफ कापीमा लेख्ने छन् ।

तेस्रो चरण : शिक्षक एक जना विद्यार्थी कक्षाकोठाको विपरीत दिशामा बस्ने छन् छलफल गर्न लागिएको विषयमा उनीहरूका विचार विल्कुल फरक छन् । एउटाको धारणा अर्काको धारणको ठिक उल्टो छ ।

DRAFT

चौथो चरण : विद्यार्थीहरूलाई आफूलाई मनपर्ने विचार भएको व्यक्तितिर उभिन लगाउनुहोस् । यसो गर्दा पुरै कक्षा २ भागमा विभाजित हुन्छ ।

पाँचौं चरण : विद्यार्थीहरूलाई सोधिएको प्रश्नका बारेमा आफ्नो समूहका विद्यार्थीहरूसँग छलफल गर्न लगाउनुहोस् । एउटा समूहमा सबैको मत एकै हुनुपर्छ । मत फरक भए अर्कोमा पठाउनुहोस् ।

छैठौँ चरण : दुवै समूहका विद्यार्थीहरूले छलफल जारी राख्ने छन् ।

सातौँ चरण : शिक्षकले हरेक समूहका एक एक जना विद्यार्थीलाई उनीहरूको समूहको विचार व्यक्त गर्न लगाउने छन्, उनीहरूका विचार सुनिसकेपछि कुनै विद्यार्थीले आफ्नो विचार फेर्न चाहन्छ भने उसलाई त्यसो गर्न दिनुहोस् र ऊलाई फरक समूहमा प्रवेश गर्न लगाउनुहोस् ।

**५. मूल्याङ्कन विधि**

**१. तलका प्रश्नहरूको उत्तर तयार गर्न लगाई मूल्याङ्कन गर्नुहोस् :**

(क) मानव अधिकार भनेको के हो ?

(ख) मानव अधिकार र नागरिक अधिकारमा के फरक छ ?

(ग) 'महिला हिंसा हुनुमा महिला नै बढी जिम्मेवार छन् ।' यस भनाइमा तपाइँ सहमत वा असहमत के हुनुहुन्छ ? बुँदागत प्रस्तुत गर्नुहोस् ।

**२. विद्यार्थीको व्यावहारिक परिवर्तनका पक्षहरूलाई निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :**

| **क्रियाकलाप** | **उत्तम** | **मध्यम** | **निम्न** |
|---|---|---|---|
| विद्यार्थी सहभागिता | | | |
| सक्रियता | | | |
| नेतृत्व सिप | | | |
| सञ्चार सिप | | | |
| तार्किक प्रस्तुति | | | |
| जिम्मेवारी बोध | | | |

DRAFT

**६. थप सुझाव**

यो पनि जानी राखौँ

- कुनै सरकारी संस्था वा व्यक्तिले कार्य सम्पादनका क्रममा अपराधजन्य काम गऱ्यो भने त्यो मानव अधिकार उल्लङ्घन हो ।

- कुनै सरकारी संस्था वा व्यक्तिले ले कुनै प्रमाण प्राप्त गर्न अपराधजन्य कार्य गऱ्यो भने त्यो यातना हो ।
- कुनै व्यक्तिले अर्को व्यक्तिमाथि अपराधजन्य काम गऱ्यो भने त्यो मानव अधिकार उल्लङ्घन होइन । त्योचाहिँ अपराध हो ।

DRAFT

## पाठ ४ समावेशीकरण

## पाठ ५ नेपालमा समावेशीकरणका प्रावधानहरू

१. **सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी : ५

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| समावेशीकरणको अवधारणा अनुरूप व्यवहार गर्न | ● समावेशीकरणको परिचय बताउन,<br>● समावेशीकरणका विभिन्न पक्षहरूको बोध प्रस्तुतीकरण गर्न,<br>● समावेशीकरण अवलम्बन गर्न सकिने तरिकाहरू बताउन,<br>● समावेशीकरणले राष्ट्रिय एकतालाई बलियो बनाउँछ भन्ने पक्षमा तर्क प्रस्तुत गर्न,<br>● नेपालको संविधान, २०७२ मा राखिएका समावेशीकरणका प्रावधानहरू उल्लेख गर्न,<br>● विभिन्न क्षेत्रमा भएका वञ्चितीकरणको अवस्था पहिचान गरी अबको बाटो के हुने भन्ने सम्बन्धमा आफ्ना विचारहरू प्रस्तुत गर्न । |

२. **पाठ परिचय**

समावेशीकरणले वञ्चितिमा परेका वा पारिएकालाई समाजमा समावेश गर्दै लैजानु भन्ने अर्थ दिन्छ । राज्यको नीति निर्माणमा सहभागिता, साधन र स्रोतमा पहुँच एवम् नियन्त्रण, विकासको अवसरको उपयोगमा समानता, सबै प्रकारका विभेद र हिंसाबाट मुक्ति तथा संरक्षणका लागि यो जरुरी छ । त्यस्तै अधिकार, सशक्त आवाज र अस्तित्वबोध गराउन यो जरुरी छ । Power, resource र Opportunity को rightful sharing नै समावेशीकरण हो ।

**समावेशीकरणका लागि अवलम्बन गर्न सकिने उपायहरू निम्न लिखित छन् :**

- समानुपातिक प्रतिनिधित्व,
- शिक्षा स्वास्थ्य तथा रोजगारीको अवसरमा वृद्धि,
- जातीय, भाषिक, धार्मिक, क्षेत्रीय र लैङ्गिक पहिचानलाई सम्मान,
- नीति निर्माण तहमा पहुँचको सुनिश्चितता,
- अपाङ्ग र अशक्तहरूलाई विशेष अवसर प्रदान,

DRAFT

- क्षेत्रीय सन्तुलन र सामाजिक सद्भाव कायम राख्ने,
- विकास निर्माणमा सहभागिता र क्षेत्रिय सन्तुलन कायम राख्ने ।

३. **शैक्षिक सामग्री :**

चार्ट, नेपालको संविधान, २०७२

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) समावेशीकरणको चार्ट सुरुमा नै देखाउँदै यस चार्टले भन्न खोजेका एक एक कुरा विद्यार्थीलाई सोच्न लगाउनुहोस् । विद्यार्थीबाट आएका विचारहरूलाई समेट्दै शिक्षकले समावेशीकरणको परिचय दिँदै विषय प्रवेश गराउनुहोस् ।

(ख) शिक्षकले समावेशीकरण झल्कने चार्ट तयार गर्न लगाई कक्षामा टाँस्न लगाउनुहोस् ।

(ग) समावेशीकरणको अवलम्बन गर्न सकिने तरिकाहरूको सूची बनाउन लगाई सूची प्रस्तुति गर्न लगाउनुहोस् र सबैबाट आएका सूचीका पक्षहरूलाई समेट्दै एउटै सूची बनाउनुहोस् । कागजको सानो चिटमा विद्यार्थीहरूलाई सूचीमा प्रस्तुत गरिएका तरिकामध्ये आफूलाई प्रभावकारी लाग्ने कुनै एक उपाय छान्न लगाउनुहोस् र चिटमा लेख्न लगाई सूचीका तरिकाहरूमा प्राथमिकता निर्धारण गर्न लगाउनुहोस् । प्रथम, दोस्रो र तेस्रो प्राथमिकतामा रहेकाका तरिकालाई थप विषयवस्तु प्रस्तुत गरी निष्कर्षमा पुग्नुहोस् वा 'समावेशीकरणले राष्ट्रिय एकतालाई बलियो बनाउँछ' भन्ने शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् ।

(घ) नेपालको संविधान, २०७२ को प्रस्तावना पढ्न लगाई प्रस्तावनामा समावेशीकरणका के कस्ता कुराहरू उल्लेख भएका छन्, पत्ता लगाउन लगाउनुहोस् ।

(ङ) समावेशीकरण सम्बन्धमा नेपालको संविधान, २०७२ मा राखिएका प्रावधानहरूको सूची बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(च) तपाईंलाई विद्यालयको गतिविधिहरू जस्तै अतिरिक्त क्रियाकलाप, सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगिता वा तपाईंलाई रुचि भएको क्षेत्रमा प्रतिनिधित्व नगराउँदा तपाईंमा के कस्ता असन्तुष्टि आउँछ होला भनी विद्यार्थीहरूलाई प्रश्न गरी उनीहरूका असन्तुष्टिहरूलाई के गर्दा समाधानमा पुग्न सकिन्छ भनी छलफल गर्नुहोस् । अन्त्यमा अवसर र पहुँचको वञ्चितीकरणमा परेकाको अन्सन्तुष्टि पनि तपाईंको असन्तुष्टि जस्तै हो र त्यसलाई समयमै समाधान गर्न नसकिएका धेरैको असन्तुष्टि बढ्ने तथा राज्यमा शान्ति सुव्यवस्था कायम गर्न गारो हुने कुरा बताइदिनुहोस् ।

**(छ) कक्षालाई ४ समूहमा विभाजन गरी निम्नानुसारकको जिम्मेवारी प्रदान गरी समूहगत निष्कर्ष निकाल्न प्रेरित गर्नुहोस् :**

समूह एक : आदिवासी जनजातिको असन्तुष्टि केमा छ र अब के गर्नुपर्छ ?

समूह दुई : दलितको असन्तुष्टि केमा छ र अब के गर्नुपर्छ ?

समूह तिन : मधेशी समुदायको असन्तुष्टि केमा छ र अब के गर्नुपर्छ ?

समूह चार : महिलाको असन्तुष्टि केमा छ र अब के गर्नुपर्छ ?

उदाहरण

| | **असन्तुष्टिका क्षेत्र (समस्या क्षेत्र)** | **अबको बाटो** |
|---|---|---|
| आदिवासी जनजाति | राजकीय संरचनामा प्रतिनिधित्व कम, बसोबास अतिक्रमण भएको | उत्थानका लागि कानुनमा सुधार हुनुपर्ने । सकारात्मक विभेदमार्फत जनजाति, अल्पसङ्ख्यक र लोपोन्मुख समुदायहरूको सशक्तीकरण गर्ने । |
| दलित | छुवाछुत विद्यमान रहनु<br>सार्वजनिक सम्पत्तिको प्रयोगमा रोक मन्दिर प्रवेश, धारामा पानी थाप्न | समतामूलक समाज<br>शिक्षा रोजगारीमा आरक्षण<br>राज्य व्यवस्थामा समावेशी पहुँच |
| मधेशी | राज्य व्यवस्थामा कम पहुँच<br>सेना प्रहरीमा प्रतिनिधित्व कम<br>नागरिकता प्राप्तिमा असुविधा<br>भाषागत विभेद | पहिचान सुनिश्चिता<br>मधेशमा स्वायत्त प्रदेश<br>पहुँच र प्रतिनिधित्व सुनिश्चित<br>मधेशमा बोलिने भाषालाई मधेशमा सरकारी कामकाजको भाषा बनाउनुपर्ने । |
| महिला | पितृ सत्तात्मक राज्य व्यवस्था<br>समानुपातिक प्रतिनिधित्व नभएको | आरक्षण<br>सकारात्मक विभेद |

## ५. मूल्याङ्कन विधि

**तलका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् :**

(क) समावेशीकरण भनेको के हो ?

(ख) समावेशीकरणको आवश्यकता किन पर्छ ?

(ग) नेपालको संविधान, २०७२ मा के कस्ता समावेशीकरणका प्रावधान राखिएका छन् ?

## ६. थप सुझाव

आफ्नो समुदायमा समावेशीकरणको अवस्थाका बारेमा अवलोकन र स्थानीय व्यक्तिसँग छलफल गरी जानकारी सङ्कलन गरेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## पाठ ६ हाम्रो संविधानका विशेषताहरू

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी : १

DRAFT

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| वर्तमान संविधानका विशेषताहरू पत्ता लगाई देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन | • संविधानको परिचय दिन,<br>• संविधानका विशेषताहरू बताउन । |

## २. पाठ परिचय

संविधान देशको मूल कानुन हो । शासक र शासितबिच सन्तुलन कायम गर्ने एक महत्त्वपूर्ण लिखत संविधान हो । यो कानुनी तथा राजनीतिक दस्तावेज हो । नेपालमा नेपालको संविधान, २०७२ अभ्यासमा रहेको छ । यो समावेशी सिद्धान्तमा आधारित पहिलो संविधान हो । नेपालको अन्तरिम संविधान २०६३ का विशेषताहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- आठ दलको सहमतिमा तयार पारिएको
- विगतका लोकतान्त्रिक आन्दोलनका उपलब्धीलाई संस्थागत गर्ने प्रतिवद्धता गरिएको
- सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित
- धर्म निरपेक्ष राज्य घोषणा
- राज्यको दायित्वहरूको घोषणा
- मौलिक हकहरू थप गरिएका
- कानूनी राज्य,कानुनको सर्वोच्चता,वालिग मताधिकार,स्वतन्त्र न्यायपालिकाको मान्यता छ ।
- मुलुकभर वोलिने भाषालाई राष्ट्रभाषाको मान्यता
- एक सदानात्मक व्यवस्थापिका संसद
- कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा निहित,दलिय सहमतिको आधारमा गठन गर्ने प्रावधान्
- मानवअधिकार आयोगलाई संवैधानिक अंगको हैसियत
- राज्यको अग्रगामी पुनसंरचना गरिने प्रतिवद्धता
- राष्ट्रपति उपराष्ट्रपतिको व्यवस्था
- स्थानिय निकायलाई संविधानमा उल्लेख

## ३. शैक्षिक सामग्री

संविधानको पुस्तक, संविधानका विशेषता लेखिएको चार्ट, कक्षा नियमको नमुना

DRAFT

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **विद्यार्थीलाई निम्नानुसारका प्रश्न सोधी उत्तर अनुमान गर्न लगाई विषय प्रवेश गराउनुहोस् :**

- वर्तमान संविधानको नाम के हो ?
- वर्तमान संविधान कहिले जारी भएको हो ?
- वर्तमान संविधानमा कति भाग र कति धारा अनि कति अनुसूचीहरू छन् ?

(ख) संविधान भनेको के हो भनी विद्यार्थीहरूका व्यक्तिगत कापीमा लेख्न लगाउनुहोस् । उत्तरलाई जोडीमा छलफल गराई आआफ्ना विचारहरू भन्न लगाउनुहोस् । ती विचारहरूलाई कालो/सेतो पाटीमा टिप्दै जानुहोस् ।

(ग) संविधानका विशेषता झल्कने तालिका प्रस्तुत गर्न लगाई समूहगत प्रस्तुति गर्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन विधि**

तलका प्रश्नहरूको उत्तर तयार गर्न लगाउनुहोस् :

(क) संविधान भनेको के हो ?

(ख) अन्तरिम संविधान २०६३ का विशेषताहरू के के हुन् ?

६. **थप सुझाव**

विद्यार्थीहरूलाई आफ्नो कक्षाको नियम बनाउन लगाई संविधान पनि यस्तै राज्यको नियम हो भनी प्रस्ट पारिदिनुहोस् ।

DRAFT

## पाठ - ७ नागरिक दायित्व

१. **सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी : २

| पाठ्यक्रमले निर्धारण गरेका | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|

| कक्षागत सिकाइ उपलब्धिहरू | |
|---|---|
| सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकले खेल्नुपर्ने भूमिका बताउन र सोअनुरूप व्यवहार गर्न | • अधिकार र कर्तव्यको उदाहरण प्रस्तुत गर्न,<br>• नागरिक दायित्वको चार्ट प्रस्तुतीकरण गर्न,<br>• नागरिक दायित्वलाई विभिन्न सिर्जनशील सिपमार्फत अभिव्यक्त गर्न,<br>• समुदायमा नागरिक दायित्वको पालनाको अवस्था पहिचान गर्न । |

## २. पाठ परिचय

नागरिक राज्यका बासिन्दा हुन् । नागरिकको हक र अधिकारमा संविधानले प्रत्याभूत गरेका हुन्छन् भने हरेक नागरिकका कर्तव्य र दायित्व पनि रहेका हुन्छन् । नागरिकको सुख, शान्ति र सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो भने राज्यले आफ्ना नागरिकबाट गरेका अपेक्षा पूरा गर्नु जिम्मेवार नागरिकको दायित्वभित्र पर्छ ।

## ३. शैक्षिक सामग्री

नागरिक दायित्व वा कर्तव्य झल्कने चित्र वा फोटो, नागरिक दायित्वसँग सम्बन्धित गीत र पत्रपत्रिका

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई अधिकार र कर्तव्यका एक एक ओटा उदाहरण प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै : शिक्षा पाउनु बालअधिकार हो भने मिहिनेत गरेर पढ्नु कर्तव्य वा दायित्व हो ।

**छलफल गर्दै उदाहरणमा दिइएजस्तै गरी तालिका पूरा गर्न लगाउनुहोस् :**

| अधिकार | दायित्व |
|---|---|
| खेल्न पाउनु | खेलौना सुरक्षित गरेर राख्नु |
| माया ममता पाउनु | सम्मान र आदर प्रकट गर्नु |
| | |
| | |
| | |
| | |

DRAFT

| | |
|---|---|
| | |

(ख) नागरिक दायित्वको सूची प्रस्तुतीकरण गरी छलफल गराई निष्कर्षमा पुग्न सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई नागरिक दायित्वलाई चार्टमा समेत प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै :




(ग) नागरिक दायित्व सम्बन्धी कथा, कविता वा गीत तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुत गीत चार्टपेपरमा लेखेर प्रदर्शन गर्ने र सबैलाई लय हालेर सामूहिक रूपमा गाउन लगाउनुहोस्, जस्तै :

*कानुनको पालनामा सधैँ लागिपरौँ ।*

*समयमै कर तिर्न सधैँ अघि सरौँ ।*

*भोट हाली राम्रो मान्छे सधैँ छान्ने गरौँ ।*

*सही सरकार सञ्चालनमा सहयोग गरौँ ।*

*लागौँ सधैँ विकासको काममा, सेवा पुऱ्याऊँ जनताको नाममा ।*

*अधिकार उपयोगमा सधैँ सचेत हुनु*

*राष्ट्र हितका कुराहरूमा सधैँ अघि बढ्नु*

*समसामयिक घटनामा चासो राख्नुपर्छ ।*

*सार्वजनिक सम्पत्तिलाई जोगाउनुपर्छ ।*

DRAFT

*बुझौं सबैले नागरिक दायित्व, दिऔं यसको पालनमा स्थायित्व*

(घ) विद्यार्थीलाई समूहमा समुदायमा उल्लेख गरिएका नागरिक दायित्व कतिको पूरा भएको छ भन्ने प्रश्नका आधारमा कुनै ५ ओटा घरमा गई अवस्था बुझी तलको तालिका पूरा गर्न लगाउनुहोस् र तालिकाका आधारमा आफ्नो समूहगत निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् :

| घर | मताधिकारको प्रयोग | सरकार सञ्चालनमा सहयोग | कर तिर्नु | विकास निर्माण कार्यमा सहभागी हुनु | अरूको अधिकार हनन हुने कार्य नगर्नु | समकालीन घटनाप्रति सचेत हुनु | सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु |
|---|---|---|---|---|---|---|---|
| घर नं १ | | | | | | | |
| घर नं २ | | | | | | | |
| घर नं ३ | | | | | | | |
| घर नं ५ | | | | | | | |
| घर नं ५ | | | | | | | |

## ५. मूल्याङ्कन विधि

**तल दिइएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् :**

- नागरिक दायित्व केलाई भनिन्छ ?
- नागरिक दायित्व पूरा नगर्दा के हुन्छ, किन ?

## ६. थप सुझाव

विद्यार्थीहरूलाई आफ्नो घर, विद्यालय, समुदाय र राष्ट्रमा पूरा गर्नुपर्ने दायित्व तथा कर्तव्य झल्कने चार्ट तयार पार्न लगाई कक्षामा प्रस्तुति र छलफल गर्न लगाउनुहोस् ।

DRAFT

# पाठ ८ व्यवस्थापिका

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : २

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|

| | |
|---|---|
| वर्तमान संविधानका विशेषताहरू पत्ता लगाई देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन | • व्यवस्थापिकाको परिचय दिन,<br>• विधेयकबाट कानुन बन्ने प्रक्रिया बताउन,<br>• व्यवस्थापिकासँग सम्बन्धित प्राविधिक शब्दहरूको परिभाषा प्रस्तुत गर्न (जनप्रतिनिधिमूलक, विधेयक, सदन, प्रमाणीकरण, कार्यविधि),<br>• व्यवस्थापिकाको गठन प्रक्रिया र कार्य बारेमा बताउन,<br>• व्यवस्थापिकाको नमुना निर्वचन प्रक्रिया सञ्चालन गर्न,<br>• पोस्टर तयार पार्न । |

## २. पाठ परिचय

राज्यका तिन अङ्गमध्ये एक महत्त्वपूर्ण अङ्ग व्यवस्थापिका हो । यसले देशका निम्ति आवश्यक ऐन कानुनको निर्माण गर्छ । ऐनकानुनले देशलाई व्यवस्थित बनाउन मदत गर्छ । राज्यको व्यवस्थापनमा व्यवस्थापिका संसदको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जनताबाट निर्वाचित संस्थाले मात्र जनताको अपेक्षाअनुसार ऐनकानुन बनाउन सक्छ । यसले बनाएको कानुनमा आधारित रही देशको शासन व्यवस्था सञ्चालन हुन्छ ।

नेपालमा तिन तहको व्यवस्थापिका रहने व्यवस्था छ । केन्द्रमा सङ्घीय व्यवस्थापिका, प्रदेशमा प्रदेश व्यवस्थापिका र गाउँपालिका वा नगरपालिकामा स्थानीय व्यवस्थापिका रहने छ । सङ्घीय व्यवस्थापिका दुई सदनात्मक हुने व्यवस्था गरिएको छ । संसदको माथिल्लो सदनलाई राष्ट्रिय सभा र तल्लो सदनलाई प्रतिनिधि सभा भनिन्छ । राष्ट्रिय सभा स्थायी प्रकृतिको सभा हो । यसमा जम्मा ६९ सदस्य रहन्छन् । प्रत्येक दुई वर्षमा एकतिहाइ सदस्यको पद रिक्त हुन्छ तर दुईतिहाइ सदस्य भने कायम नै रहन्छ । राष्ट्रिय सभाका सदस्यको पदावधि छ वर्षको हुन्छ । तल्लो सदनलाई प्रतिनिधि सभा भनिन्छ । प्रतिनिधि सभामा १६५ सदस्य प्रत्यक्ष निर्वाचन पद्धतिबाट र ११० सदस्य समानुपातिक निर्वाचन पद्धतिबाट निर्वाचित भई जम्मा २७५ सदस्य रहने व्यवस्था छ ।

प्रत्येक प्रदेशमा एक सदनात्मक व्यवस्थापिका हुने छ । त्यसलाई प्रदेश सभा भनिन्छ । प्रदेश सभाको सदस्य सङ्ख्या निर्धारण गर्न सङ्घीय प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित सांसद सङ्ख्या जति हुन्छ त्यसको दोब्बर सङ्ख्यालाई साठी प्रतिशत मानिन्छ । बाँकी चालिस प्रतिशत सदस्य सङ्ख्या समानुपातिक निर्वाचन प्रणालीबाट पूरा गरिन्छ । मानौँ कुनै प्रदेशबाट प्रतिनिधि सभामा ३० जना सदस्य प्रत्यक्ष निर्वाचित हुने रहेछन् भने त्यसको दोब्बर ६० जना सदस्य उक्त प्रदेशको साठी प्रतिशत सदस्य हुन्छन् । त्यसमा ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएर आउने सङ्ख्या ४० जना हुन्छ । यसरी उक्त प्रदेशको व्यवस्थापिकामा जम्मा १०० जना सदस्य रहन्छन् । प्रदेश सभामा एक सभामुख र उपसभामुख रहने छन् । यस सभाले आफ्नो प्रदेशका लागि संविधानको अधीनमा रही नियम कानुनहरू

DRAFT

बनाउने, प्रदेशको वार्षिक बजेट पारित गर्ने, सभामुख, उपसभामुख र प्रदेश प्रमुखको निर्वाचन गर्ने कार्यसमेत गर्छ ।

प्रत्येक गाउँपालिका र नगरपालिकामा एक एक ओटा गाउँसभा वा नगरसभा नामको व्यवस्थपिका रहने छ । गाउँ/नगरसभामा गाउँ/नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष, र सदस्यहरू गाउँ/नगरसभाको समेत सदस्य रहने छन् । साथै प्रत्येक वडाबाट चार जनाका दरले सदस्यहरू निर्वाचित भई गाउँ/नगरसभाको सदस्य हुने छन् । गाउँ/नगरसभाको पदाधिकारीमा उमेद्वार हुन २१ वर्ष उमेर पुगेको हुनुपर्छ ।

**व्यवस्थापिकाको मुख्य कार्यहरू यसप्रकार छन् :**

- सङ्घीय व्यवस्थापिकाले राष्ट्रपति, प्रधानमन्त्री र सभामुख उपसभामुखको छनोट गर्छन् । प्रादेशिक व्यवस्थापिकाले प्रदेश सभाको सभामुख र उपसभामुख एवम् मुख्यमन्त्रीको छनोट गर्छन् ।
- सङ्घीय व्यवस्थापिकाले प्रधानमन्त्री र प्रादेशिक व्यवस्थापिकाले मुख्यमन्त्री उपर अविश्वासको प्रस्थाव पारित गरी हटाउन सक्छन् ।
- सङ्घीय व्यवस्थापिका, प्रादेशिक व्यवस्थापिका र स्थानीय व्यवस्थापिकाले आफ्नो तहको वार्षिक बजेट पारित गर्छन् ।
- तिन ओटै तहको व्यवस्थापिकाले ऐन कानुनहरूको निर्माण गर्छन् ।
- महत्त्वपूर्ण विषयमा छलफल गरी निर्णय गर्छन् ।

व्यवस्थापिकामा कानुन बनाउनका लागि पेस गरिएको मस्यौदा प्रस्तावलाई विधेयक भनिन्छ । व्यवस्थापिकामा सरकारले विधेयक प्रस्तुत गर्न सक्ने व्यवस्था गरेको छ । यसरी प्रस्तुत भएको विधेयकलाई व्यवस्थापिकाको कुल सदस्य सङ्ख्याको सामान्य बहुमतले स्वीकृति दिएमा उक्त विधेयक पारित हुन्छ र ऐन बन्छ ।

## ३. शैक्षिक सामग्री

- सङ्घीय व्यवस्थापिकालगायत विभिन्न प्रकारका व्यवस्थापिकाहरूको तस्बिर,
- निर्वाचनका लागि आवश्यक नमुना मतपत्र, मतपेटिका, मतदाता नामावली
- व्यवस्थापिकाहरूको परिचय, संरचना, गठन प्रक्रिया र कार्य झल्कने चार्ट वा पाठपत्रहरू
- आधारभूत सामग्रीहरू, जस्तै : कैँची, गम, न्युजप्रिन्ट वा सादा कागज साइनपेन

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) संसदको बैठकको तस्बिर देखाएर विद्यार्थीहरूलाई यो केको चित्र हो ? यहाँ के के गरिन्छ होला ? यसले के काम गर्छ भन्ने जस्ता प्रश्नहरू सोध्नुहोस् र व्यवस्थापिकाको परिचय दिनुहोस् ।

(ख) कक्षालाई तीनचार समूहमा विभाजन गर्नुहोस् । निर्वाचनका लागि आवश्यक सामग्री, जस्तै : मतपेटिका, मतदाता नामावली र मतपत्र पनि विद्यार्थीहरूबाट नै तयार पार्न लगाउनुहोस् । प्रत्येक समूहबाट दुई दुई जना उमेदवार बनाई संसदको नमुना निर्वाचन गराउनुहोस् । विजयी हुने व्यवस्थापिका सदस्यहरूबाट एक जना सभामुख एक जना उपसभामुख र एक जना प्रधानमन्त्री चयन गर्नुहोस् । पछि समूहहरूलाई स्थायी रूप दिई समूहबाट निर्वाचित सदस्यलाई समूह नेता, सभामुख र उपसभामुखलाई कक्षाका नेता र सहायक नेटा बनाउन पनि  सकिन्छ ।

(ग) कक्षालाई व्यवस्थापिका संसद मानेर सङ्घीय संसद वा प्रादेशिक संसद वा गाउँपालिका सभा वा नगरपालिका सभाको बैठक सञ्चालन गर्न लगाउनुहोस् । उक्त बैठकमा कक्षाको नियममा संसोधन गर्न विधेयक पेस गर्न लगाउनुहोस्, छलफल गर्न लगाउनुहोस् र परित गर्ने नमुना अभ्यास गर्न लगाउनुहोस् ।

(घ) ग्यालरी वाक विधिबाट छलफल सञ्चालन गर्न कक्षालाई पाँच समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई राष्ट्रिय सभा, सङ्घीय प्रतिनिधि सभा, प्रादेशिक व्यवस्थापिका, गाउँपालिका सभा र नगरपालिका सभामध्ये एक एक ओटा व्यवस्थापिकाको परिचय, गठन प्रक्रिया र काम झल्कने सामग्री अध्ययन गर्न लगाई बुँदा टिपोट गर्न लगाउनुहोस् । एक समूहले टिपेका बुँदा अर्को समूहलाई पढ्न लगाउनुहोस् र त्यसमा आवश्यक सुधार गर्न लगाउनुहोस् । सबै समूहले सबै समूहको सामग्री अध्ययन गरेर पृष्ठपोषण दिइसकेपछि प्रत्येक समूहले पालैपालो कक्षामा प्रस्तुत गर्दै कक्षामा खुला छलफल गरी व्यवस्थापिकाहरूको परिचय, गठन प्रक्रिया र कामका बारेमा प्रस्ट हुने अवसर प्रदान गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) विद्यार्थीहरूले समूहगत कार्य गरिरहँदा निम्नानुसारका श्रेणी मापन फाराम प्रयोग गरी समूहगत मूल्याङ्कन गर्नुहोस् :**

धेरै राम्रो भए ३, सामान्य भए २ र सुधार गर्नुपर्ने भए १ अङ्क दिनुहोस् ।

| समूहको नाम | सक्रियता | कार्य सम्पादन | समय पालना | विषयवस्तुमा स्पष्टता | सिर्जनात्मकता | जम्मा |
|---|---|---|---|---|---|---|
| क | | | | | | |
| ख | | | | | | |
| ग | | | | | | |
| घ | | | | | | |

**(ख) तलका जस्तै छोटा प्रश्न सोध्नुहोस् । मौखिक वा लिखित रूपमा उत्तर प्राप्त गरी मूल्याङ्कन गरेर कमजोर विद्यार्थीलाई पुनः सिकाउनुहोस् :**

DRAFT

- व्यवस्थापिका भनेको के हो ?
- यसले गर्ने दुई ओटा कार्यहरू भन ।
- तिम्रो समुदायमा कुनै तहका व्यवस्थापिका सदस्यलाई आफ्नो गाउँमा भएको समस्याको व्याख्या गर्दै सो बारेमा व्यवस्थापिका बैठकमा आवाज उठाइदिन अनुरोध गर्दै एक पत्र लेख ।

**६. थप सुझाव**

कक्षालाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई कैंची, गम, पूराना पत्रपत्रिका, साइनपेन दिई पत्रपत्रिकाबाट व्यवस्थापिका र यसका सदस्यहरूसँग सम्बधित समाचार, फोटो, चित्र, विज्ञापन आदिको कटिङहरू निकालेर अर्को कागजमा टाँसी पोस्टर तयर पार्न लगाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

DRAFT

## पाठ ९ कार्यपालिका

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य — अनुमानित घन्टी : २

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| वर्तमान संविधानका विशेषताहरू पत्ता लगाई देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन | • कार्यपालिकाको परिचय दिन,<br>• कार्यपालिकाको निर्माण प्रक्रिया र कार्यहरू बताउन,<br>• पोस्टर तयार पार्न,<br>• आफ्नो कक्षालाई व्यवस्थित गर्न कार्य योजना तयार पार्न । |

### २. पाठ परिचय

कार्यपालिका राज्यको दोस्रो महत्त्वपूर्ण अङ्ग हो । यसले व्यवस्थापिकाद्वारा बनाइएको कानुनहरूको कार्यान्वयन गर्ने कार्य गर्छ । यसलाई कार्यकारिणी अङ्ग पनि भनिन्छ । नेपालको संविधान, २०७२ अनुसार नेपालमा तीन तहको व्यवस्थापिका रहने व्यवस्था छ । केन्द्रमा सङ्घीय कार्यपालिका, प्रदेशहरूमा प्रदेश कार्यपालिका र स्थानीय निकायमा गाउँपालिका तथा नगरपालिका नामका कार्यपालिकाहरू रहेका छन् ।

सङ्घीय कार्यपालिका गठन गर्न राष्ट्रपतिले सङ्घीय संसद्मा बहुमत प्राप्त दलका संसदीय दलका नेतालाई प्रधानमन्त्री नियुक्त गर्छन् । कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेमा बहुमत प्राप्त गर्ने सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्छन् । यसरी नियुक्त प्रधानमन्त्रीले आवश्यकताअनुसार उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरू नियुक्त गरी मन्त्रिमण्डल गठन गर्छन् । यसैलाई सङ्घीय कार्यपालिका भनिन्छ ।

प्रत्येक प्रदेशमा प्रदेश कार्यपालिका रहन्छ । प्रदेश कार्यपालिकाको प्रमुखका रूपमा प्रदेश प्रमुख रहन्छन् । प्रदेश प्रमुखको नियुक्ति नेपालका राष्ट्रपतिबाट हुन्छ । प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त दलका संसदीय दलका सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्छन् । कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई मुख्यमन्त्री नियुक्ति गर्छन् । मुख्यमन्त्रीले प्रदेश सभाको सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री सहितको मन्त्रिपरिषद् गठन गर्ने छन् ।

प्रत्येक गाउँपालिकामा एक गाउँ कार्यपालिका र नगरपालिकामा नगर कार्यपालिका नामको स्थानीय कार्यपालिका रहने व्यवस्था छ । गाउँ कार्यपालिकामा एक अध्यक्ष र एक उपाध्यक्ष रहन्छन् । प्रत्येक नगरपालिकामा एक प्रमुख र एक उप्रमुख रहन्छन् । प्रत्येक वडाका वडा अध्यक्ष गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य हुन्छन् ।

**कार्यपालिकाले निम्नानुसारका कार्यहरू गर्छ :**

DRAFT

- व्यवस्थापिकाद्वारा पारित कानुनको कार्यान्वयन गर्ने,
- संविधान र कानुनको अधीनमा रही शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्ने,
- बजेटको व्यवस्था गर्ने,
- सङ्घीय कार्यपालिकाले परराष्ट्र मामिला सम्बन्धी कार्य गर्ने,
- सङ्घीय कार्यपालिकाल बाह्य आक्रमणबाट देशको रक्षा गर्ने,
- कर लगाउने र ढुकुटीबाट कानुनबमोजिम खर्च गर्ने,
- विकास निर्माणका कार्यहरू सञ्चालन गर्ने ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सिंहदरबारको तस्बिर देखाएर विद्यार्थीहरूलाई यो केको चित्र हो ? यहाँ कुन कुन कार्यालय छन् होला ? यिनीहरूले के के काम गर्छन् होला भन्ने जस्ता प्रश्नहरू सोध्नुहोस् र कार्यपालिकाको परिचय दिनुहोस् ।

(ख) कक्षालाई सङ्घीय मन्त्रिपरिषद् मानेर मन्त्रिपरिषद्को नमुना बैठक सञ्चालन गर्न लगाउनुहोस् । उक्त बैठकमा देशको विकास निर्माण, शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध जस्ता विषयमा छलफल गर्ने अभ्यास गर्न लगाउनुहोस् ।

(ग) जिग्स विधिबाट छलफल सञ्चालन गर्न कक्षालाई चार चार जनाको समूह हुने गरी विभाजन गर्नुहोस्, जसलाई मातृसमूह भनिन्छ । प्रत्येक मातृसमूहका सदस्यलाई १, २, ३, ४ गरी क्रमसङ्ख्या दिनुहोस् । प्रत्येक समूहका क्रमसङ्ख्या १ भएकाहरूको एउटा समूह बनाउनुहोस्, जसलाई विज्ञसमूह भनिन्छ । त्यसैगरी २, ३ र ४ क्रमसङ्ख्या भएकाहरूको छुट्टाछुट्टै विज्ञसमूह बनाउनुहोस् । प्रत्येक विज्ञसमूहलाई सङ्घीय कार्यपालिका, प्रदेश कार्यपालिका, गाउँ कार्यपालिका र नगर कार्यपालिकामध्ये एक एक ओटा कार्यपालिकाको परिचय, गठन प्रक्रिया र काम झल्कने सामग्री अध्ययन गर्न लगाई बुँदा टिपोट गर्न लगाउनुहोस् । सबै समूहमा छलफल सकिएपछि आआफ्नो मातृसमूहमा फिर्ता पठाउनुहोस् । मातृ समूहमा फर्केका चारै जना सदस्यले फरक फरक विषयमा जानेर आएका हुनाले एक जनाले बाँकी साथीहरूलाई आफूले विज्ञ समूहमा सिकेर आएको कुराहरू बताइदिनुहोस् । समूहका सबै सदस्यको पालो सकिएपछि शिक्षकले विभिन्न तहका कार्यपालिकाहरूका बारेमा प्रश्नोत्तरका माध्यमबाट प्रस्ट पारिदिनुहोस् ।

DRAFT

५. **मूल्याङ्कन विधि**

(क) **विद्यार्थीहरूले समूहगत कार्य गरिरहँदा निम्नानुसारका श्रेणी मापन फाराम प्रयोग गरी समूहगत मूल्याङ्कन गर्नुहोस् :**

धेरै राम्रो भए ३, सामान्य भए २ र सुधार गर्नुपर्ने भए १ अङ्क दिनुहोस् ।

| समूहको नाम | सक्रियता | कार्य सम्पादन | समय पालना | विषयवस्तुमा स्पष्टता | सिर्जनात्मकता | जम्मा |
|---|---|---|---|---|---|---|
| क | | | | | | |
| ख | | | | | | |
| ग | | | | | | |
| घ | | | | | | |

(ख) **तलका जस्तै छोटा प्रश्न सोध्नुहोस् । मौखिक वा लिखित रूपमा उत्तर प्राप्त गरी मूल्याङ्कन गरेर कमजोर विद्यार्थीलाई पुनः सिकाउनुहोस् :**

- कार्यपालिका भनेको के हो ?
- कार्यपालिकाले के के कार्य गर्छ ?
- तिम्रो समुदायमा भएको समस्याको समाधान गर्न आग्रह गर्दै कुनै एक तहका कार्यपालिकालाई एक पत्र लेख ।

६. **थप सुझाव**

विद्यार्थीहरूलाई रेडियो, टिभि, पत्रपत्रिकाबाट सरकाले गरेका कार्य सम्बन्धी समाचार सङ्कलन गर्न लगाउनुहोस् । अर्को दिनको कक्षामा केहीलाई आफूले सङ्कलन गरेको समाचार भन्न लगाउनुहोस् र केहीलाई भित्तेपत्रिकामा प्रदर्शन गर्न लगाउनुहोस् ।

DRAFT

**पाठ १०** **न्यायपालिका**

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** **अनुमानित घन्टी : २**

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| वर्तमान संविधानका विशेषताहरू पत्ता लगाई देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन | • न्यायपालिकाको परिचय दिन,<br>• न्यायपालिकाको कार्यहरू बताउन । |

**२. पाठ परिचय**

व्यवस्थापिकाले बनाएको कानुनको पालना सही तरिकाले भयो भएन वा कसैले उल्लङ्घन गरेको छ कि भनी अध्ययन गरेर न्याय दिनका निम्ति देशमा न्यायपालिकाको गठन गरिएको हुन्छ । संविधानअनुसार नेपाल तीन तहको अदालत रहने व्यवस्था रहेको छ । केन्द्रमा एक सर्वोच्च अदालत रहने छ । प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने छ । उच्च अदालतमा एक मुख्य न्यायाधीश र न्यायाधीशहरू रहने छन् । त्यसैगरी जिल्ला अदालतमा एक जिल्ला न्यायाधीश र न्यायाधीशहरू रहने छन् ।

सर्वोच्च अदालतलाई अभिलेख अदालत पनि भनिन्छ किनकि यस अदालतले गरेका हरेक निर्णय अभिलेखका रूपमा राखिन्छ । त्यस्तै प्रकृतिका मुद्दा परेमा भविष्यमा पहिलेको निर्णयलाई आधार मानी फैसला गरिन्छ । आफूलाई अन्याय परेमा अदालतमा उजुरी दिनुपर्छ । अदालतले उपलब्ध प्रमाणहरूका आधारमा उजुरीकर्तालाई न्याय दिने कार्य गर्छ ।

**सर्वोच्च अदालत** : सर्वोच्च अदालत देशको सबैभन्दा उच्च तहको अदालत हो । देशका सबै तहका अदालत र न्यायिक निकायहरू यसै अदालतको मातहतमा रहेर कार्य गर्छन् । देशमा संविधानमा विवाद आएमा र अस्पष्टता भएमा व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई मात्र हुन्छ । सर्वोच्च अदालतमा एक प्रधानन्यायाधीश र बढीमा बिस जना न्यायाधीशहरू रहने छन् ।

**उच्च अदालत** : प्रत्येक प्रदेशमा एक उच्च अदालत रहन्छ । उक्त अदालतमा एक मुख्य न्यायाधीश र न्यायाधीशहरू रहन्छन् । यसले पनि न्याय सम्पादनको कार्य गर्छ ।

**जिल्ला अदालत** : जिल्लामा न्याय सम्पादन गर्नका लागि जिल्ला अदालतको व्यवस्था गरिएको छ । यसमा जिल्ला न्यायाधीश रहन्छन् ।

**न्यायपालिकाको कार्यहरू**

- न्यायपालिकाले अन्यायमा परेकालाई न्याय दिने कार्य गर्छ,
- संविधानको व्याख्या गर्छ,
- मौलिक हकको प्रत्याभूति गर्छ,
- न्याय प्रशासनको कार्य गर्छ ।

DRAFT

३. **शैक्षिक सामग्री**

अदालतमा हुने गतिविधिको चित्र वा तस्बिर, न्यायपालिकाको कार्य झल्कने पोस्टर र संविधानको पुस्तक

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) अदालतमा बहस गरेको वा कुनै अदालतको तस्बिर देखाएर विद्यार्थीहरूलाई यो केको चित्र हो ? यहाँ के के गरिन्छ होला ? यसले के काम गर्छ होला भन्ने जस्ता प्रश्नहरू सोध्नुहोस् र न्यायपालिकाको परिचय दिनुहोस् ।

(ख) विभिन्न तहका अदालत र तिनीहरूको भूमिका सम्बन्धी चार्ट प्रदर्शन गर्दै नेपालको न्यायपालिका सम्बन्धमा छलफल गर्नुहोस् ।

(ग) कुनै देवानी मुद्दामा बहस पैरवी गरेको भूमिका अभिनय गर्न लगाउनुहोस् ।

(घ) सबै विद्यार्थीलाई नेपालको संविधानले दिएका मौलिक हकहरूको सङ्क्षेपमा अध्ययन गर्न लगाउनुहोस् । सोमध्ये आफू वा आफ्नो परिवारका सदस्य वा समुदायमा कसैले उपभोग गर्न नपाएको कुनै एक हकको उपयोग गर्न पाऊँ भन्दै अदालतमा दिने करिब एक पृष्ठको निवेदनको नमुना तयार पार्न लगाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । निवेदनमा हनन भएको वा उपयोग गर्न नपाएको हक, उपयोग गर्न नपाउनाको कारण, हनन गर्ने व्यक्ति वा संस्था, यो हक उपयोग गर्न नपाउनाले परेको असर वा हानी नोक्सानीसमेत उल्लेख गर्नुहोस् ।

५. **मूल्याङ्कन विधि**

(क) **तलका जस्तै छोटा प्रश्न सोध्नुहोस् र मौखिक वा लिखित रूपमा उत्तर प्राप्त गरी मूल्याङ्कन गरेर कमजोर विद्यार्थीलाई पुनः सिकाउनुहोस् :**

- न्यायपालिका भनेको के हो ?
- न्यायपालिकाले के के कार्य गर्छ ?
- तिमीलाई अन्याय पऱ्यो भने के गर्छौ ?

६. **थप सुझाव**

विद्यार्थीहरूलाई रेडियो, टिभि, पत्रपत्रिकाबाट न्यायपालिका र यसले गरेका कार्य सम्बन्धी समाचार सङ्कलन गर्न लगाउनुहोस् । अर्को दिनको कक्षामा केहीलाई आफूले सङ्कलन गरेको समाचार भन्न लगाउनुहोस् र केहीलाई भित्तेपत्रिकामा प्रदर्शन गर्न लगाउनुहोस् ।

**एकाइ ५** **हाम्रो पृथ्वी**

DRAFT

## पाठ - १ ऋतु परिवर्तन

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : १

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| ऋतु परिवर्तन र यसको असर वर्णन गर्न | • ऋतु परिवर्तनको परिचय दिन,<br>• ऋतु परिवर्तनका कारण र असरहरू वर्णन गर्न,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न । |

### २. पाठ परिचय

पृथ्वीको दैनिक र वार्षिक गतिका कारण कुनै स्थान विशेषको हावापानी प्रत्येक वर्ष चक्रीय क्रममा परिवर्तन हुनु ऋतु परिवर्तन हो । पृथ्वीले सूर्यको वरिपरि दीर्घवृत्ताकार कक्षमा परिक्रमा गर्छ । पृथ्वी आफ्नो अक्षमा पनि घुमिरहेको हुन्छ । यसलाई पृथ्वीको परिभ्रमण भनिन्छ । पृथ्वी आफ्नो अक्षमा लम्ब रूपमा नभई ६६.५ डिग्रीको कोणमा सधैं एकै दिशातर्फ ढल्केर उपर्युक्त प्रक्रियाले परिक्रमा गर्छ । यसलाई पृथ्वीको परिक्रमण भनिन्छ ।

A season is a division of the year, marked by changes in weather, ecology and hours of daylight. Seasons result from the yearly orbit of the Earth around the Sun and the tilt of the Earth's rotational axis relative to the plane of the orbit. In temperate and Polar Regions, the seasons are marked by changes in the intensity of sunlight that reaches the Earth's surface, variations of which may cause animals to go into hibernation or to migrate, and plants to be dormant.

During May, June, and July, the northern hemisphere is exposed to more direct sunlight because the hemisphere faces the sun. The same is true of the southern hemisphere in November, December, and January. It is the tilt of the Earth that causes the Sun to be higher in the sky during the summer months which increases the solar flux . However, due to seasonal lag, June, July, and August are the hottest months in the northern hemisphere and December, January, and February are the hottest months in the southern hemisphere .

In temperate and subpolar regions, four calendar-based seasons (with their adjectives) are generally recognized: spring (vernal), summer (estival), autumn (autumnal) and winter (hibernal). In American English, fall is sometimes used as a synonym for both autumn and autumnal. Ecologists often use a six-season model for temperate climate regions that includes pre-spring (prevernal) and late summer (serotinal) as distinct seasons along with the traditional four. Various calendars used in South Asia define six seasons (Basant, Grism, Varsa, Sharad, Hemant & Sishir). Hot regions have two or three seasons; the rainy (or wet,

DRAFT

or monsoon) season and the dry season, and, in some tropical areas, a cool or mild season.

In some parts of the world, special "seasons" are loosely defined based on important events such as a hurricane season, tornado season, or a wildfire season.

Axis tilt

The seasons result from the Earth's axis of rotation being tilted with respect to its orbital plane by an angle of approximately 23.5 degrees. (This tilt is also known as "obliquity of the ecliptic".)

Regardless of the time of year, the northern and southern hemispheres always experience opposite seasons. This is because during summer or winter, one part of the planet is more directly exposed to the rays of the Sun than the other, and this exposure alternates as the Earth revolves in its orbit. For approximately half of the year (from around March 20 to around September 22), the northern hemisphere tips toward the Sun, with the maximum part occurring on about June 21. For the other half of the year, the same happens, but in the southern hemisphere instead of the northern, with the maximum around December 21. The two instants when the Sun is directly overhead at the Equator are the equinoxes. Also at that moment, both the North Pole and the South Pole of the Earth are just on the terminator, and hence day and night are equally divided between the northern and southern hemispheres. At the March equinox, the northern hemisphere will be experiencing spring as the hours of daylight increase, and the southern hemisphere is experiencing autumn as daylight hours shorten.

The effect of axial tilt is observable as the change in day length and altitude of the Sun at noon (the culmination of the Sun) during a year . The low angle of Sun during the winter months means that incoming rays of solar radiation is spread over a larger area of the Earth's surface, so the light received is more indirect and of lower intensity. Lower intensity light is less able to heat the ground. Between this effect and the shorter daylight hours, the axial tilt of the Earth accounts for most of the seasonal variation in climate in both hemispheres.

३. **शैक्षिक सामग्री**

ग्लोब, टर्च लाइट वा मैनबत्ती, एटलस, पृथ्वीले सूर्यको परिक्रमा गरेका चार्टहरू आदि ।

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई वर्षभरिका महिना, दिन, वार, ऋतु आदि समय सूचक नामहरू नदोहोरिने गरी एक जनाले एउटा शब्द भन्न लगाई हाजिरी वा उपस्थिति लिनुहोस् । महिनाका नामका आधारमा विद्यार्थीहरूलाई १२ समूहमा विभाजित गर्नुहोस् । प्रत्येक समूहलाई आफ्नो समूहमा सम्बन्धित महिनाका विशेषताहरू, जस्तै : जाडो, गर्मी, मुख्य चाडपर्व, पाइने फलफुल, तरकारी वा अन्य खेतीको सूची बनाउन लगाउनुहोस् ।

DRAFT

मिल्दा विशेषता/लक्षणका आधारमा महिनाहरूलाई समूहीकृत गर्नुहोस् र ऋतुको नामकरण गर्दै समूह बनाउन शिक्षकले सहजीकरण गर्नुहोस् ।

(ख) प्रायः एक वर्षपछि उस्तै उस्तै मौसम किन दोहोरिन्छ भन्ने प्रश्नबाट कक्षामा ऋतु परिवर्तन र सोसम्बन्धमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(ग) पाठ्य पुस्तकको पृष्ठ ७० मा दिइएका चित्रहरू चार्ट/एटलसमा देखाउनुहोस् वा पाठ्य पुस्तकमा नै हेर्न लगाई त्यसका सम्बन्धमा निम्नानुसार प्रश्नोत्तर र छलफल गराउनुहोस् :

- चित्रमा के के देखिन्छ ?
- पृथ्वीको अक्ष र कक्ष कुन कुन हुन् ?
- सूर्यको प्रकाश कुन अवस्थामा कति मात्रामा पृथ्वीको कुन भागमा पर्छ ?
- पृथ्वी कुन स्थानमा हुँदा कुन ऋतु हुन्छ ?
- ऋतु परिवर्तन कसरी हुन्छ ?
- ऋतु परिवर्तन नहुँदा के हुन्छ ?
- ऋतु परिवर्तनका सकारात्मक र नकारात्मक असरहरू के के होलान् ? आदि ।

(घ) ग्लोब र टर्च लाइट वा मैनबत्तीको सहायताले दिनरात, ऋतु परिवर्तन, हावापानी आदिको अवधारणा प्रस्ट पार्नुहोस् ।

५. **मूल्याङ्कन विधि**

(क) **विद्यार्थीहरूको व्यक्तिगत व्यवहार र समूह कार्यको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| **समूह** | **निर्देशन बुझेको** | **कार्य सम्पादन गरेको** | **सहकार्य र सहयोग** | **सक्रिय सहभागिता** |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |
| ग | | | | |
| घ | | | | |

**सङ्केत :** धेरै राम्रो : ३, राम्रो : २, सुधारात्मक : १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

DRAFT

**(ख) तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

- ऋतु परिवर्तन भनेको के हो ?
- ऋतु परिवर्तन कसरी हुन्छ ?
- ऋतु परिवर्तन हुँदाको फाइदा र बेफाइदा के के होलान् ? आदि ।

## ६. परियोजना कार्य

आफ्नो घर तथा समुदायका जेष्ठ नागरिक र अन्य व्यक्तिहरूसँग सोधेर विभिन्न महिना वा ऋतुमा परम्परागत रूपमा गर्नुपर्ने महत्त्वपूर्ण कामहरू आदिका सम्बन्धमा छोटो जानकारी सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

## ७. थप सुझाव

विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट आदिको सुविधा भएमा youtube र google earth आदिबाट पनि थप सामग्रीहरू देखाउन र सुनाउन सकिने छ । ज्योतिष परामर्श सेवा, कृषि सेवा केन्द्र, फलफूल तथा तरकारी बजार वा अन्य त्यस्तै स्थानमा स्थलगत भ्रमण पनि गराउन सकिन्छ ।

DRAFT

| पाठ २ | मौसम र हावापानी |
|---|---|

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी : १ (४५ मिनेट)

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| मौसम र हावापानीको परिचय दिन एवम् यिनीहरूको प्रभाव बताउन | • मौसम र हावापानीको परिचय दिन,<br>• मौसम र हावापानीका असरहरू वर्णन गर्न,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न । |

**२. पाठ परिचय**

मौसम (Weather) भनेको कुनै निश्चित ठाउँ वा क्षेत्रको वायुमण्डलको दैनिक वा छोटो अवधिको अवस्था हो जुन केही मिनेटदेखि केही हप्तासम्मको अवस्थालाई लिन सकिन्छ । कुनै स्थानको वायुमण्डलीय अवस्थामा परिवर्तन आँउदा मौसममा पनि परिवर्तन आँउछ ।

जलवायु अर्थात् हावापानी (Climate) भनेको कुनै निश्चित ठाउँको लामो समयसम्मको (कम्तीमा एक वर्ष) मौसमको औसत अवस्थालाई जनाउँछ । यसले कुनै ठाउँमा लामो समयसम्म हुने मौसमको परिवर्तन र त्यसबाट हुन सक्ने प्रभावका बारेमा व्याख्या गर्छ । कञ्चनपुरमा कुनै दिन गर्मी वा जाडो मौसम भएता पनि समग्रमा त्यहाँको हावापानी गर्मी वा उष्ण हुन सक्छ । मुगुमा कुनै दिन गर्मी वा जाडो मौसम भएता पनि समग्रमा त्यहाँको हावापानी चिसो वा ठण्डा हुन सक्छ । यसैगरी धनगढी र पाटनको मौसम कुनै दिन एकै प्रकारको हुन सक्छ तर भौगोलिक अवस्थाका (वनस्पति) आधारमा त्यहाँको जलवायु भिन्न भएको देखिन्छ । आज वा अहिले कुन कपडा लगाएर जाने वा के के खाने, यात्रामा छाता बोक्ने वा नबोक्ने आदि कुराहरू मौसममा भर पर्छ । कस्ता खालका कपडा किन्ने वा कस्तो घर बनाउने, कस्ता कुन बाली लगाउनुहोस् भन्ने कुरा त्यहाँको हावापानीमा भर पर्छ । मौसम र जलवायुलाई थुप्रै तत्त्वहरूले प्रभाव पार्दछन् ।

**तीमध्ये मुख्य निम्नानुसार छन् :**

(क) तापक्रम (ख) वायु मण्डलीय चाप (ग) हावा (घ) आर्द्रता (ङ) वर्षा

उल्लिखित तत्त्वहरूमध्ये एकले अर्कालाई असर पार्ने गर्छन् । तसर्थ यिनीहरूलाई छुट्टाछुट्टैभन्दा समग्र रूपमा हेर्नु र बुझ्नुपर्ने हुन्छ, जस्तै : तापक्रमले कुनै ठाउँको आर्द्रता, बादल, वायुमण्डलीय चाप, वर्षा आदिलाई असर पार्दछ । त्यसै गरी वर्षाले तापक्रमलाई र हावाले चापलाई असर पार्दछन् ।

Climate is defined as the average weather patterns existing throughout several years over a large portion of Earth's surface. Usually, climate is measured for a specific area or region based on weather patterns over a 30-35 year time period. Climate therefore varies from weather because weather is concerned only with

DRAFT

short term events. A simple way to remember the distinction between the two is the saying, "Climate is what you expect, but weather is what you get."

Since climate is composed of long-term average weather patterns, it encompasses the average measurements of various meteorological elements like humidity, atmospheric pressure, wind, precipitation and temperature. In addition to these components, Earth's climate is also composed of a system consisting of its atmosphere, oceans, land masses and topography, ice and biosphere. Each of these is a part of the climate system for their ability to influence long-range weather patterns. Ice for example, is significant to climate because it has a high albedo, or is highly reflective, and covers 3% of the Earth's surface, therefore helping to reflect heat back into space.

Although an area's climate is normally a result of a 30-35 year average, scientists have been able to study past climate patterns for a large part of Earth's history through paleoclimatology. In order to study past climates, paleoclimatologists use evidence from ice sheets, tree rings, sediment samples, coral and rocks to determine how much Earth's climate has changed through time. With these studies, scientists have found that Earth has experienced various periods of stable climate patterns as well as periods of climate change.

Today, scientists determine the modern climate record through measurements taken via thermometers, barometers (an instrument measuringatmospheric pressure) and anemometers (an instrument measuring wind speed) over the past few centuries .

## ३. शैक्षिक सामग्री

थर्मामिटर, ब्यारोमिटर, एनिमोमिटर आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) आजको दिनको सम्बन्धमा सामान्य प्रश्नोत्तर गर्नुहोस्, जस्तै : आजको दिनाङ्क कति हो ? आज कति बेला सूर्योदय भयो ? सूर्यास्त कति बेला हुन्छ ? आजको मौसम कस्तो (घाम लागेको, बादल लागेको, पानी परेको, हावाहुरी चलेको आदि) छ ? हिजो अस्तिको मौसम कस्तो थियो ? आदि । यसरी आजको पाठको शीर्षक र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई पाठ्य पुस्तकको पृष्ठ ७२ मा दिइएको चित्र अध्ययन गर्न लगाई त्यसका सम्बन्धमा निम्नानुसार प्रश्नोत्तर र छलफल गराउनुहोस् । चित्रमा के के देखिन्छ ? मौसम भनेको के हो ? रेडियो, टिभी र पत्रपत्रिकाको मौसम सम्बन्धी समाचारमा के के कुरा समावेश गरिएका हुन्छन् ? हावापानी भनेको के हो ?

(ग) थर्मामिटर, ब्यारोमिटर आदि देखाई निम्नानुसार प्रश्नोत्तर र छलफल गर्नुहोस्, जस्तै : यो के हो ? यो के कामका लागि प्रयोग गरिन्छ ? मौसमको भविष्य वाणी भनेको के हो ? आदि ।

DRAFT

(घ) विद्यार्थीहरूलाई ४, ५ समूहमा विभाजन गरी कक्षाकोठा बाहिर चउरमा ल्याउनुहोस् । वातावरण र आकाश अवलोकन गरी प्रत्येक समूहलाई आज र भोलिको मौसमको पूर्वानुमान गर्न एवम् मौसमलाई प्रभाव पार्ने तत्त्वहरूको सूची बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) विद्यार्थीहरूको व्यक्तिगत व्यवहार र समूह कार्यको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग | सक्रिय सहभागिता |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |
| ग | | | | |

**सङ्केत :** धेरै राम्रो : ३, राम्रो : २, सुधारात्मक : १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुहोस् ।

**(ख) तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

- मौसम र हावापानी भनेको के हो ?
- मौसम र हावापानीमा के फरक छ ? आदि ।

(ग) पाठ्य पुस्तकमा दिइएका क्रियाकलाप र अभ्यास पनि गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

## ६. परियोजना कार्य

एक हप्तासम्मको मौसम सम्बन्धी जानकारी (तापक्रम, बादल, वर्षा, हावाहुरी आदि) टिपोट गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

## ७. थप सुझावहरू

विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट आदिको सुविधा भएमा youtube र google earth आदिबाट पनि थप सामग्रीहरू देखाउन र सुनाउन सकिने छ । स्थानीय वर्षा मापन केन्द्र र अन्य त्यस्तै स्थानमा स्थलगत भ्रमण पनि गराउन सकिन्छ ।

# पाठ ३ धरातलको तापक्रममा प्रभाव पार्ने तत्त्वहरू

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : १ (४५ मिनेट)

DRAFT

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| तापक्रम वा हावापानीलाई प्रभाव पार्ने तत्त्वहरूको परिचय दिन र तिनीहरूको प्रभाव बताउन | • कुनै स्थानको हावापानी वा तापक्रमा प्रभाव पार्ने तत्त्वहरू पहिचान गर्न,<br>• ठाउँअनुसार तापक्रममा हुने परिवर्तनका कारण वर्णन गर्न,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न । |

## २. पाठ परिचय

तापक्रम भन्नाले कुनै पनि पदार्थ वा वस्तुको तातोपन वा चिसोपनको माप हो । पदार्थमा रहेका अणुहरूको कम्पनबाट उत्पन्न हुने औसत गति शक्तिको प्रतिनिधित्व तापक्रमले गरेको हुन्छ । ताप र तापक्रम दुई भिन्न तर अन्तरसम्बन्धित धारणाहरू हुन् । तापक्रम नाप्न थर्मामिटरको प्रयोग गरिन्छ । सामान्यतया तापक्रम बढ्दा ताप पनि बढ्छ र तापक्रम घट्दा ताप पनि घट्छ । तापक्रम मौसम र हावापानीको प्रमुख कारक तत्त्व हो ।

Definition: Temperature is a measurement of the average kinetic energy of the molecules in an object or system and can be measured with a thermometer or a calorimeter. It is a means of determining the internal energy contained within the system.

Heat vs. Temperature

Note that temperature is different from heat, though the two concepts are linked. Temperature is a measure of the internal energy of the system, while heat is a measure of how energy is transferred from one system (or body) to another. The greater the heat absorbed by a material, the more rapidly the atoms within the material begins to move and thus the greater the rise in temperature.

Temperature Scales

Several temperature scales exist. In medical sciences, the Fahrenheit temperature is most commonly used, though the SI unit Centrigrade (or Celsius) is used in most of the world. The Kelvin scale is used often in physics, and is adjusted so that 0 degrees Kelvin is absolute zero.

DRAFT

## ३. शैक्षिक सामग्री

एटलस, ग्लोब, नेपालका नक्साहरू, थर्मामिटरहरू, बल/खाली कार्टुन वा कागजको बाकस, हिटर आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) नेपालको नक्सा देखाई त्यसबाट प्रायः गर्मी हुने, चिसो हुने र धेरै गर्मी पनि नहुने धेरै चिसो पनि नहुने हावापानी भएका ठाउँहरूको वर्गीकृत सूची बनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरू सोधी प्रश्नोत्तर र छलफल गराउनुहोस् । कुनै ठाउँमा गर्मी र कुनै ठाउँमा चिसो हुने कारण के होला ? कस्ता ठाउँ चिसो र कस्ता ठाउँमा गर्मी हुने रहेछ ? कुनै स्थान विशेषको तापक्रमलाई के के कुराले प्रभाव पार्दछ ? आदि । यस छलफलबाट कुनै स्थान विशेषको तापक्रमलाई प्रभाव पार्ने कारकहरूको सूची बनाउन लगाउनुहोस्, जस्तै : उचाइ, अक्षांश, नदी किनार, समुद्री सतहबाट दुरी र उचाइ, आर्द्रता आदि । यी तत्त्वहरूले तापक्रमलाई कसरी प्रभाव पार्छन् भनी चित्र, ग्लोब आदिको प्रयोग गरी छलफलबाट प्रस्ट पार्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी निम्नानुसारको प्रयोगात्मक कार्य गराउनुहोस् । एउटा बल वा खाली कार्टुन बाकसलाई हावा छिर्न नपाउने गरी बन्द गर्नुहोस् । पाठ्य पुस्तकको पृष्ठ ७५ मा देखाएजस्तै तीन ओटा थर्मामिटर त्यसको पिँध, मध्य भाग र टुप्पामा भित्र हावाको तापक्रम नाप्न मिल्ने गरी टाँस्नुहोस् । उक्त बल वा बाकसलाई केहीबेर हिटर वा पारिलो घाम लागेको ठाउँमा राख्न लगाउनुहोस् । तिन ओटै थर्मामिटरबाट तापक्रमको नाप लिई टिपोट गर्नुहोस् । यसरी तापक्रमको मानमा देखिएको फरकपनका सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्न सहजीकरण गर्नुहोस् ।

(घ) ग्लोब र एटलसको सहायताबाट विश्वको नक्सामा तापमण्डलहरू पहिचान गर्न लगाउनुहोस् र तापमण्डल बन्नुका कारणहरू खोज्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीहरूले प्रयोगात्मक क्रियाकलाप र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग | सही निष्कर्ष निकालेको |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |
| ग | | | | |
| घ | | | | |

**सङ्केत :** धेरै राम्रो : ३, राम्रो : २, सुधारात्मक : १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुहोस् ।

DRAFT

**(ख) तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

(क) कुनै स्थानको तापक्रम के के कुरामा निर्भर गर्छ ?

(ख) अक्षांशले कुनै स्थानको तापक्रममा कसरी प्रभाव पार्दछ ? आदि ।

**६. परियोजना कार्य**

आफ्नो घर तथा समुदायका जेष्ठ नागरिक र अन्य व्यक्तिहरूसँग सोधेर उहाँहरूले भ्रमण गरेका विभिन्न स्थानहरूको हावापानी (तापक्रम, गर्मी, चिसो) र सो स्थानको अवस्थिति, उचाइ आदिका सम्बन्धमा छोटकरीमा जानकारी सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

**७. थप सुझावहरू**

विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट आदिको सुविधा भएमा youtube र google earth आदिबाट पनि सामग्रीहरू देखाउन र सुनाउन सकिने छ ।

DRAFT

| पाठ ४ | जलवायु परिवर्तन |
|---|---|
| १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | अनुमानित घन्टी : १ (४५ मिनेट) |

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| जलवायु परिवर्तनका तत्त्वहरू उल्लेख गर्न | • जलवायु परिवर्तनको परिचय दिन,<br>• जलवायु परिवर्तनका कारण र असरहरू वर्णन गर्न,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न । |

## २. पाठ परिचय

जलवायु परिवर्तन हाल भूमण्डलीय चासोको विषय बनेको छ । यो आजको ज्वलन्त समस्या हो । जलवायु परिवर्तनका दृष्टिले नेपाल विश्वमै अति संवेदनशील (vulnerable) देशका रूपमा चिनिन्छ । नेपाल समुद्र सतहबाट ६० मिटर उचाइको उष्ण प्रदेशीय क्षेत्रदेखि समुद्र सतहबाट ८,८४८ मिटर (विश्वकै सर्वोच्च) उचाइसम्मको शीतोष्ण प्रदेशीय क्षेत्रसम्म फैलिएको र जलवायुका दृष्टिले अति विविधता बोकेको मुलुक हो ।

**जलवायु परिवर्तनका कारणहरू**

१. तापक्रम वृद्धि

२. हरित ग्याँसहरूको बढ्दो उत्सर्जन

३. वन विनाश

४. खेतीपातीमा रासायनिक मलको प्रयोगको वृद्धि

५. औद्योगिकीकरण

६. ज्वालामुखी विष्फोटन

**जलवायु परिवर्तनका असरहरू**

१. हावाको तापक्रम परिवर्तन

२. जैविक विविधता र पारिस्थितिक प्रणालीमा असर

३. मानवीय स्वास्थ्यमा पर्ने असर

४. कृषि पद्धति र कृषि उत्पादनमा पर्ने असर

५. जलवायु परिवर्तनबाट उत्पन्न विपत्

(क) अतिवृष्टि तथा बाढी र पहिरोमा वृद्धि

DRAFT

(ख) अनावृष्टि र खडेरीमा वृद्धि

६. जलस्रोतमा नकारात्मक प्रभाव

७. ऊर्जा सङ्कट

८. मानिसको बसोबासमा पर्ने असर

९. भौतिक संरचनामा पर्ने असर

**हरित गृह प्रभाव**

The greenhouse effect is a process by which thermal radiation from a planetary surface is absorbed by atmospheric greenhouse gases, and is re-radiated in all directions. Since part of this re-radiation is back towards the surface and the lower atmosphere, it results in an elevation of the average surface temperature above what it would be in the absence of the gases.

Solar radiation at the frequencies of visible light largely passes through the atmosphere to warm the planetary surface, which then emits this energy at the lower frequencies of infrared thermal radiation. Infrared radiation is absorbed by greenhouse gases, which in turn re-radiate much of the energy to the surface and lower atmosphere. The mechanism is named after the effect of solar radiation passing through glass and warming a greenhouse, but the way it retains heat is fundamentally different as a greenhouse works by reducing airflow, isolating the warm air inside the structure so that heat is not lost by convection.

If an ideal thermally conductive blackbody were the same distance from the Sun as the Earth is, it would have a temperature of about 5 .3 °C . However, since the Earth reflects about 30% of the incoming sunlight, this idealized planet's effective temperature (the temperature of a blackbody that would emit the same amount of radiation) would be about −18 °C. The surface temperature of this hypothetical planet is 33 °C below Earth's actual surface temperature of approximately 14 °C. The mechanism that produces this difference between the actual surface temperature and the effective temperature is due to the atmosphere and is known as the greenhouse effect.[10]

Earth's natural greenhouse effect makes life as we know it possible. However, human activities, primarily the burning of fossil fuels and clearing of forests, have intensified the natural greenhouse effect, causing global warming.

३. **शैक्षिक सामग्री**

कुनै स्थान विशेषको (हिमालय) केही वर्ष (४०, ५० वर्ष) अघि र हालका फोटोहरू आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूको २, २ जनाको समूह बनाई पाठ्य पुस्तकको पृष्ठ ७६ र ७७ मा दिइएको संवाद पढेर भूमिका अभिनय गर्न लगाउनुहोस् । सोही समूहमा पुनः भूमिका परिवर्तन गरी संवाद पढ्न र सुन्न लगाउनुहोस् ।

**(ख) पाठ्य पुस्तकको संवादका आधारमा विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरू सोधी प्रश्नोत्तर र छलफल गराउनुहोस् :**

- जलवायु परिवर्तन भनेको के होला ?
- जलवायु परिवर्तन किन हुन्छ ?
- हरित गृह प्रभाव भनेको के हो ?
- जलवायु परिवर्तनले के के असर पार्दछ ?
- जलवायु परिवर्तन र मौसम परिवर्तनमा के भिन्नता छ ? आदि ।

यस छलफलबाट जलवायु परिवर्तनका कारकहरूको सूची बनाउन लगाउनुहोस्, जस्तै : हरित गृह ग्याँस, मानवीय क्रियाकलापहरू आदि ।

(ग) कक्षामा कुनै स्थान विशेषको (जस्तै : हिमालय) केही वर्ष (४०, ५० वर्ष) अघि र हालका फोटोहरू देखाई तिनमा देखिने भिन्नता पहिचान गर्न लगाउनुहोस् र जलवायु परिवर्तनका असरहरू प्रस्ट पार्नुहोस् ।

**(घ) विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी २, २ ओटा समूहलाई निम्नानुसारको विषयवस्तुमा छलफलबाट बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् :**

- जलवायु परिवर्तनले पार्न सक्ने सम्भावित समस्याहरू,
- जलवायु परिवर्तनलाई घटाउने उपायहरू ।

## ५. मूल्याङ्कन विधि

**१. विद्यार्थीहरूको व्यक्तिगत र समूह कार्यको निम्नानुसारका आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग | सक्रिय सहभागिता |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |

DRAFT

| ग | | | | |
|---|---|---|---|---|
| घ | | | | |

**सङ्केतः** धेरै राम्रो : ३, राम्रो : २, सुधारात्मक : १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुहोस् ।

२. **तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

(क) जलवायु परिवर्तन भनेको के हो ?

(ख) जलवायु परिवर्तनका कारक तत्त्वहरू के के हुन् ? आदि ।

६. **परियोजना कार्य**

आफ्नो समुदायका जेष्ठ नागरिक र अन्य व्यक्तिहरूसँग सोधेर जलवायु परिवर्तनले पारेको असरका सम्बन्धमा छोटो लेख तयार पार्नुहोस् ।

७. **थप सुझाव**

विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट आदिको सुविधा भएमा youtube र google earth आदि बाट पनि थप सामग्रीहरू देखाउन र सुनाउन सकिने छ ।

DRAFT


| पाठ ५ | अक्षांश र देशान्तरको प्रभाव |
|---|---|

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी : २ (९० मिनेट)

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| अक्षांश, देशान्तर र प्रतिलोमको परिचय दिई यिनीहरूको प्रभाव बताउन । | • अक्षांश, देशान्तर र प्रतिलोमको परिचय दिन,<br>• अक्षांश र देशान्तरको प्रभाव तथा उपयोग वर्णन गर्न,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न । |

## २. पाठ परिचय


पृथ्वी सुन्तला जस्तो गोलो आकारको छ । पृथ्वीको सतहमा पानी र जमिनको भाग रहेको देखिन्छ । यहाँ जमिनको भाग विभिन्न देशहरू महादेशहरूका रूपमा रहेका छन् । ती स्थानहरू सबै एकै पटक देख्न सकिँदैनन् । त्यसका लागि नक्साको सहयोग लिनुपर्छ । नक्सामा कुन स्थान कहाँ अवस्थित छ भन्ने थाहा पाउन अक्षांश र देशान्तरको सहयोग लिइन्छ । पृथ्वीको नमुनालाई ग्लोब भनिन्छ । ग्लोबमा वरिपरि ग्राफ वा जालीले ढाकेजस्तै गरी ठाडा धर्का र तेर्सा धर्काहरू देख्न सकिन्छ । ठाडा धर्काहरूलाई देशान्तर रेखा (longitude line) र तेर्सा धर्काहरूलाई अक्षांशरेखा (latitude line) भनिन्छ । यी अक्षांश र देशान्तर रेखाहरू कसरी खिचिन्छन् भन्ने कुराका बारेमा केही उदाहरणहरू हेरौँ :





**अक्षांश :** पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुवका बिचमा पृथ्वीको सतहवरिपरि खिचिएको तेर्सो काल्पनिक रेखालाई भूमध्यरेखा भनिन्छ । यो शून्य डिग्रीको अक्षांशरेखा हो । उत्तरी ध्रुव र दक्षिणी ध्रुव ९० डिग्रीको अक्षांशमा पर्छन् । भूमध्यरेखा वृत्ताकार रूपमा रहेको हुन्छ जुन एउटा भकुन्डालाई चुरा लगाएजस्तै गरी रहेको काल्पनिक रेखा हो । भूमध्यरेखादेखि उत्तरतर्फ यस्तै रेखाहरू ९० डिग्रीसम्म रहेका हुन्छन् जसलाई उत्तरी अक्षांश भनिन्छ । दक्षिणतर्फ पनि यसैगरी दक्षिणी ध्रुवसम्म फैलिएका अक्षांशरेखाहरूलाई दक्षिणी अक्षांश भनिन्छ । यी पनि शून्यदेखि ९० डिग्रीसम्म फैलिएका हुन्छन् । अक्षांशरेखाहरू पनि वृत्ताकार हुन्छन् । यिनीहरू भूमध्यरेखाबाट सानो हुँदै गएर उत्तरी ध्रुव र दक्षिणी ध्रुवमा पुग्दा विन्दुका रूपमा मात्र रहन पुग्छन् । त्यसैले ९० डिग्रीको अक्षांश विन्दुका रूपमा मात्र रहेको हुन्छ ।

DRAFT

एउटा वृत्तको पूरा कोण ३६० डिग्रीको हुन्छ तर अक्षांशहरू ० देखि ९० डिग्रीसम्म





हुन्छन्, जस्तै : २० डिग्री, ३२ डिग्री, ८६ डिग्री आदि । यी कोणका डिग्रीहरू कहाँ बनेका हुन्छन् त भन्ने जिज्ञासा धेरैजसो व्यक्तिमा हुन्छ । वास्तवमा यी कोण डिग्रीहरू पृथ्वीको बाहिरी सतहमा नभएर पृथ्वीको केन्द्रमा बनेका हुन्छन् । भूमध्यरेखाबाट पृथ्वीको केन्द्रसम्म एउटा रेखा वा सतह (plane) गएको कल्पना गरौँ । उक्त रेखा वा सतह (plane) लाई आधाररेखा मानौँ, जस्तै : दिइएको चित्रमा **कछ** अर्ध वृत्ताकार चाप भूमध्यरेखा हो । **अ** पृथ्वीको केन्द्र हो । भूमध्यरेखाको कुनै विन्दुबाट पृथ्वीको केन्द्रसम्म एक सरल रेखा वा सतह (plane) को कल्पना गरिएको हुन्छ जसलाई आधाररेखा भनिन्छ । **कअ** आधाररेखा हो । उक्त आधाररेखासँग भूमध्यरेखादेखि उत्तरतर्फको कुनै पनि विन्दुबाट केन्द्रसम्म खिचिएको रेखाले आधाररेखासँग बनाएको कोण नै अक्षांश हो । चित्रमा **ख** भन्ने स्थानबाट पृथ्वीको केन्द्र **अ** सम्म **खअ** रेखा गएको छ । उक्त रेखाले आधाररेखा **कअ** सग ३० डिग्रीको कोण **खअक** बनाएको छ । त्यसैले **ख** भन्ने स्थानको अक्षांश ३० डिग्री हुन गयो । **ख** विन्दुबाट पृथ्वीको वरिपरि ३० डिग्रीको अक्षांशरेखा खिचिन्छ । यो चित्रले उत्तरी गोलार्धको अक्षांशको बनोट देखाएको छ । दक्षिणी गोलार्धमा पनि यसैगरी अक्षांशरेखाहरू खिचिन्छन् ।

DRAFT

**देशान्तर** : बेलायतको ग्रिनविच (Greenwitch) भन्ने स्थान हुँदै पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुव जोड्ने गरी खिचिएको काल्पनिक रेखालाई प्रधान मध्याह्नरेखा भनिन्छ । अक्षांश जस्तै देशान्तर पनि पृथ्वीको केन्द्रमा बन्ने कोण हो । प्रधान मध्याह्नरेखा (ठाडो रेखा) र भूमध्यरेखा (तेर्सो रेखा) एउटा विन्दुमा गएर एकअर्कामा काटिन्छन् । सो काटिएको विन्दुबाट पृथ्वीको केन्द्रसम्म गएको रेखालाई आधाररेखा भनिन्छ । दिइएको चित्रमा पृथ्वीको दक्षिणी गोलार्ध देखाइएको छ । वृत्ताकार घेरा भूमध्यरेखा हो । **कच** रेखा प्रधान मध्याह्न रेखा अर्थात् ग्रिनविच रेखा हो । प्रधान मध्याह्नरेखा र भूमध्यरेखा **क** विन्दुमा एकअर्कामा खप्टिएका छन् । **अ** विन्दु पृथ्वीको केन्द्र हो ।



**क** विन्दुबाट **अ** विन्दु अर्थात् पृथ्वीको केन्द्रसम्म गएको रेखा आधाररेखा हो । भूमध्यरेखा र प्रधान मध्याह्नरेखा खप्टिएको विन्दु **क** बाट पृथ्वीको केन्द्रसम्म गएको रेखा **कअ** आधाररेखा हो । उक्त आधाररेखासँग भूमध्यरेखाको कुनै पनि विन्दुबाट गएको रेखाले पृथ्वीको केन्द्रमा बनाउने कोण नै देशान्तर हो । चित्रमा **ख** विन्दुबाट गएको रेखा **खअ** ले आधाररेखासँग ३० डिग्रीको कोण **कअख** बनाएको छ । त्यसैले **ख** भन्ने स्थानको देशान्तर ३० डिग्री हुन्छ । त्यसै गरी **ग** विन्दुबाट गएको रेखाले ६० डिग्रीको कोण बनाएको छ । त्यसैले **ग** विन्दुको देशान्तर ६० डिग्री हुन्छ । यसरी प्रधान मध्याहनरेखाबाट पूर्व (दायाँ) तर्फ १८० डिग्री र पश्चिम (बायाँ) तर्फ १८० डिग्रीसम्म देशान्तर फैलिएको हुन्छ । पूर्वतर्फको देशान्तरलाई पूर्वी देशान्तर र पश्चिमतर्फको देशान्तरलाई पश्चिमी देशान्तर भनिन्छ । दिइएको चित्रमा **ख** ३० डिग्रीको देशान्तर हो र **ख** विन्दुबाट **च** विन्दुसम्म खिचिएको **खच** रेखा ३० डिग्रीको देशान्तर रेखा हो । यसै गरी अन्य देशान्तर रेखाहरू पनि बनेका हुन्छन् । देशान्तर रेखाहरू उत्तरी ध्रुव र दक्षिणी ध्रुव जोडेर अर्धवृत्ताकार रूपमा रहेका हुन्छन् ।

## ३. शैक्षिक सामग्री

बाटुलो आकारका वस्तुहरू, जस्तै : फर्सी, भोगटे, ठुलो गोलो आकारको आलु, बाटुलो आकारको भन्टा, काँचो मेवा, स्याउ, काँचो सुन्तला आदिमध्ये कुनै एक वस्तु (आवश्यक सङ्ख्यामा), कैँची, चक्कु, मास्किङ टेप, एटलस, ग्लोब, भित्तेनक्साहरू, कार्डबोर्ड, कम्पास, प्रोटेक्टर, सिसाकलम, इरेजर, साइनपेन, थमपिन, धागो आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप


(क) ग्लोबको सहायताले पृथ्वीको आकार र त्यसमा खिचिएका अक्षांश र देशान्तर रेखाहरू चिनाउनुहोस् । यी रेखाहरू अक्षांश र देशान्तरका आधारमा खिचिएका काल्पनिक रेखा हुन् । अक्षांश र देशान्तर पृथ्वीको केन्द्रमा बन्ने कोणका आधारमा तयार पारिन्छ भनी धारणा विकास गराउनुहोस् ।


(ख) विद्यार्थीहरूलाई चार पाँच जनाको समूह हुने गरी समूह विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक ओटा गोलो आकारको वस्तु, जस्तै : सुन्तला, स्याउ दिनुहोस् । यहाँ उदाहरण स्वरूप स्याउको प्रयोग गरिएको छ ।

### देशान्तर

प्रत्येक समूहले स्याउलाई भेट्ना र टुप्पाका बिचमा पारेर आधा हुने गरी काट्न लगाउनुहोस् । उक्त आधा भागलाई घोप्टो पारेर कागज माथि राख्नुहोस् । स्याउको वरिपरि कलमले कोरेर स्याउकै आकारको वृत्त कागजमा कोर्नुहोस् । वृत्तको केन्द्रबाट घेरासम्म एउटा अर्ध व्यास खिच्नुहोस् । सो अर्धव्यास आधाररेखा भयो । उक्त आधाररेखालाई आधार मानी ३० डिग्रीको फरकमा दायाँतर्फ १८० डिग्रीसम्म र बायाँतर्फ १८० डिग्रीसम्म कोणहरू खिच्दै जानुहोस् । चित्रमा देखाए जस्तै गरी प्रत्येक कोणको डिग्री र कोण लेख्नुहोस् ।

DRAFT









त्यसपछि उक्त कागजलाई वृत्ताकार बनाएर काट्नुहोस् र त्यसलाई स्याउको काटिएको भागमा पिनको सहायताले टाँस्नुहोस् । स्याउलाई पृथ्वी मान्दा टाँसिएको कागजको किनारा वा घेरा भूमध्यरेखा हो । यदि पृथ्वीलाई आधा बनायो भने यस्तै देखिन्छ र पृथ्वीको केन्द्रमा यसैगरी देशान्तर कोणहरू बनेका हुन्छन् भनी प्रस्ट पारिदिनुहोस् ।



अ
ब उक्त
कागत
टाँसिए
को




फर्सिको तल्लो (भेट्ना भएको ठाउँ) भागमा एउटा पिन गाड्ने । भु-मध्य रेखामा पर्ने गरी प्रत्येक देशान्तरमा पनि पिन गाड्ने । अब भूमध्यरेखाका प्रत्येक पिनबाट भेट्नामा रहेको पिन सम्म धागो अल्झाएर चित्रमा देखाए जस्तै गरी देशान्तर रेखाहरू तयार पार्ने । पृथ्वीमा पनि

यसै गरी ग्रिनविच लाइनबाट गएको आधाररेखासँग भूमध्यरेखाका विभिन्न स्थानबाट केन्द्रसम्म गएका रेखाहरूले बनाउने कोणहरू नै देशान्तर हुन् । प्रत्येक देशान्तरबाट उत्तरी ध्रुव ( स्याउको टुप्पा) र दक्षिणी ध्रुव (स्याउको भेट्ना) सम्म खिचिएका अर्धवृत्ताकार काल्पनिक रेखाहरू नै देशान्तर हुन् भनी प्रस्ट पारिदिनुहोस् ।


**अक्षांश**


अब प्रत्येक समूहलाई अर्को स्याउ दिनुहोस् । त्यसलाई माथितिरबाट आधा भागसम्म र दायाँबाट आधा भागसम्म काटेर चित्रमा देखाएजस्तै गरी चौथाइ भागको एक टुक्रा निकाल्नुहोस् । स्याउकै आकारको कागजलाई अर्ध वृत्ताकार हुने गरी काट्नुहोस् र त्यसमा चित्रमा देखाएजस्तै गरी कोणहरू खिच्नुहोस् । अर्ध वृत्ताकार कागजको तल्लो घेरामा केन्द्रबाट छेउसम्म आधाररेखा खिच्नुहोस् । उक्त आधाररेखासँग ३० डिग्रीको फरकमा ९० डिग्रीसम्म कोणहरू खिच्दै जानुहोस् । उक्त कागजलाई स्याउको ठाडो भित्तामा पिनको सहायताले टाँस्नुहोस् । यो अक्षांश भयो । पृथ्वीमा पनि यसै गरी भूमध्यरेखाबाट गएको आधाररेखासँग


DRAFT


उत्तरी गोलार्ध र दक्षिणी गोलार्धका विभिन्न स्थानबाट गएका रेखाले पृथ्वीको केन्द्रमा कोणहरू बनाएका हुन्छन् । ती कोणहरू नै अक्षांश हुन् भनी प्रस्ट पारिदिनुहोस् ।

अब मास्किङ टेपलाई मसिनो रिबन जस्तो गरी काटेर प्रत्येक अक्षांशबाट स्याउको वरिपरि समानान्तर हुने गरी टाँस्नुहोस् । ती रेखाहरू अक्षांशरेखा भए । यो उत्तरी गोलार्धको अक्षांश भयो । यसै गरी दक्षिणी गोलार्धमा पनि अक्षांश र अक्षांशरेखाहरू फैलिएका हुन्छन् भनी बताइदिनुहोस् । पृथ्वीमा पनि भूमध्यरेखाबाट उत्तरतर्फ ९० डिग्री र दक्षिणतर्फ ९० डिग्रीसम्म यस्तै काल्पनिक रेखाहरू खिचिएका हुन्छन् । त्यसैलाई अक्षांशरेखाहरू भनिन्छ भनी प्रस्ट पारिदिनुहोस् ।








DRAFT

(ग) विद्यार्थीहरूलाई २, २ जनाको समूह बनाई पाठ्य पुस्तकको पृष्ठ ७८ र ७९ मा दिइएका विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् । एक जनालाई अक्षांशको र एक जनालाई देशान्तरको असर तथा प्रयोग खोजी एकापसमा जानकारी आदान प्रदान गराउनुहोस् ।

**(घ) माथिका क्रियाकलापका आधारमा विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरू सोधी प्रश्नोत्तर र छलफल गराउनुहोस् :**

- अक्षांश भनेको के हो ?

- पृथ्वीमा स्थानअनुसार अक्षांशमा परिवर्तन हुँदा के के कुरामा परिवर्तन हुन्छ ?
- देशान्तर भनेको के हो ?
- पृथ्वीमा स्थानअनुसार देशान्तरमा परिवर्तन हुँदा के के कुरामा परिवर्तन हुन्छ ?
- अक्षांश र देशान्तरमा के फरक छ ? आदि ।

यस छलफलबाट अक्षांश र देशान्तरका प्रभावहरूको सूची बनाउन लगाउनुहोस्, जस्तै : हावापानीमा प्रभाव, दिनमानमा प्रभाव, सूर्योदय र सूर्यास्तमा प्रभाव आदि ।

(ङ) ग्लोब वा एटलसबाट कक्षामा कुनै स्थान विशेषको अक्षांश र देशान्तर देखाई तिनमा देखिने भिन्नता पहिचान गर्न लगाउनुहोस् र प्रतिलोम आदि प्रस्ट पार्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) विद्यार्थीहरूको व्यक्तिगत र समूह कार्यको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस्**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग | सक्रिय सहभागिता |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |
| ग | | | | |
| घ | | | | |

**सङ्केत :** धेरै राम्रो : ३, राम्रो : २, सुधारात्मक : १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुहोस् ।

**(ख) तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

(अ) अक्षांश, देशान्तर र प्रतिलोम भनेको के हो ?

(आ) अक्षांश र देशान्तरका प्रभाव र उपयोगहरू के के हुन् ? आदि ।

(ग) पाठ्य पुस्तकमा दिइएका क्रियाकलाप र अभ्यास पनि गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

## ६. परियोजना कार्य

आफ्नो समुदायका देश विदेश गएका व्यक्तिहरूसँग सोधेर विभिन्न स्थानको जलवायु (हावापानी), दिनमान आदिका सम्बन्धमा छोटो जानकारी सङ्कलन गर्नुहोस् । एटलस वा ग्लोबको प्रयोग गरी ती स्थानहरूको अक्षांश र देशान्तरको मान पनि राख्नुहोस् ।

DRAFT

## ७. थप सुझावहरू

प्रत्येक समूहमा एटलस दिई त्यसमा नेपालको नक्सा कति डिग्री अक्षांश र देशान्तरभित्र पर्ने रहेछ भनी पहिचान गर्न लगाउनुहोस् । त्यसै गरी विश्वका विभिन्न महादेशहरू देशहरू, सहरहरू रहेका स्थानको अक्षांश र देशान्तर पत्ता लगाउने खेल खेलाउनुहोस् ।

DRAFT

## पाठ ६ नेपालका जिल्ला र अञ्चल

अनुमानित घन्टी : १

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको जिल्ला, अञ्चल र विकास क्षेत्रको भौगोलक स्वरूपको नक्सा कार्य गर्न | • नेपालको जिल्ला, अञ्चल र प्रदेशको सङ्ख्या बताउन,<br>• जिल्ला र प्रदेशको फरक छुट्याउन,<br>• जिल्ला र प्रदेशको अवस्थितिबारे बताउन,<br>• जिल्ला र प्रदेशको महत्त्व बताउन । |

### २. पाठ परिचय

नेपाललाई भौगोलिक रूपमा हिमाली, पहाडी र तराई गरी तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ । देशको केन्द्रबाट मात्र देशका कुनाकाप्चासम्म विकासका कार्यहरू सञ्चालन गर्न सम्भव हुँदैन । विकेन्द्रीकरणको सिद्धान्तअनुसार केन्द्रमा रहेको अधिकारलाई स्थानीय स्तरसम्म पुऱ्याउन यस्तो विभाजन आवश्यक हुन्छ । वि.सं. २०१८ मा सरकारले नेपाललाई १४ ओटा अञ्चल र ७५ ओटा जिल्लामा विभाजन गरेको थियो । नेपालको सबैभन्दा ठुलो अञ्चल कर्णाली हो । सबैभन्दा सानो अञ्चल महाकाली हो । धेरैजसो अञ्चलहरू उत्तर दक्षिणतर्फ लाम्चो गरी विभाजन गरिएका छन् । ६ ओटा अञ्चलले हिमाल, पहाड र तराई तीन ओटै प्रदेशलाई समेटेको छ । प्रत्येक अञ्चललाई विभिन्न जिल्लाहरूमा विभाजन गरिएको छ । सबैभन्दा धेरै जिल्ला भएको अञ्चल बागमती हो । यसमा ८ ओटा जिल्ला रहेका छन् । मेची र महाकाली अञ्चलमा ४/४ जिल्ला मात्र रहेका छन् । अञ्चल स्तरीय यातायात कार्यालय, प्रहरी कार्यालय, अस्पतालहरूले जनतालाई आफ्नै अञ्चलमा सेवा दिइरहेका छन् । वि.सं. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले नेपालको अञ्चल र विकास क्षेत्रको संरचनालाई खारेज गरी सङ्घीयताको अवधारणाअनुसार सात प्रदेशमा विभाजन गरेको छ । जिल्लाको संरचना केही जिल्लामा बाहेक यथावत् रहेको छ । यसअनुसार देशमा स्वायत्त प्रदेशहरूको व्यवस्था भएको छ । यसले गर्दा जनताका कामहरू र समस्याहरू लिएर केन्द्रसम्म आइरहनु पर्दैन ।


### ३. शैक्षिक सामग्री

१४ अञ्चल र ७५ जिल्ला र प्रान्तहरू स्पष्ट देखिने नेपालको नक्सा, प्रान्तमा पर्ने जिल्ला छुट्याइएको चार्ट, मास्किङ टेप, कैंची, एटलस, सम्भव भएमा पाठपत्र र प्रोजेक्टर

DRAFT

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सर्वप्रथम एक दुई जना विद्यार्थीलाई उसको घरको पूरा ठेगाना सोध्नुहोस् (गाउँ, टोल, जिल्ला, अञ्चल, प्रदेश समेत) । १४ अञ्चल र ७५ जिल्ला एवम् प्रान्त स्पष्ट देखिने नेपालको नक्सा भित्तामा टाँसेर विद्यार्थीको घर कहाँनेर पर्छ ? नक्सामा देखाउन लगाउन लगाउनुहोस् ।




(ख) त्यसपछि विद्यार्थीहरूलाई नेपालमा कति जिल्ला र अञ्चल छन् भनी सोध्नुहोस् । किन देशलाई जिल्ला र अञ्चल र प्रदेशमा विभाजन गरिएको होला कल्पना गर्न लगाउनुहोस् र त्यसमा आधारित प्रश्नहरू सोध्नुहोस् ।

(ग) विद्यार्थीलाई नेपाललाई विभिन्न प्रदेश र जिल्लामा विभाजन गर्नाका कारण सोध्नुहोस् । प्रदेशको महत्त्व, सबैभन्दा ठुलो र सानो प्रदेश, अञ्चल, जिल्ला, चीनसँग मात्र जोडिएको जिल्ला, तराईसँग मात्र जोडिएको जिल्ला, सबैभन्दा बढी जिल्ला पर्ने र सबैभन्दा कम जिल्ला पर्ने प्रदेशका बारेमा बताइदिनुहोस् ।

DRAFT

| वकास क्षेत्र | अञ्चल | जिल्ला |
|---|---|---|
| पूर्वाञ्चल (१६ जिल्ला) | मेची | इलाम, झापा, ताप्लेजुङ, पाँचथर |
| | कोशी | मोरङ, सुनसरी, धनकुटा, तेरथुम, भोजपुर, सङ्खुवासभा |

| | | |
|---|---|---|
| | सगरमाथा | सप्तरी, सिराहा, उदयपुर, खोटाङ, ओखढुङ्गा, सोलुखुम्बु |
| मध्यमाञ्चल **(१९जिल्ला)** | जनकपुर | महोत्तरी, धनुषा, सर्लाही, सिन्धुली, रामेछाप, दोलखा |
| | बागमती | काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट |
| | नारायणी | रौतहट, बारा, पर्सा, चितवन, मकवानपुर |
| पश्चिमाञ्चल **(१६ जिल्ला)** | गण्डकी | कास्की, तनहुँ, लम्जुङ, गोरखा, स्याङ्जा, मनाङ |
| | धवलागिरी | पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ |
| | लुम्बिनी | रूपन्देही, नवलपरासी, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा |
| मध्यपश्चिमाञ्चल **(१५ जिल्ला)** | कर्णाली | डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट |
| | राप्ती | दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम |
| | भेरी | बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट |
| सुदूरपश्चिमाञ्चल **(९ जिल्ला)** | सेती | कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ |
| | महाकाली | कञ्चनपुर, डँडेल्धुरा, बैतडी, दार्चुला |

(घ) विद्यार्थीहरूलाई एटलसमा भएको नेपालको नेपालको नक्सा हेरी विकास क्षेत्रअनुसारका अञ्चल र जिल्ला एवम् सङ्घीय प्रदेशअनुसारका जिल्लाहरू पहिचान गर्न लगाउनुहोस् ।

DRAFT

**नेपालको संविधानअनुसार विभाजित प्रदेश र जिल्लाहरू :**

| **प्रदेश नं. १** | **प्रदेश नं. २** | **प्रदेश नं. ३** | **प्रदेश नं. ४** | **प्रदेश नं.५** | **प्रदेश नं. ६** | **प्रदेश नं.७** |
|---|---|---|---|---|---|---|
| १. ताप्लेजुङ | १. सप्तरी | १. दोलखा | १. गोरखा | १. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १. रुकुम (पश्चिम भाग) | १. बाजुरा |
| २. पाँचथर | २. सिराहा | २. रामेछाप | २. लमजुङ | २. रूपन्देही | २. सल्यान | २. बझाङ |
| ३. इलाम | ३. धनुषा | ३. सिन्धुली | ३. तनहुँ | ३. कपिलवस्तु | ३. डोल्पा | ३. डोटी |
| ४. सङ्खुवासभा | ४. महोत्तरी | ४. काभ्रेपलाञ्चोक | ४. कास्की | ३. पाल्पा | ३. जुम्ला | ३. अछाम |
| ५. तेह्रथुम | ५. सर्लाही | ५. सिन्धुपाल्चोक | ५. मनाङ | ५. अर्घाखाँची | ५. मुगु | ५. दार्चुला |
| ६. धनकुटा | ६. रौतहट | ६. रसुवा | ६. मुस्ताङ | ६. गुल्मी | ६. हुम्ला | ६. बैतडी |
| ७. भोजपुर | ७. बारा | ७. नुवाकोट | ७. पर्वत | ७. रुकुम (पूर्वी भाग) | ७. कालिकोट | ७. डँडेल्धुरा |
| ८. खोटाङ | ८. पर्सा | ८. धादिङ | ८. स्याङ्जा | ७. रोल्पा | ७. जाजरकोट | ७. कञ्चनपुर |
| ९. सोलुखुम्बु | | ९. चितवन | ९. म्याग्दी | ९. प्युठान | ९. दैलेख | ९. कैलाली |
| १०. ओखलढुङ्गा | | १०. मकवानपुर | १०. बाग्लुङ | १०. दाङ | १०. सुर्खेत | |
| ११. उदयपुर | | ११. भक्तपुर | ११. नवलपरासी (बर्दघाट सुस्तापूर्व) | ११. बाँके | | |
| १२. झापा | | १२. ललितपुर | | | | |
| १३. मोरङ | | १३. काठमाडौँ | | | | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. सुनसरी | | | | | | |

(ङ) एउटा ठूलो आकारको नेपालको चौध अञ्चल देखाइएको नक्सा लिनुहोस् र त्यसलाई कैँचीले होसियारीपूर्वक काटेर छुट्याउनुहोस् र विद्यार्थीहरूलाई जिगफिट विधिबाट उक्त अञ्चलका टुक्राहरू जोडेर सिङ्गो नेपाल बनाउने अभ्यास गराउनुहोस् । यसबाट उनीहरूलाई अञ्चलहरूको अवस्थितिको धारणा बस्न सजिलो पर्छ ।

## ५. मूल्याङ्कन विधि

**१. नेपालको नक्सा हेर्न लगाई निम्न लिखित प्रश्नहरूको जवाफ खोज्न लगाउनुहोस् :**

- नेपालको कति ओटा जिल्लाले भारतको मात्र सिमाना छुन्छन् ?
- भारतको मात्र र चीनको मात्र सिमाना छुने अञ्चलहरू कुन कुन हुन् ?
- पहाडी क्षेत्रमा कति ओटा जिल्लाहरू पर्छन् ?
- जिल्ला वा अञ्चलमा वा प्रदेशमा विभाजन नगरिएको भए के कस्ता कठिनाइहरू आइपर्ने थिए होलान् ?

२. विद्यार्थीहरूलाई पाँच समूहमा विभाजन गरी प्रत्येक समूहलाई छुट्टाछुट्टै विकास क्षेत्रको जिम्मेवारी दिएर त्यसअन्तर्गत पर्ने अञ्चल र जिल्लाहरूको टिपोट गर्न लगाउनुहोस् ।

**विद्यार्थीले प्रयोगात्मक क्रियाकलाप र समूह कार्य गरिरहेका समयमा निम्नानुसारका आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |

**सङ्केत :** धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

## ६. थप सुझाव

देशमा अञ्चल र विकास क्षेत्रको संरचना खारेज भई सङ्घीय प्रदेशको संरचना कायम भएको हुनाले पाठ शीर्षमा जे भए पनि समायोजन गरेर सिकाइ सहजीकरण गर्नुपर्छ । विद्यार्थीहरूलाई उपकरणहरू र इन्टरनेट उपलब्ध भएमा इन्टरनेटको प्रयोग गरी गुगल अर्थबाट नेपालका प्रदेश, अञ्चल र जिल्लाहरू देखाउन सके झनै प्रभावकारी हुने देखिन्छ ।

DRAFT

## पाठ ७ नक्सा अध्ययनमा दुरीको प्रयोग

अनुमानित घन्टी : २

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| स्केलको सहायताले दुरी निर्धारण गर्न | • स्केलको परिचय दिन,<br>• स्कलेलको प्रकारहरू बताउन र प्रयाग गर्न,<br>• एक ठाउँदेखि अर्को ठाउँसम्मको दुरी निर्धारण गर्न । |

### २. पाठ परिचय


नक्सामा देखाइएको दुरी जमिनमा त्यसको वास्तविक नापभन्दा कति गुणा घटाइएको छ भनी देखाउने नापलाई स्केल वा नापो भनिन्छ अर्थात् मानचित्रमा देखाइएको दुई स्थानको दुरी र धरातलमा सो दुई स्थानबिचको आपसी अनुपातलाई स्केल भनिन्छ । विद्यार्थीलाई नक्सामा एक ठाउँदेखि अर्को ठाउँ कति टाढा पर्छ वा ती दुई ठाउँबिचको दुरी कति छ ? पत्ता लगाउने सिपको विकास गराउन यस पाठले मदत गर्छ । नक्सामा कथनात्मक स्केल, ग्राफिक स्केल र प्रतिनिधि भिन्न स्केल जस्ता विभिन्न किसिमका स्केलहरू दिइएको हुन्छ, ती स्केलको ले दुई ठाउँबिचको दुरी पत्ता लगाउने सिपको विद्यार्थीहरूले सिक्नु आवश्यक हुन्छ। जस्तै :

**कथनात्मक स्केल**

१ से.मि. बराबर २०० मिटर

यसको अर्थ नक्सामा १ से.मि. बराबर वास्तविक जमिनमा २०० मिटर हुन्छ ।

**ग्राफिक स्केल**




यस्तो स्केलमा नक्सासँगै दिइएको यस्तो स्केलको अङ्कित नाप बराबर नै नक्सामा नाप्दा जति दुरी आउँछ त्यही नै वास्तविक दुरी हुन्छ । प्रस्तुत स्केलमा “क” देखि “ख” सम्मको दुरी २ से.मि. छ र त्यस नक्सामा पनि कुनै दुई ठाउँको दुरी २ से.मि. भयो भने उक्त दुई ठाउँबिचको दुरी पनि १०० कि.मि. हुन्छ ।

**प्रतिनिधि भिन्न स्केल**/R .F . Scale (Representative Fraction):

DRAFT

मानौँ, नक्सामा स्केल यस्तो दिइएको छ र डँडेल्धुरादेखि काठमाडौँसम्मको दुरी पत्ता लगाऊ भनेको छ भने

| १ : ४०००००० |
|---|

दिइएको नापोले पनि नक्सामा एक एकाइ नापोले वास्तविक जमिनमा ४०००००० एकाइ हुने कुरा बुझिन्छ । मानौँ काठमाडौँदेखि डँडेल्धुरासम्मको दुरी नाप्दा १३.५ से.मि. भयो । ती दुई ठाउँको दुरी

१३.५ × ४०००००० से.मि.= ५४०००००० से.मि.

अर्थात् डँडेल्धुराबाट काठमाडौँसम्मको वास्तविक दुरी = ५४० कि.मि. हुन्छ ।

५४००००००
१०० × १००० कि.मि.

## ३. शैक्षिक सामग्री

स्केलसहितको नेपालको नक्सा वा अन्य कुनै नक्सा, एटलस, सम्भव भएमा पावर प्वाइन्ट र प्रोजेक्टर

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई सर्वप्रथम मौन बसाइको अभ्यास गराउनुहोस् । त्यसपछि तिमीहरू बसेको ठाउँबाट विद्यालय कति टाढा पर्छ वा विद्यालय र आफू बसेको ठाउँबिचको दुरी अनुमान गर्न लगाउनुहोस् । विद्यार्थीका जवाफहरू ध्यानपूर्वक सुनेर जिज्ञासाहरू समाधान गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गरेर एटलस अध्ययन गरी नक्सामा कस्ता कस्ता सङ्केतहरू प्रयोग भएको छ, खोज्न लगाउनुहोस् ।

(ग) स्केलको परिभाषा र स्केलको प्रकार तथा त्यसको प्रकारहरूका बारेमा समूहगत रूपमा छलफल गरी निष्कर्ष निकाल्न अनुरोध गर्नुहोस् र आवश्यकताअनुसार प्रस्ट्याइ दिनुहोस् ।

**(घ) प्रत्येक समूहलाई निम्नानुसारको दुई स्थान बिचको दुरी निकाल्न लगाउनुहोस् :**

समूह क : काठमाडौँ - त्रिशुली

समूह ख : काठमाडौँ - कोदारी

समूह ग : काठमाडौँ - पोखरा




(ङ) शिक्षक साथी, विद्यार्थीहरूको क्रियाकलापको अनुगमन गर्नुहोस्, अवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र विद्यार्थीलाई सक्रिय सहभागी हुने वातावरणको निर्माण गर्नुहोस् ।

DRAFT

## ५. मूल्याङ्कन विधि

**(क) विद्यार्थीहरूलाई निम्नअनुसार प्रश्न दिएर मूल्याङ्कन गर्नुहोस् :**

- हरेक दुई दुई जनाको समूहमा बसेर एटलसमा रहेको कुनै नक्सामा विभिन्न ठाउँहरूको बिचको दुरी त्यहाँ दिइएको स्केलका आधारमा नापेर पत्ता लगाऊ ।
- नक्सामा दुरी दिइएको कारणले के कस्ता फाइदा भएको छ ? साथीसँग छलफल गरी लेख ।
- चित्रात्मक नापो र प्रतिनिधि भिन्न स्केलबिचमा फरक छुट्याऊ ।
- **दिइएको नक्सामा स्केलको सहायताले तल दिइएका स्थानहरू बिचको दुरी पत्ता लगाऊ :**

| देखि | सम्म | दुरी |
|---|---|---|
| सगरमाथा | वीरगञ्ज | |
| लुम्बिनी | काठमाडौँ | |
| कोदारी | वीरगञ्ज | |
| अन्नपूर्ण | जनकपुर | |
| पोखरा | काकरभिट्टा | |
| सुनौली | पोखरा | |

**(ख) विद्यार्थीले प्रयोगात्मक क्रियाकलाप र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |

धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

## ६. थप सुझाव

विद्यार्थीहरूलाई इन्टरनेटको प्रयोग गरी गुगल अर्थबाट नेपालका विभिन्न स्थानबिचको दुरी मापन गरेर विद्यार्थीलाई देखाउन सके अझ प्रभावकारी हुने देखिन्छ ।

DRAFT

## पाठ ८ नेपालको नक्सा



*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य





| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको नक्सा कार्य गर्न | • नेपालको नक्सा बनाउन,<br>• दिइएका भौगोलिक तथ्यहरू भर्न,<br>• नक्सामा सङ्केतको प्रयोग गर्न, सङ्केत चिह्न बनाउन र अर्थ बताउन । |

### २. पाठ परिचय

एउटा दक्ष सामाजिक शिक्षकलाई नक्सा कुन कुन विधिवाट तयार हुन्छ भन्ने कुराको पनि जानकारी हुनुपर्छ । त्यतिमात्र होइन प्रत्येक नागरिकले आफ्नो देशको मानचित्र आफ्नो दिमागमा राख्नुपर्छ ताकि नेपाल भन्नेबित्तिकै उनीहरूलाई नेपालको मानचित्र याद आओस् । त्यसलाई जस्ताको त्यस्तै उतार्न नसके पनि सामान्य आकृति कोर्न र देशका महत्त्वपूर्ण कुराहरू नेपालको नक्सामा कहाँनेर छ भनी सङ्केत गर्न सकुन् । नेपालमा के के महत्त्वपूर्ण कुराहरू छन् भनी भन्न र गर्व गर्न सकून् । त्यसैले हामीले राष्ट्रियताको भावना विकास गर्न र प्रत्येक नागरिकलाई आफ्नो देशका बारेमा बताउन सक्ने बनाउन पनि नेपालको नक्सा उतार्ने र त्यसमा विभिन्न तथ्यहरू भर्ने अभ्यास  गराउनुपर्छ । नक्सा भर्दा प्रयोग हुने केही सङ्केतहरू निम्नानुसार छन् :

| | | | |
|---|---|---|---|
| नदी |  | पुल |  |
| ताल |  | अस्पताल | H |
| राजधानी, सहर |  | भञ्ज्याङ | )( ][ |
| पक्की सडक | | सदावहार जङ्गल |  |

DRAFT

| | |
|---|---|
| कच्ची सडक  | पतझर जङ्गल  |
| रेलमार्ग  | कोणधारी जङ्गल  |
| चुचुरो, महासागरीय गहिराइ  | जिल्ला सिमाना  |
| रज्जुमार्ग (केबुलकार)  | अञ्चल सिमाना  |
| राष्ट्रिय निकुञ्ज  | अन्तर्राष्ट्रिय सीमाना  |

**३. शैक्षिक सामग्री**

नेपालको नक्सा, एटलस, पेन्सिल, इरेजर, सादा कागज, स्केल, सम्भव भएमा कम्प्युटर र प्रोजेक्टर

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) सर्वप्रथम कुनै एक वार्मअप क्रियाकलाप गराउनुहोस् । सम्भव भएमा Motivetational Clip देखाउनुहोस् । त्यसपछि सहभागीहरूलाई पालैपालो नक्सा निर्माण विधि सोध्दै बोर्डमा टिप्दै जानुहोस् र शिक्षकले नक्सा निर्माणका विभिन्न विधिहरूमध्ये स्वतन्त्र नक्साङ्कन विधिको प्रयोगात्मक सिप सिकाउनुहोस् ।

(ख) विद्यार्थीहरू सबैलाई आआफ्नो कापीमा नेपालको स्वतन्त्र नक्सा कोर्न लागाउनुहोस् । यसकार्यका लागि पाँच मिनेट समय दिनुहोस् । सबै विद्यार्थीको सक्रियताको मूल्याङ्कन गर्नुहोस् ।

(ग) विद्यार्थीले बनाएका नक्सामध्ये राम्रो नक्सा बनाउने विद्यार्थीलाई स्याबासी दिएर उसलाई पुनः नेपालको नक्सा कालोपाटी/सेतोपाटीमा बनाउन लगाउनुहोस् ।

(घ) अब सबैलाई एउटा सादा पानामा १८ ह १० से.मि. नापको अयात खिचेर त्यसलाई तल दिइएको चित्रमा जस्तै चार खण्डमा विभाजन गरेर नक्सा उतार्न लगाउनुहोस् ।

DRAFT

(ङ) उत्कृष्ट नक्सालाई पुरष्कृत गर्नुहोस् र कक्षाकोठामा टाँस्नुहोस् । शिक्षक साथीले विद्यार्थीहरूको क्रियाकलापको अनुगमन गर्नुहोस्, आवश्यकताअनुसार सहजीकरण गर्नुहोस्, विद्यार्थीलाई सक्रिय सहभागी हुने बातावरणको निर्माण गर्नुहोस् ।




## ५. मूल्याङ्कन विधि

**(क) नेपालको नक्सामाथि पातलो कागत राखेर रेखाङ्कित नक्सा कोरेर त्यसमा तलका तथ्यहरू भरेर देखाऊ :**

सगरमाथा हिमाल, पोखरा, जानकी मन्दिर, नेपालको राजधानी, पूर्वपश्चिम राजमार्ग ।

(ख) आफ्नो गाउँ वा टोलमा रहेको एक महत्त्वपूर्ण वा चर्चित स्थान वा चोक वा मूलबाटो वा दोबाटोदेखि आफ्नो घर वा विद्यालयसम्मको बाटाको नक्सा बनाऊ । बाटामा रहेका विभिन्न तथ्यहरू, जस्तै : धार्मिक स्थल, सहायक बाटो, दोबाटो, चौबाटो, चोक, चौतारो, बजार, कार्यालय, विद्यालय, खोला, पुल आदिलाई सङ्केत प्रयोग गरी नक्सामा देखाऊ ।

(ग) नेपालको नक्सा बनाई विभिन्न कुराहरू भरेर ल्याउन गृहकार्य दिनुहोस् ।

**(घ) विद्यार्थीले प्रयोगात्मक क्रियाकलाप र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |

DRAFT

| | | | |
|---|---|---|---|
| घ | | | |

धेरै राम्रो ३,  राम्रो २, सुधारात्मक १

६. **थप सुझाव**

विद्यार्थीहरूलाई सम्भव भएमा इन्टरनेटको प्रयोग गरी नेपालको नक्सामा विभिन्न ठाउँहरू गुगल अर्थबाट देखाउन सके विद्यार्थीलाई धारणा दिन सहज हुने देखिन्छ ।

DRAFT

| पाठ ९ | भूकम्प |
|---|---|

१. **सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी : २

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| भूकम्पबाट बच्ने तरिका अवलम्बन गर्न | • भूकम्पको सामान्य परिचय दिन,<br>• भूकम्पबाट जोगिन सावधानी अपनाउन,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न । |

२. **पाठ परिचय**

अचानक छोटो समयका लागि पृथ्वीको सतहमा हुने कम्पनलाई भूकम्प भनिन्छ । भूकम्प निरन्तर चलिरहने भौगर्भिक प्रक्रियाले गर्दा हुन्छ । भूकम्प नाप्ने यन्त्रलाई सिस्मोग्राफ भनिन्छ । यो रेक्टर स्केल एकाइमा नापिन्छ ।

**भूकम्पका कारणहरू**

१. टेक्टोनिक प्लेटको हलचल

२. पृथ्वीको भित्री भागमा रहेको ग्याँस वा म्याग्मा यताउति सर्नु

३. ज्वालामुखी विष्फोटन

४. विष्फोटक पदार्थको विष्फोटन (कृतिम)

५. ठुला ठुला पहिरो जानु

An earthquake (also known as a quake or tremor) is a violent movement of the rocks in the Earth's crust. Earthquakes are usually quite brief, but may repeat over a long period of time. They are the result of a sudden release of energy in the Earth's crust. This creates seismic waves, waves of energy that travel through the Earth.

There are large earthquakes and small earthquakes. Big earthquakes can take down buildings and cause death and injury. The study of earthquakes is called seismology. Seismology studies the frequency, type and size of earthquakes over a period of time.

When the earth moves offshore in the ocean, it can cause a tsunami. This can cause just as much death and destruction as an earthquake. Landslides can happen, too. This is an important part of the Earth's rock cycle.

Earthquakes are measured using observations from seismometers. The magnitude of an earthquake, and the intensity of shaking, is usually reported on the Richter scale . On the scale, 3 or less is scarcely noticeable, and magnitude 7 (or more) causes damage over a wide area.

DRAFT

## भूकम्पपूर्व, भूकम्पका समयमा र भूकम्पपश्चात् गर्नुपर्ने कार्यहरू

**(क) भूकम्पपूर्व गर्नुपर्ने कार्यहरू**

- घर, विद्यालय र कार्यालयमा सुरक्षित र असुरक्षित स्थानहरूको पहिचान गर्ने सुरक्षित स्थानतर्फ हरियो र असुरक्षित स्थानतर्फ रातो रङको सङ्केत गरी सबैलाई जानकारी गराउने,
- भूकम्पीय वा अन्य विपद् योजना बनाई जिम्मेवारी बाँडफाँड गर्ने,
- नियमित रूपमा वर्षमा कम्तीमा वर्षको दुईपटक विपद् आएको अभिनय गरी पूर्वाभ्यास गर्ने,
- भुइँचालोपश्चात्को स्थानान्तरण नक्सा बनाई सबैले देख्ने गरी खुला ठाउँमा राख्ने र त्यसका बारेमा सबै विद्यार्थी र शिक्षक, कर्मचारी एवम् अभिभावकलाई जानकारी गराउने,
- विपद्पछिको सम्पर्क योजना बनाउने,
- विपद्पश्चात् आवश्यक पर्ने सामग्री र प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने विद्यालय नजिकको समुदायलाई विद्यालयको विपद् व्यवस्थापन योजनाका बारेमा जानकारी गराउने र समन्वय गर्ने,
- विद्यालय र शिक्षकको सहभागितामा विपद्का बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**(ख) भूकम्पका समयमा गर्नुपर्ने कार्यहरू**

- नआत्तिई आफू रहेको स्थान सुरक्षित हो होइन यकिन गरी सुरक्षित स्थानतर्फ गई बस्ने,
- भागदौड र होहल्ला नगर्ने तथा जहाँपायो त्यहीँबाट हाम नफाल्ने,
- भूकम्प गएको हो भने बाहिर निस्कन र सुरक्षित स्थानमा जान सम्भव भए बाहिरको सुरक्षित स्थान तर्फ गई बस्ने । त्यसरी जाँदा चिप्लिएर लड्ने, माथिबाट खसेर लाग्ने वा नजिकको भित्ता भत्केर लाग्ने फुटेका सिसा र बिजुलीका तारले लाग्ने सम्भावना हुने हुँदा होसियारीपूर्वक टाउको छोपेर निस्कने,
- बाहिर निस्कन नसकिने भएमा विद्यालय वा घरभित्रकै सुरक्षित स्थानमा खाट, टेबलमुनि बस्ने वा बलियो थामनजिक बस्ने,
- सिसा भएका झ्याल, दराजहरू र अन्य असुरक्षित स्थान तथा वस्तुबाट तत्काल हट्ने । ओत लाग्ने कुरा नभए शरीरलाई सानो बनाई घुँडा टेकी ओत लागी गुडुल्की बस्ने ।

**(ग) भूकम्पपश्चात् गर्नुपर्ने कार्यहरू**

- भूकम्प रोकिनासाथ छिटो छिटो पूर्वनिर्धारित सुरक्षित स्थानमा जाने, सो स्थानमा जान नसकिने भएमा शिक्षकको निर्देशनअनुसार गर्ने,
- अरूलाई सुरक्षित बस्न मदत गर्ने,
- च्यापिएर वा थुनिएर बसेको भए उद्धार टोली नआएसम्म धैर्य गरेर बस्ने तथा धेरै आत्तिएर कराएर बल खेर नफाल्ने, (यस्तो गरेमा उद्धार टोली आएको बेला बल सकिएर आवाज दिन नसकिने हुन सक्छ ।)
- आगलागी हुन सक्ने वस्तु तत्काल बन्द गर्ने र आगोबाट टाढा जाने,
- सबै आए आएनन् जाँच गर्ने वा हाजिरी गर्ने । घरमा भए परिवारका सबै सदस्य छन् छैनन्, हेर्ने र नआएकाको खोजी गर्ने,
- भूकम्प फर्कने भएकाले तुरुन्त विद्यालय वा घरभित्र नजाने,
- घाइतेहरूको प्राथमिक उपचार गर्ने र रगत धेरै बग्न नदिने,
- फुटेका सिसा र बिजुलीका तारबाट सुरक्षित हुने,
- मानवीय क्षेती धेरै भएमा बालबालिकामा परेको आघात कम गर्न मनो सामाजिक परामर्श र क्रियाकलापहरू सञ्चालन गर्ने,
- अस्थायी सिकाइ केन्द्र स्थापना गरी शिक्षालाई सुचारु गर्ने ।

DRAFT

## ३. शैक्षिक सामग्री :

भूकम्प सम्बन्धि चित्र, फोटो, भिडियो क्लिप्स्, एटलस, ग्लोब, भूकम्पीय भित्ते नक्साहरू, चार्टहरू आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) भूकम्पको शाब्दिक अर्थबाट भूकम्पको परिचय खोज्न लगाउनुहोस् । भूकम्प सम्बन्धी विद्यार्थीहरूको पूर्वज्ञानको समीक्षा प्रश्नोत्तर र छलफलबाट गर्नुहोस् ।

(ख) चित्र, भिडियो क्लिप्स, ग्लोब, एटलस र भूकम्प सम्बन्धी नक्सा आदिको प्रयोगबाट भूकम्पको परिचय, कारण, असर वा त्यसबाट हुने क्षति, इपिसेन्टर, हाइपोसेन्टर आदि छलफलबाट प्रस्ट पार्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई ३ वा ६ समूहमा विभाजन गर्नुहोस् । भूकम्पको सम्भावित जोखिम र क्षतिबाट जोगिन निम्नानुसारका अवस्थामा एउटा समूहले एउटा विषयमा छलफलबाट हामीले अपनाउनुपर्ने सावधानी तथा गर्नुपर्ने कामहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गरी निष्कर्ष दिनुहोस् ।

**समूह (क)** भूकम्प आउनुअघि

**समूह (ख)** भूकम्प आइरहेको समयमा

**समूह (ग)** भूकम्प गइसकेपछि


(घ) विद्यार्थीहरूलाई लाइनमा राख्नुहोस् र एक छेउबाट पालैपालो एकदेखि सातसम्म गन्न लगाउनुहोस् । सात पुगेपछि आठौँ नम्बर पुगेकाले फेरि एकदेखि गन्दै सातसम्म जानुहोस् । यही क्रममा सबैले आआफ्नो रोल नम्बर सम्झन भन्नुहोस् । अब रोल नम्बर एक भएकाहरूको एउटा समूह, दुई भएकाहरूको अर्को समूह गर्दै सात ओटा समूह निर्माण गर्नुहोस् । प्रत्येक समूहलाई विद्यालयलाई आधार मानी तलको जस्तै एक एक ओटा योजना तयार पार्न जिम्मेवारी तोक्नुहोस् :

समूह क - विद्यालयभित्रको र विद्यालयबाहिरको सुरक्षित र असुरक्षित स्थान एवम् अवस्थाको पहिचान ।

यसअन्तर्गत विद्यालयको संरचनात्मक र गैरसंरचनात्मक स्वरूपको प्राथमिक जोखिम अवस्थाको जाँच गरी सुरक्षित र असुरक्षित अवस्था र स्थानहरूको पहिचान गरेर यकिन गरी सङ्केत गर्नुपर्छ । जुन स्थान, वस्तु वा अवस्थाले मानवीय वा भौतिक क्षति गर्न सक्ने सम्भावना देखिन्छ वा चोटपटक लाग्ने वा दुर्घटना हुने सम्भावना देखिन्छ, त्यसलाई असुरक्षित मान्नुपर्छ ।

समूह ख - स्थानान्तरण नक्सा निर्माण (भूकम्प आएको खण्डमा कुन बाटाबाट कसरी बाहिर जाने र कहाँ कसरी जम्मा हुने भन्ने देखाउने नक्सा)

DRAFT




समूह ग - प्राथमिक उपचार टोली निर्माण र गर्नुपर्ने कार्यका बारेमा छलफल एवम् नमुना सामग्रीको व्यवस्था

यो टोलीले विद्‍यालयमा विपद् आइपर्दा खोज उद्धार टोलीले ल्याई बुझाएका व्यक्तिको प्राथमिक उपचार गर्नुपर्छ । प्राथमिक उपचारले नहुने भएमा छिटो माध्यमबाट स्वास्थ्य संस्थामा लैजान सूचना तथा समन्वय टोलीलाई सूचित गर्नुपर्छ ।

समूह घ - खोजी उद्धार टोली निर्माण र गर्नुपर्ने कार्यका बारेमा छलफल

विपद्‍का समयमा सो टोलीले प्रधानअध्यपक वा संयोजकको निर्देशनमा हराएका व्यक्तिको खोजी गर्ने, घाइते र च्यापिएका व्यक्तिको उद्धार गरी प्राथमिक उपचार केन्द्रमा लगी बुझाउने गर्नुपर्छ ।

समूह ङ - खाना, पानी तथा बसोवासको टोली निर्माण गर्नुपर्ने कार्यका बारेमा छलफल

सो टोलीले विद्‍यालयमा विपद् आइहाल्यो भने कसरी न्यूनतम खानेकुरा र पानीको व्यवस्था गर्ने भन्ने योजना बनाई कार्यान्वयन गर्नुपर्छ । विपद्‍का बेला सकेसम्म विद्‍यार्थी घर नगएसम्मको अवस्थामा त्यस्ता सामग्री उपलब्ध गराई वितरण गर्ने व्यवस्था सो टोलीले गर्नुपर्छ । घर जान नसकेको बालबालिकालाई विद्‍यालय परिसरमा नै राख्नुपर्ने हुनाले त्यहाँ केही पाल टाँग्न पाल, बाँस, डोरी आदिको जोहो गरिराख्नुपर्छ ।

समूह च - सूचना सङ्कलन, सञ्चार, समन्वय र सुरक्षा योजना निर्माण र टोली निर्माण र गर्नुपर्ने कार्यका बारेमा छलफल

यो टोलीले विपद् आइपरेमा विद्‍यार्थीहरूको हाजिरी गरेर को आयो को आएन भनी यकिन गर्नु व्यवस्था मिलाउनुपर्छ । अनुपस्थित विद्‍यार्थी, शिक्षक र कर्मचारीको लगत बनाई प्रधानाध्यापकमार्फत खोज तथा उद्धार टोलीलाई दिनुपर्छ । घाइते भएका,

DRAFT

हराएका तथा नआएका विद्यार्थी र शिक्षक कर्मचारी यकिन गर्नुपर्छ । विद्यालयको क्षति भएका संरचनाको प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्नुपर्छ । आवश्यकता हेरी अभिभावक, सुरक्षा निकाय, रेडक्रस, दमकल, खोज तथा उद्धार टोली, सञ्चार माध्यम, स्वास्थ्य संस्था, सुरक्षा निकाय, समुदायका व्यक्तिहरू आदिसँग समन्वय गर्न लगाउनुहोस् र घटनाका बारेमा जानकारी गराउनुहोस् । त्यसपछि सहयोग माग गर्ने सूचना संप्रेषण गर्ने जस्ता कार्यबारे सचेत गराउनुहोस् ।

सबै समूहले आआफ्नो समूहमा बसी छलफल गरेर र सन्दर्भ सामग्री समेत अध्ययन गरेर योजनाहरू निर्माण गर्नुहोस् । योजना निर्माणको कार्य सकिएपछि प्रत्येक समूहले पालैपालो आफ्नो योजना प्रस्तुत गर्दै खुला छलफल गर्नुहोस् ।

(ङ) विद्यार्थीहरूलाई भूकम्पीय पूर्वाभ्यास गराउन कम्तीमा दुई दुई जना र बढीमा पाँच जना रहेको प्राथमिक उपचार टोली र खोज उद्धार टोली बनाउनुहोस् । दुईतीनजना विद्यार्थीलाई घाइतेको अभिनय गर्न पहिले नै भन्नुहोस् । बाँकीले विद्यार्थीको भूमिका निर्वाह गर्नुपर्ने छ भनी स्पष्ट पारिदिनुहोस् । भूकम्प आएको सङ्केत स्वरूप एक मिनेटसम्म घन्टी बज्ने छ भनी जानकारी गराउनुहोस् । घन्टी बजीरहँदा सुरक्षित स्थानमा टाउको लुकाएर वा डक कभर होल्ड गरेर बस्नुहोस् र रोकिएपछि सबै टोलीले आआफ्नो जिम्मेवारीअनुसारका कार्यहरू गर्नुपर्छ भनी सम्झाउनुहोस् । शिक्षकले पहिलो नै स्थानान्तरण नक्सा बनाएर ल्याई भूकम्प रोकिएपछि कुन बाटो भएर कहाँ जम्मा हुने भन्नेबारेमा नक्सा देखाएर बताइदिनुहोस् । त्यसपछि निम्नानुसार चरणबद्ध रूपमा पूर्वाभ्यास सञ्चालन गर्नुहोस् । पूर्वाभ्यास गर्दा हाँस्न, जिस्किन, कराउन र दौडन हुँदैन भनी सम्झाउनुहोस् ।

**विद्यालयमा भूकम्पीय पूर्वाभ्यास गर्ने चरणहरू**

- *विद्यार्थीहरूको सहभागितामा स्थानान्तरण नक्सा निर्माण र सबैले देख्ने गरी प्रदर्शन गर्ने,*
- *प्रत्येक कक्षाको बाटोसहितको खुला ठाउँमा जाने नक्सा प्रत्येक कक्षामा टाँस्ने,*
- *विद्यालयको सुरक्षित र असुरक्षित स्थानहरूका पहिचान गरी रातो र हरियो रङले सङ्केत गर्ने,*
- *विद्यार्थीहरू र शिक्षकहरूको भूमिका र जिम्मेवारी बाँडफाँड योजनाका बारेमा सबैलाई जानकारी गराउने,*
- *घन्टी, प्राथमिक उपचाचरका सामग्री, खोज उद्धारका सामग्री आदिको व्यवस्था गर्ने,*
- एक मिनेटसम्म घन्टी बजाएर भूकम्प आएको सङ्केत गर्ने,
- सो समययमा सबै विद्यार्थी र शिक्षक सुरक्षित स्थानमा बस्ने, बस्दा बेञ्चमुनि टाउको लुकाएर टुक्रक्क बस्ने,
- घन्टी रोकिएपछि नआत्तिई लाइन लागेर तोकिएको सुरक्षित स्थानमा जाने र लाइनमा बस्ने,
- शिक्षकले हाजिरी को आयो को आएन भनी हाजिरी गर्ने । अनुपस्थित विद्यार्थीका बारेमा प्रअ/तोकिएको व्यक्तिलाई जानकारी गराउने एवम् खोज तथा उद्धार टोलीलाई परिचालित गराउने,
- खोज तथा उद्धार टोलीले घाइतेलाई सुरक्षितसाथ बाहिर ल्याउने र प्राथमिक उपचार गर्ने ठाउँमा लैजाने,
- प्राथमिक उपचार टोलीले घाइतेहरूको उपचार गर्ने ।
- समन्वय र सञ्चार टोलीले सुरक्षा निकाय, रेडक्रस, स्वास्थ्यकर्मी, अभिभावक एवम् अन्य सम्वद्ध पक्षसँग समन्वय तथा सञ्चार गर्ने,
- सबै काम सकिएपछि विद्यार्थीलाई आफ्नो कक्षामा फिर्ता पठाउने । कक्षामा आपत्कालीन पूर्वाभ्यासका क्रममा भएका कमी कमजोरीहरूका बारेमा समीक्षा गर्ने ।

DRAFT

५. **मूल्याङ्कन विधि**

**(क) विद्यार्थीहरूको व्यक्तिगत र समूह कार्यको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| **समूह** | **निर्देशन बुझेको** | **कार्य सम्पादन गरेको** | **सहकार्य र सहयोग** | **सक्रिय सहभागिता** |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |
| ग | | | | |
| घ | | | | |

**सङ्केत :** धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

(ख) **तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् ?**

(क) भूकम्पको परिचय, इपिसेन्टर, हाइपोसेन्टर भनेको के हो ?

(ख) भूकम्प आउनुअघि अपनाउनुपर्ने सावधानीहरू के के हुन् ? आदि ।

६. **परियोजना कार्य**

आफ्नो घर तथा समुदायका जेष्ठ नागरिक र अन्य व्यक्तिहरूसँग सोधेर विभिन्न समयमा गएको भूकम्प, त्यसले गरेको क्षति, त्यसबाट बच्न गरिएको प्रयास आदिका सम्बन्धमा छोटो जानकारी सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

७. **थप सुझावहरू**

विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट आदिको सुविधा भएमा NSET, you tube / google earth बाट पनि थप सामग्रीहरू देखाउन र सुनाउन सकिने छ । जिल्लास्थित भूकम्प मापन केन्द्र र अन्य त्यस्तै स्थानमा स्थलगत भ्रमण पनि गराउन सकिन्छ ।

DRAFT

## पाठ १०　　हावाहुरी

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : १ (४५ मिनेट)

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| हावाहुरीबाट बच्ने तरिका अवलम्बन गर्न | • हावाहुरीको सामान्य परिचय दिन,<br>• हावाहुरीबाट जोगिन सावधानी अपनाउन,<br>• समालोचनात्मक सोचाइ सिपको विकास गर्न |

### २. पाठ परिचय

अचानक सामान्यभन्दा बढी गतिमा हावा चलेमा त्यसलाई हावाहुरी भनिन्छ । यो निरन्तर चलिरहने भौगोलिक प्रक्रियाले गर्दा हुन्छ । सामान्यतया हावाको बढी चाप भएको स्थानबाट कम चाप भएको स्थानतिर हावा निरन्तर बहिरहन्छ । कहिलेकाँही यस्तो हावाको वेग अत्यधिक बढ्न पुग्छ जसले हावाहुरीको सिर्जना हुन्छ ।

A storm is any disturbed state of an environment or astronomical body's atmosphere especially affecting its surface, and strongly implying severe weather. It may be marked by significant disruptions to normal conditions such as strong wind, hail, thunder and lightning (a thunderstorm), heavy precipitation (snowstorm, rainstorm), heavy freezing rain (ice storm), strong winds (tropical cyclone, windstorm), or wind transporting some substance through the atmosphere as in a dust storm, blizzard, sandstorm, etc .

Storms generally lead to negative impacts on lives and property such as storm surge, heavy rain or snow (causing flooding or road impassibility), lightning, wildfires, and vertical wind shear; however, systems with significant rainfall can alleviate drought in places they move through. Heavy snowfall can allow special recreational activities to take place which would not be possible otherwise, such as skiing and snowmobiling .

A thunderstorm, also known as an electrical storm, a lightning storm, or a thundershower, is a type of stormcharacterized by the presence of lightning and its acoustic effect on the Earth's atmosphere known as thunder. Thunderstorms occur in association with a type of cloud known as a cumulonimbus. They are usually accompanied by strong winds, heavy rain and sometimes snow, sleet, hail, or, in contrast, no precipitation at all. Thunderstorms may line up in a series or rainband, known as a squall line. Strong or severe thunderstorms may rotate, known as supercells. While most thunderstorms move with the mean wind flow through the layer of the troposphere that they occupy, vertical wind

DRAFT

shearcauses a deviation in their course at a right angle to the wind shear direction. Thunderstorms result from the rapid upward movement of warm, moist air .

Warm, moist updraft from a thunderstorm associated with a southward-moving frontal boundary. They can occur inside warm, moist air masses and at fronts. As the warm, moist air moves upward, it cools, condenses, and forms cumulonimbus clouds that can reach heights of over 20 km (12 .45 miles). As the rising air reaches its dew point, water droplets and ice form and begin falling the long distance through the clouds towards the Earth's surface. As the droplets fall, they collide with other droplets and become larger. The falling droplets create a downdraft of cold air and moisture that spreads out at the Earth's surface, causing the strong winds commonly associated with thunderstorms, and occasionally fog .

Thunderstorms can generally form and develop in any particular geographic location, perhaps most frequently within areas located at mid-latitude when warm moist air collides with cooler air. Thunderstorms are responsible for the development and formation of many severe weather phenomena. Thunderstorms, and the phenomena that occur along with them, pose great hazards to populations and landscapes. Damage that results from thunderstorms is mainly inflicted by downburst winds, large hailstones, and flash flooding caused by heavy precipitation. Stronger thunderstorm cells are capable of producing tornadoes and waterspouts .

There are four types of thunderstorms: single-cell, multicell cluster, multicell lines, and supercells. Supercell thunderstorms are the strongest and the most associated with severe weather phenomena. Mesoscale convective systems formed by favorable vertical wind shear within the tropics and subtropics are responsible for the development of hurricanes . Dry thunderstorms, with no precipitation, can cause the outbreak of wildfires with the heat generated from the cloud-to-ground lightning that accompanies them. Several methods are used to study thunderstorms, such as weather radar, weather stations, and video photography. Past civilizations held various myths concerning thunderstorms and their development as late as the 18th century. Other than within the Earth's atmosphere, thunderstorms have also been observed on Jupiter and Venus .

A storm surge occurs when water is pushed inland as a result of high winds. Coastal zones are particularly at risk for storm surges. While typically associated with tropical cyclones (hurricanes, typhoons, and cyclones) a storm surge can also occur when abnormally high winds combine with a high tide.

हावाहुरी आउनुअघि आइरहेको बेला र आइसकेपछि निम्नानुसारका सावधानीहरू अपनाउनुपर्छ :

DRAFT

(क) **हावाहुरी आउनुपूर्व गर्नुपर्ने कार्यहरू**

- झ्याल ढोका र कौसी वा बार्दलीनिर रहेका वस्तु नखस्ने गरी बाँध्ने,
- छानालाई राम्रोसँग भित्तासँग बाँध्ने ।

(ख) **हावाहुरी आइरहेको समयमा गर्नुपर्ने कार्यहरू**

- बिजुली बन्द गर्ने,
- झ्यालढोका बन्द गर्ने (घरभित्र हावा पसेमा छानो उडाउने सम्भावना हुन्छ ।),
- हुरी नरोकिएसम्म सुरक्षित स्थान नछोड्ने,
- हावाहुरीका बेला बाहिर नबस्ने सुरक्षित स्थानमा बस्ने,
- रुखमुनि, बिजुलीको तार वा पोलमुनि र साँघुरो गल्लीमा नजाने । भएमा तुररुन्त नजिकको सुरक्षित स्थानमा गई बस्ने,
- अनावश्यक भागदौड नगर्ने तथा भूमरी परेको भए त्यसतर्फ नजाने टाढा रहने,
- आँधीहुरी आइरहेको बेला विद्यार्थीलाई कक्षाबाहिर नपठाउने ।

(ग) **हावाहुरीपश्चात् गर्नुपर्ने कार्यहरू**

- बिजुलीका पोल ढलेर करेन्ट र आगो लाग्न सक्ने हुँदा सावधान रहने,
- तत्काल घरभित्र नजाने र हिँड्डुल नगर्ने, (आँधी फेरि आउन सक्छ ।)
- फुटेका सिसा र बिजुलीका तारबाट सुरक्षित हुने ।

## ३. शैक्षिक सामग्री

एटलस, ग्लोब, नक्साहरू, चार्टहरू आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) हावाहुरी सम्बन्धमा विद्यार्थीहरूको पूर्वज्ञानको समीक्षा प्रश्नोत्तर र छलफलबाट गर्नुहोस् । पाठ्य पुस्तकको पृष्ठ ८८ मा दिइएको चित्रका सम्बन्धमा छलफल गराई हावाहुरीको सामान्य परिचय गराउनुहोस् ।

(ख) पाठ्य पुस्तकको पृष्ठ ८८ र ८७ मा दिइएको विषयवस्तु एक अनुच्छेद एक जना विद्यार्थीलाई पढ्न लगाई सोसम्बन्धमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई ३ वा ६ समूहमा विभाजन गर्नुहोस् । हावाहुरी वा आँधीको सम्भावित जोखिम र क्षतिबाट जोगिन निम्नानुसारको अवस्थामा एउटा समूहले एउटा विषयमा छलफलबाट हामीले अपनाउनुपर्ने सावधानी तथा गर्नुपर्ने कामहरू टिपोट गरी कक्षामा

DRAFT

प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गरी निष्कर्ष दिनुहोस् :

**समूह** (**क**) हावाहुरी वा आँधी आउनुअघि

**समूह** (**ख**) हावाहुरी वा आँधी आइरहेको समयमा

**समूह** (**ग**) हावाहुरी वा आँधी आइसकेपछि

५. **मूल्याङ्कन विधि**

(क) **विद्यार्थीहरूको व्यक्तिगत व्यवहार र समूह कार्यको निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| **समूह** | **निर्देशन बुझेको** | **कार्य सम्पादन गरेको** | **सहकार्य र सहयोग** | **सक्रिय सहभागिता** |
|---|---|---|---|---|
| क | | | | |
| ख | | | | |
| ग | | | | |
| घ | | | | |

**सङ्केत** : धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

(ख) **तलका जस्तै छोटा छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

- हावाहुरी वा आँधी भनेको के हो ?
- हावाहुरी वा आँधी आउँदा अपनाउनुपर्ने सावधानीहरू के के हुन् ? आदि ।

६. **थप सुझावहरू**

विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट आदिको सुविधा भएमा you tube र google earth आदिबाट पनि थप सामग्रीहरू देखाउन र सुनाउन सकिने छ । दैवी प्रकोप उद्धार तथा व्यवस्थापन समिति र अन्य त्यस्तै स्थानमा स्थलगत भ्रमण पनि गराउन सकिन्छ ।

DRAFT

**पाठ ११ अफ्रिका**

**पाठ १२ उत्तर अमेरिका**

**पाठ १३ दक्षिण अमेरिका**

अनुमानित घन्टी : ६

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| - उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाको भौतिक तथा आर्थिक अवस्था र सामाजिक जनजीवन<br>- उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाको नक्सामा भौगोलिक तथ्यहरू | • उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्वीपको भौतिक, आर्थिक र सामाजिक जनजीवनबारे बताउन,<br>• उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्वीपको अध्ययनबाट आपसी सम्बन्धका बारेमा समालोचनात्मक सिपको विकास धारणा विकास गर्न,<br>• उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको नक्सामा भौगोलिक तथ्यहरू भर्न । |

**२. पाठ परिचय**

**अफ्रिका**

विश्वका सात ओटा महादेशमध्ये दोस्रो ठुलो महादेश अफ्रिका हो । यस महादेशलाई भूमध्यरेखाले बिचभागमा काटेको छ । त्यसैले यसको दक्षिणी भाग दक्षिणी गोलार्धमा र उत्तरी भाग उत्तरी गोलार्धमा पर्छ । यस महादेशको क्षेत्रफल करिब ३ करोड २ लाख ४७ हजार वर्ग कि.मि. छ । यस महादेशको ठुलो क्षेत्र उष्णप्रदेशमा पर्छ । त्यसैले यस महादेशको धेरैजसो स्थानमा बर्सैभरि गर्मी हुन्छ । यस महादेशमा धेरैजसो काला जातिका मानिसहरू बसोबास गर्छन् । उत्तर पश्चिमी क्षेत्रमा एटलस पर्वत श्रेणी छ । त्यसदेखि दक्षिणतर्फ विश्वकै ठुलो मरुभूमि सहारा मरुभूमि रहेको छ । यो मरुभूमि पूर्वपश्चिम फैलिएको छ । यहाँ वर्षा हुँदैन । त्यसैले यसको धेरैजसो भूभागमा मानिसको बसोबास छैन । कहीँ कहीँ पानी उपलब्ध हुने क्षेत्रमा मानव बासोबास छ । यहाँ सिउँडी जातका (cactus) काँडा भएका तर पात नभएका वनस्पतिहरू पाइन्छन् । यहाँको मुख्य जनावर उँट हो । अफ्रिकामा विश्वकै लामो नाइल नदीले पानी उपलब्ध गराएको छ । यो नदी सहारा मरुभूमिको पूर्वतर्फ दक्षिणबाट उत्तरतर्फ बहेको छ । यहाँ प्राचीनकालमा मानव सभ्यताको विकास भएको थियो ।

DRAFT

सहारा रुभूमिदेखि दक्षिणतर्फ विशाल घाँसे मैदान फैलिएको छ । यस मैदानको मध्यभागलाई सभानाको घाँसे मैदान पनि भनिन्छ । यस क्षेत्रमा विभिन्न प्रकारका जनावरहरू पाइने हुनाले यसलाई विश्वको चिडियाखाना पनि भनिन्छ । यस क्षेत्रका मानिसहरू पशुपालन र कृषि पेसा गर्छन् । यहाँ अत्यन्त गरिबी छ । हिजोआज यस क्षेत्रमा ठुला ठुला राष्ट्रिय निकुन्जहरू स्थापना भएका हुनाले पर्यटन व्यवसाय पनि फस्टाएको छ । अफ्रिकाको मध्यभागमा पश्चिमी किनारासम्म विशाल जङ्गल रहेको छ । यसलाई भूमध्य रेखीय वर्षा जङ्गल पनि भनिन्छ । यो जङ्गल कङ्गो नदीको वरिपरि फैलिएको छ । यहाँ दिनदिनै वर्षा हुन्छ । यहाँ अग्ला र ठुला रुखहरू रहेका छन् । यस क्षेत्रमा पनि मानव बसोबास निकै पातलो छ । यहाँको जनजीवन निकै पिछडिएको छ । अफ्रिकाको सबै भन्दा उत्तरी र सबैभन्दा दक्षिणी समुद्री किनारी भागमा भूमध्य रेखीय हावापानी पाइन्छ । यहाँ हिउँद्मा जाडो र वर्षा हुन्छ भने ग्रीष्म ऋतुमा गर्मी हुन्छ तर वर्षा हुँदैन । यो क्षेत्रमा सुन्तला जातका फलफुल खेती हुन्छ । अफ्रिका महादेशका विभिन्न स्थानमा सुन, तामा, हिरा, युरेनियम जस्ता बहुमूल्य पदार्थका खानीहरू रहेका छन् । यसका अलावा फलाम, पेट्रोलियम पदार्थ, जस्ता, खनिजहरू पनि रहेका छन् । अफ्रिकाको अधिकांश जनता गरिबीको रेखामुनि रहेका छन् । रोग र भोकले ग्रस्त छन् ।

## उत्तर अमेरिका

उत्तर अमेरिका विश्वको तेस्रो ठुलो महादेश हो । यसको क्षेत्रफल २ करोड, ४२ लाख, २७ हजार वर्ग कि.मि. रहेको छ । यस महादेशको उत्तरी भागमा अत्यन्त चिसो ध्रुवीय हावापानी पाइन्छ । यहाँ कतै कतै एस्किमो जातिका मानिसहरू बस्दछन् । यिनीहरू त हिउँको ढिक्काबाट बनेको घरमा पो बस्दछन् यस्तो हिउँको घरलाई इग्लु भनिन्छ । समुद्रको पानी पनि जमेर एउटै ढिका भएर रहछ । यहाँ मानिसजस्तै उभिएर हिँड्ने पेन्गुइन चरा र शरीरभरि भुवा भएको पानी बाहिर पनि बस्न सक्ने सिल माछा पनि पाइन्छ ।

क्यानाडामा सल्ला धुपी र देवदार जातका रुख पाइने विशाल जङ्गल छ । यसबाट ठुला ठुला काष्ठ कारखानाहरू सञ्चालनमा आएका छन् । उत्तर अमेरिकाको मध्यभागमा विशाल घाँसे मैदान (प्रेरिज) छ । यस मैदानी क्षेत्रमा व्यावसायिक रूपमा गहुँखेती गरिन्छ । त्यहाँ उत्पादन भएको गहुँ युरोप, दक्षिण अमेरिका र अफ्रिकासम्म निकासी हुन्छ । त्यसैले यस क्षेत्रलाई विश्वको अन्नको भण्डार पनि भनिन्छ । यस महादेशको पश्चिमतर्फ रकी पर्वत श्रेणी छ । यो उत्तर र दक्षिण लाम्चो आकारमा फैलिएको छ । यस महादेशको मध्यपूर्वी भागमा अपलेचियन नामको होचा पहाडहरू छन् । त्यसदेखि पश्चिमतर्फ पाँचओटा ठुला ठुला तालहरू छन्, जसलाई ग्रेट लेक्स भनिन्छ । यीमध्ये सुपेरियर ताल सबैभन्दा ठुलो ताल हो । यो ताल भन्डै हाम्रो देश जत्रो छ । यस महादेशमा क्यानाडा, यु.एस.ए र मेक्सिको करिब सबै भूभागहरू ओगटेको छ । दक्षिणतर्फ ससाना देशहरू रहेका छन् । यीमध्ये सङ्युक्त राज्य अमेरिका र क्यानाडा अत्यन्त विकसित मुलुकहरू हुन् । यहाँ कृषि, उद्योग, व्यापार र पर्यटन व्यवसायको राम्रो विकास भएको छ । यहाँ गोरा जातिका मानिसहरूको बाहुल्यता भए पनि विश्वका सबै देशका मानिसहरू बसोबास गर्छन् । यस महादेशमा दक्षिणबाट उत्तरतर्फ तापक्रम घट्दै जान्छ ।

DRAFT

## दक्षिण अमेरिका

दक्षिण अमेरिका क्षेत्रफलको हिसाबले विश्वको चौथो ठुलो महादेश हो । यो १२ डिग्री उत्तरदेखि ५५ डिग्री उत्तरी अक्षांशसम्म फैलिएको छ । उत्तर अमेरिकाको क्षेत्रफल १ करोड ८० लाख वर्ग किलोमिटर छ । यस महादेशको पश्चिम खण्ड पहाड, मध्य तथा दक्षिण खण्डमा मैदान र पूर्वी खण्डमा उच्चभूमि छ । यस महादेशको पश्चिम खण्डमा संसारकै लामो विशाल पर्वत शृङ्खला उत्तरदेखि दक्षिणसम्म फैलिएको एन्डिज पर्वत श्रेणी छ, जसको लम्बाइ करिब ७००० कि.मि. छ । यहाँ विश्वका ६००० मिटरभन्दा अग्ला थुप्रै टाकुराहरू छन् । बिचबिचमा उच्च समस्थलीहरू र ओरिनोको नदीले बनाएका मैदान पनि छन् । अकान्कागुवा सबैभन्दा अग्लो शिखर हो जुन ६९६० मिटरभन्दा अग्लो छ । यस क्षेत्रमा धेरै ज्वालामुखी भएकाले प्रायः भूकम्प गइरहन्छ । टिटिकाका ताल यो महादेशमा सबैभन्दा बढी उचाइमा रहेको ताल हो ।

ब्राजिलको उच्चभूमि ज्यादै कडा तथा पुरानो चट्टनले बनेको छ । उत्तरतर्फ गायनाको उच्चभूमि छ । विश्वकै ठुलो मानिएको अमेजन नदी बिचमा छ । ब्राजिलको अमेजन क्षेत्रमा घना उष्ण सदाबहार जङ्गल (सेल्वाज) फैलिएको छ । यहाँ मानव बस्ती छैन तर सेल्वाज जङ्गलमा केही सङ्ख्यामा लाल भारतीय (Red Indians) जातिका आदिवासी अहिले पनि प्रारम्भिक जीवन निर्वाह गरिरहेका छन् ।

दक्षिणतर्फ पराना र पराग्वे नदीले बनाएको समथर भाग छ । यस क्षेत्रमा वर्षा कम हुने हुनाले विशाल घाँसेभूमि छ । जसलाई पम्पास भनिन्छ । घाँसे मैदानको आसपासमा प्रशस्त पशुपालन व्यवसाय सञ्चालन भएको छ । यस क्षेत्रमा प्रशस्त मात्रामा गहुँ उत्पादन हुन्छ । अर्जेन्टिनाले मासु र गहुँ निर्यात गर्छ । ब्राजिलले कफी निर्यात गर्छ । दक्षिणतिर एन्डिजको वृष्टिछायामा परेको भूभाग मरुभूमिमा परिणत भएको छ । चिलीको उत्तरमा एटाकामा र अर्जेन्टिनाको दक्षिणतर्फ पाटागोनिया मरुभूमि रहेको छ ।

दक्षिण अमेरिकाको विभिन्न ठाँउमा पेट्रोल, सुन, फलाम, तामा, कोइला, हिरालगायत विभिन्न खनिज पदार्थ पाइन्छ, जस्तै : भेनेजुयला र कोलम्बियामा पेट्रोल उत्पादन हुन्छ ।

### ३. शैक्षिक सामग्री

अफ्रिका, उत्तर अमेरिका र दक्षिण अमेरिकाको प्राकृतिक र राजनीतिक भित्तेनक्सा, एटलस, पेन्सिल, इरेजर, सादा कागज, स्केल, महादेशका आउटलाइन नक्सा, चित्र, फोटाहरू, सम्भव भएमा कम्प्युटर/ल्यापटप र प्रोजेक्टर

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई नक्सा सम्बन्धी एउटा प्रश्न गाउँखाने कथाका रूपमा सोध्नुहोस्, जस्तै : देश छ जनता छैनन्, जङ्गल छ, रुख छैनन्, समुद्र छ पानी छैन के हो ? विद्यार्थीले अनेक उत्तरहरू दिने छन्, त्यसमध्ये कसैले नक्सा भनेर पनि उत्तर दिन सक्छ । उत्तर नआए आफैँले भनिदिनुहोस् । यस अभ्यासले विद्यार्थीमा उत्प्रेरणा र जिज्ञासु बनाउने काम गर्छ ।

(ख) विद्यार्थीहरूलाई दुई बेन्चको एउटा समूह बनाई एटलसमा अध्यापन गर्न लागेको नक्सा खोज्न लगाई अध्ययन गर्न लगाउनुहोस् । प्राप्त गरेका कुराहरू टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

DRAFT

(ग) महादेशको नक्सा भित्तामा टाँगेर महादेशको परिचय, जस्तै : धरातलीय स्वरूप, हावापानी, आर्थिक क्रियाकलाप, विशेषताहरूको व्याख्या गरिदिनुहोस् । विद्यार्थीका जिज्ञासाहरू पनि बिचबिचमा शान्त पार्दै जानुहोस् ।

(घ) विद्यार्थीलाई सम्बन्धित महादेशको खाली नक्सामा विभिन्न तथ्यहरू भर्न दिनुहोस् । नक्साभित्र सकेसम्म सङ्केत मात्र प्रयोग गरी नक्सा बाहिर सङ्केतको अर्थ राख्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीले भरेको उत्कृष्ट नक्सालाई पुरष्कृत (हौसला बढाउने कार्य) गर्नुहोस् र कक्षाकोठामा टाँस्नुहोस् । शिक्षक साथीले विद्यार्थीहरूको क्रियाकलापको अनुगमन गर्नुहोस्, आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र विद्यार्थीलाई सक्रिय सहभागी हुने वातावरणको निर्माण गर्नुहोस् ।

**५. मूल्याङ्कन विधि**

**(क) विद्यार्थीहरूलाई निम्न लिखित प्रश्न सोध्नुहोस् :**

- महादेशको परिचय छोटकरीमा देऊ ।
- महादेशको धरातलीय स्वरूप र हावापानीको विवरण लेख ।
- त्यहाँको जनजीवन र आर्थिक क्रियाकलापका बारेमा स्पष्ट पार ।
- दिइएका तथ्यहरू खालि नक्सामा भर । (विभिन्न महादेशका विभिन्न तथ्यहरू भर्न दिनुहोस्)

**(ख) अफ्रिका, उत्तर अमेरिका र दक्षिण अमेरिकाको नक्साहरू एटलसमा हेरेर तलको तालिकामा महादेशअनुसार छुट्टा छुट्टै भर्न लगाउनुहोस् :**

| मुख्य पर्वत | मुख्य नदीहरू | तालहरू | समुद्र | शहरहरू | उत्पादन |
|---|---|---|---|---|---|
| | | | | | |

**(ग) विद्यार्थीले प्रयोगात्मक क्रियाकलाप र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |

DRAFT

**धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १**

## ६. थप सुझाव

विद्यार्थीहरूलाई सम्भव भएमा कम्प्युटर/ल्यापटपको प्रयोग गरी विश्वको नक्सामा विविध जानकारी गुगल अर्थबाट गराउनुहोस् । नयाँ प्रविधिको खोजी गर्नुहोस् वा सहकर्मी तथा अरू जानकार व्यक्तिसँग सिक्न नहिच्किचाउनुहोस् । मोबाइल, इन्कार्टा तथा ब्रिटानिकाबाट पनि तपाइँले अध्यापन गर्ने विषयमा प्रशस्त सूचना र जानकारी पाउनुहुनेछ ।

DRAFT

| एकाइ ६ | हाम्रो विगत |
|---|---|
| पाठ १ | नेपालको एकीकरण अभियानमा जनताको सहभागिता |
| पाठ २ | नेपालको एकीकरण |
| पाठ ३ | एकीकरणको निरन्तरता र अन्त्य |

अनुमानित घन्टी : ६

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| आधुनिक नेपालको एकीकरण अभियान र यसमा जनताको भूमिका उल्लेख गर्न | • नेपालको एकीकरण अभियानको उद्देश्य, महत्त्व र प्रक्रियाका बारेमा धारण प्राप्त गरी बताउन,<br>• नेपाल एकीकरण अभियानमा नेपाली जनताको भूमिकाबाट प्रेरणा प्राप्त गर्न,<br>• नेपालको एकीकरण अभियान सम्बन्धी अवधारण सिकाइका क्रममा समालोचनात्मक सोचाइ सिपको प्रयोग गर्न,<br>• ऐतिहासिक घटनाहरूलाई नाटकीकरण गरेर जीवन्त रूपमा प्रस्तुत गर्न,<br>• युद्धको समयमा पनि शान्तिको मार्गको सम्भावना पहिचान गर्न । |

## २. पाठ परिचय

पहिले पहिले काठमाडौँ उपत्यकालाई मात्र नेपाल भन्ने गरिन्थ्यो । लिच्छवीकालमा राजा शिवदेव, मानदेव र अंशुवर्माले नेपाललाई पूर्व र पश्चिमतर्फ विस्तार गरी विशाल नेपाल बनाउने अभियान चलाएको देखिन्छ । मल्लकालमा पनि यक्ष मल्लगायतका राजाहरूले काठमाडौँ उपत्यका वरपरका ससाना राज्यहरूलाई नेपालमा मिलाई नेपालको सिमाना विस्तार गरेर विशाल नेपाल बनाउने प्रयास गरेका थिए । मल्लकालको अन्त्यतिर नेपाल धेरै साना साना टुक्रे राज्यमा विभाजित हुन पुग्यो । यक्ष मल्लका छोरा नातिले नेपाललाई कान्तिपुर, भक्तपुर र ललितपुर गरी तीन राज्यमा विभाजन गरेका थिए थिए । काठमाडौँदेखि पूर्वतर्फ टिष्टा नदीसम्म विजयपुर, चौदन्डी, मकवानपुर गरी तीन राज्य थिए भने गाउँ गाउँमा ससाना गाउँले राजा रजौटाहरूले राज्य गर्दथे । पश्चिमतर्फ गण्डकी क्षेत्रमा चौबिस ओटा र कर्णाली क्षेत्रमा बाइस ओटा राज्यहरू रहेका थिए । ती ससाना राज्यहरू आपसमा युद्ध, लडाइँ वा झगडा गरिरहन्थे । यसले गर्दा कहिले पनि जनताले शान्तिको सास फेर्न पाउँदैनथे । राजा रजौटाहरू ससानो निहुँमा पनि लडाइँ गर्दथे । अर्को देशको आक्रमणको त्रासले जनतालाई सधैँ

सताइरहन्थ्यो । एक देशले अर्को देशमा आक्रमण गर्दा निहत्था सर्वसाधारण जनतामाथि निर्मम तरिकाले दुख दिने गर्दथे । अनाहकमा सयौँ युवाहरूले युद्धमा ज्यान गुमाउनुपर्दथ्यो । धेरै बालबालिकाहरू टुहुरा र महिलाहरू विधवा हुनुपर्ने बाध्यता थियो । विकास र निर्माणको कार्य ठप्प थियो । त्यसैले जनता यस्तो त्रासदीपूर्ण र हिंसाग्रस्त अवस्थाबाट मुक्ति पाउन चाहन्थे ।

दक्षिणतर्फ भारतमा बेलायतबाट आएर शासन विस्तार गरिरहेको इस्ट इन्डिया कम्पनीले आफ्नो सिमाना विस्तार गरिरहेको थियो । नेपालका ससाना राज्य यस अभियानबाट सुरक्षित रहने सम्भावना थिएन । त्यसैले गोरखाका राजा पृथ्वीनारायण शाहले ती धेरै टुक्रामा विभाजित राज्यहरूलाई एकीकरण गरेर एउटै सिङ्गो नेपालका रूपमा स्थापित गर्न सुरुआत गरेका थिए । उनको यो अभियानमा नेपाली जनताले पनि साथ दिए । पटक पटक युद्ध लडेर दुःख पाइरहनुभन्दा एकपटक युद्ध लडेर सबै ससाना राज्यलाई एउटै विशाल नेपालमा मिलाउन पाए नेपाल शक्तिशाली हुन सक्दथ्यो । नेपाली जनता शान्ति र विकास चाहन्थे । यसैबिच गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालका ती साना साना राज्यहरूलाई मिलाएर एउटै विशाल नेपाल बनाउने अभियानको सुरुआत गरे । उनले एकीकरण अभियानको नेतृत्व गरे, योजना बनाए, सेनाको हौसला बढाए । उनले कमभन्दा कम युद्ध गर्नु परोस् भनेर कतिपय राज्यहरूसँग मित्रता गाँस्ने, सन्धि गर्ने र वैवाहिक सम्बन्ध गाँस्ने जस्ता उपायहरू पनि अपनाएको देखिन्छ । पृथ्वीनारायण पछिका शासक र उत्तराधिकारीहरूले पनि यसलाई निरन्तरता दिए । पृथ्वीनारायण शाहले आफूले जितेका राज्यका सेनालाई पनि नेपाली सेनामा समावेश गरेर बदलाको भावना एवम् आपसी इर्ष्या र द्वेषको अन्त्य गर्ने प्रयास गरेका थिए । उनको यो पवित्र उद्देश्य पूरा गर्न नेपाली जनताले उनलाई साथ दिएका थिए । पृथ्वी नारायणशाहले ठुलो देशको राजा हुने इच्छा मात्र राखेको भए नेपाली जनताले साथ दिने थिएनन् । हजारौँ नेपाली जनताले नेपाल एकीकरणमा साथ दिएका थिए । गोरखाका एक नागरिक विबे नगर्चीले पृथ्वीनारायण शाहलाई एकीकरणका लागि सल्लाह दिएका थिए । गोरखाली जनताले नगद र जिन्सी सामानसमेत दिएर एकीकरण अभियानलाई सघाएका थिए । कयौँ साहसिक वीरवीराङ्गनाहरूले आफ्नो ज्यानको बाजी लगाएर एकीकरण अभियानलाई सफल परेका हुन् । नेपाली जनताको सहयोग र सहभागिता भएर नै आज हामीले नेपाललाई यो रूपमा पाएका छौँ ।

शिक्षक मित्रहरू, सामाजिक अध्ययन विषयअन्तर्गत ऐतिहासिक घटनाहरू सम्बन्धी विषयवस्तु सिकाउनुको उद्देश्य विद्यार्थीलाई इतिहासका घटनाहरू घोकाएर इतिहासका कथाहरू भन्न सक्ने बनाउनु मात्र होइन । विगतका घटनाहरूका बारेमा जानकारी लिने, विश्लेषण गर्ने, त्यसका राम्रा पक्षबाट प्रेरणा प्राप्त गर्ने, खराब कुराबाट पाठ सिकेर सचेत हुने र आफूलाई समाजमा एक उत्कृष्ट नागरिकका रूपमा स्थापित गर्न सिकाउनु हो । त्यसैले इतिहास सम्बन्धि विषयवस्तुलाई निरस र मरेका रूपमा नभएर जीवन्त एवम् रमाइला बालकेन्द्रित क्रियाकलापहरूमार्फत सिकाइ सहजीकरण कार्य अघि बढाउनुपर्छ । यस सम्बन्धी पाठहरू शिक्षण गर्ने क्रममा विद्यार्थीमा सिर्जना गर्ने, समालोचनात्मक सोचाइको विकास गर्ने, सकारात्मक सोच र प्रेरणा प्राप्त गर्ने जस्ता अवसरहरू प्रदान गर्नुपर्छ । शान्ति समन्वय र सहकार्यको उद्देश्यअनुरूपको सिकाइ वातावरण तयार पार्नुपर्छ । हाम्रा ऐतिहासिक घटनाहरूमा युद्ध, द्वन्द्व, बदला, हिंसा र षड्यन्त्रका कुराहरू धेरै आउने हुनाले बालबालिकामा

DRAFT

नकारात्मक प्रेरणा प्राप्त हुनेतर्फ सचेत हुँदै राम्रा र सकारात्मक पाटोलाई उजागर गर्ने गरी सिकाइ सहजीकरण क्रियाकलाप अघि बढाउनुपर्छ ।

## ३. शैक्षिक सामग्री

नेपालको राजनीतिक नक्सा, नेपालको एकीकरण अघिको काल्पनिक नक्सा, भूमिका अभिनयका लागि आवश्यक सामग्रीहरू (उपलब्ध कागज, लट्ठी आदिबाट कक्षामा नै विद्यार्थीलाई नै तयार पार्न लगाउनुहोस्, जस्तै : राजाको श्रीपेच, तरबार, बन्दुक, चिठी, सैनिकको टोपी आदि), दिव्य उपदेश लेखिएका फ्लास कार्डहरू, एकीकरण अभियानका घटना झल्कने कथाहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) नेपालको राजनीतिक नक्सा भित्तामा टाँस्नुहोस् । सबै विद्यार्थीलाई आफूसँग भएको एटलसमा भएको नेपालको राजनीतिक नक्सा पल्टाएर हेर्न लगाउनुहोस् । वि.सं. १८२५ भन्दा पहिले नेपाल यस्तो थिएन भनी उनीहरूलाई बाइसे चौबिसे राज्यको नामको सूची प्रदर्शन गरेर ती राज्यको नामसँग मिल्दो जुल्दो नाम भएका ठाउँहरू पहिचान गर्न लगाउनुहोस् । अब एसियाको राजनीतिक नक्सा प्रदर्शन गर्दै अन्य देशको तुलनामा नेपालको आकार तुलना गर्न लगाउनुहोस् । यदि नेपाल एकीकरण नभएको भए ती साना राज्यहरू कहाँ हुन्थे होलान् भनी छलफल गर्नुहोस् । यस छलफलको निष्कर्ष स्वरूप नेपालको एकीकरणको आवश्यकता परेका बारेमा बताउनुहोस् ।

(ख) नेपाल एकीकरणमा नेपाली जनताको सहभागिता सम्बन्धमा प्रचलित बिसे नगर्चीले पृथ्वीनारायण शाहलाई सल्लाह दिएको कथा, बुढी आमाले सल्लाह दिएको कथा, पृथ्वीनारायण शाहले भक्तपुरका राजकुमारसँग मित लगाएको कथा जस्ता ऐतिहासिक घटनामा आधारित कथा वा विवरण रोचक तरिकाले सुनाउुहोस् र बिचबिचमा छलफल पनि गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई प्रस्तुत कथाका आधारमा भूमिका अभिनयका लागि संवाद लेख्न लगाउनुहोस् । आवश्यक सामग्री तयार पार्न लगाउनुहोस् । केहीबेर अभ्यास गर्न लगाउनुहोस् र कक्षामा पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् र आफूले सहयोग गर्नुहोस् । एक समूहले प्रस्तुत गरिरहँदा अर्को समूहले मूल्याङ्कन पनि गर्दै जानुहोस् र सबै जनाको प्रस्तुतिपश्चात् प्रत्येक नाटकको निष्कर्ष बताइदिनुहोस् ।

(घ) एकीकरण अभियानको घटना देखाउने समयरेखा र तालिका प्रस्तुत गर्दै एकीकरण अभियानका बारेमा छलफल गर्नुहोस् । नेपाल एकीकरणको आवश्यकता र महत्त्व झल्काउने फ्लास कार्डहरू वितरण गरेर त्यसमा आफ्नो धारणा लेख्न लागाई विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् । अन्तमा आफूले थप उदाहरण दिएर प्रस्ट पारिदिनुहोस् ।

(ङ) पृथ्वीनारायण शाहका एक एक ओटा दिव्योपदेश लेखिएका कागतका टुक्रा दिनुहोस् । साथमा एक एक ओटा कार्डबोर्डको टुक्रा, साइन पेन, रङ्ग र कैँची पनि दिनुहोस् । विद्यार्थीलाई जस्तो मन लाग्छ त्यस्तै डिजाइनमा एक टुक्रामा एक उपदेश लेख्न लगाउनुहोस् । सबै जनाले बनाइसकेपछि एउटा डोरीमा माला बनाएर टाँस्नुहोस् र

DRAFT

सबैलाई सबै उपदेश पढ्न लगाउनुहोस् । आफूलाई मन परेका तीन उपदेश टिप्न लगाई मन पर्नाका कारणसहित कक्षामा भन्न लगाउनुहोस् ।

पृथ्वीनारायण शाहका केही सान्दर्भिक दिव्य उपदेशहरु बुँदागत रुपमा दिने ।

(च) पाठ्य पुस्तकमा भएको पाठ तीनको एकीकरणको निरन्तरता र अन्त्य शीर्षकका संवादका अंशहरू कक्षाका दुई दुई जना विद्यार्थीहरूलाई पालै पालो पढ्न लगाउनुहोस् । अरुले सुन्दै पाठ्य पुस्तकमा भएको संवाद पढ्दै जानुहोस् । संवाद पढी सकेपछि एक बेन्चको एक समूह हुने गरी समूहमा बसेर एकीकरण अभियानलाई निरन्तरता दिएका सम्बन्धी कुनै एक घटनाका सम्बन्धमा संवाद लेख्न लगाई कक्षामा पालै पालो प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गर्नुहोस् ।

(छ) नेपाल एकीकरण भएको कारणले के के फाइदा भएको छ र एकीकरण नभएको भए के के हुने थियो होला भन्ने सम्बन्धमा आफ्नो विचार समेटेर आफ्ना तर्कहरू लेख्न लगाउनुहोस् । आफूले लेखेका तर्कहरू आफूसँगैका साथीहरूका तर्कसँग छलफल गरी मिल्ने बुँदाहरू मात्र छानेर प्रत्येक बेन्चबाट प्रस्तुत गर्नुहोस् । कक्षाभरिबाट प्रस्तुत तर्कहरूमध्ये साझा तर्कहरू समेटेर एकीकरणका महत्त्वहरू तयार पार्नुहोस् र छलफल गर्नुहोस् ।

(ज) विद्यार्थीहरूलाई तलको लेखको अंश पढ्न लगाएर छलफल गर्नुहोस् :

## युद्धमा पनि शान्तिको मार्ग

कान्तिपुरका जनता आफ्नो धार्मिक एवम् साँस्कृतिक पर्व इन्द्रजात्रा मनाइरहेका थिए । गोरखा राज्यले त्यसै दिन कान्तिपुरमाथि आक्रमण गरी गोरखा राज्यमा मिलाए । त्यस दिन कुमारीको रथ यात्रा चलाउने तयारी थियो । मध्यरातमा पृथ्वीनारायण शाह कान्तिपुरको राजगद्दीमा बसेपछि कान्तिपुरका जनतासँग गोरखाको कुनै शत्रुता नरहेको भनाइ राख्दै कान्तिपुरका भाइभारदारहरूलाई सम्बोधन गरे । उनले त्यहाँको धर्मसंस्कृतिको सम्मान गर्दै कुमारीको रथ यात्रा चलाउने कार्यको निरन्तरता दिए । कान्तिपुरका जनताले पनि उनको यो सदाशयताको कदर गर्दै जात्रालाई निरन्तरता दिए । यसबाट पृथ्वीनारायण शाहले कान्तिपुरका जनताको समर्थन पाए र पुनः युद्ध हुन सक्ने सम्भावनाको अन्त्य भयो ।

त्यसैगरी कान्तिपुरका राजा जयप्रकाश मल्ल राती नै भागेर ललितपुरमा लुक्न पुगे । भोलिपल्ट ललितपुर आक्रमणको हल्ला सुनेर ललितपुरका राजा तेज नरसिंह मल्ल र जयप्रकाश मल्ल भागेर भक्तपुरमा लुक्न गए । पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित मल्ललाई युद्ध नगर्न र ती भागेर आएका राजाहरू तेजनरसिंह मल्ल र जयप्रकाश मल्ललाई पृथ्वीनारायण शाह समक्ष बुझाइदिन अनुरोध गरे । तर रणजित मल्लले त्यसो गर्न नमानेपछि त्यहाँ युद्ध भयो । गोरखाले भक्तपुर जित्यो । तीन ओटै राजाहरू युद्ध बन्दीका रूपमा पक्राउ परे । ती पक्राउ परेका युद्धबन्दीहरूको हत्या गरिएन बरु पृथ्वीनारायण शाहले तीन ओटै राजालाई

DRAFT

ससम्मान आआफ्नो इच्छा व्यक्त गर्न अनुरोध गरे । भक्तपुरका राजा रणजित मल्लले काशीवासमा जाने इच्छा व्यक्त गरे । उनको यो इच्छा तत्काल पूरा गरियो । कान्तिपरका राजा जयप्रकाश मल्ल घाइते भएका हुनाले आफ्नो अन्तिम संस्कार पशुपतिनाथ मन्दिर नजिकैको आर्यघाटमा गराइदिन अनुरोध गरे । जयप्रकाश मल्लको यो इच्छा पनि पूरा भयो । उनलाई जिउँदो रहुन्जेल आर्यघाटमा नै सुरक्षित साथ रहने र मृत्यु पश्चात ससम्मान दाह संस्कार गर्ने बन्दोवस्त मिलाइदिए । ललितपुरका राजा तेजनरसिंह मल्लले खाली प्राणरक्षाको मात्र इच्छा व्यक्त गरेकाले आजीवन भक्तपुर दरबारमा नै कैद गरियो । यसरी एकीकरण अभियानका क्रमम आफूसँग युद्ध लडेका व्यक्तिलाई युद्धको नियमअनुसार आत्म समर्पण पश्चात् जीवन दान दिनुको साथै उनीहरूको सम्मानसमेत गरेको घटनाले युद्धमा पनि शान्तिको प्रयत्न हुन सक्छ भन्ने प्रेरणा प्राप्त भएको छ ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीले भूमिका अभिनय र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |

धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

(ख) विद्यार्थीहरूलाई एकीकरण अभियानका सम्बन्धमा छोटा प्रश्नहरू सोधेर लिखित वा मौखिक जावफ प्राप्त गरी उनीहरूको ज्ञान तथा धारणाको सिकाइको अवस्था पहिचान गर्नुहोस् । सिकाइ कमजोर भएका विद्यार्थीलाई पुनः सिकाउनु ।

- नेपाल एकीकरण किन भएको थियो ?
- नेपाल एकीकरणका कारण के कस्ता फाइदाहरू भएका छन् ?
- बाइसे चौबिसे राज्य भनेको के हो ?
- पृथ्वीनारायण शाहले युद्धका साथ साथै गरेको शान्तिको प्रयास उल्लेख गर्दै साथीलाई पत्र लेख ।
- तिम्रो समुदायमा झगडा परेमा कसरी मिलाइन्छ ?

DRAFT

## ६. थप सुझाव

यस पाठ शिक्षण गर्ने क्रममा शिक्षकले एकीकरण अभियान सम्बन्धी इतिहासका पुस्तक अध्ययन गर्न लगाउन सकिन्छ ।

DRAFT

## पाठ ४ सुगौली सन्धि पछिको राजनीतिक घटनाक्रम

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : २

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| सुगौली सन्धिपछिको नेपालको राजनीतिक अवस्था र राणाकालीन नेपालको राजनीतिक, आर्थिक र सामाजिक सुधार वर्णन गर्न | • सुगौली सन्धिपछिको राजनीतिक घटनाक्रमका बारेमा जानकारी प्राप्त गरी विश्लेषण गर्न,<br>• सुगौली सन्धि पछिको राजनीतिक घटनाक्रम झल्कने सूची तयार पार्न,<br>• ऐतिहासिक घटनाक्रमहरूलाई समयरेखामा प्रस्तुत गर्न,<br>• भूमिका अभिनय गर्न,<br>• विगतमा भएका राम्रा कार्यहरूको खोजी, पहिचान र तिनबाट प्रेरणा प्राप्त गर्न । |

### २. पाठ परिचय

नेपालमा पृथ्वीनारायण शाहबाट वि.सं. १८०१ बाट सुरु भएको एकीकरण अभियानलाई उनीपछि उनका छोराहरू प्रतापसिंह शाह, बहादुर शाह, बुहारी राजेन्द्रलक्ष्मी, नाति रणबहादुर शाह र भीमसेन थापाले अघि बढाइरहे । नेपालको सिमाना पूर्वमा टिष्टा नदीसम्म, पश्चिममा कुमाउँ गढवालसम्म र दक्षिणमा बनारससम्म फैलन पुगेको थियो । नेपाल यसरी बिस्तारै हुँदै गएको दक्षिणतर्फ शासन गरिरहेको अङ्ग्रेजलाई असह्य भएको थियो । उनीहरू नेपालको यो विस्तारलाई रोक्न चाहन्थे । नेपालले एकीकरण गरेका दार्जिलिङ, आसाम, देहरादुन जस्ता शीतल र रमणीय स्थानहरू आफ्नो बनाउन चाहन्थ्यो । त्यसैले उसले नेपालको राजदरबारमा फाटो ल्याउने कार्यमा भित्र भित्रबाट सक्रिय हुन थाल्यो । यता दरबारमा भारदारहरूबिचमा एकअर्कामा बदला लिने र आफू सत्तामा जान षड्यन्त्रहरू चल्न थाल्यो । फलस्वरूप अङ्ग्रेजले निहुँ खोजेर आक्रमण गऱ्यो । नेपाल र अङ्ग्रेज सेनाबिचमा विभिन्न ठाउँमा घमासान युद्ध भयो । हातहतियार र तालिम प्राप्त सैनिक बल भएको अङ्ग्रेजसँग नेपालको केही सिप लागेन । धेरै नेपाली वीरवीराङ्गनाहरूले बहादुरीका साथ नेपालको सिमाना रक्षा गर्ने प्रयास गरे । तर जताततै हार हुन थालेपछि भिमसेन थापाले अङ्ग्रेजसँग सन्धिको प्रस्ताव गरे । अङ्ग्रेजले मेची र महाकाली नदीदेखि बाहिरको सबै भूभागलगायत तराईको ठुलो भूभाग नेपालले छाड्नुपर्ने सर्त राख्यो । पुरै देश हार्नुभन्दा केही भूमि गुमाउनु परे पनि देश जोगिन्छ भने त्यसैलाई ठुलो उपलब्धि मानेर नेपालले सर्त स्वीकार गऱ्यो । जसअनुसार सुगौली भन्ने ठाउँमा नेपाल र इस्ट इन्डिया कम्पनीबिचमा सन्धि भयो । यसलाई सुगौली सन्धि भनिन्छ ।

सुगौली सन्धिपछि नेपालको एकीकरण अभियान अन्त्य भयो । त्यसैले नेपालमा प्रशासनिक सुधार, विकास निर्माण लगायतका काम गर्नका लागि समय प्राप्त भयो । धेरै वर्षसम्म युद्ध

DRAFT

लड्नु परेको हुनाले देशको आर्थिक अवस्था राम्रो थिएन । देशमा जनशक्तिको अभाव थियो । भौगोलिक रूपमा एकीकरण भए पनि जनताहरूमा भावनात्मक एकीकरण हुने क्रम चलिरहेको थियो । यसैबिच राजदरबारमा षड्यन्त्रहरू हुन थाले । दरबारमा राजा कमजोर थिए । बाल्यकालमा नै राजा हुने हुनाले माता रानी र मुख्तियारहरूले शासन चलाउँदथे । मुख्तियारहरूमध्ये रानीहरूबिचको सौतेनी मनमुटाव एवम् थापा, पाण्डे र बस्नेत खलकबिचमा सत्ताको खिचातानी भएका कारण दरबार षड्यन्त्रको केन्द्र बन्न पुग्यो ।

यस अवधिका घटनाले निम्नानुसारका शिक्षा दिन्छ :

- शान्तिको बाटो सबैभन्दा उत्तम बाटो हो,
- युद्ध सधैँ गरिरहने कुरा होइन । समय हेरेर यसलाई जति सक्यो छिटो रोक्नुपर्छ,
- समस्याको समाधान युद्ध होइन । वार्ता र समझदारीले शान्ति भित्र्याउँछ र उन्नतिको बाटो खोल्छ,
- बदलाको भावनाले राज्य चलाउनु हुँदैन,
- आपसी लडाइँ र मनमुटावले पराइको हस्तक्षेप बढ्छ र आफ्नै विनाश हुन्छ,
- राज्यको शक्ति र सत्ता योग्यव्यक्तिको हातमा हुनुपर्छ । गलत व्यक्तिको हातमा पऱ्यो भने त्यसले गलत परिणाम ल्याउँछ । रानी राज्यलक्ष्मी जस्ती अयोग्य र स्वार्थी व्यक्तिको हातमा शासन पर्नाले जङ्गबहादुर जस्ता तानाशाहले अवसर लुटेर सत्तामा पुगे । अङ्ग्रेजले नेपालमा अड्डा जमायो र नेपालमा एक सय चार बर्से राणाशासन जस्तो अन्धकारको युग आयो ।

### ३. शैक्षिक सामग्री

सुगौली सन्धि र त्यसपछिका विभिन्न ऐतिहासिक घटना झल्कने चित्र, तस्बिर, सुगौली सन्धिपछिका मुख्य घटनाहरू लेखिएको चार्ट, धरहराको चित्र

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

१. धरहराको चित्र र सुगौली सन्धिको चित्र प्रदर्शन गर्दै कथाकथन विधिबाट सुगौली सन्धि हुनका कारण, सन्धिका घटना र सन्धिको परिणाम सम्बन्धमा जानकारी गराउनुहोस् ।

२. सुगौली सन्धिको वार्ता र घटनालाई भूमिका अभिनयद्वारा प्रस्तुत गर्न लगाउनुहोस् ।

३. सुगौली सन्धिपश्चात् भएका घटना र कोतपर्वसम्मका मुख्य घटना तथ त्यस्ता घटना हुनाका कारणहरू सम्बन्धमा चित्र र चार्ट प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

४. सुगौली सन्धिपश्चात् भएका घटना र मिति बोर्डमा लेखिदिएर त्यसलाई समय रेखामा देखाउन लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) विद्यार्थीले भूमिका अभिनय र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |

धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

(ख) तलका जस्तै छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :

- सुगौली सन्धि किन भएको थियो ?
- नेपालको दरबारमा षड्यन्त्र हुनाका कारणहरू के के थिए ?
- के मनमुटाव र बदलाको भावनाले समस्या समाधान हुन्छ ? किन ?
- देशको शासन सञ्चालन गर्ने व्यक्तिमा कस्तो गुण हुनुपर्छ ?

## ६. थप सुझाव

सुगौली सन्धिपछिका घटनासँग सम्बन्धित हाजिरीजवाफ प्रतियोगिता पनि गराउन सकिन्छ ।

DRAFT

**पाठ ५ राणाकालीन राजनीतिक क्रियाकलाप**

**पाठ ६ राणाकालीन आर्थिक र सामाजिक कार्यहरू**

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : ४

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| सुगौली सन्धिपछिको नेपालको राजनीतिक अवस्था र राणाकालीन नेपालको राजनीतिक, आर्थिक र सामाजिक सुधार वर्णन गर्न | • राणा शासनको उदय सम्बन्धी घटनाहरूबारेमा उल्लेख गर्न,<br>• राणाकालमा नेपालमा भएका राजनीतिक, आर्थिक र सामाजिक घटनाक्रमबारेमा जानकारी प्राप्त गरी विश्लेषण गर्न,<br>• ऐतिहासिक घटनाक्रमहरूलाई समयरेखामा प्रस्तुत गर्न<br>• भूमिका अभिनय गर्न<br>• विगतमा भएका राम्रा कार्यहरूको खोजी, पहिचान र तिनबाट प्रेरणा प्राप्त गर्न । |

## २. परिचय

नेपालको राजदरबारमा राजा गीर्वाणयुद्ध विक्रम शाहको कलिलै उमेरमा मृत्यु भयो । त्यसपछि उनका बालक छोरा राजा भए । उनका दुई ओटी रानी थिए । उनका जेठा छोरा सुरेन्द्र विक्रम शाह बहुलट्ठी पाराका थिए । त्यसैले कमजोर मनस्थिति भएका राजा राजेन्द्रले आफ्नो हातमा भएको सम्पूर्ण अधिकार कान्छी रानी राज्यलक्ष्मीलाई सुम्पे । यसले गर्दा दरबारमा थापा खलकको प्रभाव बढ्न थाल्यो । माथवर सिंह थापा प्रधानमन्त्री भए । भीमसेन थापाको पतन सँगै लखेटिएर मधेशतिर बस्दै आएका जङ्गबहादुर कुँवरले राजेन्द्र विक्रम शाहलाई हात्ती समाउने कला देखाएर दरबार छिरेका थिए । पछि एकातर्फ युवराज सुरेन्द्रको अङ्गरक्षक भएर सुरेन्द्रको विश्वास जित्न सफल भएका थिए भने कान्छी रानीको विश्वासपात्र बनेर दरबारमा शक्तिशाली बन्न पुगेका थिए । यसैबिच कान्छी रानीको विश्वासपात्र गगनसिंह खवासको हत्या भएर विक्षिप्त भएकी रानीको आदेशमा गगन सिंहको हत्यारा पत्ता लगाउने निहुँमा आफ्ना भाइहरूको सहायताले कोतको पटाङ्गिनीमा सयौँ भारदारहरूको हत्या गरेर उनी कमान्डर इन्चिफ भए । कोतमा भएको यस घटनालाई कोतपर्व भनिन्छ । इतिहासका घटनाहरूलाई पर्व पनि भनिन्छ ।

रानीले आफ्नो छोरालाई युवराज बनाइदिने सर्तमा जङ्गबहादुरलाई कमान्डर इन्चिफको पद दिएकी थिइन् । जङ्गबहादुरले सो कुरामा आनाकानी गरेपछि रानीले जङ्गबहादुरलाई पञ्छाउने विचार गरिन् । कोतपर्वमा मारिएका भारदारका आफन्तहरू जङ्गबहादुरसँग बदला लिन चाहन्थे । रानीले तिनीहरूसँग मिलेर हनुमानढोका दरबारभित्र रहेको भण्डारखाल नामक

DRAFT

बगैँचामा भोजको आयोजना गरिन् । त्यहीँ जङ्गबहादुरलाई खानामा विष हालेर हत्या गर्ने रानीको षड्यन्त्रको पोल खुलेपछि जङ्गबहादुर आफ्ना विश्वासिला सैनिकको साथमा त्यहाँ आएर बाँकी सत्रलाई पनि सखाप पारे । यसलाई भण्डारखाल पर्व भनिन्छ । यस घटनाबाट रुष्ठ भएका जङ्गबहादुरले रानीका सबै अधिकार खोसेर उनलाई कासी निर्वासनमा पठाइदिए । राजाबाट प्रधानमन्त्रीको समेत पद लिएका जङ्गबहादुरबाट डराएर राजा राजेन्द्र पनि काशीतिर गए । यस घटनालाई भण्डारखाल पर्व भनिन्छ ।

नेपालबाट ज्यान जोगाउन भागेर भारत पुगेका जङ्गबहादुरको उक्साहटमा लागेर राजा राजेन्द्रले एक सैनिक जत्था तयार पारी वीरगञ्जको अलौ भन्ने ठाउँबाट नेपालमा जङ्बहादुर विरुद्ध सैनिक आक्रमण गरे । त्यहाँ उनी समातिए र काठमाडौँमा ल्याई आजीवन कैदमा राखिए । यस घटनालाई अलौ पर्व भनिन्छ ।

त्यसपछि युवराज सुरेन्द्रलाई राजा बनाई श्री तीन महाराजको उपाधीसमेत लिएर जङ्गबहादुरले निरङ्कुश (अङ्कुश लगाउन नसकिने वा हटाउन नसकिने), तानाशाही (मनपरी शासन गर्ने), जहानियाँ (आफ्नै परिवारले मात्र शासनका महत्त्वपूर्ण पद पाउने) राणा शासन लागु गरे । यसरी एक सय चार बर्से राणाशासन सुरु भयो ।

राणा शासन आफैँमा एक अन्धकारको युग थियो । त्यसबेला नेपालमा विकास निर्माणका कार्यहरू ठप्प थिए । जनताको कुनै अधिकार थिएन । उनीहरू देशको सम्पत्तिलाई आफ्नै निजी सम्पत्ति ठान्थे । ठुला ठुला महल बनाएर मोजमस्ती गर्ने उनीहरूको दिनचर्या थियो ।

अँध्यारोभित्र पनि उज्यालोको सङ्केत हुन्छ भने झैँ राणा शासनमा केही आर्थिक सामाजिक सुधारका कार्यहरू भएका थिए । हुन त ती आफ्नै निजी स्वार्थ, सुविधा र शासन टिकाउनका लागि भएको भए पनि हामीले विकासको चरणमा उपलब्धिका रूपमा लिनुपर्छ ।

## ३. शैक्षिक सामग्री

राजेन्द्र विक्रम र जङ्गबहादुरको फोटो, (कोतपर्व भण्डारखाल पर्व र अलौ पर्वको घटना झल्कने चित्रहरू, चार्ट, समय रेखा

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) जङ्गबहादुर र राजेन्द्रको फोटो प्रदर्शन गर्दै नेपालमा राणाशासनको स्थापनाका क्रममा भएका घटनाहरूको कथाकथन विधिबाट बयान गर्दै छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई राणाशासन स्थापनाका क्रममा भएका घटनाहरू झल्कने विवरण अध्ययन गरी कथा, कविता, गीत वा चित्र तयार पार्न लगाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

(ग) राणाशासनकालका विभिन्न आर्थिक, सामाजिक तथा प्रशासनिक उपलब्धिहरूको सूची तयार पार्न लगाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । शिक्षकले तयार पारेको सूची प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी राणाशासनका महत्त्वपूर्ण घटनाहरू झल्कने भूमिका अभिनय गर्न लगाउनुहोस् ।

DRAFT

५. **मूल्याङ्कन विधि**

१. **वद्यार्थीले भूमिका अभिनय र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| विद्यार्थीको नाम | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

२. **तलका जस्तै छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

- कोतपर्व भनेको के हो ?
- भण्डारखाल पर्व किन भएको थियो ?
- राणाशासनको स्थापना कसरी भयो ?
- जङ्गबहादुर कसरी शक्तिशाली बने ?
- अरूको विनाश गर्नेको आफ्नै विनाश हुन्छ । उदाहरण दिनुहोस् ।
- राणा शासन कालका आर्थिक, सामाजिक र प्रशासनिक उपलब्धिको सूची तयार पार्नुहोस् ।
- देशको विकास गर्न के गर्नुपर्छ ?

६. **थप सुझाव**

राणाशासनकालका विभिन्न उपलब्धिपूर्ण घटनाहरू झल्कने समयरेखा तयार पारी कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ ७ २००७ सालपछिको प्रमुख राजनीतिक घटनाक्रम र उपलब्धि

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

अनुमानित घन्टी : ४

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| वि.सं. २००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रम र यस समयमा भएका सामाजिक तथा आर्थिक उपलब्धि उल्लेख गर्न | • वि.सं. २००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रमबारेमा जानकारी प्राप्त गरी विश्लेषण गर्न,<br>• वि.सं. २००७ देखि हालसम्म भएका सामाजिक तथा आर्थिक उपलब्धिको सूची तयार पार्न,<br>• ऐतिहासिक घटनाक्रमहरूलाई समयरेखामा प्रस्तुत गर्न,<br>• विगतमा भएका राम्रा कार्यहरूको खेजी, पहिचान र तिनबाट प्रेरणा प्राप्त गर्न । |

### २. पाठ परिचय

वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्ति भएपछि नेपालमा उज्यालो घाम लागेजस्तो भयो । नेपाली जनताले स्वतन्त्रताको श्वास फेर्न पाए । अन्तरिम शासन विधान बनेर कानुनी शासनको सुरुआत भयो । विभिन्न प्रकारका प्रशासनिक निकायहरू गठन हुन थाले । विकासका पूर्वाधारहरूको विकास हुन थाल्यो । राजनीतिले भने स्थिरता पाउन सकेन । संविधानसभाको निर्वातन गराई देशमा स्थिरता कायम गर्ने कार्य अधुरो नै रह्यो । सरकारहरू परिवर्तन भइरहे । यसैबिच दलहरूको सहमतिमा वि.सं. २०१५ सालमा नेपालको संविधान जारी भयो । सोअनुसार देशमा संसद्को निर्वाचन भयो । नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार बन्यो । देशभर विद्यालय खुले । विश्वविद्यालय खुल्यो । विकासका कार्यहरू सुरुआत भएका थिए । तर तत्कालीन राजा महेन्द्रलाई जनताको शासन चलेको सह्य भएन । उनले वि.सं. २०१७ सालमा निर्वाचित सरकारलाई अपदस्थ गरी आफ्नै प्रत्यक्ष शासन सुरु गरे र पञ्चायती व्यवस्था लागु गरे । फेरि नेपाली जनताको स्वतन्त्रताको हक खोसियो । यसैबिच राजनीतिक दलका नेता र कार्यकर्ताहरू कोही जेल हालिए भने कोही देश निकाला गरिए । पञ्चायतकालमा पूर्ण स्वतन्त्रता त थिएन तापनि राजा महेन्द्रले विभिन्न प्रकारका विकासका कार्य भने अघि बढाए । देशभर विद्यालयहरू खुले । मुलुकी ऐन बनेर जनताले न्याय पाउने व्यवस्था गरियो । भूमिसुधार कार्यक्रम लागु भयो । देशभर सडक सञ्जालको विस्तार भयो । अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार भयो ।

राजनीतिक अधिकारका लागि विभिन्न सङ्घर्ष र आन्दोलनहरू भइरहेका थिए । यसैबिच वि.सं. २०३६ मा देशमा पञ्चायती व्यवस्था ठिक छ कि बहुदलीय व्यवस्था चाहिन्छ भन्ने विषयमा जनमत सङ्ग्रहको घोषणा भयो । २०३७ मा जनमत सङ्ग्रह भयो । पञ्चायत ठिक छ भन्ने पक्षमा जनताको मत बढी पर्‍यो । त्यसपछि सुधारिएको पञ्चायती व्यवस्थाका नाममा शासन

सुरु भयो तर पनि नेपाली जनताका राजनीतिक अधिकार र मौलिक हकहरू फिर्ता भएन । त्यसैले वि.सं. २०४६ सालमा जनआन्दोलन भयो । यस जनआन्दोलनले सफलता पाएपछि पञ्चायती व्यवस्था समाप्त भयो र बहुदलीय व्यवस्था कायम भयो । संवैधानिक राजासहितको बहुदलीय व्यवस्थाका विरुद्धमा माओवादी दलले विद्रोह सुरु गऱ्यो । उता राजा वि.सं. २०५८ मा राजा वीरेन्द्रको वंशनाश भएपछि राजा बनेका उनका भाइ ज्ञानेन्द्र राजा भए । उनले राजनीतिक दलहरूलाई विभिन्न आरोप लगाएर शासन आफ्नो हातमा लिएपछि पुन वि.सं. २०६३ मा दोस्रो जनआन्दोलन भयो । यस आन्दोलनले देशमा गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गऱ्यो । संविधान सभाको निर्वाचन भई त्यसले जनताको संविधान पनि बनायो । हाल त्यसको कार्यान्वयन गर्ने कार्य भइरहेको छ । अब नेपाली जनता राजनीतिक आर्थिक र सामाजिक अधिकारले सम्पन्न बनेका छन् । वि.सं. २०४६ देखि हालसम्म नेपालमा राजनीतिक अस्थिरता कायम रहेकाले देशले आर्थिक विकासमा भने गति लिन सकेको छैन ।

### ३. शैक्षिक सामग्री

वि.सं. २००७ सालको प्रजातन्त्र घोषणाको चित्र, सात सालदेखि छयालीस सालसम्मका राजनीतिक र आर्थिक गतिविधि झल्कने तालिका, तस्बिरहरू, छयालीसदेखि हालसम्मका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक घटना र गतिविधिहरू झल्कने चित्र, फोटो, भिडियो पत्रपत्रिका, पोस्टर आदि ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूसामु वि.सं. २००७ देखि २०१७ सम्मका घटनालाई सामग्री प्रदर्शन गर्दै कथाकथन विधिबाट प्रस्तुति र छलफल गर्नुहोस् ।

(ख) २०१७ देखि २०४६ का पञ्चायतकालका विभिन्न घटना र उपलब्धिलाई पाठ्य पुस्तक तथा सन्दर्भ सामग्री दिई समयरेखामा देखाउन लगाउनुहोस् । सबै विद्यार्थीको समयरेखा प्रदर्शन गर्दै मुख्य मुख्य घटनाबारेमा छलफल गर्नुहोस् ।

(ग) विभिन्न चित्र, फोटो, पत्रपत्रिकाको कटिङ र राजनीतिक घटना झल्काउने चार्ट प्रदर्शन गर्दै वि.सं. २०४६ देखि हालसम्मका मुख्य मुख्य घटना र गतिविधि बारेमा छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी महत्त्वपूर्ण राजनीतिक घटनाको भूमिका अभिनय गराउनुहोस् र छलफल गर्नुहोस् ।

### ५. मूल्याङ्कन विधि

**१. विद्यार्थीले भूमिका अभिनय र समूह कार्य गरिरहेका समयमा निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :**

| समूह | निर्देशन बुझेको | कार्य सम्पादन गरेको | सहकार्य र सहयोग |
|---|---|---|---|
| क | | | |
| ख | | | |

DRAFT

| | | | |
|---|---|---|---|
| ग | | | |
| घ | | | |

धेरै राम्रो ३, राम्रो २, सुधारात्मक १

सो मूल्याङ्कनका आधारमा तत्काल आवश्यक पृष्ठपोषण दिई क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

२. **तलका जस्तै छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा अक्षांश र देशान्तरको अवधारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

- वि.सं. २००७ के भयो ?
- वि.सं. २०१७ सालमा राजा महेन्द्रले के गरे ? उनको यस कदमले जनतालाई कस्तो मर्का पर्‍यो ?
- वि.सं. २०१७ देखि हालसम्मका मुख्य मुख्य घटना झल्काउने समयरेखा तयार पार ।
- जनताको अधिकार प्राप्ति शीर्षकमा २०६३ वैशाख १२ गते प्रकाशन भएको समाचारको नमुना तयार पार ।
- नेपाली जनताले अधिकार पाए, अब आर्थिक विकासमा जानुपर्छ भन्ने धारणा व्यक्त गर्दै वक्तृत्वकला प्रतियोगिताको निम्ति एक वक्तृता तयार पार ।

६. **थप सुझाव**

२००७ देखि हालसम्मका ऐतिहासिक गतिविधिका नकारात्मक पक्ष र सकारात्मक पक्षको तालिका प्रर्दन गर्दै छलफल गराउन सकिन्छ ।

DRAFT

**पाठ ८ ग्रिस र रोमको सभ्यता**

**पाठ ९ पुनर्जागरण**

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** अनुमानित घन्टी ????????????????

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| ग्रिस र रोमको सभ्यता तथा पुनर्जागरण कालमा भएका सुधारहरू र मानव चेतनामा आएको परिवर्तनको वर्णन गर्न | • ग्रिस र रोमको सभ्यताका बारेमा जानकारी प्राप्त गरी विश्लेषण गर्न,<br>• पुनर्जागरणको परिचय दिन र त्यसका उपलब्धिको सूची तयार पार्न,<br>• ऐतिहासिक घटनाक्रमहरूलाई समयरेखामा प्रस्तुत गर्न,<br>• विगतमा भएका राम्रा कार्यहरूको खेजी, पहिचान र तिनबाट प्रेरणा प्राप्त गर्न । |

**२. पाठ परिचय**

**ग्रिसको सभ्यता**




आजभन्दा ५००० वर्ष पहिले ग्रिसमा विकास भएको सभ्यतालाई ग्रिसको सभ्यता पनि भनिन्छ । यो सभ्यतालाई युनानी सभ्यता पनि भनिन्छ । युनानी सभ्यतामा प्रजातन्त्रको विकास, विज्ञान, कला र संस्कृतिको विकास भएको थियो । ओलम्पिक खेलको विकास पनि यसै समयमा भएको थियो । सो सभ्यताको पछिल्लो चरणमा सुकरात, प्लेटो, अरस्तुलगायतका दार्शनिक तथा विद्वान्हरूले ज्ञानका विविध पक्षलाई उजागर गरे । युनान संविधान सुरुआत गर्ने राष्ट्रका रूपमा लिने गरिन्छ । यसले विश्वलाई लोकतान्त्रिक मूल्य र मान्यतासँग परिचित गरायो । प्राचीन ग्रिसमा शिल्पकला, वास्तुकला, चित्रकला र मूर्तिकलाका क्षेत्रमा राम्रो विकास भएको थियो ।

**रोमको सभ्यता**

युनानपछि युरोपमा रोमको सभ्यताको विकास भएको पाइन्छ । रोम इटालीको राजधानी हो । इसापूर्व ७५३ मा नगरराज्यका रूपमा रोमको स्थापना भएको थियो । रोमुलस रोम सहरका संस्थापक हुन् । उनकै नामबाट रोम सहरको राखिएको थियो । उनले आफ्नो देशमा गरिब र

DRAFT

दासलाई समेत नागरिकको दर्जा दिएका थिए । त्यसैले प्रजातन्त्रको सुरुआत रोमबाट भएको मानिन्छ । त्यहाँ विशाल रङ्गशाला र भवनहरू बनेका थिए जसको भग्नावशेष अहिले पनि देख्न सकिन्छ । रोमले युनानबाट वर्णमाला, युनानी शब्द, राजनीतिक विचार, ईश्वर र धर्म सम्बन्धी ज्ञान प्राप्त गरेको थियो । रोमको सभ्यताले विश्वमा सबैभन्दा बढी कानुनका क्षेत्रमा योगदान दिएको थियो । मध्यकालीन चर्चको धार्मिक कानुनमा पनि यसको प्रभाव परेको पाइन्छ ।

### पुनर्जागरण

युरोपमा ग्रिस र रोमको सभ्यताको विकास प्राचीनकालमा नै भएको थियो । यो सभ्यताको प्रभाव इ.पु. ३०० वर्षसम्म देख्न सकिन्छ । त्यसपछि युरोपमा बिस्तारै युद्ध, भोकमरी, महामारी र अस्थिरताको युग सुरु भयो । चर्चको प्रभावले प्रजातन्त्र र मानव अधिकार गौण बन्न पुग्यो । त्यसैले युरोपमा कला, विज्ञान, साहित्य र संस्कृतिको विकासमा अवरोध आयो । त्यसबेला के भयो भन्ने प्रमाणहरूसमेत भेट्न मुस्किल छ । यो युग तेरौँ शताब्दीसम्म कायम रहेको पाइन्छ । त्यसपछि पुनः युरोपमा नयाँ सभ्यताको विकास भयो । धेरै वैज्ञानिक आविष्कारहरू भए । कला साहित्यक विकास भयो । लियोनार्दो दा भिन्चि, न्युटन, कोपर्निकसलगायतका वैज्ञानिक र कलाकारले विश्वमा नयाँ आविश्कार र ज्ञान दिए । यसरी युरोपको सभ्यता लामो समयसम्म सुतेर पुनः जागेको हुनाले यसलाई पुनर्जागरण भनिन्छ ।




DRAFT

## ३. शैक्षिक सामग्री

विश्वको नक्सा, ग्लोब, युरोपको नक्सा, एटलस, ग्रिस र रोमको सभ्यता एवम् पुनर्जागरण कालका तस्बिर र चित्रहरू, इतिहासका पुस्तक

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) ग्लोब, विश्वको नक्सा र युरोपको नक्सा प्रदर्शन गर्दै विद्यार्थीलाई आफ्नो एटलसमा ग्रिस र रोम पहिचान गर्न लगाउनुहोस् ।

(ख) चित्र, फोटो र ऐतिहासिक विवरण प्रदर्शन गर्दै पालै पालो ग्रिस र रोमको सभ्यताका बारेमा छलफल गर्नुहोस् ।

(ग) पुनर्जागरण कालका विधि उपलब्धि, चित्र र सामग्री प्रदर्शन गर्दै कथाकथन विधिबाट छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई ससानो समूह बनाई पाठ्य पुस्तक र सन्दर्भ सामग्रीमा भएका ग्रिस तथा रोमको सभ्यता एवम् पुनर्जागरण सम्बन्धी विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि घुलमिल स्थिर जोडी छलफल विधिबाट छलफल गराउन निम्नानुसार गर्नुहोस् ।

विद्यार्थीहरूलाई सङ्ख्या हेरी कक्षाभित्र वा बाहिरको खुला ठाउँमा लैजानुहोस् । गोलो घेरामा राख्नुहोस् । शिक्षकले एउटा गीत गाउनुहोस् र त्यस गीतमा सबै विद्यार्थी गाउँदै शिक्षक सँगै आफूखुसी नाच्न भन्नुहोस् । गीत रोकिएपछि वा घन्टी बजेपछि सबै जना रोकिएर आफू नजिकको दुई दुई जनाको जोडी बनाउनुपर्ने निर्देशन दिनुहोस् । यसरी रोकिएका बेला आफूले ग्रिसको सभ्यता, रोमको सभ्यता र पुनर्जागरण कालका बारेमा अध्ययन गरेर सिकेका कुरा साथीलाई बताउन लगाउनुहोस् । एक मिनेटपछि फेरि गीत सुरु गर्नुहोस् र नाच सुरु गर्नुहोस् । पुनः रोकेर जोडी बनाई छलफल गर्नुहोस् । यही क्रममा १५-२० मिनेटसम्म छलफल जारी राख्नुहोस् । यसलाई म्युजिकल चियर विधिबाट पनि खेलाउन सकिन्छ । म्युजिक बजुन्जेल घुमिरहनुहोस् । म्युजिक रोकिएपछि जोडी बनाई छलफल गर्नुहोस् । पुनः म्युजिक बजाउनुहोस् र घुलमिल हुनुहोस् ।

यस विधिको प्रयोगबाट विद्यार्थीले मनोरञ्जनात्मक ढङ्गबाट इतिहासको अध्ययन गर्न सकिन्छ ।

## ५. मूल्याङ्कन विधि

**(क) तलका जस्तै छोटा प्रश्नहरू सोधेर विद्यार्थीहरूमा धारणा प्रस्ट भए नभएको मूल्याङ्कन गर्नुहोस् :**

- युनानको सभ्यताको विकास कहाँ भएको थियो ?
- युनानी सभ्यताका मुख्य सकारात्मक पक्ष के के थिए ?
- रोमको सभ्यताका महत्त्वपूर्ण पक्षहरू समेटेर चिठीको नमुना तयार पार्नुहोस् ।
- पुनर्जागरण भनेको के हो ?
- पुनर्जागरण कालका मुख्य मुख्य पक्षहरू टिपोट गर्नुहोस् ।

DRAFT

## ६. थप सुझाव

युनान र रोमको सभ्यता एवम् पुनर्जागरणकालका घटनालाई सँगसँगै अध्यापन गर्न सकिन्छ । यसको अध्यापनका क्रममा घटनाहरूको बयान गर्नेभन्दा पनि त्यसबाट के के सिक्न सकिन्छ र के कस्ता प्रेरणा प्राप्त गर्न सकिन्छ भन्नेतर्फ सिकाइलाई केन्द्रित बनाउनुपर्छ । भूमिका अभिनय विधिको प्रयोग गर्न पनि सकिन्छ ।

DRAFT

एकाइ ७. **हाम्रो आर्थिक क्रियाकलाप**

अनुमानित घन्टी : १५

**पाठ : १ पर्यटन उद्योग** अनुमानित घन्टी : २

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको पर्यटन उद्योगको वर्तमान अवस्था, महत्त्व, समस्या र समाधानका उपायहरू उल्लेख गर्न | • पर्यटन, पर्यटक र पर्यटन उद्योगको परिभाषा दिन,<br>• पर्यटन गर्नुका उद्देश्यहरू बताउन,<br>• पर्यटन उद्योगसँग सम्बन्धित अद्यावधिक आँकडा/तथ्याङ्कहरू बताउन,<br>• स्थानीय स्तरमा रहेका पर्यटन स्थलहरू पहिचान गर्न,<br>• स्थानीय स्तरमा रहेका पर्यटन, उद्योग, व्यवसाय पहिचान गरी तिनको सूची बनाउन,<br>• पर्यटन उद्योगको महत्त्व बताउन<br>• पर्यटन उद्योगसँग सम्बन्धित समस्या र तिनको समाधानका उपायहरू बताउन । |

## २. पाठ परिचय

मानिसहरू सधैँ एक ठाउँमा बसिरहन चाहँदैनन् । उनीहरूलाई नयाँ नयाँ ठाउँमा घुमफिर गर्न मन लाग्छ । मनोरञ्जन, कलासंस्कृति र रहनसहनको अध्ययन, तीर्थाटन, दृश्यावलोकन, पर्वतारोहण आदि उद्देश्यले मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्छन् । यसरी कुनै उद्देश्य लिएर निश्चित समयावधिका लागि एक ठाउँबाट अर्को ठाउँमा भ्रमण वा घुमफिर गर्नुलाई पर्यटन भनिन्छ । यी घुमफिर गर्ने मानिसलाई पर्यटक भनिन्छ । पर्यटकहरू आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । कुनै देशका बासिन्दा आफ्नो देशभित्रै भ्रमण गर्छन् भने तिनलाई आन्तरिक/स्वदेशी पर्यटक र अन्य देशमा भ्रमण गर्छन् भने तिनलाई बाह्य/विदेशी पर्यटक भनिन्छ ।

पर्यटकहरूलाई आवश्यक पर्ने विभिन्न सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले सञ्चालित व्यवसाय वा उद्यमलाई पर्यटन व्यवसाय वा पर्यटन उद्योग भनिन्छ । होटल, लज, रेस्टुरेन्ट, रिसोर्ट, ट्राभल एजेन्सी, प्याराग्लाइडिङ, स्नो स्केटिङ र्‍याफटिङ, ट्रेकिङ, हट एयर बेलुनिङ, गल्फ, पोलो, हर्स राइडिङ, इलिफेन्ट राइडिङ, बर्ड वाचिङ, स्विमिङ, हिमाल आरोहण,

DRAFT

दृश्यावलोकन, रक क्लाइम्बिङ आदिसँग सम्बन्धित व्यवसायलाई पर्यटन उद्योगअन्तर्गत लिन सकिन्छ ।

**नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था**

(क) **पर्यटकको आगमन र औसत बसाइ अवधि :** वि. सं. २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा नेपाल आउने पर्यटकको सङ्ख्या **७३६२१५** र प्रतिपर्यटकको सरदर बसाइ अवधि १३.१२ दिन रहेको छ । यसमा स्थलमार्गबाट आएका (कोदारी नाकाबाहेक) भारतीय पर्यटकहरूको आगमन सङ्ख्या समावेश छैन ।

(ख) **भ्रमणको उद्देश्य :** नेपाल आउने पर्यटकहरू मनोरञ्जन, पदयात्रा र पर्वतारोहण, व्यापार, औपचारिक भ्रमण, तीर्थयात्रा, सभा/गोष्ठी, र्‍याफ्टिङ, यात्रा/भ्रमण, अध्ययन/रोजगार आदि उद्देश्य लिएर आएको पाइन्छ । यीमध्ये यात्रा /भ्रमणको उद्देश्यले आउने पर्यटहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ ।

(ग) **नेपालमा पर्यटक आउने मुलुकहरू** : नेपालमा पर्यटक आउने मुलुकहरूमा अस्ट्रेलिया, अस्ट्रिया, क्यानडा, चीन, डेनमार्क, फ्रान्स, जर्मनी, भारत, इटाली, जापान, नेदरल्यान्ड, स्पेन, स्विजरल्यान्ड, श्रीलङ्का, अमेरिका, बेलायत आदि रहेका छन् । यी मुलुकहरूमध्ये सबैभन्दा बढी पर्यटकहरू छिमेकी राष्ट्र भारतबाट आउने गर्छन् ।

(घ) **विदेशी मुद्रा आर्जन :** आर्थिक वर्ष २०६७/६८ मा पर्यटन क्षेत्रबाट रु. २८६३.३ करोड बराबरको विदेशी मुद्रा आर्जन भएको थियो ।

(ङ) **होटल सुविधा :** नेपालमा वि. स. २०६८ पुषसम्ममा तारे स्तरका होटल १०६, तारेदेखि बाहेकका होटल ७२१ गरी जम्मा होटल सङ्ख्या ८२७ रहेको थियो ।

(च) **पर्वतारोहीको सङ्ख्या** : वि. सं. २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा पर्वतारोहणमा सहभागी हुने दलको सङ्ख्या २५९ र पर्वतारोहीको सङ्ख्या १९५१ रहेको थियो । यसबाट २६१६ व्यक्तिहरूले सामयिक रोजगारी पाएका थिए भने सरकारलाई प्राप्त रोयल्टी रकम रु. २३,२५,३२,००० थियो ।

(छ) **तालिम** : पर्यटन क्षेत्रको विकासका लागि उच्च स्तरिय तथा आधारभूतस्तरको जनशक्ति उत्पादनका लागि सरकारी स्तरबाट नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान स्थापना भएको छ । यसले त्रि.वि.बाट सम्बन्धन लिएर ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट र होटल व्यवस्थापनमा तीन बर्से स्नातक तह तथा सन् २०११ देखि मास्टर अफ हस्पिट्यालिटी म्यानेजमेन्टका कक्षाहरू सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानबाट होटल व्यवस्थापन सम्बद्ध फुडप्रिपरेसन, फुड एण्ड वेभरेज सर्भिस, हाउसकिपिङ, फ्रन्ट अफिस ट्राभल/ट्रेकिङ/रिभर गाइड, क्यानोनिङ तथा घुम्ती तालिम, साना होटल तथा लज व्यबस्थापन, होम स्टे व्यवस्थापन, कृषि पर्यटन साहसिक पर्यटनलगायतका विषयमा तालिम दिएको छ ।

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । यहाँ प्रशस्त हिमशृङ्खला, नदीनाला, तालतलैया र झरनाहरू रहेका छन् । ऐतिहासिक र धार्मिक स्थलहरू, प्राचीनकला, सांस्कृतिक विविधता, हावापानीमा विविधता तथा दुर्लभ वन्यजन्तु यहाँका विशेषता हुन्

DRAFT

। पर्यटन उद्योगको राम्रो विकास हुन सकेमा यसबाट नेपालको चौतर्फी विकास हुने देखिन्छ ।

३. **शैक्षिक सामग्री**

- पर्यटन उद्योग/व्यवसायसँग सम्बन्धित विभिन्न तस्बिर/चित्र, पर्चा, भिडियो क्लिप्स र वृत्तचित्रहरू
- पर्यटन गर्नुका उद्देश्यहरू लेखिएको चार्ट
- पर्यटन उद्योग/व्यवसायसँग सम्बन्धित आँकडा/तथ्याङ्क देखाउने चार्ट
- पर्यटन उद्योगको महत्त्व, समस्या र समस्या समाधानका उपायहरू लेखिएका चार्टहरू
- टेप, मार्कर/साइन पेन, चार्ट पेपर आदि ।

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूको ध्यानाकर्षण गरी पाठसँग सम्बन्धित निम्न लिखित प्रश्नहरूमाथि केन्द्रित भई छलफल गराउनुहोस् :

- पर्यटन भनेको के हो ?
- पर्यटक कसलाई भनिन्छ ?
- पर्यटक कति किसिमका हुन्छन् र ती कुन कुन हुन् ?
- आन्तरिक र बाह्य पर्यटक भनेको के हो ?

छलफलका क्रममा विद्यार्थीहरूले बताएका प्रश्नका सही जवाफलाई कदर गर्दै हरेक प्रश्नको सही जवाफ कालो/सेतो पाटीमा लेखिदिनुहोस् वा विद्यार्थीहरूलाई आआफ्नो कापीमा लेख्न लगाउनुहोस् ।

कुनै उद्देश्य लिएर निश्चित समयावधिका लागि एक ठाउँबाट अर्को ठाउँमा भ्रमण वा घुमफिर गर्नुलाई पर्यटन भनिन्छ ।

कुनै उद्देश्य लिएर निश्चित समयावधिका लागि एक ठाउँबाट अर्को ठाउँमा भ्रमण वा घुमफिर गर्ने मानिसलाई पर्यटक भनिन्छ ।

पर्यटकहरू दुई किसिमका हुन्छन्, ती हुन् : आन्तरिक र बाह्य पर्यटक ।

कुनै देशका बासिन्दा आफ्नो देशभित्रै भ्रमण गर्छन् भने तिनलाई आन्तरिक/स्वदेशी पर्यटक र अन्य देशमा भ्रमण गर्छन् भने तिनलाई बाह्य/विदेशी पर्यटक भनिन्छ ।

(ख) पर्यटन गर्नुका कारण वा उद्देश्यहरू के के हुन सक्छन् भनी विद्यार्थीहरूलाई प्रश्न गर्नुहोस् र उनीहरूले बताएका सही कुराहरूलाई कालो वा सेतोपाटीमा टिपोट गर्दै

DRAFT

जानुहोस् । तत्पश्चात् पर्यटन गर्नुका कारण वा उद्देश्य लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**पर्यटनका उद्देश्यहरू**

- मनोरञ्जन
- कलासंस्कृति र रहनसहनको अध्ययन
- तीर्थाटन
- दृश्यावलोकन
- पर्वतारोहण आदि

(ग) पर्यटकहरूलाई के कस्ता सेवा र सुविधाहरू आवश्यक पर्छन् भनी विद्यार्थीहरूलाई प्रश्न गर्नुहोस् र छलफल गराउनुहोस् । उनीहरूले दिएका सही जवाफलाई प्रोत्साहित गर्दै कालो वा सेतोपाटीमा टिपोट गर्दै जानुहोस् । पर्यटकहरूलाई यस्ता सेवासुविधा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरीएका उद्योग वा व्यवसायलाई पर्यटन उद्योग वा पर्यटन व्यावसाय भनिन्छ भनी बताइदिनुहोस् । यस्ता पर्यटन उद्योग/व्यवसायअन्तर्गत होटल, लज, रेस्टुरेन्ट, रिसोर्ट, ट्राभल एजेन्सी, प्याराग्लाइडिङ, स्नो स्केटिङ ऱ्याफटिङ, ट्रेकिङ, हट एयर बेलुनिङ, गल्फ, पोलो, हर्ष राइडिङ, इलिफेन्ट राइडिङ, बर्ड वाचिङ, स्विमिङ, हिमाल आरोहण, दृश्यावलोकन, रक क्लाइम्बिङ आदिसँग सम्बन्धित व्यवसाय पर्छन् भनी प्रस्ट पारिदिनुहोस् ।

पर्यटकहरूलाई आवश्यक पर्ने विभिन्न सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले सञ्चालित व्यवसाय वा उद्यमलाई पर्यटन व्यवसाय वा पर्यटन उद्योग भनिन्छ ।

(घ) पर्यटन र पर्यटकसँग सम्बन्धित आँकडा/तथ्याङ्कको तालिका प्रस्तुत गरी छलफल गराउनुहोस् ।

(ङ) पर्यटन उद्योगको महत्त्व/फाइदाहरू के के हुन् भनी विद्यार्थीहरूलाई प्रश्न गर्नुहोस् र उक्त प्रश्नमाथि उनीहरूलाई छलफल गर्न लगाउनुहोस् । छलफलपश्चात् पर्यटन उद्योगको महत्त्व लेखिएको चार्ट प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् ।

**पर्यटन उद्योगको महत्त्व**

- विदेशी मुद्रा आर्जनको स्रोत
- रोजगारीका अवसरमा वृद्धि
- घरेलु तथा साना उद्योगहरूको विकास
- सरकारी आम्दानीमा वृद्धि

DRAFT

- ग्रामीण पूर्वाधारको विकास
- मानव स्रोतको विकास
- व्यापारमा वृद्धि/व्यापार प्रवर्धन
- क्षेत्रीय सन्तुलन
- कला र संस्कृतिको आदानप्रदान
- राष्ट्रको प्रचारप्रसार आदि

(च) पर्यटन उद्योग/व्यवसायसँग सम्बन्धित समस्याहरू के के हुन् भनी प्रश्न गर्नुहोस् र छलफल गराउनुहोस् । यसपछि पर्यटन उद्योग/व्यवसायसँग सम्बन्धित समस्याहरू लेखिएको चार्ट प्रस्तुत गरी आफूले प्रस्ट पारिदिनुहोस् ।

**पर्यटन उद्योगका समस्या**

- सञ्चार र यातायात सुविधाको अभाव
- मनोरञ्जनका साधनहरूको अभाव
- प्रचारप्रसारको अभाव
- स्तरीय होटलहरूको अभाव
- प्रदूषणको समस्या
- तालिम प्राप्त जनशक्तिको अभाव
- असुरक्षा
- वैकल्पिक पर्यटन केन्द्रको अभाव
- राजनीतिक अस्थिरता
- प्रभावकारी सरकारी नीति र त्यसको कार्यान्वयनको अभाव आदि ।

(छ) पर्यटन उद्योगसँग सम्बन्धित समस्या समाधानका उपायहरू के के हुन सक्छन् भन्ने प्रश्नमा विद्यार्थीहरूलाई छलफल गर्न लगाउनुहोस् र अन्तमा आफूले तयार गरी लगेको पर्यटन उद्योगसँग सम्बन्धित समस्या समाधानका उपायहरू लेखिएको चार्ट प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् ।

नेपालमा पर्यटन उद्योगसँग सम्बन्धित समस्या समाधानका उपायहरू

- वैकल्पिक पर्यटक केन्द्रहरूको विकास

DRAFT

- यातायात तथा सञ्चार सुविधाको विस्तार
- अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचारप्रसार
- शान्ति र सुरक्षाको प्रत्याभूति
- पर्यटकका लागि आवश्यक पर्ने गुणस्तरिय वस्तु तथा सेवा, बजार, बैङ्क आदिको व्यवस्था
- उच्चस्तरीय तथा आधारभूत स्तरको जनशक्तिको उत्पादनमा वृद्धि
- जनसख्या वृद्धि र वाताबरण प्रदूषण नियन्त्रण आदि ।

**५. मूल्याङ्कन विधि**

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिए जस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- पर्यटन उद्योग भनेको के हो ?
- आन्तरिक पर्यटन भनेको के हो ?
- पर्यटन गर्नुका कुनै दुई उद्देश्यहरू बताऊ ।
- पर्यटनसँग सम्बन्धित कुनै चार ओटा व्यवसायको नाम देऊ ।
- पर्यटन उद्योगका कुनै दुई महत्त्वहरू उल्लेख गर ।

**६. थप सुझाव**

- विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गरी पहिलो समूहलाई पर्यटन उद्योगको महत्त्व, दोस्रो समूहलाई पर्यटन उद्योगसँग सम्बन्धित समस्याहरू र तेस्रो समूहलाई पर्यटन उद्योगसँग सम्बन्धित समस्या समाधानका उपायहरूका बारेमा खोजी/छलफल गर्न लगाएर कक्षामा प्रस्तुत गर्न लगाउन सकिन्छ ।
- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी स्थानीयस्तरमा रहेका पर्यटक स्थल र पर्यटन व्यवसायहरूको खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउन सकिन्छ ।
- विद्यार्थीहरूलाई पर्यटन उद्योग व्यवसायसँग सम्बन्धित भएर विभिन्न पर्यटकीय स्थल तथा व्यावसायिक प्रतिष्ठानहरूमा अवलोकन भ्रमण गराउन तथा विभिन्न भिडियो क्लिप्स (Video Clips), चलचित्र, तथा वृत्तचित्रहरू देखाउन सकिन्छ ।

DRAFT

## पाठ २ वैदेशिक व्यापार

*अनुमानित घन्टी : २*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था, महत्त्व, समस्या र समाधानका उपायहरू उल्लेख गर्न | • व्यापार, आन्तरिक वा घरेलु व्यापार र वैदेशिक वा अन्तर्राष्ट्रिय व्यापारलाई परिभाषित गर्न,<br>• आयात र निर्यातको अर्थ बताउन,<br>• वैदेशिक व्यापारघाटाको अर्थ बताउन,<br>• आन्तरिक र वैदेशिक व्यापारबिचका भिन्नताहरू बताउन,<br>• नेपालबाट भारत तथा अन्य देशमा निर्यात हुने मुख्य वस्तुहरूको सूची बनाउन,<br>• भारत तथा अन्य देशहरूबाट नेपालमा आयात गरिने मुख्य वस्तुहरूको सूची बनाउन,<br>• वैदेशिक व्यापार सम्बन्धी तथ्याङ्कहरू बताउन र विश्लेषण गर्न,<br>• वैदेशिक व्यापारको महत्त्व बताउन,<br>• वैदेशिक व्यापारको क्षेत्रमा देखिएका समस्याहरू पहिचान गर्न,<br>• वैदेशिक व्यापारका समस्या समाधानका उपायहरू बताउन । |

### २. पाठ परिचय

कुनै व्यक्ति वा समूहले आफूलाई आवश्यक पर्ने सम्पूर्ण वस्तुहरू आफैँले उत्पादन गर्न सम्भव हुँदैन । त्यसैले उत्पादन गरेर आफूलाई बढी भएका वस्तुहरू बजारमा बिक्री गर्नुपर्ने हुन्छ भने आफूसँग नभएका आवश्यकीय वस्तुहरू बजारबाट खरिद गर्नुपर्ने हुन्छ । व्यक्ति व्यक्ति वा समूहहरूबिच वस्तुहरूको विनिमय/लेनदेन/खरिद बिक्रीलाई व्यापार भनिन्छ । यस्तो व्यापार प्रत्यक्ष वस्तु विनिमयद्वारा अथवा अप्रत्यक्ष रूपमा मुद्राको माध्यमले हुने गर्छ । व्यापार लाभद्वारा प्रेरित हुन्छ ।

DRAFT

व्यापारलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । आफ्नो देशको सीमाघेराभित्र मात्र सीमित हुने व्यापारलाई आन्तरिक/राष्ट्रिय व्यापार भनिन्छ । एउटा देशले विश्वका अन्य देशहरूसँग गर्ने व्यापारलाई वैदेशिक/अन्तर्राष्ट्रिय व्यापार भनिन्छ । वैदेशिक व्यापारमा विदेशी मुद्राको प्रयोग हुने गर्छ । यस्तो व्यापार भन्सार महसुल, कोटा प्रणाली, विदेशी विनिमय दर र व्यापार नीतिद्वारा नियन्त्रित हुन्छ ।

विभिन्न देशहरू भौगोलिक स्वरूप, प्राकृतिक स्रोत र साधनको उपलब्धता, पुँजी र प्रविधिको विकास, मानव साधनको विकास आदि हिसाबले भिन्न छन् । यिनै भिन्नताले गर्दा कतिपय देशले कुनै खास वस्तु अन्य देशको तुलनामा कम लागतमा ठुलो परिमाणमा उत्पादन गर्न सक्छन् । देशमा खपत भएर बाँकी रहेको मात्रा अन्य देशमा निर्यात गर्न सक्छन् । त्यस्तै आफ्नो देशमा उत्पादन गर्दा बढी लागत पर्ने वस्तुहरू त्योभन्दा कम लागतमा अन्य देशबाट आयात गर्न सक्छन् । यसरी देशहरू वैदेशिक व्यापारमा संलग्न भएर तुलनात्मक लागत भिन्नता वा विशिष्टीकरणबाट एकआपसमा फाइदा लिन सक्छन् ।

**नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था**

नेपालको कुल वैदेशिक व्यापारको दुईतिहाइ जति व्यापार भारतसँग हुने गरेको छ । निर्यात व्यापारको दाँजोमा आयात व्यापार उच्च हुनाले नेपालले वस्तु व्यापारमा घाटा बेहोर्दै आएको छ । विगत एक दशक यता नेपालको व्यापार घाटा विस्तार हुँदै गएको देखिन्छ । आर्थिक वर्ष २०५९/६० मा नेपालको व्यापार घाटा कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत रहेकामा आर्थिक बर्ष २०६७/६८ मा २४ प्रतिशत पुगेको छ । नेपालबाट भारततर्फ विशेषगरी लत्ताकपडा, पोलिस्टर धागो, जी आइ पाइप, ढुङ्गा तथा बालुवा र अलैँचीलगायतको निर्यात बढेको छ । अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैँचा, तयारी पोसाक, पस्मिना, नेपाली कागज र सोबाट बनेका सामान तथा छालालगायतको निर्यात वृद्धि भएको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, कोइला, रासायनिक मल, तयारी पोसाक र कृषि उपकरण तथा पार्टस्लगायतको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, चाँदी, खाने तेल र अन्य मेसिनरी तथा पार्टस्लगायतको आयातमा वृद्धि भएको छ ।

DRAFT

## ३. शैक्षिक सामग्री

- वैदेशिक व्यापारसँग सम्बन्धित तथ्याङ्कहरू लेखिएको चार्ट,
- वैदेशिक व्यापार र आन्तरिक व्यापार बिचका भिन्नताहरू लेखिएको चार्ट,
- वैदेशिक व्यापारको महत्त्व, समस्या र समाधानका उपायहरू लेखिएका चार्टहरू,
- नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने मुख्य वस्तुहरूको सूची लेखिएका चार्टहरू,
- सङ्कलन गरीएका विदेशमा बनेका वस्तुहरूको नमुना ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूको ध्यानआकर्षण गरी पाठसँग सम्बन्धित निम्न लिखित प्रश्नहरूमाथि केन्द्रित भई छलफल गराउनुहोस् :

- व्यापार भनेको के हो ?
- व्यापारलाई कति भागमा विभाजन गर्न सकिन्छ ? ती कुन कुन हुन् ?
- आयात भनेको के हो ?
- निर्यात भनेको के हो ?

व्यक्ति व्यक्ति वा समूहहरूबिच वस्तुहरूको खरिद बिक्रीलाई व्यापार भनिन्छ ।

व्यापारलाई दुई भागमा विभाजन गर्न सकिन्छ । ती हुन् : आन्तरिक अथवा घरेलु अथवा राष्ट्रिय व्यापार र बाह्य अथवा वैदेशिक अथवा अन्तर्राष्ट्रिय व्यापार ।

विदेशी मुलुकबाट वस्तुहरू खरिद गरी स्वदेशमा ल्याउने कार्यलाई आयात भनिन्छ । आयातलाई पैठारी पनि भन्ने गरिन्छ ।

स्वदेशमा उत्पादित वस्तुहरू विदेशी मुलुकमा बिक्री गर्ने कार्यलाई निर्यात भनिन्छ । निर्यातलाई निकासी पनि भनिन्छ ।

(ख) तलको जस्तै तालिका बनाउन लगाएर त्यसमा स्थानीय स्तरमा रहेका पसल वा बजारमा गएर अवलोकन गरेका आधारमा तालिका भर्न लगाउनुहोस् :।

| नेपालमा नै बनेका सामानहरू | विदेशमा बनेका सामानहरू |
|---|---|
| | |
| | |

सो तालिकाको प्रस्तुतिपश्चात् तलका प्रश्नमा छलफल गराउनुहोस् ।

- आन्तरिक वा घरेलु व्यापार भनेको के हो ?
- वैदेशिक अथवा अन्तर्राष्ट्रिय व्यापार भनेको के हो ?

छलफलका क्रममा विद्यार्थीहरूले बताएका प्रश्नका सही जवाफलाई कदर गर्दै हरेक प्रश्नको सही जवाफ कालो/सेतो पाटीमा लेखिदिनुहोस् वा विद्यार्थीहरूलाई आआफ्नो कापीमा लेख्न लगाउनुहोस् ।

आफ्नो देशको सीमाघेराभित्र मात्र सीमित हुने व्यापारलाई आन्तरिक अथवा घरेलु व्यापार भनिन्छ ।

एउटा देशले विश्वका अन्य देशहरूसँग गर्ने व्यापारलाई वैदेशिक/अन्तर्राष्ट्रिय व्यापार भनिन्छ । यस्तो व्यापार विदेशी मुद्राको माध्यमले हुने गर्छ ।

DRAFT

(ग) वैदेशिक व्यापार घाटा भनेको के हो भनी विद्यार्थीहरूलाई प्रश्न गर्नुहोस् र उनीहरूले बताएका सही जवाफलाई कालो/सेतोपाटीमा टिपोट गर्दै जानुहोस् । तत्पश्चात् वैदेशिक व्यापार घाटाको अर्थ प्रस्ट पारिदिनुहोस् ।

कुनै पनि देशले एक आर्थिक वर्षमा विश्वका बाँकी मुलुकमा निर्यात गरेका वस्तु तथा सेवाहरूको जम्मा मूल्यभन्दा सोही अवधिमा उक्त देशले विश्वका बाँकी मुलुकबाट आयात गरिएका वस्तु तथा सेवाहरूको जम्मा मूल्य बढी भएको अवस्थालाई बैदेशिक व्यापार घाटा भनिन्छ । अर्को शब्दमा आयात मूल्यभन्दा निर्यात मूल्य बढी भएको अवस्था लाई वैदेशिक व्यापार घाटा भनिन्छ ।

(घ) विद्यार्थीहरूलाई आन्तरिक तथा वैदेशिक व्यापारबिच के कस्ता भिन्नताहरू हुन्छन् भनी सामूहिक प्रश्न गर्नुहोस् र उनीहरूले बताएका सही तथ्यहरूलाई प्रोत्साहित गर्दै कालो/सेतो पाटीमा टिप्दै जानुहोस् र तयार पारी लगिएको आन्तरिक र वैदेशिक व्यापार बिचका भिन्नताहरू लेखिएको चार्ट प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् ।

| **आन्तरिक र वैदेशिक व्यापार बिचका भिन्नताहरू** | |
|---|---|
| **आन्तरिक व्यापार** | **वैदेशिक व्यापार** |
| कुनै देशको सीमाघेराभित्र व्यक्ति वा संस्थाहरूबिच हुने वस्तु वा सेवाहरूको विनिमय वा खरिदबिक्रीलाई आन्तरिक व्यापार भनिन्छ । | कुनै एउटा देशको सीमाघेरा नाघेर गरिने वस्तु तथा सेवाहरूको किनबेचलाई वैदेशिक व्यापार भनिन्छ । |
| आन्तरिक व्यापारलाई घरेलु अथवा राष्ट्रिय व्यापार पनि भनिन्छ । | वैदेशिक व्यापारलाई बाह्य व्यापार वा अन्तर्राष्ट्रिय व्यापार पनि भनिन्छ । |
| आन्तरिक व्यापार देशभित्र मात्र सीमित हुने हुँदा उत्पादनका साधनहरू श्रम र पुँजी बढी गतिशील हुन्छन् । एउटै देशभित्र श्रमको ज्यालादर अनि पुँजीको व्याजदर लगभग समान हुन्छन् । | वैदेशिक व्यापार विभिन्न देशहरूबिच हुने हुँदा उत्पादनका साधन श्रम र पुँजी कम गतिशील हुन्छन् । ज्याला तथा व्याजदर देशैपिच्छे फरक फरक हुन जान्छ । |
| राष्ट्रिय मुद्राको प्रयोग हुने हुँदा व्यापारमा सहजता हुन्छ । | विदेशी मुद्रा वा विनिमयको आवश्यकता पर्छ । विनिमयदर घटबढ भइरहँदा वैदेशिक व्यापार कठिन बन्न जान्छ । |
| भौगोलिक अवस्थितिले तुलनात्मक रूपमा कम असर पार्छ । | भौगोलिक अवस्थितिले तुलनात्मक रूपमा बढी असर पार्छ । भूपरिवेष्ठित देशले भन्दा समुद्रले घेरिएका वा छोएका देशले वैदेशिक व्यापारमा सजिलै र छिटो |

DRAFT

| | |
|---|---|
| | विकास गर्न सक्छन् । |
| आन्तरिक व्यापारमा सरकारी हस्तक्षेप कम हुन्छ । | वैदेशिक व्यापार अथवा आयात निर्यातलाई भन्सार महसुल, कोटा प्रणाली आदिद्वारा नियन्त्रित गरिएको हुन्छ । |
| निश्चित समयावधिभित्र एउटै किसिमको औद्योगिक तथा व्यापार निति हुन्छ । | राष्ट्रबिच एउटै समयावधिमा पनि फरक फरक औद्योगिक तथा व्यापारिक नीति हुन्छन् । |

(ङ) विद्यार्थीहरूलाई नेपालबाट कुन कुन देशमा वस्तु तथा सेवाहरू निर्यात गरिन्छ भनी प्रश्न गर्नुहोस् र उनीहरूले बताएका सही देशका नामहरू कालो/सेतोपाटीमा टिप्दै जानुहोस् । यसै गरी नेपालले कुन कुन देशहरूबाट वस्तु तथा सेवाहरू आयात गर्छ भनी प्रश्न गर्नुहोस् र उनीहरूले बताएका सही देशका नामहरू कालो/सेतोपाटीमा टिप्दै जानुहोस् । तत्पश्चात् नेपालको वैदेशिक व्यापारलाई मुख्यतः भारतसँग हुने व्यापार र अन्य देशसँग हुने व्यापार गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ भनी बताइदिनुहोस् । यसपछि नेपालबाट भारततर्फ निर्यात हुने र भारतबाट नेपालमा आयात हुने मुख्य वस्तुहरू लेखिएको चार्ट प्रस्तुत गरी विद्यार्थीहरूलाई छलफल गराउनुहोस् । त्यसैगरी नेपालबाट अन्य देशतर्फ निर्यात हुने र अन्य देशहरूबाट नेपालमा आयात हुने मुख्य वस्तुहरू लेखिएको चार्ट प्रस्तुत गरी विद्यार्थीहरूलाई छलफल गराउनुहोस् ।

| **नेपालबाट भारततर्फ निर्यात हुने मुख्य वस्तुहरू** | **भारतबाट नेपालमा आयात हुने मुख्य वस्तुहरू** |
|---|---|
| • लत्ताकपडा<br>• पोलिस्टर धागो<br>• जी आइ पाइप<br>• ढुङ्गा तथा बालुवा<br>• अलैँची आदि | • पेट्रोलियम पदार्थ<br>• कोइला<br>• रासायनिक मल<br>• तयारी पोसाक<br>• कृषि उपकरण<br>• पार्टस् आदि |

DRAFT

| नेपालबाट अन्य देशतर्फ निर्यात हुने मुख्य वस्तुहरू | अन्य देशहरूबाट नेपालमा आयात हुने मुख्य वस्तुहरू |
|---|---|
| • उन<br>• गलैंचा<br>• तयारी पोसाक<br>• पस्मिना<br>• नेपाली कागज र सोबाट बनेका सामान<br>• छाला आदि | • सुन<br>• चाँदी<br>• भटमासको कच्चा तेल<br>• खाने तेल<br>• मेसिनरी तथा पार्टस् आदि |

(च) नेपालको वैदेशिक व्यापार सम्बन्धी अध्यावधिक तथ्याङ्कको तालिका प्रस्तुत गरी यहाँ प्रस्तुत गरिएको तालिकाको तलपट्टि उल्लेख गरिएका प्रश्नका आधारमा छलफल गराउनुहोस् । उदाहरणका लागि यहाँ आर्थिक वर्ष २०६९/७० को नेपालको वैदेशिक व्यापार सम्बन्धी केही तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| | कुल रु. करोडमा | भारत रु. करोडमा | अन्य मुलुकहरू रु. करोडमा |
|---|---|---|---|
| १. वैदेशिक व्यापार (व्यापार अंश प्रतिशतमा) | **६३३६५.७** **(१००.०)** | ४१८०३.१ (६६.०) | २१५६२.६ (३४.०) |
| (क) निर्यात | **७६९१.७** | ५१००.० | २५९१.७ |
| (ख) आयात | **५५६७४.०** | ३६७०३.१ | १८९७०.९ |
| २. व्यापार सन्तुलन (निर्यात - आयात) | **–४७९८२.३** | –३१६०३.२ | –१६३७९.२ |

*स्रोत : आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७०/७१ नेपाल सरकार अर्थ मन्त्रालय ।*

माथिको तालिकाको आधारमा निम्न लिखित प्रश्नहरूमाथि छलफल गराई समाधान खोज्न लगाउनुहोस् :

- नेपालको वैदेशिक व्यापारमा आयात र निर्यातको अंश (प्रतिशत) कति कति छ ?
- कुल निर्यातमा भारत र अन्य मुलुकतर्फको अंश (प्रतिशत) कति कति छ ?
- कुल आयातमा भारत र अन्य मुलुकतर्फको अंश (प्रतिशत) कति कति छ ?

DRAFT

- निर्यात आयात अनुपात कति छ ?
- नेपालको वैदेशिक व्यापार सन्तुलनको अवस्था कस्तो छ ?

(छ) विद्यार्थीहरूलाई वैदेशिक व्यापारको महत्त्वमाथि केन्द्रित गराई छलफल गराउनुहोस् । त्यसपछि वैदेशिक व्यापारको महत्त्व लेखिएको चार्ट प्रस्तुत गरी हरेक बुँदाहरू प्रस्ट पार्नुहोस् ।

**नेपालमा वैदेशिक व्यापारको महत्त्व/भूमिका**

- आवश्यक उपभोग्य र पुँजीगत वस्तुहरूको आपूर्ति
- उत्पादित वस्तुहरूका लागि बजार विस्तार,
- विदेशी मुद्रा आर्जन
- तुलनात्मक लागत भिन्नता तथा विशिष्टिकरणबाट लाभ
- देशमा उपलब्ध साधन र स्रोतको सदुपयोग
- औद्योगिकीकरण
- सरकारी आम्दानीमा वृद्धि
- रोजगारीका अवसरहरूको सिर्जना
- विपत् न्यूनीकरण
- अन्तर्राष्ट्रिय सम्बन्धको विकास आदि ।

(ज) विद्यार्थीहरूलाई नेपालले वैदेशिक व्यापारको क्षेत्रमा भोग्नुपरेका समस्याहरू के के हुन् भनी प्रश्न गर्नुहोस् र उनीहरूले दिएको सही उत्तरलाई प्रोत्साहित गर्दै कालो/सेतोपाटीमा टिपोट गर्दै जाने र नेपालको वैदेशिक व्यापारका समस्या लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराई प्रस्ट पारिदिनुहोस् ।

**नेपालको वैदेशिक व्यापारमा देखापरेका समस्याहरू**

- भूपरिवेष्ठित अवस्थिति
- खुला/अनियन्त्रित सीमाना
- घट्दो निर्यात र बढ्दो आयात (व्यापार घाटा)
- प्राथमिक वस्तुहरूको उत्पादन र निर्यात
- विदेशी वस्तुहरूसँगको प्रतिस्पर्धा (उच्च उत्पादन लागत र न्यून गुणस्तर)

DRAFT

- व्यापार विविधीकरणको अभाव
- उपयुक्त औद्योगिक र व्यापार नीति तथा त्यसको प्रभावकारी कार्यान्वयनको अभाव आदि ।

(झ) विद्यार्थीहरूलाई नेपालको वैदेशिक व्यापारका समस्या समाधानका उपायहरू के के हुन सक्लान् भनी प्रश्न गर्नुहोस् । उनीहरूले दिएको सही जवाफलाई प्रोत्साहित गर्दै कालो/सेतोपाटीमा टिपोट गर्दै जानुहोस् र नेपालको वैदेशिक व्यापारको समस्या समाधानका उपायहरू लेखिएको चार्ट प्रस्तुत गरी हरेकको व्याख्या गरिदिनुहोस् ।

**नेपालको वैदेशिक व्यापारका समस्या समाधानका उपायहरू**

- वैदेशिक व्यापारमा देशगत र वस्तुगत विविधीकरण गर्ने,
- कृषि र वनमा आधारित उद्योगहरूको विकास गर्ने,
- विश्व व्यापार सङ्गठनबाट विशेष सुविधा प्राप्त गर्ने,
- औद्योगिक पूर्वाधारको विकास र औद्योगिकीकरण गर्ने,
- कम लागतमा गुणस्तरीय वस्तुहरूको उत्पादन र निर्यात गर्ने,
- उपयुक्त औद्योगिक र व्यापार नीति निर्माण गरी त्यसको कार्यान्वयन गर्ने,
- उपलब्ध साधन र स्रोतको समुचित सदुपयोग गर्ने,
- विनासर्त पारवहन सुविधाको व्यवस्था गर्ने,
- पर्याप्त पुँजीको व्यवस्था गर्ने आदि ।

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- वैदेशिक व्यापार भनेको के हो ?
- वैदेशिक व्यापारमा घाटा भन्नाले केलाई जनाउँछ ?
- आन्तरिक र वैदेशिक व्यापारबिचका कुनै चार ओटा भिन्नताहरू बताऊ ।
- नेपालबाट निर्यात हुने चार ओटा मुख्य वस्तुहरूको नाम बताऊ ।
- नेपालको वैदेशिक व्यापारका कुनै चार ओटा महत्त्व उल्लेख गर ।
- नेपालको वैदेशिक व्यापार घाटा कम गर्ने कुनै चार ओटा उपायहरू उल्लेख गर ।
- नेपालको वैदेशिक व्यापार मुख्यतः कुन देशसँग हुने गरेको छ ?

DRAFT

## ६. थप सुझाव

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी पहिलो समूहलाई वैदेशिक व्यापारको वर्तमान अवस्था, दोस्रो समूहलाई वैदेशिक व्यापारको महत्त्व, तेस्रो समूहलाई वैदेशिक व्यापारसँग सम्बन्धित समस्याहरू र चौथो समूहलाइ वैदेशिक व्यापारसँग सम्बन्धित समस्या समाधानका उपायहरूका बारेमा खोजी/छलफल गर्न लगाएर कक्षामा प्रस्तुत गर्न लगाउन सकिन्छ ।

- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी क्षेत्र भ्रमणमा पठाई नेपालमा विदेशवाट आयात गरिएका वस्तुहरू खोजी गरी तिनको सूची कक्षाकोठामा प्रस्तुत गर्न लगाउन सकिन्छ ।

DRAFT

## पाठ : ३ मुद्रा

*अनुमानित घन्टी : १*

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| मुद्राको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न | • वस्तु विनिमय र मुद्रा विनिमयको अर्थ बताउन,<br>• मुद्रालाई परिभाषित गर्न,<br>• मुद्राले गर्ने कामहरू बताउन,<br>• विभिन्न देशमा प्रचलित मुद्राको नाम बताउन,<br>• सिक्का तथा नोटहरू पहिचान गर्न,<br>• मुद्राको जतनसाथ प्रयोग गर्न,<br>• असल मुद्रामा हुनुपर्ने गुण वा विशेषता बताउन । |

### २. पाठ परिचय

प्राचीन समयमा मानिसहरूले आफूलाई चाहिने वस्तुहरू सकेसम्म आफनै घर परिवारमै उत्पादन गर्दथे । आफूलाई बढि भएका वस्तु अरूलाई दिएर तिनीहरूबाट आफूलाई चाहिने अन्य वस्तुहरू लिने गर्दथे । यसरी मुद्राको अनुपस्थितिमा मानिसहरूले एकआपसमा वस्तुले वस्तु साटासाट गरी आआफ्ना आवश्यकता पूरा गर्ने प्रथालाई वस्तु विनिमय प्रथा भनिन्छ । आर्थिक क्रियाकलापहरूमा वृद्धि हुँदै जाँदा वस्तु विनिमय प्रथा अव्यावहारिक बन्दै गयो ।

आवश्यकताको दोहोरो मेल नहुनु, मूल्य मापन गर्ने सर्वमान्य आधार नहुनु, वस्तुहरू ससाना एकाइमा विभाजनयोग्य नहुनु, वस्तु वा त्यसको मूल्यलाई लामो समयसम्म सञ्चय गरेर राख्न नसकिनु, भविष्यमा गरिने भुक्तानीका लागि मापदण्ड निर्धारण गर्न नसकिनु आदि वस्तु विनिमय प्रथाका कठिनाइहरू थिए । परिणामस्वरूप विनिमयको माध्यमका रूपमा सर्वस्वीकार्य वस्तुको खोजी हुन थाल्यो । यसै क्रममा कुनै खास अन्न, प्वाल पारिएका कडा ढुङ्गा, जनावर, जनावरका छाला, सिपी/कछुवाका खोल, मुगा, धातुका टुक्रा आदि विनिमयको माध्यमका रूपमा प्रयोग हुन थाले ।

विकासको गतिसँगै यी वस्तुहरूलाई विनिमयको माध्यमका रूपमा प्रयोग गर्दा विभिन्न समस्याहरू देखा पर्न थाले । तत्पश्चात् सुन र चाँदी जस्ता धातु मुद्रा प्रचलनमा आए । यी धातु मुद्रा पनि बढी खर्चिलो र सबै देशले अपनाउन नसक्ने भएपछि वर्तमान समयमा पत्रमुद्रा बढी लोकप्रिय बनेको छ । आजकल पत्रमुद्राका साथसाथै साख मुद्रालाई पनि प्रचलनमा ल्याइएको छ ।

DRAFT

मानव सभ्यताको विकास सँगसँगै मुद्राका रूप र परिभाषा पनि परिवर्तन हुँदै आएको देखिन्छ । सर्वस्वीकार्य विनिमयको माध्यम, मूल्यको मापक, भावी भुक्तानीको मापदण्डका साथै मूल्यको सञ्चय र हस्तान्तरणको कार्य गर्ने वस्तुलाई मुद्रा भन्न सकिन्छ । मुद्रा सरकारद्वारा मान्यता प्राप्त हुन्छ ।

बजारमा वस्तु तथा सेवाहरूको किनबेच मुद्राकै माध्यमबाट हुने गर्छ । वस्तु तथा सेवाहरू उत्पादन गर्दा लाग्ने खर्चलाई लागत भनिन्छ । सामान्यतया यही लागतका आधारमा वस्तुको मूल्य तय गरिन्छ । वस्तुको लागत तथा मूल्य मुद्रामा व्यक्त/मापन गरिन्छ । मुद्राले कुनै वस्तु एक समयमा लिएर निश्चित समयपछि तिर्न सम्भव तुल्याएको छ । वस्तु तथा सेवा बिक्री गरेर प्राप्त मुद्रालाई सजिलै सञ्चय गरेर राख्न सकिन्छ । तर मुद्राको अभावमा वस्तु तथा सेवालाई लामो समय सम्म सञ्चय गरेर राख्न गाह्रो हुन्छ । एउटा व्यक्तिको कुनै ठाउँमा रहेको घरजग्गा बेची त्यसै मुद्राले उसले अर्को ठाउँमा घरजग्गा खरिद गर्न सक्छ ।

असल मुद्रामा सर्वस्वीकार्यता, टिकाउपन, विभाजनीयता, मूल्यमा स्थिरता, परिचयता, वहनीयता, एकाइमा समरूपता जस्ता गुण/विशेषता हुन्छन् ।

सबै देशको आआफ्नै मुद्रा हुन्छ । नेपालको मुद्रालाई रुपियाँ भनिन्छ । नेपाली रुपियाँलाई नोट तथा सिक्काका रूपमा पाउन सकिन्छ । नेपालमा नोट निष्कासन गर्ने काम नेपाल राष्ट्र बैङ्कले मात्र गर्छ । नेपाल राष्ट्र बैङ्क नेपालको केन्द्रीय बैङ्क हो । युरोपका कही देशहरूमा एउटै/साझा मुद्रा प्रचलनमा ल्याइएको छ । यसलाई युरो डलर भनिन्छ । अमेरिकाको मुद्रालाई यु.एस. डलर भनिन्छ । त्यस्तै बङ्गलादेशमा टाका, भारतमा भारतीय रुपयाँ, चीनमा युआन, मालदिभ्समा रुफिया, पाकिस्तानमा पाकिस्तानी रूपी, भुटानमा नेगुल्ट्रम प्रचलनमा रहेका मुद्रा हुन् ।

## ३. शैक्षिक सामग्री

- नेपालमा विभिन्न समयमा प्रचलनमा रहेका सिक्का तथा नोटका नमुना/तस्बिरहरू,
- विभिन्न देशका मुद्राका नमुना/तस्बिरहरू,
- विभिन्न देश र ती देशमा प्रचलित मुद्राहरूको सूची लेखिएको चार्ट,
- मुद्राको परिभाषा, मुद्राका कार्य, असल मुद्राका विशेषता लेखिएका चार्टहरू,
- मुद्राको जतन सम्बन्धी सङ्कलन गरिएका प्लेकार्डका नमुनाहरू ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूको ध्यानाकर्षण गरी पाठसँग सम्बन्धित निम्न लिखित प्रश्नहरूमाथि केन्द्रित भई छलफल गराउनुहोस् :

- विनिमय भनेको के हो ?
- वस्तु विनिमय भनेको के हो ?



DRAFT

- वस्तु विनिमयका क्रममा देखा परेका समस्याहरू के के हुन् ?

छलफलका क्रममा विद्यार्थीहरूले बताएका प्रश्नका सही जवाफलाई कदर गर्दै हरेक प्रश्नको सही जवाफ कालो/सेतोपाटीमा लेखिदिनुहोस् वा विद्यार्थीहरूलाई आआफ्नो कापीमा लेख्न लगाउनुहोस् ।

कुनै दुई व्यक्तिहरूबिच आफूसँग बढी भएका वस्तुहरू एकआपसमा साटासाट गरी आआफ्ना आवश्यकता पूरा गर्ने कार्यलाई विनिमय भनिन्छ ।

वस्तुले वस्तु साटासाट गरी आआफ्ना आवश्यकता पूरा गर्ने कार्यलाई वस्तु विनिमय भनिन्छ ।

**वस्तु विनिमयका क्रममा देखा परेका समस्याहरू**

- आवश्यकताको दोहोरो मेल नहुनु,
- मूल्य मापन गर्ने सर्वमान्य आधार नहुनु,
- वस्तुहरू ससाना एकाइमा विभाजनीय नहुनु,
- वस्तु वा त्यसको मूल्यलाई लामो समयसम्म सञ्चय गरेर राख्न नसकिनु,
- भविष्यमा गरिने भुक्तानीका लागि मापदण्ड निर्धारण गर्न नसकिनु आदि ।

(ख) विद्यार्थीहरूलाई वस्तु विनिमय प्रथाका विभिन्न कठिनाइहरूको कारणले गर्दा मुद्राको जन्म भएको कुरा प्रस्ट पारिदिनुहोस् । मुद्राको विकास क्रमको सुरुआतमा कुनै खास अन्न, प्वाल पारिएका कडा ढुङ्गा, जनावर, जनावरका छाला, सिपी/कछुवाका खोल, मुगा, धातुका टुक्रा आदि विनिमयको माध्यम अथवा मुद्राका रूपमा प्रयोग भएको बताइदिनुहोस् । यी वस्तु मुद्राको प्रयोग अव्यावहारिक बन्दै गएपछि सुन, चाँदी जस्ता धातु मुद्रा प्रचलनमा आएको कुरा पनि बताइदिनुहोस् । यी धातु मुद्रा पनि बढी खर्चिलो र सबै देशले अपनाउन नसक्ने भएपछि वर्तमान समयमा पत्रमुद्रा बढी लोकप्रिय बनेको र आजकल पत्रमुद्राका साथसाथै साखमुद्रालाई पनि प्रचलनमा ल्याइएको कुरा प्रस्ट पारिदिनुहोस् ।

मुद्राको माध्यमले वस्तु तथा सेवाहरू किनबेच गर्ने प्रचलनलाई मुद्रा विनिमय भनिन्छ ।

(ग) विद्यार्थीहरूलाई मुद्रा भनेको के हो अथवा के कस्ता गुणहरू विद्यमान भएको वस्तुलाई मुद्रा भनिन्छ भनी प्रश्न गर्नुहोस् । उनीहरूले बताएका सही तथ्यहरूलाई कालो/सेतोपाटीमा टिप्दै जानुहोस् । यसपछि मुद्राको परिभाषा, मुद्राले गर्ने कार्य र असल मुद्राका गुणहरू लेखिएका चार्टहरू प्रस्तुत गरी मुद्राको अवधारणा प्रस्ट पारिदिनुहोस् ।

सर्वस्वीकार्य विनिमयको माध्यम, मूल्यको मापक, भावी भुक्तानीको मापदण्डका साथै मूल्यको सञ्चय र हस्तान्तरणको कार्य गर्ने सरकारद्वारा मान्यता प्राप्त वस्तुलाई मुद्रा भनिन्छ ।

DRAFT

त्यो वस्तुलाई मुद्रा भनिन्छ जसले मुद्राका कार्यहरू गर्छ ।

**मुद्राका कार्यहरू**

- विनिमयको माध्यम
- मूल्यको मापक
- भावी भुक्तानीको मापदण्ड
- मूल्यको सञ्चय
- मूल्यको हस्तान्तरण आदि ।

**असल मुद्राका गुणहरू**

- सर्वस्वीकार्यता
- कानुनी ग्राह्यता
- विभाजनयोग्य
- वहनपन
- समरूपता
- पहिचान
- टिकाउपना
- मूल्यमा स्थिरता

(घ) विद्यार्थीहरूलाई नेपालमा नोट निष्काशन गर्ने काम कसले गर्छ भनी प्रश्न गर्नुहोस् र उनीहरूको सही जवाफको कदर गर्दै नेपाल राष्ट्र बैङ्कले गर्छ भनी बताइदिनुहोस् । नेपाल राष्ट्र बैङ्कले निश्चित नियम र प्रक्रियाका आधारमा नोट निष्काशन वा छाप्ने काम गर्छ भनी त्यो सम्बन्धमा छलफल गराउनुहोस् ।

(ङ) नोटको जतन कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूको समूह बनाई समूह छलफल गर्न लगाई छलफलबाट प्राप्त निष्कर्षहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- मुद्रा भनेको के हो ?
- मुद्राका कुनै चार ओटा कार्यहरू बताऊ ।
- कुनै दुई ओटा देश र ती देशमा प्रचलित मुद्राको नाम उल्लेख गर ।



DRAFT

- असल मुद्राका कुनै चार ओटा विशेषता वा गुणहरू बताऊ ।
- मुद्राले हाम्रो दैनिक जीवनलाई कसरी सहयोग पुर्‍याएको छ ? भन ।
- नोटको हिफाजत गर्ने कुनै चार ओटा तरिकाहरू उल्लेख गर ।

६. **थप सुझाव**

विद्यार्थीहरूलाई नेपालमा प्रचलनमा रहेका विभिन्न दरका नोटको सूची तयार गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउन सकिन्छ ।

DRAFT

## पाठ ४ बैङ्क     अनुमानित घन्टी : २

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| बैङ्कको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न | • बैङ्कको अर्थ बताउन,<br>• बैङ्कका प्रकारहरू बताउन,<br>• विभिन्न प्रकारका बैङ्कहरूलाई परिभाषित गर्न,<br>• केन्द्रीय बैङ्कले गर्ने कार्यहरू बताउन,<br>• वाणिज्य बैङ्कका कार्यहरू बताउन,<br>• विभिन्न किसिमका बैङ्क खाताहरूको परिचय दिन,<br>• साख सिर्जना गर्ने प्रक्रियाका बारेमा बताउन,<br>• विभिन्न साखका साधनहरूको परिचय दिन,<br>• केन्द्रीय बैङ्क र वाणिज्य बैङ्कबिच फरक छुट्याउन,<br>• विकास बैङ्कका कार्यहरू बताउन,<br>• विभिन्न बैङ्कहरूले उपलब्ध गराउने सेवाहरूको उपयोग गर्न । |

### २. पाठ परिचय

मुद्रा तथा साख सम्बन्धी काम गर्ने कानुनीरूपले सङ्गठित वित्तीय संस्थालाई बैङ्क भनिन्छ । व्यक्ति तथा संस्थाहरूले विभिन्न स्रोतबाट आफूलाई प्राप्त नगद मुद्रा त्यत्तिकै राखिरहन चाहँदैनन् । आफूसँग नगद मुद्रा राख्दा यो सुरक्षित हुँदैन र यसबाट कुनै प्रतिफल पनि प्राप्त हुँदैन । त्यसैले उनीहरू मुद्रा बैङ्कमा राख्न चाहन्छन् । व्यक्ति वा संस्थाहरू बैङ्कमा मुद्रा राख्न जाँदा सम्बन्धित बैङ्कले उनीहरूको नाममा खाता खोल्ने व्यवस्था मिलाउँछ । त्यसपछि उक्त मुद्रालाई बैङ्कले निक्षेप वा जम्माका रूपमा स्वीकार गर्छ । बैङ्कको नियम र जम्माकर्ताको मागअनुसार पछि रकम दिलाउने गरी बैङ्कले जम्माकर्तालाई चेक प्रदान गर्छ । बैङ्कले चेकका साथसाथै रकम जम्मा गरेको भरपाई पनि उपलब्ध गराउँछ । अर्कोतिर बैङ्कले रकम आवश्यक पर्ने व्यक्ति वा संस्थाहरूलाई पर्याप्त धितो जमानतका आधारमा निक्षेप रकमबाट ऋण पनि प्रदान गर्छ ।

DRAFT

निक्षेप स्वीकार गर्ने र ऋण प्रदान गर्ने कार्यका अतिरिक्त बैङ्कले साख सिर्जना र त्यसको कारोवार पनि गर्छ । व्यक्ति वा संस्थाले आफनो खातामा जम्मा हुने गरी बैङ्कमा दाखिला गरेको नगद रकमलाई निक्षेप भनिन्छ । बैङ्कले आफनो कुल निक्षेपको एउटा निश्चित प्रतिशत रकम नगद कोषमा राखी बाँकी रकम ग्राहकहरूलाई ऋणका रूपमा प्रवाह गर्छ । यसरी ऋण दिँदा बैङ्कले नगद रकम नदिएर ऋण लिने व्यक्ति वा संस्थाको नाममा खाता खोल्न लगाउँछ । त्यसपछि उक्त खातामा रकम जम्मा गरिदिन्छ र चेक प्रदान गर्छ । यसरी ऋणीले ऋण लिएको रकम फेरि बैङ्कले निक्षेपका रूपमा प्राप्त गर्छ । यो निक्षेप रकमको पनि एउटा निश्चित प्रतिशत नगद कोषका लागि छुटाएर बाँकी रकम फेरि अर्को व्यक्ति वा संस्थालाई ऋणका रूपमा उपलब्ध गराउँछ । यस्तो क्रम चलि नै रहन्छ । यसरी बैङ्कले आफ्नो कुल निक्षेपभन्दा धेरै गुणा बढी रकम ऋण दिएर साखको निर्माण गर्छ । बैङ्कले ऋण दिएर वा सुरक्षण आदि खरिद गरेर जुन निक्षेप निर्माण गर्छ त्यसैलाई साख सिर्जना भनिन्छ । बैङ्कले सबै जम्माकर्ताहरू जम्मा गरेको रकम एकै पटक झिक्न आउँदैनन् भन्ने मान्यता राख्दछ । यही मान्यताको आधारमा बैङ्क आफैँले निक्षेप वृद्धि गर्छ अथवा साख सिर्जना गर्छ । यसबाट बैङ्कले आय आर्जन गर्छ ।

अतः कानुनबमोजिम स्थापित, निक्षेप स्वीकार गर्ने, ऋण प्रदान गर्ने, साख सिर्जना र त्यसको कारोबार गर्ने वित्तीय संस्थालाई बैङ्क भनिन्छ । बैङ्कले देशका विभिन्न ठाउँमा व्यक्ति वा संस्थासँग छरिएर रहेका ससाना रकमलाई एकीकृत गर्ने काम गर्छ । देशको विकासका लागि आवश्यक पर्ने पुँजी निर्माणमा बैङ्कको महत्त्वपूर्ण भूमिका हुन्छ । बैङ्कलाई आर्थिक प्रगतिको परिणाम र कारण दुवै मानिन्छ । स्थापनाको उद्देश्य र सम्पादन गर्ने कार्य प्रकृतिका आधारमा बैङ्कलाई फरक फरक किसिमले वर्गीकरण गर्ने गरिन्छ । यहाँ केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क र विकास बैङ्कका बारेमा मात्र छोटकरीमा चर्चा गरिएको छ ।

प्रायः हरेक देशमा एउटा केन्द्रीय बैङ्क हुन्छ । यो मुद्रा र बैङ्किङ क्षेत्रको सर्वोच्च संस्था हो । यसले मुद्रा निष्काशन, नियन्त्रण र व्यवस्थापन गर्छ । देशमा रहेका अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई नियन्त्रणमा राख्ने र आवश्यक निर्देशन दिने काम गर्छ । यसलाई बैङ्कहरूको बैङ्क र सरकारको पनि बैङ्क भन्ने गरिन्छ । नेपालमा नेपाल राष्ट्र बैङ्क, भारतमा रिर्जभ बैङ्क अफ इन्डिया र बेलायतमा बैङ्क अफ इङ्ल्यान्ड केन्द्रीय बैङ्क हुन् । केन्द्रीय बैङ्कले नाफा कमाउने उद्देश्यले नभएर सरकारको मौद्रिक उद्देश्य र सर्वसाधारणको हितलाई ध्यानमा राखेर काम गर्छन् ।

नेपाल राष्ट्र बैङ्कको स्थापना वि सं २०१३ साल वैशाख १३ गते भएको हो । यसले निष्काशन गर्ने विभिन्न दरका नोट वा सिक्काहरूले विनिमय र भुक्तानीमा सहयोग पुगेको छ । यसको अन्य विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र विकासका साथै साख नियन्त्रणमा महत्त्वपूर्ण भूमिका रहेको छ । विदेशी विनिमयदरमा स्थायित्व, ग्रामीण क्षेत्रमा मौद्रिकीकरण जस्ता कार्यमा पनि राष्ट्र बैङ्कको योगदान रहेको छ ।

वाणिज्य बैङ्क नाफा कमाउने उद्देश्यले स्थापना गरिएको हुन्छ । यसले विभिन्न खातामा सर्वसाधारणहरूबाट निक्षेप स्वीकार गर्छ । सर्वसाधारण र व्यापारीहरूका लागि पर्याप्त धितोमा विभिन्न प्रकारका अल्पकालीन ऋण उपलब्ध गराउँछ । साख सिर्जना र विनिमयपत्र, सेयर तथा ऋणपत्रहरूको खरिदबिक्री पनि यसले गदछ । यसले विभिन्न माध्यमद्वारा एक ठाउँबाट अर्को ठाउँमा मुद्राको स्थानान्तरण गर्छ । वाणिज्य बैङ्कले विदेशी मुद्राको सटही, साखका

साधनहरूको निष्काशन र खरिदबिक्री गर्ने जस्ता काम पनि गर्छ । यसका अतिरिक्त ग्राहकहरूको आवश्यकताअनुसार बहुमूल्य वस्तु तथा धातुहरू सुरक्षित राख्न लकरको पनि व्यवस्था गरेको हुन्छ । वि सं १९९४ मा स्थापित नेपाल बैङ्क लिमिटेड नेपालको पहिलो वाणिज्य बैङ्क हो । त्यस्तै राष्ट्रिय वाणिज्य बैङ्क, कृषि विकास बैङ्क, नबिल बैङ्क लिमिटेड, नेपाल इन्भेस्टमेन्ट बैङ्क लिमिटेड आदि नेपालमा रहेका वाणिज्य बैङ्क हुन् ।

कृषि उद्योग र अन्य प्रमुख क्षेत्रको विकास र प्रवर्धन गर्ने उद्देश्यले स्थापना गरिएको वित्तीय संस्थालाई विकास बैङ्क भनिन्छ । पूर्णरूपमा बचत परिचालनमा निर्भर हुने वाणिज्य बैङ्क र अन्य वित्तीय संस्थाहरू जस्तो विकास बैङ्कले सर्वसाधारणबाट निक्षेप स्वीकार गर्दैन । यसले नीजि तथा सार्वजनिक संस्थानहरूलाई मध्यकालीन र दीर्घकालीन ऋण सहयोग उपलब्ध गराउँछ । विकास बैङ्कले उद्यम वा संस्थानहरूलाई योजना निर्माणदेखि कार्यसञ्चालनको स्तरसम्म सहयोग गर्छ । साथै यस्ता संस्थानहरूलाई अन्य स्रोतबाट प्राप्त सहयोग अपुग भएमा सहयोग गर्छ । विकास बैङ्कले नाफा कमाउने उद्देश्यले नभएर सर्वसाधारणको हितलाई ध्यानमा राखेर काम गर्छ । नेपालमा वि सं २०१६ मा स्थापित नेपाल औद्योगिक विकास निगमलाई विकास बैङ्कका रूपमा लिन सकिन्छ ।

## ३. शैक्षिक सामग्री

- बैङ्कका प्रकारहरू देखाउने चार्ट,
- विभिन्न प्रकारका बैङ्कहरूको परिभाषा लेखिएका चार्टहरू,
- केन्द्रीय बैङ्कका कार्यहरू लेखिएको चार्ट,
- वाणिज्य बैङ्कका कार्यहरू लेखिएको चार्ट,
- विभिन्न किसिमका बैङ्क खाताहरूको परिचय लेखिएको चार्ट,
- विभिन्न साखका साधनहरूको सूची लेखिएको चार्ट,
- केन्द्रीय बैङ्क र वाणिज्य बैङ्कबिचका भिन्नताहरू लेखिएको चार्ट,
- विकास बैङ्कका कार्यहरू लेखिएको चार्ट,
- बैङ्कबाट हुने फाइदाहरू लेखिएको चार्ट ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूमा बैङ्क सम्बन्धी पूर्वज्ञान के कति छ भनी पत्ता लगाउन बैङ्क भनेको के हो भनी प्रश्न गर्नुहोस् । उनीहरूले दिएको सही उत्तरलाई प्रोत्साहित गर्दै कालो/सेतोपाटीमा टिप्दै जानुहोस् र बैङ्कको परिभाषा लेखिएको चार्ट प्रस्तुत गरी बैङ्कको परिभाषा प्रस्ट पारीदिनुहोस् ।

कानुनबमोजिम स्थापित, निक्षेप स्वीकार गर्ने, ऋण प्रदान गर्ने, साख सिर्जना र त्यसको कारोबार गर्ने वित्तीय संस्थालाई बैङ्क भनिन्छ ।

DRAFT

(ख) बैङ्क कति प्रकारका हुन्छन् भनी विद्यार्थीहरूलाई सामूहिक प्रश्न गर्नुहोस् । स्थापनाको उद्देश्य र सम्पादन गर्ने कार्य प्रकृतिका आधारमा बैङ्कलाई फरक फरक किसिमले वर्गीकरण गर्ने गरिन्छ । यहाँ बैङ्कलाई केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क र विकास बैङ्क गरी तिन भागमा मात्र विभाजन गरिएको कुरा विद्यार्थीहरूलाई बताइदिनुहोस् । बैङ्कका प्रकारहरू लेखिएको चार्ट प्रस्तुत गरी विद्यार्थीहरूलाई छलफल विधिद्वारा प्रस्ट पारिदिनुहोस् ।

| बैङ्कका प्रकारहरू |
|---|
| १. केन्द्रीय बैङ्क |
| २. वाणिज्य बैङ्क |
| ३. विकास बैङ्क |
| ४. बैङ्किङ कारोबार गर्ने फाइनान्स कम्पनी, लघुवित्त संस्था र सहकारीहरू |

(ग) नेपालको केन्द्रीय बैङ्क कुन हो भनी विद्यार्थीलाई प्रश्न गर्नुहोस् र उनीहरूको सही जवाफलाई प्रोत्साहित गर्नुहोस् । सही जवाफ नआएमा नेपालको केन्द्रीय बैङ्क नेपाल राष्ट्र बैङ्क हो र यसको स्थापना वि सं २०१३ साल वैशाख १३ गते भएको हो, प्रायः प्रत्येक देशमा एउटा केन्द्रीय बैङ्क हुन्छ भनी बताइदिनुहोस् । विद्यार्थीहरूलाई कस्तो बैङ्कलाई केन्द्रीय बैङ्क भनिन्छ भनी पुनः प्रश्न गर्नुहोस् । उनीहरूको सही जवाफलाई प्रोत्साहित गर्दै केन्द्रीय बैङ्कको परिभाषा र यसले गर्ने कार्यहरू लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् ।

कुनै पनि देशको मुद्रा र बैङ्किङ क्षेत्रको सर्वोच्च संस्थालाई केन्द्रीय बैङ्क भनिन्छ । यसलाई बैङ्कहरूको बैङ्क र सरकारको पनि बैङ्क भन्ने गरिन्छ । केन्द्रीय बैङ्कले नाफा कमाउने उद्देश्यले नभएर सरकारको मौद्रिक उद्देश्य र सर्वसाधारणको हितलाई ध्यानमा राखेर काम गर्छ । यसका कार्यहरू निम्नानुसार छन् :

- नोट निष्काशन गर्ने,
- सरकारको बैङ्कका रूपमा काम गर्ने,
- सरकारको वित्तीय तथा मौद्रिक सल्लाहकारका रूपमा काम गर्ने,
- साख नियन्त्रण गर्ने,
- देशमा रहेको सुनचाँदी तथा विदेशी मुद्रा कोषको संरक्षकका रूपमा काम गर्ने,
- विदेशी विनिमय दरमा स्थिरता कायम गर्ने,
- विकास सम्बन्धी अन्य काम गर्ने ।

DRAFT

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरूलाई केन्द्रीय बैङ्कले निष्काशन गर्ने विभिन्न दरका नोट वा सिक्काहरूले विनिमय र भुक्तानीमा सहयोग पुगेको, अन्य विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र विकास तथा साख नियन्त्रणमा महत्त्वपूर्ण भूमिका रहेको, विदेशी विनिमयमा दरमा स्थायित्व, ग्रामीण क्षेत्रमा मौद्रिकीकरण जस्ता कार्यमा पनि राष्ट्र बैङ्कको योगदान रहेको कुरा बताइदिनुहोस् । नेपालको केन्द्रीय बैङ्क नेपाल राष्ट्र बैङ्क भएजस्तै भारत र बेलायतका केन्द्रीय बैङ्क क्रमशः रिर्जभ बैङ्क अफ इन्डिया र बैङ्क अफ इङ्ग्ल्यान्ड हुन् भन्ने कुरा पनि बताइदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई कस्तो बैङ्कलाई वाणिज्य बैङ्क भनिन्छ भनी प्रश्न गर्नुहोस् र उनीहरूको सही जवाफलाई प्रोत्साहित गर्दै वाणिज्य बैङ्कको परिभाषा र कार्यहरू लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् ।

नाफा कमाउने उद्देश्यले देशको प्रचलित ऐन नियमअनुसार स्थापित बैङ्कलाई वाणिज्य बैङ्क भनिन्छ । यसले विभिन्न खातामा सर्वसाधारणहरूवाट निक्षेप स्वीकार गर्छ । सर्वसाधारण र व्यापारीहरूका लागि पर्याप्त धितोमा विभिन्न प्रकारका अल्पकालीन ऋणहरू उपलब्ध गराउँछ । साख सिर्जना र विनिमयपत्र, सेयर तथा ऋणपत्रहरूको खरिदबिक्री पनि यसले गर्छ । यसले विभिन्न माध्यमद्वारा एक ठाउँबाट अर्को ठाउँमा मुद्राको स्थानान्तरण गर्छ । वाणिज्य बैङ्कले विदेशी मुद्राको सटही, साखका साधनहरूको निष्काशन र खरिदबिक्री गर्ने जस्ता काम पनि गर्छ । यसका अतिरिक्त ग्राहकहरूको आवश्यकताअनुसार बहुमूल्य वस्तु तथा धातुहरू सुरक्षित राख्न लकरको पनि व्यवस्था गरेको हुन्छ ।

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरूलाई वि सं १९९४ मा स्थापित नेपाल बैङ्क लिमिटेड नेपालको पहिलो वाणिज्य बैङ्क हो । त्यस्तै राष्ट्रिय वाणिज्य बैङ्क, कृषि विकास बैङ्क, नेबिल बैङ्क लिमिटेड, नेपाल इन्भेस्टमेन्ट बैङ्क लिमिटेड आदि नेपालमा रहेका वाणिज्य बैङ्क हुन् भनी बताइदिनुहोस् ।

एउटै कुरा पटक पटक आएका छन्, पृष्ट भर्नका लागि मात्र लेखिए जस्तो देखिन्छ ।?????????????????? पृस.१३४

(ङ) वाणिज्य बैङ्कले कसरी निक्षेप वृद्धि गर्छ अथवा साख सिर्जना गर्छन् भन्ने सवालमा विद्यार्थीहरूलाई निम्न लिखित अनुच्छेद पढ्न लगाई छलफल गराउनुहोस् : पृ.स. १३३ कै हुबहु

मुद्रा तथा साख सम्बन्धी काम गर्ने कानुनीरूपले सङ्गठित वित्तीय संस्थालाई बैङ्क भनिन्छ । व्यक्ति तथा संस्थाहरूले विभिन्न स्रोतबाट आफूलाई प्राप्त नगद मुद्रा त्यत्तिकै राखिरहन चाहँदैनन् । आफूसँग नगद मुद्रा राख्दा यो सुरक्षित हुँदैन र यसबाट कुनै प्रतिफल पनि प्राप्त हुँदैन । त्यसैले उनीहरू मुद्रा बैङ्कमा राख्न चाहन्छन् । व्यक्ति वा संस्थाहरू बैङ्कमा मुद्रा राख्न जाँदा सम्बन्धित बैङ्कले उनीहरूको नाममा खाता खोल्ने व्यवस्था मिलाउँछ । त्यसपछि उक्त मुद्रालाई बैङ्कले निक्षेप वा जम्माका रूपमा स्वीकार गर्छ । बैङ्कको नियम र जम्माकर्ताको मागअनुसार पछि रकम दिलाउने गरी बैङ्कले जम्माकर्तालाई चेक प्रदान गर्छ । बैङ्कले चेकका साथसाथै रकम जम्मा गरेको भरपाई पनि उपलब्ध गराउँछ । अर्कोतिर बैङ्कले रकम आवश्यक पर्ने व्यक्ति वा



DRAFT

संस्थाहरूलाई पर्याप्त धितो जमानतका आधारमा निक्षेप रकमबाट ऋण पनि प्रदान गर्छ ।

निक्षेप स्वीकार गर्ने र ऋण प्रदान गर्ने कार्यका अतिरिक्त बैङ्कले साख सिर्जना र त्यसको कारोवार पनि गर्छ । व्यक्ति वा संस्थाले आफनो खातामा जम्मा हुने गरी बैङ्कमा दाखिला गरेको नगद रकमलाई निक्षेप भनिन्छ । बैङ्कले आफनो कुल निक्षेपको एउटा निश्चित प्रतिशत रकम नगद कोषमा राखी बाँकी रकम ग्राहकहरूलाई ऋणका रूपमा प्रवाह  गर्छ । यसरी ऋण दिँदा बैङ्कले नगद रकम नदिएर ऋण लिने व्यक्ति वा संस्थाको नाममा खाता खोल्न लगाउँछ । त्यसपछि उक्त खातामा रकम जम्मा गरिदिन्छ र चेक प्रदान गर्छ । यसरी ऋणीले ऋण लिएको रकम फेरि बैङ्कले निक्षेपका रूपमा प्राप्त गर्छ । यो निक्षेप रकमको पनि एउटा निश्चित प्रतिशत नगद कोषका लागि छुटाएर बाँकी रकम फेरि अर्को व्यक्ति वा संस्थालाई ऋणका रूपमा उपलब्ध गराउँछ । यस्तो क्रम चलि नै रहन्छ । यसरी बैङ्कले आफ्नो कुल निक्षेपभन्दा धेरै गुणा बढी रकम ऋण दिएर साखको निर्माण गर्छ । बैङ्कले ऋण दिएर वा सुरक्षण आदि खरिद गरेर जुन निक्षेप निर्माण गर्छ त्यसैलाई साख सिर्जना भनिन्छ । बैङ्कले सबै जम्माकर्ताहरू जम्मा गरेको रकम एकै पटक झिक्न आउँदैनन् भन्ने मान्यता राख्दछ । यही मान्यताको आधारमा बैङ्क आफैँले निक्षेप वृद्धि गर्छ  अथवा साख सिर्जना गर्छ । यसबाट बैङ्कले आय आर्जन गर्छ ।

(च) विद्यार्थीहरूलाई कस्तो बैङ्कलाई विकास बैङ्क भनिन्छ भनी प्रश्न गर्दै विकास बैङ्कको परिभाषा लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् ।

पृ.स. १३४ कै हुबहु

कृषि उद्योग र अन्य प्रमुख क्षेत्रको विकास र प्रवर्धन गर्ने उद्देश्यले स्थापना गरिएको वित्तीय संस्थालाई विकास बैङ्क भनिन्छ । पूर्णरूपमा बचत परिचालनमा निर्भर हुने वाणिज्य बैङ्क र अन्य वित्तीय संस्थाहरू जस्तो विकास बैङ्कले सर्वसाधारणबाट निक्षेप स्वीकार गर्दैन । यसले नीजि तथा सार्वजनिक संस्थानहरूलाई मध्यकालीन र दीर्घकालीन ऋण सहयोग उपलब्ध गराउँछ । विकास बैङ्कले उद्यम वा संस्थानहरूलाई योजना निर्माणदेखि कार्यसञ्चालनको स्तरसम्म सहयोग गर्छ । साथै यस्ता संस्थानहरूलाई अन्य स्रोतबाट प्राप्त सहयोग अपुग भएमा सहयोग गर्छ । विकास बैङ्कले नाफा कमाउने उद्देश्यले नभएर सर्वसाधारणको हितलाई ध्यानमा राखेर काम गर्छ । नेपालमा वि सं २०१६ मा स्थापित नेपाल औद्योगिक विकास निगमलाई विकास बैङ्कका रूपमा लिन सकिन्छ ।

अन्त्यमा विद्यार्थीहरूलाई बैङ्कले देशका विभिन्न ठाउँमा व्यक्ति वा संस्थासँग छरिएर रहेका ससाना रकमलाई एकीकृत गर्ने काम गर्छ, देशको विकासका लागि आवश्यक पर्ने पुँजी निर्माणमा बैङ्कको महत्त्वपूर्ण भूमिका हुन्छ, बैङ्कलाई आर्थिक प्रगतिको परिणाम र कारण दुवै मानिन्छ भनी प्रस्ट पारिदिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- बैङ्क भनेको के हो ?
- बैङ्कका तीन प्रकारहरू बताऊ ।
- कस्तो बैङ्कलाई केन्द्रीय बैङ्क भनिन्छ ?
- केन्द्रीय बैङ्कले गर्ने कार्यहरू के के हुन् ?
- कस्तो बैङ्कलाई वाणिज्य बैङ्क भनिन्छ ?
- वाणिज्य बैङ्कले गर्ने कार्यहरूको सूची बनाऊ ।
- विभिन्न किसिमका बैङ्क खाताहरूको परिचय देऊ ।
- विभिन्न साखका साधनहरूको सूची वनाऊ ।
- केन्द्रीय बैङ्क र वाणिज्य बैङ्कबिचका कुनै दुई भिन्नताहरू उल्लेख गर ।
- कस्तो बैङ्कलाई विकास बैङ्क भनिन्छ ?
- बैङ्कबाट हामीलाई हुने फाइदाहरूको सूची बनाऊ ।

## ६. थप सुझाव

- विद्यार्थीहरूलाई स्थानीय स्तरमा रहेका बैङ्क तथा वित्तीय संस्थाहरूको खोजी गर्न लगाई ती संस्थाहरूमा अवलोकन भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउन सकिन्छ ।
- विद्यार्थीहरूलाई बैङ्क, निक्षेपकर्ता र ऋणीको भूमिका अभिनय गर्न लगाउन सकिन्छ ।

DRAFT

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| वस्तुको मूल्य निर्धारण र मूल्यवृद्धिको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न | • उत्पादक र उपभोक्ताको अर्थ बताउन,<br>• उत्पादनका साधनहरू उल्लेख गर्न,<br>• वस्तुको माग र मूल्यबिचको सम्बन्ध बताउन,<br>• वस्तुको पूर्ति र मूल्यबिचको सम्बन्ध बताउन,<br>• एकाधिकारको अर्थ बताउन,<br>• पूर्ण प्रतिस्पर्धाको अर्थ बताउन,<br>• मूल्य निर्धारण प्रक्रिया बताउन,<br>• बजारमा वस्तुको मूल्यवृद्धि हुने कारणहरू बताउन । |

## २. पाठ परिचय

बजारमा पाइने वस्तु उत्पादन गर्ने काम उत्पादकले गर्छन् । उत्पादक एउटा व्यक्ति, फर्म वा उद्योग हुन सक्छ । वस्तु उत्पादन गर्नका लागि उत्पादकलाई विभिन्न साधनहरूको जरुरत पर्छ । यस्ता साधनहरूमा भूमि, पुँजी, श्रम र सङ्गठन (उद्यम) पर्छन् । उत्पादकले वस्तुको उत्पादन कार्यमा प्रयोग गरेबापत भूमिका लागि लगानी, पुँजीका लागि व्याज, श्रमका लागि ज्याला र उद्यमका लागि नाफा भुक्तान गर्नुपर्ने हुन्छ । यसरी वस्तु उत्पादन गर्दा गरिएको भुक्तानी अथवा खर्चलाई लागत भनिन्छ । सामान्यतया यही उत्पादन लागतका आधारमा वस्तुको मूल्य निर्धारण गरिन्छ । यदि उत्पादित वस्तुमा सरकारले कर लगाएको रहेछ भने उक्त कर रकम पनि जोडेर वस्तुको मूल्य तय गरिन्छ । त्यस्तै कतिपय वस्तु उत्पादनमा सरकारले उत्पादकलाई अनुदान दिएको हुन सक्छ । यस्तो अवस्थामा वस्तुको मूल्य उत्पादन लागतभन्दा पनि कम हुन सक्छ ।

वस्तुको मूल्य निर्धारण बजारको प्रकृतिमा पनि भर पर्छ । कुनै वस्तु उत्पादन गर्ने उत्पादकको बजारमा एकाधिकार छ । बजारमा उक्त वस्तु उत्पादन गर्ने अन्य प्रतिस्पर्धी छैनन् भने उत्पादकले वस्तुको मूल्य आफैँ निर्धारण गर्छ । तर एकाधिकारी उत्पादकले वस्तुको बढी परिमाण बिक्री गर्न मूल्य घटाउनुपर्छ भने बढी मूल्यमा उसले वस्तुको कम परिमाण मात्र बिक्री गर्न सक्छ । प्रतिस्पर्धाको बजारमा एकै किसिमको वस्तुको उत्पादक (बिक्रेता) र उपभोक्ता (क्रेता) को सङ्ख्या धेरै हुन्छ । यस्तो बजारमा वस्तुको माग र पूर्तिको आपसी अन्तर्क्रियाद्वारा वस्तुको मूल्य निर्धारण हुन्छ । वस्तुको माग उपभोक्ता/क्रेताहरूले गर्छन् । क्रेताहरूले कम मूल्य हुँदा वस्तुको बढी परिमाण माग गर्छन् र बढी मूल्य हुँदा वस्तुको कम

DRAFT

परिमाण माग गर्छन् । त्यस्तै उत्पादक/बिक्रेताले बढी मूल्य हुँदा वस्तुको बढी परिमाण पूर्ति गर्छन् भने मूल्य कम हुँदा वस्तुको कम परिमाण पूर्ति गर्छन् । अन्ततः वस्तुको त्यो मूल्य निर्धारण हुन जान्छ जुन मूल्यमा उत्पादनको पूर्ति परिमाण र उपभोक्ताले गरेको माग परिमाण आपसमा बराबर हुन्छन् । कुनै कारणले यसरी निर्धारित मूल्यभन्दा वस्तुको मूल्य बढी हुन गएमा वस्तुको मागभन्दा पूर्ति बढ्न जान्छ । पूर्ति बढी भएकाले उत्पादकहरूबिच मूल्य घटाउने प्रतिस्पर्धा हुन थाल्छ । फलस्वरूप वस्तुको मूल्य घट्दै गई त्यही पहिले नै निर्धारित मूल्यमा ओर्लिन्छ । त्यसै गरी कुनै कारणले वस्तुको मूल्य निर्धारित मूल्यभन्दा कम हुन गएमा वस्तुको पूर्तिको तुलनामा माग बढी हुन्छ । पूर्तिको तुलनामा माग बढी भएकाले वस्तुको मागकर्ता अथवा उपभोक्ताहरूबिच प्रतिस्पर्धा हुन गई उक्त वस्तुको मूल्य बढ्दै गई त्यही पहिले नै निर्धारित मूल्यमा पुग्दछ । अतः यो मूल्य घट्ने र बढ्ने प्रक्रिया त्यतिन्जेलसम्म चलिरहन्छ जति बेलासम्म वस्तुको मूल्य पहिला निर्धारण भएको मूल्यसम्म पुग्दैन । यसरी प्रतिस्पर्धाको बजारमा वस्तुको माग र पूर्तिका आधारमा वस्तुको मूल्य निर्धारण हुन जान्छ ।

बजारमा वस्तुको मागको तुलनामा पूर्ति कम गराएर वस्तुको मूल्य बढाई नाफा अत्यधिक बनाउने जस्ता कालो बजारी गर्ने प्रवृत्ति देखा पर्न सक्छ । कृत्रिम अभाव सिर्जना गरेर मूल्यवृद्धि हुन जाँदा यसबाट उपभोक्ताहरू मर्कामा पर्छन् । सरकार कमजोर हुँदा, बन्द, हड्ताल, प्राकृतिक विपत्तिका बेला मौकामा चौका हान्न यस्ता व्यापारीहरू उद्यत हुन्छन् । भूमिको लगानी, पुँजीको व्याज, श्रमका ज्याला, र उद्यमको नाफा, वृद्धि हुन पुगेमा यसबाट वस्तुको उत्पादन लागतमा वृद्धि हुन जान्छ । फलस्वरूप वस्तुको मूल्यमा वृद्धि हुन जान्छ । त्यसै गरी उपभाक्ताको आम्दानीमा वृद्धि भएमा उनीहरूको क्रयशक्तिमा पनि वृद्धि हुन्छ । उनीहरूले वस्तुको पहिलाभन्दा बढी माग गर्न सक्दछन् । मागको तुलनामा पूर्ति बढाउन नसकिएमा वस्तुको मूल्यवृद्धि हुन थाल्छ ।

## ३. शैक्षिक सामग्री

- केही उत्पादित/तयारी वस्तुहरू र तिनको मूल्यसूची,
- वस्तुको माग र मूल्यबिचको सम्बन्ध देखाउने तालिका र रेखाचित्र,
- वस्तुको पूर्ति र मूल्यबिचको सम्बन्ध देखाउने तालिका र रेखाचित्र,
- वस्तु उत्पादन गर्दा आवश्यक पर्ने उत्पादनका साधनहरू र ती साधनहरूको मूल्य/पारिश्रमिक,
- बनेको/तयार भएको मिति, तौल, मूल्य र म्याद सकिने मिति उल्लेख गरिएका वस्तुका प्याकेटहरू ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई आफूले उपभोग अथवा प्रयोग गर्ने केही तयारी वस्तुहरूको नाम बताउन लगाई ती वस्तुहरूको नाम कालो/सेतोपाटीमा टिप्दै जानुहोस् । त्यसपछि ती वस्तुहरूको मूल्य कति कति पर्छ भनी विद्यार्थीहरूलाई नै सोधी कालो/सेतोपाटीमा टिप्नुहोस् । यी वस्तुहरूको मूल्य कसरी तय हुन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूबिच छलफल गराउनुहोस् ।



DRAFT

अन्त्यमा सामान्यतया वस्तु उत्पादन गर्दा प्रयोग गरीएका उत्पादनका साधनहरू भूमि, पुँजी, श्रम र उद्यमशीलताका लागि भुक्तान गरिने क्रमशः लगान, व्याज, ज्याला र नाफा जोडेर वस्तुको उत्पादन लागत निकालिन्छ । यही उत्पादन लागतका आधारमा वस्तुको मूल्य निर्धारण हुन्छ भनी बताइदिनुहोस् । यदि उत्पादित वस्तुमा सरकारले कर लगाएको रहेछ भने उक्त कर रकम पनि जोडेर वस्तुको मूल्य तय गरिन्छ । त्यस्तै वस्तु उत्पादनमा सरकारले उत्पादकलाई अनुदान दिएको रहेछ भने घटाएर वस्तुको मूल्य तय गरिन्छ भन्ने कुरा पनि उदाहरणसहित प्रस्ट पारिदिनुहोस् ।

उदाहरणका लागि एउटा फर्निचर व्यवसायीले एउटा कुर्सी बनाउँदा प्रयोग गरेको भूमिको लगान वापत रु ५०/-, पुँजीको व्याजबापत रु २०/-, श्रमिकको ज्यालाबापत रु २००/- र उद्यमीको नाफाबापत रु ३०/- भुक्तान गर्नुपर्छ भने उक्त कुर्सीको उत्पादन लागत रु ३००/- हुन जान्छ । यदि व्यवसायीले रु. ६०/- अतिरिक्त नाफाका रूपमा राख्न चाहन्छ भने उक्त कुर्सीको बजार मूल्य रु ३६०/- हुन जान्छ । यदि व्यवसायीले सरकारलाई रु ४०/- प्रतिकुर्सीका दरले कर बुझाउँछ भने कुर्सीको बजार मूल्य रु ४००/- कायम हुन जान्छ । अतः बजारमा उत्पादनको साधन भूमीको लगान, पुँजीको व्याज, श्रमको ज्याला र उद्यमीको नाफामा वृद्धि हुन गएमा वस्तुको उत्पादन लागतमा पनि वृद्धि हुन गई वस्तुको मूल्यवृद्धि हुन्छ ।

(ख) विद्यार्थीहरूलाई वस्तुको मूल्य निर्धारण बजारको प्रकृतिमा पनि भर पर्छ र बजार विभिन्न किसिमका हुन्छन्, जस्तै : एकाधिकारको बजार, पूर्ण प्रतिस्पर्धाको बजार, एकाधिकारात्मक प्रतिस्पर्धात्मक बजार आदि भनि बताइदिनुहोस् ।

कुनै वस्तु उत्पादन गर्ने उत्पादकको बजारमा एकाधिकार छ । बजारमा उक्त वस्तु उत्पादन गर्ने अन्य प्रतिस्पर्धी छैनन् भने उत्पादकले वस्तुको मूल्य आफैँ निर्धारण गर्छ तर एकाधिकारी उत्पादकले वस्तुको बढी परिमाण बिक्री गर्न मूल्य घटाउनुपर्छ भने बढी मूल्यमा उसले वस्तुको कम परिमाण मात्र बिक्री गर्न सक्दछ ।

(ग) विद्यार्थीहरूलाई पूर्ण प्रतिस्पर्धाको बजारमा मूल्य निर्धारण प्रक्रिया तालिका र रेखाचित्रको सहायताले व्याख्या गरी प्रस्ट पारिदिनुहोस् ।

पृ.स. १३९ कै हुबहु

प्रतिस्पर्धाको बजारमा एकै किसिमको वस्तुको उत्पादक (बिक्रेता) र उपभोक्ता (क्रेता) को सङ्ख्या धेरै हुन्छ । यस्तो बजारमा वस्तुको माग र पूर्तिको आपसी अन्तर्क्रियाद्वारा वस्तुको मूल्य निर्धारण हुन्छ । वस्तुको माग उपभोक्ता/क्रेताहरूले गर्छन् । क्रेताहरूले कम मूल्य हुँदा वस्तुको बढी परिमाण माग गर्छन् र बढी मूल्य हुँदा वस्तुको कम परिमाण माग गर्छन् । त्यस्तै उत्पादक/बिक्रेताले बढी मूल्य हुँदा वस्तुको बढी परिमाण पूर्ति गर्छन् भने मूल्य कम हुँदा वस्तुको कम परिमाण पूर्ति गर्छन् । अन्ततः वस्तुको त्यो मूल्य निर्धारण हुन जान्छ जुन मूल्यमा उत्पादनको पूर्ति परिमाण र उपभोक्ताले गरेको माग परिमाण आपसमा बराबर हुन्छन् । कुनै कारणले यसरी निर्धारित मूल्यभन्दा वस्तुको मूल्य बढी हुन गएमा वस्तुको मागभन्दा पूर्ति बढ्न जान्छ । पूर्ति बढी भएकाले उत्पादकहरूबिच मूल्य घटाउने प्रतिस्पर्धा हुन थाल्छ । फलस्वरूप वस्तुको मूल्य घट्दै गई त्यही पहिले नै निर्धारित मूल्यमा ओर्लिन्छ । त्यसै गरी कुनै कारणले वस्तुको मूल्य निर्धारित मूल्यभन्दा कम हुन गएमा

DRAFT

वस्तुको पूर्तिको तुलनामा माग बढी हुन्छ । पूर्तिको तुलनामा माग बढी भएकाले वस्तुको मागकर्ता अथवा उपभोक्ताहरूबिच प्रतिस्पर्धा हुन गई उक्त वस्तुको मूल्य बढ्दै गई त्यही पहिले नै निर्धारित मूल्यमा पुग्दछ । अतः यो मूल्य घट्ने र बढ्ने प्रक्रिया त्यतिन्जेलसम्म चलिरहन्छ जति बेलासम्म वस्तुको मूल्य पहिला निर्धारण भएको मूल्यसम्म पुग्दैन । यसरी प्रतिस्पर्धाको बजारमा वस्तुको माग र पूर्तिका आधारमा वस्तुको मूल्य निर्धारण हुन जान्छ ।

| वस्तुको मूल्य रु प्रति के.जी. | वस्तुको माग परिमाण के.जी. | वस्तुको पूर्ति परिणाम के.जी. | माग र पूर्तिबिच सन्तुलनको अवस्था |
|---|---|---|---|
| २ | ९० | ५० | D >S |
| ४ | ८० | ६० | D>S |
| ६ | ७० | ७० | D=S |
| ८ | ६० | ८० | D <S |
| १० | ५० | ९० | D <S |

तालिकाको आधारमा रेखाचित्र बनाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई कालोबजारीका बारेमा बताइदिनुहोस् । यस्तो अवस्थामा पनि वस्तुको मूल्यवृद्धि हुने कुरा प्रस्ट पारिदिनुहोस् ।

पृसं १३९ कै हुबहु

बजारमा वस्तुको मागको तुलनामा पूर्ति कम गराएर वस्तुको मूल्य बढाई नाफा अत्यधिक बनाउने जस्ता कालो बजारी गर्ने प्रवृत्ति देखा पर्न सक्छ । कृत्रिम अभाव सिर्जना गरेर मूल्यवृद्धि हुन जाँदा यसबाट उपभोक्ताहरू मर्कामा पर्छन् । सरकार कमजोर हुँदा, बन्द, हड्ताल, प्राकृतिक विपत्तिका बेला मौकामा चौका हान्न यस्ता व्यापारीहरू उद्यत हुन्छन् । भूमिको लगानी, पुँजीको व्याज, श्रमका ज्याला, र उद्यमको नाफा, वृद्धि हुन पुगेमा यसबाट वस्तुको उत्पादन लागतमा वृद्धि हुन जान्छ । फलस्वरूप वस्तुको मूल्यमा वृद्धि हुन जान्छ । त्यसै गरी उपभाक्ताको आम्दानीमा वृद्धि भएमा उनीहरूको क्रयशक्तिमा पनि वृद्धि हुन्छ । उनीहरूले वस्तुको पहिलाभन्दा बढी माग गर्न सक्दछन् । मागको तुलनामा पूर्ति बढाउन नसकिएमा वस्तुको मूल्यवृद्धि हुन थाल्छ ।

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- उत्पादनका साधनहरूको नाम देऊ ।

DRAFT

- उत्पादनमा भूमिको प्रयोग गरेबापत दिइने भुक्तानीलाई के भनिन्छ ?
- उत्पादनमा श्रमको योगदानबापत दिइने भुक्तानी के हो ?
- उत्पादन कार्यमा पुँजीको प्रयोगबापत दिइने भुक्तानीलाई के भनिन्छ ?
- कुनै वस्तुको उत्पादन गर्दा लागेको खर्चलाई के भनिन्छ ?
- एकाधिकार भनेको के हो ?
- कस्तो बजारलाई पूर्ण प्रतिस्पर्धाको बजार भनिन्छ ?
- वस्तुको माग र मूल्यबिच कस्तो सम्बन्ध हुन्छ ?
- वस्तुको पूर्ति र मूल्यबिच कस्तो सम्बन्ध हुन्छ ?
- पूर्ण प्रतिस्पर्धाको बजारमा वस्तुको मूल्य कसरी निर्धारण हुन्छ ?
- कालो बजारी भनेको के हो ?
- बजारमा वस्तुको मूल्यवृद्धि हुने कारणहरू बताऊ ।

**६. थप सुझाव**

विद्यार्थीलाई तिन समूहमा विभाजन गरी पहिलो समूहलाई पाठ्य पुस्तकमा दिइएको क्रियाकलाप १, दोस्रो समूहलाई क्रियाकलाप २ र तेस्रो समूहलाई म्याद नाघी सकेका वस्तुहरू उपभोग गर्दा त्यसबाट हुन जाने असरहरूका बारेमा खोजी गर्न लगाउन सकिन्छ ।

DRAFT

पाठ ६ (क) पुँजी निर्माण र सहकारी

अनुमानित घन्टी : १५

एउटै पाठका लागि अनुमानित घन्टी १५ ?????????????????

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| पुँजी निर्माणको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न | • बचतको अर्थ बताउन,<br>• बचत गर्ने बानीको विकास गर्न,<br>• लगानीको अर्थ बताउन,<br>• पुँजी निर्माणको अर्थ बताउन,<br>• पुँजी निर्माण प्रक्रियाका बारेमा बताउन । |

## २. पाठ परिचय

कुनै पनि देशको विकास पुँजी निर्माणको दरमा भर पर्छ । पुँजी निर्माणबारे चर्चा गर्नुअघि पुँजीको अवधारणा प्रस्ट हुनु जरुरी हुन्छ ।

**पुँजी** : पुँजी उत्पादनका विभिन्न साधनहरूमध्ये एक हो । वस्तु उत्पादन गर्नका लागि प्रयोग गरिने मानिसद्वारा उत्पादित/निर्मित विभिन्न भौतिक वस्तुहरू, जस्तै : हलो, कुटो, कोदालो, मल, बिउ, मेसिन, यन्त्र उपकरण, भवन आदिलाई पुँजी भनिन्छ । अतः आर्थिक क्रियाकलापको प्रतिफलस्वरूप प्राप्त हुने र अन्य वस्तु उत्पादनका लागि प्रयोग गरिने वस्तुलाई पुँजीअन्तर्गत लिइन्छ ।

मानवीय आवश्यकता सन्तुष्ट गर्नका लागि प्रत्यक्ष रूपमा उपभोग गरिने वस्तुलाई पुँजीअन्तर्गत लिन सकिँदैन । त्यस्तै भविश्यमा उपभोग गर्नका लागि थन्काएर राखिएका वस्तुलाई पनि पुँजी भन्न सकिँदैन । तसर्थ आयआर्जन गर्न वा अन्य वस्तु उत्पादन गर्नका लागि उपयोग गरिने वस्तु वा धन (मुद्रा वा सम्पत्ति) लाई पुँजी भनिन्छ । पुँजी मानव निर्मित हुन्छ ।

यसै सन्दर्भमा एक जना अर्थशास्त्री अल्फ्रेड मार्सलले भनेका छन् - प्रकृतिले निःशुल्क उपहारस्वरूप दिएभन्दा बाहेकका आम्दानी प्राप्त हुने सबै धन पुँजीअन्तर्गत पर्छन् । एउटै पुँजीलाई धेरै पटक प्रयोगमा ल्याउन सकिन्छ भने त्यस्तो पुँजीलाई स्थिर वा टिकाउ पुँजी भनिन्छ । यसको उदाहरणका रूपमा हलो, मेसिन, भवन आदिलाई लिन सकिन्छ । एकपटकभन्दा बढी पटक प्रयोग गर्न नसकिने पुँजीलाई कार्यकारी पुँजी भनिन्छ । मल, बिउ, कच्चापदार्थ आदिलाई यस्तो पुँजीअन्तर्गत राख्न सकिन्छ । कुनै खास किसिमको वस्तु उत्पादन गर्न सकिने पुँजीलाई विशिष्ट पुँजी भनिन्छ, जस्तै : धानको बिउ धान उत्पादन गर्नका लागि मात्र प्रयोग गर्न सकिन्छ । यसलाई मकै वा तोरी उत्पादन गर्नका लागि प्रयोग गर्न सकिँदैन ।

विभिन्न वस्तु उत्पादनका लागि प्रयोग गर्न सकिने पुँजीलाई अविशिष्ट वा चल्ती (floating) पुँजी भनिन्छ । यसको उदाहरणका रूपमा कोदालो, भवन, कोइला आदिलाई लिन सकिन्छ ।


सङ्कुचित अर्थमा उत्पादनका लागि उपयोग गरिने मानवनिर्मित भौतिक वस्तुहरू पुँजी हुन् । बृहत् अर्थमा भौतिक वस्तुका अतिरिक्त उच्च स्तरको ज्ञान, सिप र दक्षता हासिल गरेको मानिसहरूको समूहलाई मानव पुँजी (Human Capital) भनिन्छ ।

**पुँजी निर्माण**

पुँजी निर्माण देशको विकासलाई निर्धारण गर्ने एउटा प्रमुख तत्त्व हो । जुन देशमा पुँजी निर्माणको दर बढी हुन्छ ती देशमा छिटो आर्थिक विकास हुन्छ । पुँजी निर्माणको दर न्यून भएका देशहरू आर्थिक विकासमा पछाडि परेका हुन्छन् । अब प्रश्न उठ्छ देशको विकासलाई अगाडि बढाउन आवश्यक पर्ने महत्त्वपूर्ण तत्त्व 'पुँजी निर्माण' भनेको के हो ?

पुँजी निर्माण भनेको एउटा निश्चित समयावधिमा कुनै पनि देशमा पुँजीको मौज्दात (stock of Capital) मा हुने वृद्धि हो । अर्को शब्दमा पुँजीको मात्रामा हुने वृद्धिलाई पुँजी निर्माण भनिन्छ । सङ्कुचित अर्थमा पुँजीगत भौतिक वस्तुको मौज्दात वा मात्रामा हुने वृद्धि पुँजी निर्माण हो । बृहत् अर्थमा पुँजीगत भौतिक वस्तुको उत्पादन अतिरिक्त मानवीय पुँजी बढाउन गरिने खर्चलाई पुँजी निर्माण भनिन्छ ।

**पुँजी निर्माण प्रक्रिया** : पुँजी निर्माण एउटा निश्चित प्रक्रिया वा चरणबाट गुज्रन्छ । पुँजी निर्माण प्रक्रियालाई तीन चरणमा व्यक्त गर्न सकिन्छ ।




(क) **बचतको सिर्जना**

आम्दानीबाट उपभोग खर्च घटाउँदा प्राप्त हुने परिणाम नै बचत हो । अर्को शब्दमा बचत भनेको आम्दानीको त्यो भाग हो जुन उपभोगमा खर्च गरिँदैन । मानिसहरू विभिन्न उद्देश्यले बचत गर्ने गर्छन् । बचतलाई मुख्यतः बचत गर्ने इच्छा, बचत गर्ने क्षमता र बचत गर्ने सुविधाले निर्धारण गर्छन् ।

बचत गर्ने इच्छालाई व्यक्तिको स्वभाव, दूरदर्शिता सम्बन्धी ज्ञान, सामाजिक प्रतिष्ठा, बचत गर्दा हुने लाभ आदिले प्रभाव पार्दछन् । त्यस्तै बचत गर्ने क्षमतालाई आम्दानीले निर्धारण गर्छ । आम्दानी बढ्दै जाँदा बचत गर्ने क्षमता पनि बढ्दै जान्छ । यसको विपरीत आम्दानी घट्दै जाँदा बचत गर्ने क्षमतामा पनि कमी आउँछ । उत्पादन कार्यमा योगदान गरेबापत भूमिपतिले प्राप्त गर्ने लगान, श्रमिकले प्राप्त गर्ने ज्याला पुँजीपतिले

DRAFT

प्राप्त गर्ने व्याज, उद्यमीले प्राप्त गर्ने नाफा आदिलाई आम्दानीअन्तर्गत राख्न सकिन्छ। बचत गर्ने क्षमतालाई आम्दानीका साथसाथै खर्च गर्ने तरिकाले पनि निर्धारण गर्छ। बचतको सिर्जनाका लागि बचत गर्ने इच्छा र क्षमता मात्र भएर हुँदैन। यसका लागि बचत गर्ने सुविधा पनि हुनुपर्छ। बैङ्क तथा वित्तीय सङ्घसंस्थाहरूको राम्रो विकासले बचत गर्नलाई सुविधा प्रदान गर्छ। साथै बचतको सुरक्षाको ग्यारेन्टी, मुद्राको मूल्यमा स्थिरता र सरकारको सहयोगबाट बचत गर्ने इच्छामा प्रोत्साहन मिल्छ।

**(ख) बचतको सङ्कलन र परिचालन**

यो पुँजी निर्माण प्रक्रियाको दोस्रो चरण हो। यस चरणमा देशभरि छरिएर रहेको बचतलाई लगानी प्रयोजनका लागि सङ्कलन गरिन्छ। यसका लागि जनताको पहुँचमा प्रभावकारी सेवा दिने पर्याप्त बैङ्क तथा वित्तीय सङ्घसंस्था हुनुपर्छ। यी संस्थाहरूले देशभरि छरिएर रहेको बचतलाई एकीकृत गरी लगानीकर्तालाई उपलब्ध गराउँछन्। यसरी बैङ्क तथा वित्तीय संस्थाले बचतकर्ता र लगानीकर्ताबिच पुलका रूपमा काम गर्छन्।

**(ग) लगानी**

सङ्कलित बचत जतिबेला लगानीकर्ता, उद्योगपति, उत्पादक अथवा व्यापरीहरूले पुँजीगत वस्तु उत्पादनमा लगानी गर्छन्, त्यतिबेला पुँजी निर्माण हुन पुग्छ। पुँजीगत वस्तुहरूको उत्पादनमा बचतको प्रयोग गर्नु नै लगानी हो। यही लगानीलाई पुँजी निर्माण भनिन्छ।

पुँजी निर्माण अथवा लगानीका लागि सरकारले लगानीमैत्री वातावरणको सिर्जना गर्नुपर्छ। लगानी मैत्री वातावरण भनेको लगानीको प्रतिफलको सुनिश्चितता भएको अवस्था हो।

**३. शैक्षिक सामग्री**

- बचत, लगानी र पुँजी निर्माणको परिभाषा लेखिएका कार्डहरू,
- पुँजी निर्माण प्रक्रिया देखाइएको चार्ट।

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई तिमीहरू कसैले पैसाको बचत गर्ने गरेका छौ भनी सोध्नुहोस्। गरेको छु भन्ने विद्यार्थीलाई आफूले बचत गरेको पैसा के गर्ने गरेको छौ भनी सोध्नुहोस्। उनले उपभोगमा लगाउनुहोस् रहेछन् कि अन्य काममा भनी छलफल गर्नुहोस्।

(ख) बचत, पुँजी निर्माण र लगानी सम्बन्धी चरण झल्कने एक कथा प्रस्तुत गर्नुहोस्। सो कथामा एक व्यक्तिले आफूले कमाएको पैसाको केही अंश उपभोग गर्छ। केही अंश बैङ्कमा वा सहकारी वा महिला समूहमध्ये कुनै वित्तीय संस्थामा बचत गरेर पुँजी निर्माण गरे। उक्त पुँजी वित्तीय संस्थाले कृषि, उद्योग, व्यापार, पर्यटन लगायतका क्षेत्रमा लगानी गर्छ। त्यस लगानीबाट आएको पैसा नाफा वा व्याजका रूपमा हामीलाई दिन्छ भनी छलफल गर्नुहोस्।

DRAFT

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- बचत भनेको के हो ?
- बचत गर्ने बानीको विकास सकिन्छ ?
- लगानी भनेको के हो ?
- देश विकासका लागि लगानी किन आवश्यक हुन्छ ?
- पुँजी निर्माण भनेको के हो ?
- पुँजी कसरी निर्माण हुन्छ ?

## ६. थप सुझाव

विद्यार्थीहरूलाई व्यापारिक खेल खेलाई बचत, पुँजी निर्माण र लगानी सम्बन्धमा भूमिका अभिनय गराउन सकिन्छ ।

DRAFT

पाठ ६ (ख) सहकारिता

अनुमानित घन्टी : १५

एउटै पाठका लागि अनुमानित घन्टी १५ ?????????????????

१. **सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| सहकारिताको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न | • सहकारिताको अर्थ बताउन,<br>• सहकारिताको मूल्य बताउन,<br>• सहकारिताका सिद्धान्तहरू बताउन,<br>• सहकारिताका क्षेत्रहरू बताउन,<br>• सहकारिताको महत्त्व बताउन,<br>• सहकारिताको उपयोग गर्न । |

२. **पाठ परिचय**

(हिउँदे बिदापछिको विद्यालयको पहिलो दिन, कक्षा ८ मा अध्यनरत छात्रा श्रेया र उनकी शिक्षिकासँगै विद्यालय जाँदै छन् । श्रेया र शिक्षिकाबिच सहकारिता सम्बन्धमा भएको कुराकानीको केही अंश तल प्रस्तुत गरिएको छ ।)

**श्रेया** : म्याम, म जाडो बिदामा मामा घर गएकी थिएँ । त्यहाँ मेरो मामा, उहाँका छिमेकी र गाउँलेहरू सहकारी गठन गर्ने भनेर भेला हुने, छलफल गर्ने, कागज पत्रहरू जुटाउने जस्ता काम गरिरहनुभएको थियो । म्याम, यो सहकारिता सम्बन्धमा केही बताइदिनुहोस् न ।

**शिक्षिका** : श्रेया, सहकारिता शब्द 'सह' र 'कारिता' दुई ओटा शब्दहरू मिलेर बनेको हो । सहको अर्थ सँगसँगै र कारिताको अर्थ काम गर्नु भन्ने हुन्छ । यसरी शाब्दिक अर्थमा सबैजना सँगै मिलेर काम गर्ने भावनालाई सहकारिता भन्न सकिन्छ ।

**श्रेया** : त्यसोभए सहकारी भनेको के हो नि, म्याम ?

**शिक्षिका** : सबै मिलेर काम गर्नु सहकार्य हो । यही सहकार्यलाई सहकारिताका आधारमा भएको सहकार्यका रूपमा लिने गरिन्छ । तर सबै मिलेर गरेका सबै कार्यलाई सहकारिताका आधारमा भएको सहकार्य भन्न सकिँदैन । सहकारिताका आधारमा गठन हुने सङ्घसंस्थालाई सहकारी भनिन्छ । सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एउटै हुनुपर्छ । त्यस्तो उद्देश्य वा सहकार्य सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्मअनुरूप हुनुपर्छ । समान उद्देश्यका लागि पेसागत समानता, पुँजीगत समानता, सोचाइ र दृष्टिकोणमा समानता जस्ता पक्षहरू महत्त्वपूर्ण हुन्छन् ।

DRAFT

सहकारिता भनेको नाफाका लागि केवल व्यापार र व्यवसाय गर्ने संस्था होइन । त्यस्तै बैङ्किङ कारोबारमात्र गर्ने बैङ्क पनि होइन । यो त समुदायमा आधारित रही सदस्यकै हितका लागि सदस्यमाझ व्यवसाय गर्ने र सदस्यहरूलाई उद्यमशील क्षमतावान् बनाउने कार्यमा निरन्तर सहयोग गर्ने सबल सङ्घसंस्थागत माध्यम हो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घको परिभाषाअनुसार सहकारी भनेको आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूरा गर्नका लागि स्वेच्छिक रूपमा एकजुट भई बनेको व्यक्तिहरूको सङ्गठन हो ।

सहकारिताका आफ्नै मूल्य र सिद्धान्तहरू हुन्छन् ।

**श्रेया** : म्याम, सहकारिताका मूल्यहरूका बारेमा केही बताइदिनुहोस् न ।

**शिक्षिका** : सहकारिताका आफ्नै मूल्य हुन्छन् । यी मूल्यहरूलाई आधारभूत मूल्यहरू र नैतिक मूल्यहरू गरी दुई भागमा बाँड्न सकिन्छ । आधारभूत मूल्यहरूले सङ्घसंस्था र सदस्यबिचको सम्बन्ध निर्धारण गर्न मदत गर्छन् । यसमा आफैँले आफैँलाई सहयोग गर्ने, आफैँ जिम्मेवार र जवाफदेही बन्ने, सदस्यहरूले सदस्यहरूद्वारा सदस्यहरूका लागि व्यावस्थापन गरिने, सदस्यहरूबिच धर्म, जात, पेसा आदिका आधारमा भेदभाव नहुने, लगानीको आधारमा बराबर प्रतिफल प्राप्त हुने, एकताबाट बलियो हुने विश्वास आदि पर्छन् । त्यस्तै नैतिक मूल्यहरूले संस्था र समाजबिच सम्बन्ध निर्धारण गर्न सहयोग पुऱ्याउँछन् । नैतिक मूल्यहरूमा इमानदारिता, स्वेच्छाले सदस्य बन्न र छोड्न पाइने, सामाजिक उत्तरदायित्व अरूलाई आघात नपुऱ्याउने बरु सहयोग गर्ने जस्ता कुराहरू पर्छन् ।

**श्रेया** : म्याम, सहकारिताका सिद्धान्तहरू के के हुन् नि ?

**शिक्षिका** : स्वैच्छिक तथा खुला सदस्यता, सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, अन्तरसहकारी सहयोग र समुदायप्रति चासो सहकारीका सिद्धान्तहरू हुन् ।

**श्रेया** : सहकारिताको महत्त्व सम्बन्धमा केही बताइदिनुहोस् न, म्याम ।

**शिक्षिका** : सहकारिताको सामाजिक र आर्थिक महत्त्व हुन्छ । सहकारिताले यसमा सहभागी सदस्यहरूबिच सद्भाव, सहयोग र एकता कायम गर्न मदत गर्छ । सामाजिक उत्तरदायित्व, इमानदारिता र नेतृत्वको विकासमा पनि यसले सहयोग पुऱ्याउँछ । सहकारिता समानताको आधारमा सञ्चालन हुन्छ । यसका सदस्यहरूमा जातजाति, धर्म, वर्ग, राजनीति आदिका आधारमा कुनै भेदभाव हुँदैन । सहकारिताले सहकार्यद्वारा सामूहिक रूपमा समाजका जटिल समस्या सामाधान गर्न मदत गर्छ ।

सहकारी सङ्गठनहरू सहकारितामा आधारित भएर स्थापना गरिएका हुन्छन् । यिनले विभिन्न क्षेत्रमा छरिएर रहेको बचतलाई एकीकृत गरी उत्पादनशील कार्यमा लगाउन सहयोग पुऱ्याउँछन् । सहकारिताबाट स्थानीय स्रोत र साधनको उपयोग गर्न, रोजगारीका अवसरहरू सिर्जना गर्न र आम्दानीमा वृद्धि गर्न सहयोग पुग्दछ । त्यस्तै उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन र ऋणको चर्को व्याजबाट जनतालाई मुक्ति दिलाउन पनि यसले सहयोग पुऱ्याउँछ ।

**श्रेया** : म्याम, हामी त स्कुल पनि आइपुगेछौ नि । आज मलाई सहकारिताका बारेमा यति धेरै कुराहरू बताइदिनु भएकामा हजुरलाई धेरै धेरै धन्यवाद छ ।



DRAFT

## ३. शैक्षिक सामग्री

स्थानीय सहकारीको फोटो, परिचयात्मक पुस्तिका, सहकारीका पासबुक, भर्पाइ, निवेदन आदिको नमुना, पोस्टरहरू,

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई स्थानीय सहकारीको परिचयात्मक पुस्तिका, फोटो प्रदर्शन गर्दै सहकारी के हो यसले के काम गर्छ भनी छलफल गर्नुहोस् । सहकारीसँग सम्बन्धित चित्र पोस्टर र चार्टहरू प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(ख) स्थानीय सहकारीका प्रबन्धक वा पदाधिकारीलाई कक्षामा निम्ता गरी सहकारीको काम र सेवा सम्बन्धमा छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई स्थानीय सहकारीको भ्रमण गराउनुहोस् । त्यहाँ हुने गतिविधि, कारोबारको प्रक्रिया र सहकारीको कार्य एवम् महत्त्व सम्बन्धमा छलफल गराउनुहोस् ।

(घ) पुराना पत्रपत्रिकाबाट सहकारीसँग सम्बन्धित समाचारहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्दै सहकारीको फाइदा र यसमा सदस्य हुँदा अपनाउनुपर्ने सावधानी सम्बन्धमा छलफल गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- सहकारिता भनेको के हो ?
- सहकारिताका मूल्यहरू के के हुन् ?
- सहकारिताका सिद्धान्तहरू के के हुन् ?
- सहकारिताका क्षेत्रहरूको सुची बनाऊ ।
- सहकारिताको महत्त्व उल्लेख गर ।
- सहकारी व्यावसाय र निजी व्यवसायबिच फरक छुट्याऊ ।

## ६. थप सुझाव

विद्यार्थीहरूलाई कक्षामा सहकारीको गठन, यसले दिने सेवा र कारोबारको प्रक्रिया झल्कने भूमिका अभिनय गराउन सकिन्छ ।

DRAFT

## पाठ ७ नेपालमा रोजगारीको अवस्था

अनुमानित घन्टी : १५ ???????????????

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको आन्तरिक एवम् वैदेशिक रोजगारीको अवस्था बताउन र व्यावहारिक उपयोग गर्न | • सक्रिय जनसङ्ख्याको अर्थ बताउन,<br>• रोजगारको अर्थ बताउन,<br>• बेरोजगारीको अर्थ बताउन,<br>• स्वरोजगारको अर्थ बताउन,<br>• नेपालमा आन्तरिक रोजगारीको वर्तमान अवस्था बताउन,<br>• नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्था बताउन,<br>• रोजगारीसँग सम्बन्धित समस्याहरू पहिचान गर्न,<br>• रोजगारीसँग सम्बन्धित समस्या समाधानका उपायहरू बताउन । |

### २. पाठ परिचय

रोजगार भनेको मानिसले काम पाएको अवस्था हो । यस कामबाट मानिसले नगद वा जिन्सीका रूपमा आम्दानी (ज्याला वा तलब) प्राप्त गर्छन् । यस्तो आम्दानी आवधिक रूपमा प्राप्त हुन्छ । अवधि भन्नाले प्रतिघण्टा, दिन, हप्ता, महिना आदिलाई बुझिन्छ । रोजगारीमा निश्चित उमेर समूहका मानिसहरूलाई मात्र लिइन्छ । खासगरि १५ देखि ५९ वर्षको उमेर समूहका मानिसलाई यसअन्तर्गत राख्न सकिन्छ । यो उमेर समूहको जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या पनि भनिन्छ । यस्तो निश्चित उमेर समूह देशअनुसार फरक फरक हुने गर्छ ।

रोजगारी मानिसको जीविकोपार्जनको आधार हो । कुनै पनि देशको रोजगारीको स्तरले त्यो देशको कुल श्रमशक्तिमध्ये कति श्रमिकले रोजगारी पाएका छन् भन्ने कुरालाई देखाउँछ । अर्थतन्त्रलाई विभिन्न क्षेत्र, जस्तै : कृषि, उद्योग, व्यापार, निर्माण, सेवा आदिमा विभाजन गरेर रोजगारीको विश्लेषण गर्न सकिन्छ । त्यस्तै रोजगारीलाई आन्तरिक र वैदेशिक गरी दुई भागमा विभाजन गरेर पनि विश्लेषण गर्न सकिन्छ । कतिपय मानिसहरू आफ्नै काम गरेर आयआर्जनमा जुटेका छन् भने तिनलाई स्वरोजगार भनिन्छ । मानिसको काम गर्ने इच्छा,

DRAFT

उमेर, सिप र क्षमता भएर पनि प्रचलित ज्यालादरमा काम नपाएको अवस्थालाई बेरोजगारी भनिन्छ ।

तालिका १

| क्र.सं. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | रोजगार जनसङ्ख्या प्रतिशत | ७८.३ |
| २ | वेरोजगार जनसङ्ख्या प्रतिशत | १.८ |
| ३ | श्रमशक्ति सहभागिता दर | ८०.१ |
| ४ | निष्क्रिय जनसङ्ख्या दर | १९.९ |
| ५ | बेरोजगारी दर | २.२ |
| ६ | रोजगारी दर | ९७.८ |
| ७ | कृषिक्षेत्रमा संलग्न घरपरिवार सङ्ख्या | ७६.३ |
| ८ | गैरकृषिक्षेत्रमा संलग्न जनसङ्ख्या | २३.७ |
| ९ | पूर्ण रोजगार जनसङ्ख्याको प्रतिशत | ७०.० |
| १० | श्रम अल्पउपयोगदर जनसङ्ख्याको प्रतिशत | ३०.० |

*स्रोत : नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६६/६७ र नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ ।*

**रोजगारीसँग सम्बन्धित समस्या वा चुनौतीहरू**

१. हरेक वर्ष देशको श्रमबजारमा थपिने श्रमशक्तिलाई रोजगारका अवसरहरू प्राप्त हुन/प्रदान गर्न नसक्नु,

२. पर्याप्त सङ्ख्यामा रोजगार सूचना केन्द्र स्थापना भई त्यसमार्फत देशमा रहेका सम्पूर्ण दक्ष बेरोजगार, अर्धबेरोजगार तथा बेरोजगारहरूको लगत सङ्कलन र विश्लेषण हुन नसक्नु,

३. वैदेशिक रोजगारी तथा आन्तरिक रूपमा श्रमिक आपूर्ति गर्ने निकायहरूसहितको स्पष्ट दूरदृष्टि र नीति निमार्ण भई कस्तो जनशक्ति उत्पादन गर्ने, कहाँ के कसरी परिचालन गर्ने भन्ने सम्बन्धमा स्पष्ट योजना नहुनु तथा भविष्यमा सञ्चालन हुने कार्यक्रम र त्यसका लागि चाहिने जनशक्तिको उत्पादन सम्बन्धी स्पष्ट योजना नहुनु,

४. बजारमा मागबमोजिम नयाँ ज्ञान र सिपयुक्त जनशक्ति उत्पादन नहुनु,

DRAFT

५. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई समयमै आवश्यक आधारभूत सूचना प्राप्त नहुनु, प्रस्थान विन्दुबाटै ठगिनु, गन्तव्यमा सम्झौताबमोजिम काम र तलब नपाउनु ।

## ३. शैक्षिक सामग्री

- नेपालमा रोजगारी सम्बन्धी अद्यावधिक तथ्याङ्क उल्लेख गरिएका चार्ट,
- रोजगारीका विभिन्न प्रकारका तस्बिर वा स्लाइडहरू,
- भिडियो क्लिप्स ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विभिन्न प्रकारका रोजगारी झल्कने चित्र, पोस्टर, भिडियो वा स्लाइड प्रस्तुत गर्दै रोजगारीको महत्त्व बारेमा छलफल गर्नुहोस् । काम कुनै पनि सानो हुँदैन । आफ्नो रुचि, सिप र अवसरअनुसारको रोजगारी गर्नुपर्छ । खाली हात बस्नु हुँदैन भन्ने बारेमा छलफल गर्नुहोस् ।

(ख) नेपालमा उपलब्ध रोजगारहरूका बारेमा विभिन्न पोस्टर, फोटो, चित्र भिडियो आदि प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(ग) कुनै कृषक, उद्योगी, व्यवसायी, वा रोजगार व्यक्तिको सफलताको कथा प्रस्तुत गर्दै विद्यार्थीलाई भविष्यमा उद्यमशील हुनुपर्छ भन्ने प्रेरणा जगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) मूल्याङ्कनका लागि तल उल्लेख गरिएजस्तै प्रश्नहरू सोध्नुहोस् र सोही आधारमा मूल्याङ्कन गर्नुहोस् :

- सक्रिय जनसङ्ख्या भनेको के हो ?
- रोजगार भनेको के हो ?
- नेपालमा बेरोजगारीका कुनै चार ओटा  कारणहरू उल्लेख गर ।
- स्वरोजगार भनेको के हो ?
- नेपालमा वैदेशिक रोजगारीसँग सम्बन्धित कुनै चार ओटा समस्याहरू उल्लेख गर
- बेरोजगारीका कारणबाट उत्पन्न हुन सक्ने कुनै चार ओटा परिणामहरू उल्लेख गर
- नेपालमा बेरोजगारी हटाउन अपनाउन सकिने कुनै चार ओटा उपायहरू उल्लेख गर ।

## ६. थप सुझाव

बैदेशिक रोजगारका नकारात्मक पक्षहरू उजागर गर्दै आफ्नै देशभित्र रोजगारीको सिर्जना गर्नुपर्छ भन्ने सन्देश दिने खालका कथा तथा घटना अध्ययनहरू प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।

DRAFT

| इकाइ ८ | हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | |
|---|---|---|
| पाठ १ | हाम्रा मित्र राष्ट्रहरू | सम्भावित घन्टी ३ |

## १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| मित्र राष्ट्रहरूको परिचय, नेपालसँग तिनीहरूको सम्बन्ध र सहयोग | १. हाम्रा राष्ट्रहरूको नाम बताउन,<br>२. मित्रराष्ट्रहरूबाट प्राप्त सहयोगको सूची बनाउन,<br>३. मित्रराष्ट्रहरूसँग असल सम्बन्ध कायम गर्नुका कारणहरू बताउन । |

## २. पाठ परिचय

जसरी कुनै पनि परिवार समाजविना रहन सक्दैन, त्यसैगरी कुनैपनि मुलुक आपसी सहयोगविना अस्तित्वमा रहन सक्दैन । त्यसैले नेपालले विभिन्न मुलुकहरूसँग आपसी सम्बन्ध र सहयोग विस्तार गर्दै असल छिमेकिको परिचय दिन सफल भएको छ । हालसम्म विश्वमा भएका मुलुकहरूमध्ये १३८ ओटा देशहरूसँग नेपालले दौत्य सम्बन्ध कायम गरिसकेको छ । यसले गर्दा विभिन्न राष्ट्रहरूबिच आपसी हितका आधारमा सहयोग अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

नेपालले हालसम्म कायम गरेको दौत्य सम्बन्ध असंलग्नता (कुनै पनि पक्ष नलिने) मा आधारित छ । यसले पञ्चशीललाई आत्मसात् गरेको छ । यस पञ्चशीलको सिद्धान्तले आपसी हितका लागि क्षेत्रीय सहयोग अभिवृद्धि गरी सार्वभौमसत्ताको सम्मान Non Aggregation, अनतिक्रमण, समानता र सहअस्तित्वमा आधारित छ । यसै नीतिले गर्दा नेपाल बिभिन्न मुलुकहरूसँग दौत्य सम्बन्ध स्थापित गर्न सफल भएको छ ।

यस सम्बन्धले हाम्रो देशको आर्थिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक विषयको अवगत गराई देशको गौरव बढाउन मदत मिलेको छ भने विभिन्न देशहरूबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भई देश विकासमा टेवा मिलेको छ ।

## ३. शैक्षिक सामग्री

विश्वको नक्सा वा चार्टमा विभिन्न महादेश र त्यसमा पर्ने देशहरूको नाम

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) हामीले हाम्रा छिमेकीबाट के कस्ता सहयोग प्राप्त गर्छौं र हामीले हाम्रा छिमेकीलाई कसरी सहयोग गरिराखेका छौँ, टिपोट गरी छलफल गराउनुहोस् ।

(ख) शिक्षकले विश्वको नक्साबाट वा चार्टबाट नेपालले दौत्य सम्बन्ध कायम गरेका मुलुकहरूबाट भएका छन् भने अभिभावकलाइ सोधेर ल्याउन गृहकार्य दिनुहोस् ।

DRAFT

(ग) टिपोट गरिएका मुलुकहरूबाट हामीले लिएका र दिएका सहयोगहरूको सूची बनाई कक्षामा छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीले आफ्नो टोल वा जिल्लामा विकास परियोजना कुनै विदेशी मुलुकबाट भएका छन् भने अभिभावकलाई सोधेर ल्याउन गृहकार्य दिनुहोस् ।

(ङ) विद्यार्थीहरूका परिवारका कुनै सदस्य वा वैदेशिक रोजगारमा भए उनीहरू गएको मुलुक र त्यहाँ गएपछि आयआर्जनमा आएको विभिन्नता बताउन लगाउनुहोस् । त्यसबाट त्यस देशले नेपाल र नेपालीमा गरेको सहयोगको वर्णन गरिदिनुहोस् ।

**५. मूल्याङ्कन विधि**

**(क) तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :**

- दौत्य सम्बन्ध भनेको के हो ?
- नेपालको वैदेशिक नीति केमा आधारित छ र त्यो भनेको के हो ?
- मित्रराष्ट्रहरूले नेपालमा गरेका योगदानहरूको सूची बनाउनुहोस् ।
- हामीले मित्र राष्ट्रहरूसँग दौत्य सम्बन्ध कायम गर्नुका कारणहरू के के हुन सक्लान् ?
- नेपालले मित्रराष्ट्रहरूलाई के कस्ता सहयोग गरेको छ ?

**६. थप सुझाव**

रेडियो, टेलिभिजन, इन्टरनेट वा पत्रपत्रिकाबाट अन्तर्राष्ट्रिय गतिविधि झल्कने समाचार र जानकारीहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गर्नुहोस् ।

DRAFT

पाठ २ संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू

**पाठ ३ संयुक्त राष्ट्रसङ्घ र नेपाल** घन्टी: ३

**१. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| १. संयुक्त राष्ट्रसङ्घ र नेपाल | १. संयुक्त राष्ट्रसङ्घ गठनका बारेमा बताउन,<br>२. संयुक्त राष्ट्रसङ्घका अङ्गहरूका बारेमा बताउन,<br>३. संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको भूमिका पहिचान गर्न । |

**२. पाठ परिचय**

संयुक्त राष्ट्रसङ्घ संसारमा शान्ति र स्थायित्वका लागि गठन भएको अन्तरसरकारी विश्वव्यापी संस्था हो । यसको स्थापना १९४५ मा भएको हो । राष्ट्रसङ्घको स्थापना लिग अफ नेसन्सको असफलतापछि अमेरिकी राष्ट्रपति फ्रान्किलन रुजवेल्ट र बेलायती प्रधानमन्धी विस्टन चर्चिल लगायतका नेताहरूले विश्व संस्थाको गठन गर्ने बारेमा अन्तर्राष्ट्रिय सन्धिमार्फत गरिएको हो । संयुक्त राष्ट्रसङ्घको ६ ओटा अङ्गहरू छन् : संयुक्त राष्ट्रसङ्घको महासभा, सुरक्षा परिषद्, आर्थिक र सामाजिक परिषद् ..........????? । संयुक्त राष्ट्रसङ्घको महासभामा साना, ठुला, धनी, गरिब, विकसित, अल्प विकसित सबै राष्ट्रहरूका समान आवाज र मत छन् । संसारका सम्पूर्ण देशहरूसँगै बसेर विश्वका जल्दाबल्दा समस्याको समाधान गर्छन् ।

नेपाल १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य भएको हो । त्यसपछि नेपालले निरन्तर रूपमा संयुक्त राष्ट्रसङ्घको कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ । साथै संयुक्त राष्ट्रका महासभाहरूमा नेपालले विश्वमा घटेका र भएका समस्याहरूलाई उजागर गरी समाधान गर्न अग्रणी भूमिका निर्वाह गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा १९६९ देखि १९७० र १९८८ देखि १९८९ सम्म काम गरिसकेको छ । संयुक्त राष्ट्रसङ्घका विभिन्न विशिष्टीकृत संस्थाको सदस्य रही विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । संयुक्त राष्ट्रसङ्घको वार्षिक बजेटमा नेपालले सानो हिस्सा योगदान गर्दै आइरहेको छ ।

**३. शैक्षिक सामग्री**

ग्लोब, विश्वको नक्सा, संयुक्त राष्ट्रसङ्घको झण्डा र विभिन्न महासङ्घका तस्बिरहरू

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) कक्षामा रहेका विद्यार्थीहरूलाई विभिन्न राष्ट्रका प्रतिनिधि बनाई संयुक्त राष्ट्रसङ्घको महासभामा हुने छलफलको भूमिका अभिनय गर्न लगाउनुहोस् । महासभामा विभिन्न सदस्य राष्ट्रहरूबाट मानव अधिकार, आतङ्कवाद तथा जलवायु परिवर्तनका विषयमा छलफल गराउनुहोस् ।

DRAFT

(ख) विद्यार्थीलाई विभिन्न ६ समूहमा विभाजित गरी संयुक्त राष्ट्रसङ्घका छ ओटा अङ्गले गरेको योगदानको सूची बनाउन लगाउनुहोस् र कक्षामा भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई दिइएको पाठ पढ्न लगाई नेपालले संयुक्त राष्ट्रसङ्घमा गरेको योगदानको सूची बनाउन र कक्षामा भन्न लगाउनुहोस् ।

(घ) आफ्नो जिल्लामा वा क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्थाहरूबाट सञ्चालित परियोजना नाम लेखी कक्षामा प्रस्तुत गर्ने गृहकार्य दिनुहोस् ।

(ङ) नेपालको शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसङ्घको भूमिका कक्षामा छलफल गराउनुहोस् । विद्यार्थीले भनेका बुँदाहरू पाटीमा टिप्दै जानुहोस् र छलफल गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) महासभाको बैठक सम्बन्धी भूमिका अभिनयमा विद्यार्थीको मूल्याङ्कन निम्न लिखित आधारमा गर्नुहोस् :**

| **क्षेत्र** | **धेरै राम्रो** | **राम्रो** | **सुधार गर्नुपर्ने** |
|---|---|---|---|
| सहभागिता<br>समालोचनात्मक सोचाइ सिप<br>सिर्जनात्मकता<br>प्रस्तुति | | | |

**(ख) तलका जस्तै प्रश्नहरू सोध्नुहोस् :**

- संयुक्त राष्ट्रसङ्घ गठन गर्नुका कारणहरू के के हुन् ?
- संयुक्त राष्ट्रसङ्घमा कति ओटा अङ्गहरू छन् ?
- नेपालले सुरक्षा परिषद्को अस्थायी सदस्य कहिले भएको थियो ?
- यदि तिमी संयुक्त राष्ट्रसङ्घको महासचिव भएको भए समस्याहरूको समाधान गर्न के के गर्ने थियौ ?
- नेपालले संयुक्त राष्ट्रसङ्घमा गरेका योगदानको सूची बनाउनुहोस् ।

## ६. थप सुझाव

पुराना पत्रपत्रिकाबाट संयुक्त राष्ट्रसङ्घ र यसका गतिविधि झल्कने सामग्रीहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ ४ कुटनीतिक नियोग

सम्भावित घन्टी ??????? अनुमानित घन्टी

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| कुटनीतिक नियोग र यसका कार्य | १. कुटनीतिक नियोगको परिभाषा दिन,<br>२. राजदूतहरूको गठन प्रक्रिया बताउन,<br>३. कुटनीतिक नियोगका कार्य बताउन । |

### २. पाठ परिचय

औपचारिक रूपमा दुई देशबिच हुने सम्बन्धलाई कुटनीतिक नियोग भनिन्छ । राजदूतावास, महावाणिज्य दूतावास, संयुक्त राष्ट्रसङ्घस्थित स्थायी नियोग जस्ता संस्थाहरूले विदेशी भूमिमा सरकारी प्रतिनिधित्व गरेका हुन्छन् । यी संस्थाहरूले आपसी हित र सम्बन्धलाई विस्तार र विकासमा ठुलो भूमिका खेलेका हुन्छन् । नेपालको अन्तरिम संविधानले राजदुतको नियुक्तीमा योग्य उम्मेदवारहरू छनौट गरी संसदीय सुनुवाइ आहवान गर्नेछ । संसदीय सुनुवाइमार्फत छनोट भएका योग्य उम्मेदवारलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ। कुटनीतिक नियोगमा काम गर्ने कर्मचारीहरूको व्यवस्था मिलाउने कार्य परराष्ट्र मन्त्रालयले गर्ने गरेको छ । त्यसैगरी मित्रराष्ट्रहरूका प्रतिनिधिहरू पनि कुटनीतिक नियोगका रूपमा नेपालमा कार्यरत छन् । कुनै पनि नेपाली नागरिकले विदेश भ्रमण गर्न त्यस देशको कुटनीतिक नियोगमार्फत अनुमति लिनुपर्छ । यस्तो अनुमतिलाई प्रवेशाज्ञा (Visa) भनिन्छ । नेपालले पहिलो कुटनीतिक सम्बन्ध बेलायतसँग सन् १८१६ मा भएको थियो । त्यसैगरी अमेरिका सन १९४७, भारत १९४७, फ्रान्स सन १९४९ र चीन सन १९५५ मा कुटनीतिक सम्बन्ध कायम भएको थियो ।

कुटनीतिक नियोगले मुलुकहरूसँग औपचारिक सूचनाहरू आदानप्रदान गर्ने, प्रवेशाज्ञा दिने, आफ्ना देशका नागरिकहरूको सुरक्षा र सूचनाको लगत राख्ने, सन्धिसम्झौताहरू हुँदा छलफललाई अगाडि बढाउने, उच्चपदस्थ व्यक्तिहरूको भ्रमणमा आवश्यक समन्वय गर्ने, सहयोग र सम्बन्ध क्षेत्र पहिचान गरी समन्वय गर्ने, विश्वशान्ति र सम्वृद्धिलाई प्रोत्साहन गर्ने कार्यहरू गर्छन् । यस्ता कार्यहरू गर्दा कुटनीतिक नियोगहरूले प्रचलित कुटनीतिक मूल्य र मान्यतामा रही कार्यहरू गर्नुपर्छ । अर्को देशको मूल्य, मान्यता र प्रचलित मान्यतामा आँच आउने कार्यहरू गर्नुहुँदैन ।

DRAFT

### ३. शैक्षिक सामग्री

विश्वको नक्सा, कुटनीतिक सम्बन्ध स्थापित भएका देशहरूको सूची र तस्बिरहरू/राहदानी वा यसको नमुना ।

४. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) मागी विवाह गर्दा लमीले दुई पक्षहरूबिच के कस्तो समन्वय गर्छन्, छलफल गराउनुहोस् । यसै गरी दुई देशबिचमा सम्बन्ध राम्रो बनाउन एकअर्को देशका राम्रा पक्षहरू बाहिर ल्याई दुई देशबिचमा मित्रताको सम्बन्ध कायम राख्ने कार्यलाई कुटनीतिक सम्बन्ध भनिन्छ । यस्तो व्यक्तिलाई कुटनीतिज्ञ भनिन्छ भनी प्रस्ट पारिदिनुहोस् ।

(ख) कक्षालाई चार समूहमा विभाजन गर्नुहोस् । हरेक समूहबाट एक जना प्रतिनिधि छानी अर्को समूहमा पठाउनुहोस् । ती प्रतिनिधिहरूलाई राजदूत मान्नुहोस् । ती प्रतिनिधिलाई समूहमा छलफल गरी राष्ट्रहरूको सम्बन्धलाई विकास र विस्तार गर्न र आपसी सहयोग आदान प्रदान गर्न गर्नुपर्ने कार्यहरूको सूची बनाउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) कुटनीतिक सम्बन्ध भएका देशहरूको सूची प्रदर्शन गरी एटलसमा भएको विश्वको नक्सामा देखाउन लगाउनुहोस् ।

(घ) सरकारले राजदूत नियुक्ति गर्दा सम्भावित राजदूतको नाम संसदीय समितिमा पठाउने र संसदीय सुनुवाइको अभ्यास गर्न लगाउनुहोस् । यसरी संसदीय सुनुवाइ गर्दा सम्भावित राजदूतहरूले विदेशमा गएर नेपालको प्रतिनिधित्व कसरी गर्ने छौ भनेर प्रश्न सोध्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन विधि**

(क) तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :

- कुटनीतिक नियोग भनेको के हो ?
- नेपालको संविधान २०७२ अनुसार राजदूत नियुक्ति कसरी हुन्छ ?
- कुटनीतिक नियोग हुँदा हुने ३ फाइदाहरू र नहुँदा हुने ३ बेफाइदाहरू के के हुन् ?
- नेपालले कुटनीतिक सम्बन्धबाट हासिल गरेका उपलब्धि के के हुन् ?
- नेपाली कामदारको हकहितमा काम गर्न अनुरोध गर्दै कतारस्थित नेपाली राजदूतलाई लेख्ने चिठ्ठीको नमुना तयार पार ।

६. **थप सुझाव**

विदेश गएका व्यक्तिले कुटनीतिक नियोगबाट कसरी सहयोग पाउन सक्छन् भन्ने सम्बन्धमा छलफल गराउन सकिन्छ ।

DRAFT

## पाठ ५ अन्तराष्ट्रिय क्षेत्रमा नेपालको योगदान

अनुमानित घन्टी : ३

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान | • अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले गरेको योगदानको पहिचान गर्न,<br>• नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको योगदानबाट प्रेरणा प्राप्त गरी गर्व गर्न । |

### २. पाठ परिचय

दोस्रो विश्व युद्धपश्चात् संसारभरि राष्ट्रिय स्वाधीनताको आन्दोलन सुरु भयो । संसारका धेरै मुलुकहरू उपनिवेशबाट मुक्त भए र प्रजातन्त्रको लहर आयो । नेपालमा पनि १०४ बर्से जहानियाँ राणाशासनको अन्त्य भयो र २००७ सालमा प्रजातन्त्र स्थापना भयो । आफ्नो स्वाधीनता रक्षा गर्न तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग कुटनीतिक सम्बन्ध स्थापना गर्ने कार्यमा जोड दियो । तत्पश्चात् नेपालले विभिन्न समयमा विभिन्न मुलुकहरूसँग दौत्य सम्बन्ध कायम गर्दै आइरहेको छ । हालसम्म १३८ राष्ट्रहरूसँग नेपालको कुटनीतिक सम्बन्ध कायम भइसकेको छ ।

प्रजातन्त्रको उदयपश्चात् सन् १९५५ मा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बनेपश्चात् विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूमा हस्ताक्षर गरी संयुक्त राष्ट्रसङ्घका विभिन्न विशिष्टीकृत संस्थाहरूमा संलग्न भई काम गर्दै आइरहेको छ । सन् १९६१ म युगोस्लाभियाको राजधानी वेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको सम्मेलनदेखि सदस्यका रूपमा भूमिका खेल्दै आइरहेको छ । त्यसैगरी १९६९-७० र १९८८ - ८९ मा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा निर्वाचित भई अन्तर्राष्ट्रिय विवाद सुल्झाउन अहम् भूमिका खेलिसकेको छ । सन् १९७८ देखि राष्ट्रसङ्घको अनुरोधमा शान्ति सेना पठाउँदै आएको छ । त्यसैगरी नेपाल दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्कको संस्थापक सदस्यका रूपमा क्षेत्रीय विकास, समझदारी र सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपालले विभिन्न अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता र अन्य क्रियाकलापमा सहभागी हुँदै आइरहेको छ, जस्तै : विमस्टेक, विश्व व्यापार सङ्घमा सदस्यका रूपमा सक्रिय भूमिका खेल्दै आइरहेको छ । यसका साथै नेपालले अतिकम विकसित मुलुकहरूको सङ्गठनमा नेतृत्वदायी भूमिका खेल्दै आइरहेको छ ।

### ३. शैक्षिक सामग्री

गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोस्ट इत्यादि समाचार पत्रहरूबाट सङ्कलन गरिएका तस्बिर तथा तस्बिर सम्बन्धी विवरण

### ४. सिकाइ सहजीकरण क्रियाकलाप



DRAFT

(क) व्यक्ति व्यक्तिबिच वा समूहहरूबिच एकअर्कालाई सहयोग गर्न सक्ने गरी एउटा सूची बनाउनुहोस् । यस्तो सहयोग समुदाय र नेपालमा कसरी हुन सक्छ, छलफल गराउनुहोस् ।

(ख) कक्षामा सम्पूर्ण विद्यार्थीहरूलाइ समूहमा विभाजन गरी एक समूहले अर्को समूहलाइ कसरी सहयोग गर्न सकिन्छ भनी छलफल गराउनुहोस् ।

(ग) प्रतिनिधि समाचार र तस्विरमार्फत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा छलफल गराउनुहोस् ।

(घ) समूहका विद्यार्थीहरूलाइ अन्तराष्ट्रिय क्षेत्रमा नेपालले अरू के के योगदान दिन सक्ला भनी छलफल गराउनुहोस् । उनीहरूबाट आएको निचोड एक जना प्रतिनिधिमार्फत कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

छलफल मात्र क, ख, ग घ मा नै

## ५. मूल्याङ्कन विधि

**तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :**

- २००७ सालअघि र पछि नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कस्तो रह्यो ?
- अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान प्रभावकारी बनाउन के गर्नुपर्ला ?
- जलवायु परिवर्तनमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा के के योगदान गर्न सक्ला ?

## ६. थप सुझाव

विद्यार्थीहरूलाई नेपाली सेना र प्रहरीले विदेशमा शान्ति स्थापना गर्ने कार्यमा गरेको योगदानको प्रशंसा गर्दै उनीहरूलाई हौसला दिनका लागि प्रयोग गर्न सकिने पोस्टर, नारा, गीत, कविता आदि तयार पार्न लगाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

DRAFT

*पुस्तकमा छुट्टै पाठ नभए पनि पाठ्यक्रमअनुसार यसलाई शिक्षणका क्रममा समावेश गर्नुपर्ने भएकाले पाठ छ बनाई राखेको*

## पाठ ६ विश्वमा घटेका समसामयिक घटनाहरू

अनुमानित घन्टी ३

### १. सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
| --- | --- |
| विश्वमा घटेका समसामयिक घटनाहरूबारेमा जानकारी प्राप्त गर्न | १. विश्वका समसामयिक घटनाको सूची बनाउन,<br>२. समसामयिक घटनाहरूले पारेका सकारात्मक र नकारात्मक प्रभाव बताउन,<br>३. विश्वमा घटेका विभिन्न घटनाहरूको सङ्कलन र प्रस्तुति गर्न । |

### २. पाठ परिचय

यातायात र सञ्चारको द्रुत विकासले विश्वका देशहरूलाई नमुना गाउँका रूपमा परिणत गरेको छ । ब्राजिलमा भएको फिफा विश्वकप हामी नेपालको दूरदराजको एउटा कोठामा बसेर हेर्न सक्छौं । त्यसैगरी यातायातको तीव्र विकासले विश्वका कुनै पनि कुनामा केही दिनमा नै हामी सहजै भ्रमण गर्न सक्छौं । यसले विश्वका देशहरूलाई भाइचाराको सम्बन्ध विकास गर्न र आपसी सहयोग अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ । नयाँ नयाँ वैज्ञानिक आविष्कारले मानव जीवनलाई सहज र सरलीकरण गराइराखेको छ । विभिन्न भौतिक र रासायनिक हतियारको होडबाजले मानव समाजलाई सन्त्रासमा बाँच्न विवश बनाइरहेको छ । रासायनिक र विषादीको प्रयोगले मानवीय स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको छ र नयाँ रोगहरू देखा परिरहेका छन् । प्राकृतिक स्रोतको विनासले वातावरणमा प्रतिकूल असर पर्न गई अतिवृष्टि, अल्पवृष्टि, बाढी आदि जस्ता प्रभावहरू देखिन थालेका छन् ।

### ३. शैक्षिक सामग्री

विभिन्न पत्रपत्रिकामा प्रकाशित विश्वमा घटेका समसामयिक घटनाको समाचार, तस्बिर वा भिडियो ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीलाई हालसालै आफ्नो टोल, जिल्ला, देश र विदेशमा घटेका समसामयिक राजनीतिक, आर्थिक, सामाजिक इत्यादि घटनाहरूबारेमा कक्षामा सोध्नुहोस् र ती घटनाहरूले समग्र मानव जीवनमा कसरी प्रभाव पारेको छ छलफल चलाउनुहोस् ।

DRAFT

(ख) विद्यार्थीहरूलाई विभिन्न समाचार पत्रमा प्रकाशित विश्वका घटनाहरू र त्यसले पार्ने प्रभावका समाचारहरू सङ्कलन गर्न लगाउनुहोस् । उक्त समाचारहरूका सकारात्मक र नकारात्मक कुराहरूलाइ समालोचनात्मक विश्लेषण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई ४ ओटा समूहमा बाँढ्नुहोस् । हरेक समूहलाई विश्वमा भएका खेलकुद, राजनीति, कलाकारिता र विकासका क्षेत्रमध्ये एक समूहले एक विषयमा समाचार र जानकारीहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई नेपाल टेलिभिजनबाट प्रकाशित "विश्व घटना" कार्यक्रम हेर्न प्रोत्साहित गर्नुहोस् । उक्त कार्यक्रममा प्रसारित घटनाहरूमध्ये महत्त्वपूर्ण घटना समेटी समाचारको नमुना बनाउन लगाउनुहोस् । विद्यार्थीले बनाएको नमुनाहरू पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

**(क) तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् :**

- हालसालै विश्वमा घटेका कुनै तीन घटनाको सूची बनाउन लगाउनुहोस् ।
- विश्वमा घटेका घटनाले पारेका कुनै तीन ओटा सकारात्मक र तीन ओटा नकारात्मक प्रभावको सूची बनाउनुहोस् ।
- विश्व शान्ति स्थापना गर्न विभिन्न राष्ट्रहरूले के कस्तो भूमिका खेल्नुपर्ला ?

## ६. थप सुझाव

साप्ताहिक रूपमा विद्यार्थीहरूबिचमा अन्तर्राष्ट्रिय समसामयिक घटना सम्बन्धमा हाजिरीजवाफ कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

DRAFT

**एकाइ ९ जनसङ्ख्या शिक्षाको परिचय र जनसाङ्ख्यिक अवस्था**

**पाठ १ जनसाङ्ख्यिकीको अवधारणा**

अनुमानित घन्टी ८

**पाठ २ जनसाङ्ख्यिक आधारभूत मापन**

**पाठ ३ मृत्यु र बसाइँसराइ**

**पाठ ४ जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू**

**१. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| जनसाङ्ख्यिक प्रक्रिया उल्लेख गरी जनसाङ्ख्यिक दरहरूको मापन उल्लेख गर्न | • जनसाङ्ख्यिकीको अवधारणा बताउन,<br>• जनसाङ्ख्यिकीको उद्देश्य बताउन,<br>• जनसङ्ख्याका निर्धारक तत्त्वहरू बताउन,<br>• जनसाङ्ख्यिकीको आधारभूत मापन गर्न जन्मदर, प्रजननदर, मृत्युदर र बसाइँसराइ दर<br>• यस सम्बन्धी समस्याहरू हल गर्न<br>• कोरा मृत्युदर, शिशु मृत्युदर, आप्रवास र उत्प्रवास दर पत्ता लगाउन सक्छन् ।<br>• सर्वेक्षण गर्न |

**२. पाठ परिचय**

जनसाङ्ख्यिकी विषय जनसङ्ख्या विषय जनसङ्ख्याको अध्ययन गर्ने विषय हो । कुनै निश्चित स्थानमा कुनै निश्चित समयमा भएका मानिसहरूको सङ्ख्या नै जनसङ्ख्या हो । अर्थात मानिसको सङ्ख्या नै जनसाङ्ख्यिकी हो । यसमा मानिसको सङ्ख्या मात्र नभएर परिवारको आकारको धारणा र उत्तरदायित्वको बोध गराई मानिसको सामाजिक तथा आर्थिकस्तरमा प्रभाव पर्ने खालको गतिविधी समेटेर दिइने शिक्षा नै हो ।

कुनै निश्चित स्थानमा निश्चित समयमा बसोबास गर्ने जनसङ्ख्याको समूहलाई जनसङ्ख्या भनिन्छ । जनताबाट तिरेको कर तथा दिगो विकासको मान्यतालाई ध्यानमा राख्दै देशको स्रोतसाधनको समान तथा न्यायिक वितरण गर्दै खुसी र सुखी समाजको निर्माण गर्नु राज्यको दायित्व हो । यसका लागि जनसङ्ख्याको समय समयमा जनसङ्ख्याको गणना गर्नु जरुरी

DRAFT

हुन्छ । कुनै पनि स्थानको जनगणना निश्चित हुँदैन । जनसङ्ख्या घटबढ हुनाको कारणहरूमा जन्म, मृत्यु, बसाइँसराइ, प्राकृतिक प्रकोप आदि हुन् ।

**जनसाङ्ख्यिकी विषयको उद्देश्यहरू निम्न लिखित छन् :**

(क) मानिसहरू अरूलाई असर नपर्ने गरी सुख र स्वतन्त्र रूपले बाँच्नका लागि गरिने क्रियाकलापहरूको अध्ययन र यस सम्बन्धी शिक्षा प्रदान गर्न,

(ख) जन्ममृत्यु, बसाइँसराइ, प्राकृतिक प्रकोप जस्ता विभिन्न कारणले हुने असरहरूको जानकारी प्रदान गर्न,

(ग) परिवार नियोजन शिक्षामार्फत जनसङ्ख्या वृद्धिदर बढेको वा घटेको अध्ययन गर्न,

(घ) जनसङ्ख्या सम्बन्धी नीति निर्माण गर्न र कार्यक्रम कार्यान्वयन गर्न गराउन

जनसाङ्ख्यिकीको निर्धारक तत्वका रूपमा जन्मदर, प्रजननदर, बसाइँसराइदर र मृत्युदरलाई लिने गरिन्छ । कुनै स्थानमा जनसङ्ख्या बढिरहेको छ कि स्थिर छ कि घटिरहेको छ भन्ने कुराको निर्धारण गर्न त्यस स्थानको वर्षभरिको जन्मदर, प्रजननदर, बसाइँसराइदर र मृत्युदरलाई आधार लिइन्छ । जन्म दर भनेको कुनै स्थानमा एक वर्षभरिमा नयाँ बच्चा जन्मेर थपिने जनसङ्ख्याको दर हो । प्रजननदर भनेको एक महिलाले आफ्नो जीवनकालमा (१५-४५) वर्षभित्र बच्चा जन्माउने औसतदर हो । मृत्युदर भनेको भनेको कुनै स्थानमा एक वर्षभरिमा मानिसको मृत्यु भएर घट्ने जनसङ्ख्याको दर हो । बसाइँसराइदर भनेको एक वर्षभित्र कुनै स्थानमा अन्यत्रबाट बसाइँ सरेर आएका मानिस र त्यस स्थानबाट अन्यत्र बसाइँ सरेर गएका मानिसको कारण जनसङ्ख्यामा आएको परिवर्तनको दर हो । यसरी कुनै ठाउँमा जनसङ्ख्या घटेको वा बढेको अवस्था पहिचान गर्न, त्यहाँको जनसङ्ख्या घटबढ हुनका कारणहरू पहिचान गर्न र त्यसबाट उत्पन्न समस्याहरू समाधान गर्न जनसाङ्ख्यिकीको अध्ययन र विश्लेषण गरिन्छ । जनसाङ्ख्यिकीको मापन विभिन्न गणितीय सूत्रहरूको प्रयोग गरिन्छ । यसलाई पाठ्य पुस्तकमा दिइएको छ ।

## ३. शैक्षिक सामग्री

चार्ट, दैनिक प्रयोग हुने सामग्रीहरू, जनसाङ्ख्यिक मापनका सूत्र र उदाहरण लेखिएका चार्ट वा स्लाइड, जन्म, मृत्यु र बसाइँसराइ सम्बन्धी चित्र वा फोटो, पातलो र बाक्लो बस्ती भएका समुदायको चित्रहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई जनसङ्ख्या भनेको के हो भन्ने प्रश्न सोध्नुहोस् । विद्यार्थीहरूबाट प्राप्त जवाफहरूलाई बोर्डमा टिप्दै जानुहोस् । जनसङ्ख्याको गणना र हिसाब गर्ने प्रक्रिया नै जनसाङ्ख्यिकी हो भनी बताई जनसाङ्ख्यिकीको अवधारणाको जानकारी दिनुहोस् । जनसङ्ख्या पातलो भएको र बाक्लो भएको बस्तीको चित्र प्रदर्शन गर्दै जनसङ्ख्या परिवर्तन किन हुन्छ भन्ने सम्बन्धमा छलफल गर्नुहोस् ।

(ख) जनसाङ्ख्यिकीका बारेमा छलफल गर्नका लागि निम्न लिखित प्रश्नहरू गर्नुहोस् :

- जनसाङ्ख्यिकी किन अध्ययन गर्नुपर्छ ?
- जनसाङ्ख्यिकीको महत्त्व के होला ?

(ग) पाठ्य पुस्तकमा लेखिएको जनसाङ्ख्यिकीको निर्धारकहरू लेखिएको चार्ट प्रदर्शन गर्दै जनसङ्ख्या परिवर्तनमा जन्म, मृत्यु र बसाइँसराइले खेल्ने भूमिका र कारण बारेमा छलफल गराउनुहोस् ।

(घ) जन्मदर, प्रजननदर, मृत्युदर र बसाइँसराइदरको परिचय दिई काल्पनिक तथ्याङ्क राखेर त्यसको मापन गर्ने विधिको उदाहरण प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूलाई थप अभ्यास गराउनुहोस् ।

**(अ) कोरा जन्मदर सिकाउनका लागि निम्न लिखित क्रियाकलाप गराउन सकिन्छ :**

विद्यार्थीहरूलाई आफ्नो समुदायको केही घर परिवारको सर्वेक्षण गराउनुहोस् जसमा निम्नानुसारका तथ्याङ्कहरू प्राप्त गर्नुहोस् । सो तथ्याङ्कका आधारमा स्थानीय समुदायको जन्मदर, मृत्युदर र बसाइँसराइदर निकाल्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्दै छलफल गर्नुहोस् :

- o समुदायमा बसोबास गर्ने मानिसहरूको यस वर्षको जनसङ्ख्या कति होला ?
- o विगत एक वर्षमा कति जनाले जीवितै शिशु जन्माएका रहेछन् ?
- o मध्यवर्ष भन्नाले के बुझेका छौ ?
- o विगत एक वर्षमा कति जनाको मृत्यु भएको रहेछ ?
- o कति जना बसाइँ सरेर बाहिर गएछन् र कति जना भित्र आएछन् ।

**तलका जस्तै प्रश्न दिई हिसाब गर्न लगाउनुहोस् :**

- ३०००० हजार जनसङ्ख्या भएका गा.वि.स.मा वि.सं. २०७१ सालमा १५० जना शिशुहरूको जन्म भयो भने त्यस गाउँको जन्मदर कति होला ?

  ३०,००० हजारमा १५० जना शिशुको जन्म भयो ।

  १ जनामा १५०/३०,००० जना शिशुको जन्म भयो ।

  १००० जनामा $\frac{१५० \times १०००}{३०,०००}$ जना शिशुको जन्म भयो ।

अर्थात् १००० जनामा ५ जना शिशुको जन्म भयो ।

यसलाई यसरी पनि भनिन्छ, कोरा जन्मदर ५ प्रतिहजार भयो । यसै गरी अन्य उदाहरण दिएर कोरा जन्मदर पत्ता लगाउन लगाउनुहोस् ।

**(आ) उमेरअनुसारको जन्मदर सिकाउनका लागि निम्न लिखित क्रियाकलाप गर्नुहोस् :**

कुनै वर्ष २० देखि ४९ वर्षसम्मका महिलाको सङ्ख्या ४०,००० भएको ठाउँमा ४०० शिशुहरूको जन्म भएछ भने त्यस ठाउँको उमेरअनुसारको जन्मदर कति थियो होला ?

DRAFT

४०,००० हजार महिलाले ४०० जना शिशुहरू जन्माए ।

१ जना महिलाले $\frac{४००}{४०,०००}$ जना शिशु जन्माए ।

१००० जना महिलाले $\frac{४००x१०००}{४०,०००}$ जना शिशुहरू जन्माए ।

१०,००० हजार महिलाले १० जना शिशुहरू जन्माए ।

यसरी नै अन्य प्रश्नहरू दिएर विद्यार्थीहरूलाई गर्न लगाउनुहोस् ।

(घ) जनसाङ्ख्यिक दरहरूको मापन उल्लेख गर्नका लागि विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई मेटाकार्डमा लेखिएका निम्न लिखित प्रश्नहरू पालैपालो गर्न लगाउनुहोस् । एक समूहबाट आएको उत्तर अर्को समूहले गरेपछि मिल्छ मिल्दैन भिडाएर हेर्न लगाउनुहोस् ।

**मेटाकार्डमा लेखिने प्रश्नहरू**

१. इ.सं २०१५ मा कुनै एक गाउँमा युद्धका कारणले ५० जना मानिसहरूको मृत्यु भयो भने त्यहाँको कोरा मृत्युदर कति होला ?

२. वि.सं. २०७१ मा एक वर्षभन्दा कम उमेरका जम्मा ३००० शिशुहरू भएको गाउँमा यही उमेरका शिशुहरूको विभिन्न रोगका कारणले ६० जनाको मृत्यु भयो भने त्यस ठाउँको शिशु मृत्युदर पत्ता लगाऊ ।

३. वि.सं २०७१ मा कामका लागि पाल्पा छोडेर कामका लागि २००० मानिसहरू काठमाडौँ गएछन् । त्यस वर्षको मध्यतिर पाल्पाको कुल जनसङ्ख्या २,००,००० थियो भने उत्प्रवासदर कति हुन्छ ?

४. वि.सं २०७१ म काठमाडौँको जनसङ्ख्या २०,००,००० थियो र यसै वर्ष यहाँ २००० जना बसाइँ सरेर बस्न आएछन् भने यहाँको आप्रवासको दर निकाल ।

## ५. मूल्याङ्कन विधि

तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् :

- जनसाङ्ख्यिकी भनेको के हो ?
- जनसाङ्ख्यिकीअन्तर्गत के के कुराहरू पर्छन् ?
- जन्ममृत्यु र बसाइँसराइकाका कारणहरू प्रस्तुत गर्नुहोस् ।

## ६. थप सुझाव

केही घरको सर्वेक्षण गर्न लगाई जनसाङ्ख्यिकीका विभिन्न तत्त्वहरूको अवधारणा बारेमा छलफल र मापन गर्ने अभ्यास गराउन सकिन्छ ।

DRAFT

**पाठ ५ नेपालमा जनसाङ्ख्याको बनोट**
अनुमानित घन्टी ८

**पाठ ६ नेपालमा जनसाङ्ख्याको वितरण**

**पाठ ७ नेपालमा आन्तरिक र बाह्य बसाइँसराइ**

**पाठ ८ विश्वमा जनसङ्ख्याको आकार र वृद्धिदर**

## १. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| नेपालको बसाइँसराइका कारणहरू उल्लेख गर्न | • नेपालमा जनसङ्ख्याको बनोटबारेमा जानकारी प्राप्त गर्न,<br>• नेपालमा जनसङ्ख्याको वितरणका बारेमा जानकारी प्राप्त गर्न,<br>• नेपालमा बसाइँसराइका कारण र त्यसबाट उत्पन्न समस्यमाको समाधान खोजी गर्न,<br>• विश्वमा जनसङ्ख्याको आकार र वृद्धिदर |

## २. पाठ परिचय

नेपाल भौगोलिक रूपमा विविधता भएको देश हो । यहाँ सबै स्थानमा जनसङ्ख्याको वितरण एकनासको छैन । हिमाली भेगमा ज्यादै पातलो, पहाडी भेगमा मध्यम र तराई भेगमा घना जनसङ्ख्या रहेको पाइन्छ । त्यस्तै ग्रामीण भेगमा पातलो र सहरी क्षेत्रमा बाक्लो बस्ती पाइन्छ । नेपाल बहुसांस्कृतिक मुलक भएका कारण यहाँको जनसङ्ख्याको बनोट पनि फरक फरक खालको छ । जनसङ्ख्याको बनोट लिङ्ग, धर्म, क्षेत्र र जातिका आधारमा विश्लेषण गर्न सकिन्छ ।

जनसङ्ख्या परिवर्तनको एक महत्त्वपूर्ण निर्धारक तत्त्व बसाइँसराइ हो । नेपालमा आन्तरिक र बाह्य बसाइँसराइ दुवै भएको देखिन्छ । खास गरी खुला सिमाना भएका कारण उत्तर र दक्षिणका छिमेकी देशबाट बसाइँसराइ तीव्र भएको देखिन्छ भने हिमाली र पहाडी क्षेत्रबाट तराईमा बसाइँसराइ बढेको देखिन्छ । ग्रामीण क्षेत्रबाट सहरमा बसाइँसराइ बढेको देखिन्छ । यसबाट हिमाली र पहाडी क्षेत्रमा स्रोत साधनको कमी हुने, उपयोग हुन नसक्ने अवस्था छ भने तराई र सहरी क्षेत्रमा अव्यवस्थित बसोबास, असुरक्षा, प्रदूषण र पूर्वाधारको कमी भएको देखिन्छ ।

जनसङ्ख्या परिवर्तन विश्वभर भइरहेको छ । अहिले विश्वमा सात अर्ब जनसङ्ख्या नाघिसकेको छ । विश्वको जनसङ्ख्या कसरी बनेको छ र यसको वृद्धिदर कस्तो छ भन्ने

DRAFT

बारेमा पनि सँगसँगै जानकारी हुनु आवश्यक छ । यसका लागि विभिन्न सङ्घसंस्थाबाट प्रकाशित तथ्याङ्क र वेबसाइटहरूको मदत लिन सकिन्छ ।

### ३. शैक्षिक सामग्री

नेपालको जनसङ्ख्याको बनोट, वितरण र बसाइँसराइ सम्बन्धी विभिन्न प्रकारका तथ्याङ्क, चक्रचित्र, स्तम्भचित्र भएका चार्टहरू, फोटो वा चित्रहरू, जनचेतनामूलक पोस्टरहरू भिडियो क्लिप्स, विश्वको नक्सा, विश्वमा जनसङ्ख्या वितरण सम्बन्धी तालिका

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) कक्षामा नेपालको प्राकृतिक नक्सा प्रदर्शन गर्दै कुन भागमा जनसङ्ख्या बढी होला र किन भनी छलफल चलाउनुहोस् । जनसङ्ख्या वितरणको तालिका प्रदर्शन गर्दै नेपालको जनसङ्ख्याको अवस्थाबारेमा छलफल गर्नुहोस् ।

(ख) विभिन्न आधारमा नेपालको जनसङ्ख्याको बनोट सम्बन्धी तालिका, चार्ट, चित्र, भिडियो क्लिप्स प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(ग) नेपालमा आन्तरिक र बाह्य बसाइँसराइको अवस्था, कारण र समस्याबारेमा नेपालको नक्सा प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

(घ) विश्वमा जनसङ्ख्याको वितरण कसरी भएको छ भन्ने सम्बन्धमा विश्वको नक्सा र तालिका प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

### ५. मूल्याङ्कन विधि

विद्यार्थीहरूलाई तलका जस्तै छोटा प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :

- नेपालको जनसङ्ख्याको बनोटको अवस्था कस्तो छ ?
- किन तराईमा धेरै जनसङ्ख्या भएको होला ?
- जनसङ्ख्याको वितरण असमान वा अव्यवस्थित भएमा के कस्ता समस्या आइपर्न सक्छन् ?
- नेपालमा बसाइँसराइबाट के कस्ता समस्या उत्पन्न भएका छन् ?
- नेपालको बसाइँसराइको समस्या हल गर्न के के उपाय अपनाउनुपर्ला ?
- विश्वमा जनसङ्ख्या वितरणको अवस्था दर्साउनुहोस् ।

### ६. थप सुझाव

नेपालको जनसङ्ख्याको वितरण, बसाइँसराइ, बनोट जस्ता विषयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न सकिन्छ ।

DRAFT

## एकाइ १० जनसङ्ख्या वृद्धि र व्यवस्थापन

### पाठ १ जनसङ्ख्या र गुणस्तरीय जीवन

अनुमानित घन्टी : ६

**१. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| जनसङ्ख्या वृद्धिदरका कारण गुणस्तरीय जीवनमा ह्रास, गुणस्तरीय जीवन विकासका उपायहरू र पारिवारिक जीवन शिक्षाका बारेमा बर्णन गर्न | • मानवका आधारभूत आवश्यकताको सूची बनाउन र गुणस्तरीय जीवनसँग सम्बन्धित देखाउन,<br>• जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवनको अन्तरसम्बन्ध वर्णन गर्न,<br>• जनसङ्ख्या वृद्धिदरका कारण गुणस्तरीय जीवनमा पर्ने प्रभावका बारेमा बोध गर्न (गुणस्तरीय जीवनमा हुने ह्रास बताउन) र जनसङ्ख्या तथा गुणस्तरीय जीवनबिच सम्बन्धित गर्न,<br>• गुणस्तरीय जीवनमा प्रभाव पार्ने तत्त्वहरू र गुणस्तरीय जीवन विकासका उपाय उल्लेख गर्न,<br>• पारिवारिक शिक्षाको महत्त्व उल्लेख गर्न । |

**२. पाठ परिचय**

सिकार खेलेर वा फलफूल सङ्कलन गरेर सुरु भएको मानव जीवन पशुपालन र कृषि हुँदै बन्दव्यापार तथा उद्योगधन्दाको विकासतिर अघि बढेको थियो । हिजोको खाना, आवास र लवाइखवाइको स्तरमा मात्र गुणस्तरीयता वृद्धि भएको छैन, नयाँ नयाँ आवश्यकताको जन्म भएको छ । आज स्वास्थ्य, शिक्षा, पूर्वाधार, प्रविधि, सुरक्षा जस्ता आधारभूत आवश्यकताको आपूर्तिका लागि माग भइरहेको छ ।

विगतदेखिका तथ्याङ्कले विश्वमै जनसङ्ख्या तीव्र रूपमा बढिरहेको देखाउँछन् । जनसङ्ख्या र गुणस्तरीय जीवनबिच निकटतम सम्बन्ध रहेको हुन्छ । मानिसका आधारभूत आवश्यकतामा मात्र होइन, जीवनस्तरको अवस्थालाई रोजगारी, स्वास्थ्य, आवास, भोजन र पोषण, शिक्षा, सामाजिक सेवा आदिले प्रभाव पारेका हुन्छन् । मानिस परिवार र समाजमा बस्छ । उसलाई भौतिक तथा जैविक आवश्यकता पूरा भएर मात्र सन्तुष्टि नहुन सक्दछ । मनोसामाजिक आवश्यकता पनि पूर्ति गर्नुपर्ने हुन्छ । उसले शिक्षा प्राप्त गर्न खोज्दछ । आफ्नो समाजमा चल्दै आएका चाडपर्व मनाउने र सामाजिक कार्यमा संलग्न हुने उसको इच्छा हुन्छ । आफूलाई इच्छा भएका कुरा गर्न पाइएन भने उसलाई असन्तुष्टि हुन्छ । जीवन निर्वाह चलेता पनि यी आवश्यकता पूर्ति गर्न नसकेमा ऊ सामाजिक तथा मनोवैज्ञानिक रूपले असन्तुष्ट रहन

DRAFT

सक्दछ । जनसङ्ख्या वृद्धिदर उच्च रहेमा माथिका पक्ष कमजोर हुन गई जनमानसको गास्तरीय जीवनमा प्रतिकूल प्रभाव पर्छ । यसका लागि विद्यार्थीकालदेखि पारिवारिक जीवन र यसका काम कर्तव्य तथा दायित्व बोधबारे उनीहरूलाई अवगत गराउनु आवश्यक हुन्छ । त्यसैगरी गुणस्तरीय जीवनमा प्रभाव पार्ने तत्त्वहरू जनसाङ्ख्यिक स्थिति, सामाजिक सांस्कृतिक पक्ष, विकास प्रक्रिया र स्रोत साधनबारे पनि सुसूचित गराउनु पनि उत्तिकै आवश्यक छ ।

## ३. शैक्षिक सामग्री

जनगणनाका प्रतिवेदन, कुनै वस्तीको भिडियो क्लिप, सानो परिवार र ठुलो परिवारका चित्र, चार्ट ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीलाई तिमीलाई यस संसारमा रहन के के चाहिन्छ ? प्रत्येकलाई एक एक कुरा भन्न लगाउनुहोस् र छलफलपछि कालोपाटीमा मानवका आधारभूत आवश्यकताको सूची बनाउनुहोस् र गुणस्तरीय जीवनसँग प्रत्येक आवश्यकतालाई सम्बन्धित देखाउन कारणसहित विचार प्रस्तुत गर्न लगाई निम्न लिखित विवरण दिँदै निष्कर्ष बताइदिनुहोस् ।

**(ख)** "कालिकोटको मान्ममा बस्ने व्यक्ति र काठमाडौँको कीर्तिपुरमा बस्ने व्यक्तिका आवश्यकता भिन्न भिन्न हुन सक्छन् । कालिकोटमा जीवन चलाउन कठिन भए पनि दैनिक खर्च कम हुन सक्छ । काठमाडौँमा बस्ने व्यक्तिका निमित्त आवश्यक वस्तुहरू सजिलै उपलब्ध हुन सक्छन् । उनीहरूको मासिक खर्च पनि बढी हुन सक्छ । मानौँ, तिम्रो घरमा कालो पर्दा भएको टेलिभिजन छ । तिम्रा लागि अब रङ्गीन टिभी राख्ने इच्छा हुन्छ । त्यस्तै तिम्रो साथीलाई तथ्य र सामग्री सुरक्षित राख्न ल्यापटपको चाहना हुन सक्छ । गाडी नभएका व्यक्तिलाई त्यसको अभाव खट्किन सक्छ ।"

**यो विवरण प्रस्तुत गरी जीवनस्तरको परिचय दिनुहोस् ।**

(ग) समूहमा वा प्रत्येक विद्यार्थीलाई आफ्नो वडामा बस्ने एउटा आर्थिक स्रोत राम्रो भएको र अर्को कम आय भएको गरी दुई परिवार छान्न लगाउनुहोस् । तिनका आवश्यकताहरूमा के के भिन्नता देखिन्छ ? उनीहरूका घरमै गई सूची तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न दिई छलफल गराउनुहोस् ।

**(घ)** विद्यार्थीहरूलाई दिइएको तथ्याङ्कमा आफ्नो जिल्लाको जनसङ्ख्या खोज्न लगाउनुहोस् । जिल्लाको जनसङ्ख्या २०४८, २०५८ र २०६८ का जनगणनामा देखिएको कुराहरूको टिपोट गर्न लगाउनुहोस् । जनसङ्ख्या वृद्धिबाट जिल्लामा भएको परिवर्तनको तुलना गर्न लगाउनुहोस् । सघन बस्ती वा सुकुम्बासी बस्तीको भिडियो क्लिप वा चित्र देखाएर जनसङ्ख्या वृद्धिबाट मानिसको रोजगारी, स्वास्थ्य, आवास, भोजन र पोषण, शिक्षा, सामाजिक सेवा वितरणमा पर्ने असर वा प्रभावबारे छलफल गराई निष्कर्षमा पुग्ने वातावरण तयार गर्नुहोस् ।

**(ङ)** सानो परिवार र ठुलो परिवारका चित्र प्रदर्शन गर्दै गुणस्तरीय जीवनमा हुने ह्रास सम्बन्धी बुँदा टिपोट गर्न लगाउनुहोस् । चित्रबाट परिवार तथा पारिवारिक जीवनको

DRAFT

धारणा, परिवारको आवश्यकता र काम कर्तव्य, आमाबाबु तथा छोराछोरीको दायित्व सम्बन्धी विवरण (पोस्टरमा उल्लेख गरी) दिई पारिवारिक शिक्षाको धारणा दिनुहोस् । आफ्नो काम र दायित्व बोध गरी परिवारलाई गुणस्तरीय जीवन निर्माणमा सहभागी हुन उत्प्रेरित गर्नुहोस् ।

**(च)** प्रत्येक एक बेन्चलाई एक समूह मानी प्रत्येक समूहलाई गुणस्तरीय जीवनमा प्रभाव पार्ने तत्वहरूका निम्न लिखित पाँच क्षेत्रहरू दिई तीअन्तर्गतका विभिन्न तत्वहरू उल्लेख गर्न लगाउनुहोस् :

(क) जनसाङ्ख्यिक स्थिति, (ख) सामाजिक सांस्कृतिक तत्त्व, (ग) विकास प्रक्रिया, (घ) स्रोत साधन (ङ) प्रतिव्यक्ति आय ।

उक्त प्रस्तुतिमा पाठ्य पुस्तकमा दिइएका विवरणहरूका आधारमा छलफल गर्न लगाई विभिन्न तत्त्वहरूको पहिचान गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीका प्रस्तुति, समर्थन वा विरोध, विचार वा भावनाको अवलोकन गर्नुहोस् ।

(ख) जनसङ्ख्या वृद्धिबाट मानव जीवनमा पर्ने असर वा प्रभावका क्षेत्र के के हुन् भनी सोध्नुहोस् ।


(ग) मानवका आधारभूत आवश्यकता के के हुन्, भन्न लगाउनुहोस् ।

(घ) पारिवारिक जीवनको परिचय दिन लगाउनुहोस् ।

## ६. थप सुझाव

कक्षामा समूह विभाजन गरी प्रत्येक समूहलाई तल दिइएको चार्ट हेरी के बुझिन्छ भन्न लगाउनुहोस् । सबै समूहले प्रस्तुत गरेका कुरा कक्षामा छलफल गरी निष्कर्ष बताइदिनुहोस् । शिक्षकले सो चार्ट देखाउँदै स्थानीय समुदायको उदाहरण दिई विभिन्न तत्त्वहरूका बारेमा छलफल गराउनुहोस् । त्यसबेला विद्यार्थीले आफ्ना समुदायमा भएका घटना उल्लेख गर्ने छन् । साथै उक्त तत्त्वहरूको गुणस्तरीय जीवन र मानवका आधारभूत आवश्यकताबारेमा पनि सँगसँगै छलफल गर्नुहोस् ।

DRAFT




## पाठ २ जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरू

अनुमानित घन्टी : ६

### १. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| तीव्र जनसङ्ख्या वृद्धिदरलाई व्यवस्थापन गर्ने उपायहरू अपनाउन | • जनसङ्ख्याअनुसारका स्रोतसाधन उपलब्धताको पहिचान गर्न,<br>• जन्म, मृत्यु र बसाइँसराइबाट जनसङ्ख्या नियन्त्रण हुने प्रक्रिया वर्णन गर्न,<br>• तीव्र जनसङ्ख्या वृद्धिदरलाई व्यवस्थापन गर्ने उपायहरू बताउन,<br>• जनसङ्ख्या व्यवस्थापनको अवधारणा बताउन र नेपालको जनसङ्ख्या व्यवस्थापनका उपायहरूको सूची बनाउन,<br>• जनसङ्ख्या बढाएर वा घटाएर यसको व्यवस्थापन गर्ने तरिका वर्णन गर्न । |

DRAFT

## २. पाठ परिचय

जनसङ्ख्या व्यवस्थापनले जनसङ्ख्यालाई नियन्त्रण गर्ने कार्यसँग मात्र सम्बन्ध राखेको हुँदैन । यसले जनसङ्ख्याको आकार, बनोट वा संरचना, वितरण, जनसङ्ख्या वृद्धि तथा जन्म, मृत्यु र बसाइँसराइसँग सम्बन्धित विभिन्न पक्षलाई सम्बोधन गर्ने र स्रोतसाधनसँग सन्तुलन कायम राख्दै जनसङ्ख्यालाई परिचालन गर्ने कार्यसमेत समेट्छ । मानिसको जीवनलाई गुणस्तरीय बनाउन खाद्यान्न, कपडा, आवास, शिक्षा, स्वास्थ्योपचार, रोजगारी आदि आधारभूत आवश्यकता उपलब्ध गराई जीवनस्तर सुधार्न आवश्यक हुन्छ । यस्ता सबै कार्यलाई वास्तवमा जनसङ्ख्या व्यवस्थापन भनिन्छ ।

कुनै समुदाय वा राष्ट्रको जनसङ्ख्याको प्रकृति आफ्नै किसिमको हुने भएकाले जनसङ्ख्यालाई व्यवस्थापन गर्दा त्यहाँका प्राथमिकताका क्षेत्रहरू पनि भिन्न भिन्न हुन सक्छन् । स्पेन र तान्जानियाको जनसङ्ख्या व्यवस्थापनमा प्राथमिकताका क्षेत्रहरू फरक हुन्छन् । तान्जानियामा जन्मदर उच्च रहेकाले जन्मदर घटाउने कार्य प्राथमिकतामा पर्छ भने स्पेनमा जन्मदर ज्यादै न्यून रहेकाले जन्मदरलाई प्रोत्साहित गर्ने कार्य यसको आवश्यकताको क्षेत्रभित्र पर्न सक्छ । यसको समुचित अभ्यासबाट विश्वको विशाल राष्ट्र चीन, दक्षिण अमेरिकाको ब्राजिल र भारतको केरलाले गरेको सफलता हेरी अन्य मुलुकले पनि जनसङ्ख्या परिवर्तन वाञ्छित रूपमा कायम गर्न सक्दछन् ।

नेपालमा जनसङ्ख्या व्यवस्थापनका निमित्त निम्न लिखित उपायहरू अवलम्बन गर्न सकिन्छ :

१. शैक्षिक स्तरमा वृद्धि गर्ने,

२. परिवारको आकार सानो बनाउने,

३. उपयुक्त उमेरमा विवाह गर्ने,

४. उपयुक्त उमेरमा सन्तान जन्माउने कार्य प्रारम्भ गर्ने,

५. स्तनपान र जन्मान्तरको समय बढाउने,

६. शिशु मृत्युदर घटाउने,

७. परिवारको महत्त्वपूर्ण निर्णयमा महिलाहरूलाई संलग्न गराउने,

८. लैङ्गिक समता र समानतालाई प्रवर्धन गर्ने,

९. महिलाहरूलाई रोजगारी उपलब्ध गराउने र

१०. जनसङ्ख्या शिक्षा सम्बन्धी कार्यक्रमलाई अनौपचारिक क्षेत्रको माध्यमबाट समेत विस्तार र प्रचार गर्ने ।

## ३. शैक्षिक सामग्री

जनगणनाका प्रतिवेदन, सानो परिवार र ठुलो परिवारको भिडियो क्लिप, नेपालमा जनसङ्ख्या व्यवस्थापनका उपायहरू भएको चार्ट ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

DRAFT

(क) विद्यार्थीलाई आफ्नो घरको परिवार सङ्ख्या र सोअनुसारका स्रोतसाधनको अवस्था बताउन लगाउनुहोस् ।

(ख) सानो र ठुलो परिवारको भिडियो क्लिप देखाई जनसङ्ख्या व्यवस्थापनको अवधारणा बताइदिनुहोस् ।

(ग) जनसङ्ख्या व्यवस्थापनका उपायहरूको चार्ट प्रदर्शन गरेर त्यसको माध्यमबाट विद्यार्थीलाई सिकाउनुहोस् र विद्यार्थीले आफूले व्यक्तिगत तथा समूहगत रूपमा तयार गरेका कार्यको विवरण देखाउन वा प्रस्तुत गर्न दिनुहोस् । कक्षाकोठाको बनोट आदिलाई ध्यान दिएर ससाना समूहमा काम गर्न लगाई क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ । यसका आधारमा समूह बनाई नेपालको जनसङ्ख्या व्यवस्थापनका उपायहरूको सूची बनाउन लगाउनुहोस् ।

(घ) किताबमा रहेको तालिका अध्ययन गर्न लगाई स्पेन र तान्जानियाको जनसङ्ख्या व्यवस्थापनमा देखिने प्राथमिकताका क्षेत्रहरू पहिचान गर्न लगाउनुहोस् । यसबाट जनसङ्ख्या बढाएर वा घटाएर यसको व्यवस्थापन गर्ने तरिका प्रस्तुत गर्ने र आवश्यक वर्णन गरिदिनुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीका प्रस्तुति, समर्थन वा विरोध, विचार वा भावनाको अवलोकन गर्नुहोस् ।

(ख) जनसङ्ख्या वृद्धिबाट मानव जीवनमा पर्ने असर वा प्रभावका क्षेत्र के के हुन् भनी सोध्नुहोस् ।

(ग) जनसङ्ख्या नियन्त्रण वा परिवर्तन भनेको के हो ?

(घ) नेपालको जनसङ्ख्या व्यवस्थापनका उपायहरूके के हुन्, भन्न लगाउनुहोस् ।

(ङ) स्पेन र तान्जानियाको जनसङ्ख्या व्यवस्थापनमा देखिने फरक के हो ?

## ६. थप सुझाव

विगत २ वर्षमा भएको आफ्नो गाउँ ठाउँको जन्म, मृत्यु र बसाइँसराइको अभिलेख बनाउन लगाउनुहोस् । यसबाट कसरी जनसङ्ख्या नियन्त्रण वा परिवर्तन भएको छ, वर्णन गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ ३ नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरू

अनुमानित घन्टी : ४

### १. सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य

| **पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू** | **पाठगत सिकाइ उपलब्धिहरू** |
|---|---|
| तीव्र जनसङ्ख्या वृद्धिदरलाई व्यवस्थापन गर्ने उपायहरू | (क) जनसङ्ख्याको असमान वितरणको बोध गर्न,<br>(ख) उच्च जनसङ्ख्या वृद्धिदर पहिचान गर्न,<br>(ग) परिवार नियोजनको महत्त्व उल्लेख गर्न । |

### २. पाठ परिचय

विगतदेखिका तथ्याङ्कले नेपालमा जनसङ्ख्या बढिरहेको देखाउँछन् । जनसङ्ख्या वृद्धिलाई उपयुक्त ढङ्गबाट व्यवस्थापन गर्नुपर्छ । यसो नगरेमा मानिसको जीवन नै सङ्कटमा पर्न सक्छ । जनसङ्ख्या वृद्धिलाई देशमा प्राप्त स्रोतसाधनका आधारमा सीमित गर्नुपर्छ । नेपालमा साक्षरता र शैक्षिक स्तर न्यून रहेको छ । कम उमेरमा विवाह गर्ने प्रचलन छ । विवाह भएपछि छिट्टै सन्तान जन्माउने प्रचलन रहेको छ । दुई छोराछोरीको बिचको अन्तर पनि कमै रहेको देखिन्छ । छोरा नजन्मेसम्म विवाहित दम्पतिले परिवारको आकार सीमित गर्न चाहँदैनन् । ३/४ छोरी जन्मिदासम्म पनि छोराको प्रबल चाहना भइरहन्छ । नेपालमा हालसम्म पनि शिशुमृत्युदर उच्च रहेको देखिन्छ । छोराछोरीको बाँच्ने सम्भावना कम भएपछि बाबुआमा धेरै सन्तान जन्माउन चाहन्छन् । त्यस्तै ०–१४ उमेर समूहमा जनसङ्ख्या धेरै भएको कारण केही वर्षसम्म वृद्धिदर उच्च नै भइरहने अवस्था छ । परिवारको आकार निर्धारण जस्तो महत्त्वपूर्ण कार्यको निर्णयमा महिलाको सहभागिता कम रहेको देखिन्छ । यी सबै अवस्थाले जनसङ्ख्या व्यवस्थापनमा समस्या देखिएको छ ।

### ३. शैक्षिक सामग्री

जनगणनाका प्रतिवेदन, जनसङ्ख्या व्यवस्थापनमा समस्या सम्बन्धी चार्ट ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) पाँच पाँच जना समूह बनाई आफ्नोभन्दा फरक बस्तीमा जाने गरी विद्यार्थीलाई प्रत्येक समूहले पाँच पाँच परिवार छानेर तिनका घरमूलीसँग जनसङ्ख्या सम्बन्धी समस्याहरू सोधखोज गर्न लगाउनुहोस् ।

(ख) नेपालमा विभिन्न अवधिमा रहेका जनसङ्ख्या वृद्धिको स्थितिलाई देखाउने तलको तालिका प्रस्तुत गर्नुहोस् :

DRAFT

**तालिका १०.२** विभिन्न अवधिमा नेपालमा जनसङ्ख्या वृद्धि

| **अवधि** | २००९/११ | १९६१ | १९७१ | १९८१ | १९९१ | २००१ | २०११ |
|---|---|---|---|---|---|---|---|
| **जनसङ्ख्या वृद्धि** | २.२८ | १.६४ | २.०५ | २.६२ | २.०८ | २.२५ | १.३५ |
| **दोब्बर हुन लाग्ने समय** | ३१ | ४२ | ३४ | २६ | ३३ | ३१ | ५२ |

***स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग, २०१२ ।*

(क) जनसाङ्ख्यिक स्थिति, (ख) सामाजिक सास्कृतिक तत्त्व, (ग) विकास प्रक्रिया, (घ) स्रोत साधन (ङ) प्रतिव्यक्ति  आय ।

पहिलो पाठकै हुबहु

उक्त प्रस्तुतिमा पाठ्य पुस्तकमा दिइएका विवरणहरूका आधारमा छलफल गर्न लगाई विभिन्न तत्त्वहरूको पहिचान गर्न लगाउनुहोस् ।

**(ग)** कक्षामा समूह विभाजन गरी प्रत्येक समूहलाई पाठमा दिइएको चार्ट हेरी के बुझिन्छ भन्न लगाउनुहोस् । सबै समूहले प्रस्तुत गरेका कुरा कक्षामा छलफल गरी निष्कर्ष बताइदिनुहोस् । चार्ट देखाउँदै स्थानीय समुदायको उदाहरण दिई विभिन्न तत्त्वहरूका बारेमा छलफल गराउनुहोस् । त्यसबेला विद्यार्थीले आफ्ना समुदायमा भएका घटना उल्लेख गर्ने छन् । साथै उक्त तत्त्वहरूको गुणस्तरीय जीवन र मानवका आधारभूत आवश्यकता बारेमा पनि सँगसँगै छलफल गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीका प्रस्तुति, समर्थन वा विरोध, विचार वा भावनाको अवलोकन गर्नुहोस् ।

(ख) जनसङ्ख्या वृद्धिबाट मानव जीवनमा पर्ने असर वा प्रभावका क्षेत्र के के हुन् भनी सोध्नुहोस् ।

(ग) मानवका आधारभूत आवश्यकता के के हुन्, भन्न लगाउनुहोस् ।

पहिलो पाठकै हुबहु

## ६. थप सुझाव

पत्रपत्रिकाहरूबाट जनसङ्ख्या व्यवस्थापनमा भएका प्रयासहरूका बारेमा समाचारहरू खोजी गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

DRAFT

## पाठ ४ अन्तरराष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका

अनुमानित घन्टी : ६

### १. सिकाइ उपलब्धि⁄ विशिष्ट उद्देश्य

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धिहरू |
|---|---|
| जनसङ्ख्या व्यवस्थापनमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको भूमिका उल्लेख गर्न | • जनसङ्ख्या व्यवस्थापनमा अन्तर्राष्ट्रिय निकाय⁄सङ्घसंस्थाहरूको भूमिका वर्णन गर्न,<br>• संयुक्त राष्ट्र बालकोष, युनिसेफ (UNICEF), युनेस्को, संयुक्त राष्ट्र मानव विकास कार्यक्रम आदिले गरेका कार्य बताउन । |

### २. पाठ परिचय

सन् १९६९ मा स्थापित संयुक्त राष्ट्र जनसङ्ख्या कोष (UNFPA) विश्वमा जनसङ्ख्याका क्षेत्रमा सबैभन्दा बढी आर्थिक स्रोत भएको संस्था हो । यस कोषको प्रधान कार्यालय न्युयोर्कमा रहेको छ । यसले प्रत्येक वर्ष विश्वको जनसङ्ख्या प्रतिवेदन (The State of World Population) प्रकाशित गर्छ । यस कोषले विभिन्न राष्ट्रहरूलाई जनसाङ्ख्यिक सर्वेक्षण तथा जनगणना लिने कार्यमा सहयोग पुऱ्याउँदै आएको छ । यस संस्थाले यौन तथा प्रजनन स्वास्थ्य र प्रजनन अधिकारका क्षेत्रमा समेत कार्य गरिरहेको छ । सन् १९९४ मा कायरोमा सम्पन्न जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका लक्ष्य र सिद्धान्तहरूलाई सहस्राब्दी विकासका लक्ष्यहरूसँग जोडिएको छ । यस संस्थाले १४० भन्दा बढी राष्ट्रहरूलाई परिवार नियोजन कार्यक्रममा सहयोग गर्दै आएको छ । यसले गर्ने अन्य कार्यहरूमा स्वास्थ्य कार्यकतालाई प्रशिक्षण दिने, शरणार्थीहरूलाई संरक्षित मातृत्व सम्बन्धी सेवा प्रदान गर्ने, महिलाविरुद्धको हिंसाको क्षेत्रलाई सम्बोधन गर्न राष्ट्रिय कार्ययोजना बनाउन सहयोग गर्ने जस्ता कार्य पर्छन् । यी सबै कार्यले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जनसङ्ख्या व्यवस्थापनमा सहयोग पुऱ्याएका हुन्छन् ।

जनसङ्ख्याका क्षेत्रमा अरू महत्त्वपूर्ण अन्तर्राष्ट्रिय संस्थाहरूमा संयुक्त राष्ट्र बालकोष वा युनिसेफ (UNICEF), युनेस्को, संयुक्त राष्ट्र मानव विकास कार्यक्रम आदिले कार्य गरेका छन् । यिनीहरूको कार्यले विश्वमा मानव विकासको स्थितिमा सुधार ल्याउन मदत पुगेको छ ।

DRAFT

### ३. शैक्षिक सामग्री

जनगणनाका प्रतिवेदन, सुकुम्बासी वस्तीको भिडियो क्लिप, चार्ट ।

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सम्भव भए संयुक्त राष्ट्र जनसङ्ख्या कोषको वेभसाइट हेर्नुहोस् र नभए कोषबाट प्रकाशित हुने ब्रोसियर, बुलेटिन वा पत्रपत्रिकामा लेखिएका समाचारहरू सङ्कलन गर्न

लगाउनुहोस् । त्यसका आधारमा कक्षामा छलफल गरी कोषका कार्यहरूको सूची बनाउन लगाउनुहोस् ।

(ख) प्रत्येक एक बेन्चलाई एक समूह मानी प्रत्येक समूहलाई संयुक्त राष्ट्र जनसङ्ख्या कोष (UNFPA) का निम्न लिखित पाँच उद्देश्यहरू दिई तीअन्तर्गतका विभिन्न कार्यहरू उल्लेख गर्न लगाउनुहोस् :

(क) सन् २०१५ सम्म विश्वका सबै क्षेत्रमा प्रजनन स्वास्थ्यप्रतिको पहुँच उपलब्ध गराउने,

(ख) सन् २०१५ सम्म प्राथमिक शिक्षा सर्वसुलभ बनाउने र लैङ्गिक विभेद हटाउने,

(ग) सन् २०१५ सम्म ७५ प्रतिशत मातृमृत्युदर घटाउने,

(घ) शिशुमृत्युदर घटाउने,

(ङ) सरदर आयु बढाउने,

(च) एड्ससँग सम्बन्धित जीवाणु सर्ने दरलाई घटाउने ।

उक्त प्रस्तुतिमा थप विवरणहरू खोजी विभिन्न कार्यहरूको वर्णन गर्न लगाउनुहोस् ।

(ग) स्थानीय तहमा जनसङ्ख्याका क्षेत्रमा अन्य अन्तर्राष्ट्रिय संस्थाहरू, जस्तै : युनिसेफ **(UNICEF),** युनेस्को, संयुक्त राष्ट्र मानव विकास कार्यक्रम आदिले के के कार्य गरेका छन्, व्यक्तिगत रूपमा भन्न लगाउनुहोस् । सबैले प्रस्तुत गरेका कुरा कक्षामा छलफल गरी निष्कर्ष बताइदिनुहोस् । त्यसबेला विद्यार्थीले आफ्ना समुदायमा भएका घटना उल्लेख गर्ने छन् ।

## ५. मूल्याङ्कन विधि

(क) विद्यार्थीका प्रस्तुति, समर्थन वा विरोध, विचार वा भावनाको अवलोकन गर्नुहोस् ।

(ख) जनसङ्ख्याका क्षेत्रमा अन्तर्राष्ट्रिय संस्थाहरूले के के गरिरहेका छन् भनी सोध्नुहोस् ।

(ग) संयुक्त राष्ट्र जनसङ्ख्या कोष (UNFPA) का उद्देश्यहरू के के हुन्, भन्न लगाउनुहोस् ।

## ६. थप सुझाव

सम्भव भए अन्तर्राष्ट्रिय संस्थाहरूमध्ये युएनएफपिए, युनिसेफ **(UNICEF)**, युनेस्को, संयुक्त राष्ट्र मानव विकास कार्यक्रमका केन्द्रीय वा क्षेत्रीय कार्यालयहरूले प्रकाशन गरेका सामग्री अध्ययन गर्न लगाई छलफल गर्न लगाउनुहोस् ।

DRAFT